मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना पत्रिका

संयुक्ताङ्क १०६-१०७, मङ्सिर, २०८०




## जेल : सजाय, सुधार प्रणाली कि शक्ति प्रयोगको माध्यम ?

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू



# इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

**पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू**



- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिपसहरू

**सुविधाहरू**

० फोटोकपी ० इन्टरनेट ० कम्प्युटर

मानवअधिकारसम्बन्धी

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

समाचारपत्र, जर्नल


मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

## संचेतना पत्रिका

संयुक्ताङ्क १०६-१०७, मङ्सिर, २०८०


- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ५
- राणाकालीन जेल जीवन र वीपी कोइराला १३
- ज्युँदा सहिदहरू १७
- हाम्रो मुद्दा फैसला/गणेशमान सिंह १९
- जेल सार्ने बाहनामा गरिएको सुखानी हत्याकाण्ड २१
- मृत्युसँग पौंठेजोरी ...../मोहनचन्द्र अधिकारी २३
- जेल राजनीतिक रूपमा ..../केपी शर्मा ओली २५
- मन्त्री भएकै बेलामा गिरफ्तार .../होमनाथ दाहाल २९
- १० वर्ष कैद र जेल विद्रोह/प्रदीप नेपाल ३१
- उहाँहरूका अन्तिम २६ महिना.../राधाकृष्ण मैनाली ३४
- कविताः गोलघरको सन्देश/मोदनाथ प्रश्रित ३७
- हिजोका दिनमा ठाना र जेल/प्रा.पुरुषोत्तम दाहाल ३८
- मेरो जीवनका पाना/गौरा प्रसाई ४५
- जेलमा नौ वर्ष/डोल्मामाया गोले ४८
- कारागारभित्र कारागार/गोपाल गुरागाईं ५१
- नेपालका कारागार..../विजयराज गौतम ५८
- नेपालमा कारागार सुधारको.../शोभाकर बुढाथोकी ६२
- कारागार सुधार..../यज्ञप्रसाद अधिकारी ७८
- जेल प्रशासन र कानुनी.../श्रीराम अधिकारी ८५
- जेल : सजाय, सुधार प्रणाली.../केशव सिग्देल ९१
- सरकारी बेवास्ताको चपेटामा.../राजेश शर्मा ९७
- कैलाली कारागार .../कृष्णबहादुर विश्वकर्मा १०४
- भुम्का कारागार.../पुण्यप्रसाद अधिकारी १०६
- स्थलगत अध्ययनःसङ्खुवासभा कारागार १०८
- स्थलगत अध्ययन : बाल सुधार गृह भक्तपुर १२४
- अन्तर्वार्ता : कारागार.../कमलप्रसाद पाण्डे १३७



**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
डा. कुन्दन अर्याल
अध्यक्ष, इन्सेक
विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

**सम्पादक**
मदन पौडेल

**व्यवस्थापक**
शैलेश शर्मा

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
काठमाडौँ

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**
नागार्जुन नपा-१०, स्युचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np; www.inseconline.org

## यथावत



नेपालमा रहेका हिरासत, कारागार तथा बाल सुधारगृहको अवस्था सन्तोषजनक छैन।

**पुष्पकमल दाहाल**
प्रधानमन्त्री
०७९ माघ २३ गते महान्यायाधिवक्ता कार्यालयले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्दै



म पनि कारागारको जीवन भोगेर आएकाले कारागारभित्र मानवले पाउनुपर्ने न्यूनतम सुविधासमेत नहुनेबारे जानकार छु। कारागारको व्यवस्थापन प्रदेश सरकारको मूल मुद्दा हो।

**केदार कार्की**
तत्कालीन प्रदेश १ का आन्तरिक मामिला तथा कानुन मन्त्री
(हाल कोशी प्रदेशका मुख्यमन्त्री)
इन्सेक प्रदेश १ कार्यालय विराटनगरले २०७८ पुस ९ गते आयोजना गरेको प्रदेश १ को मानव अधिकार र मानवीय अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै




अपराध गरेबापत थुनिएका कैदीहरूलाई चौकीदारको कोठामा लगेर पिटिन्थ्यो। त्यस्तो चुट्ने पिट्ने काम चौकीदारहरु आफैले नगरेर जेलभित्रका कुनै कर्मचारीहरू वा कैदीहरूबाट गराइन्थ्यो। त्यसबापत तिनीहरूले नयाँ जोर जुत्ता र कपडा पाउँथे।

**ज्यूँदा सहिद पुस्तकबाट**

## कार्टून




**साभार : थाहा खबर**

## प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

**सम्पादक**

# सुधार हुन नसकेका नेपालका कारागार

नेपालमा १९७१ सालमा पहिलोपटक कारागार (हालको केन्द्रीय कारागार) स्थापना भएको थियो। नेपालमा वि.स.२०१९ सालमा कारागारसम्बन्धी व्यवस्था गर्न कारागार ऐन २०१९ निर्माण भइ कारागार ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली २०२० लागु भएको छ। नेपाल सरकारले कारागार व्यवस्थापन तथा प्रशासनसम्बन्धी कार्यलाई प्रभावकारी एवम् सवल बनाउन वि.सं.२०५० साउन १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना गरेको छ। हाल ७७ जिल्लामध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी नवलपरासी र पूर्वी रुकुम गरी पाँच ओटा जिल्ला बाहेक ७२ ओटा जिल्लामा ७४ ओटा कारागार कार्यालयहरू छन्। स्थानीयस्तरमा कारागार व्यवस्थापन तथा प्रशासनको सामान्य जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुने व्यवस्था छ।

कारागार यातना गृहभन्दा सुधार गृहका रूपमा हुने राज्यको नीति भए पनि देशका अधिकांश कारागारमा क्षमता भन्दा दोब्बर कैदीबन्दीलाई राखिएको छ। जसका कारण कैदी तथा बन्दीहरूले आधारभूत अधिकारबाट वञ्चित हुनु परेको छ। नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धीले बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना पक्ष राष्ट्रले गर्ने उल्लेख गरेको छ। कारागारलाई मानव अधिकारमैत्री र सुधारगृहका रूपमा रूपान्तरणका लागि नेपाल सरकारले कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको अन्तरिम प्रतिवेदन २०६८, कारागार सुधार उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन २०६४, नेपाल सरकार गृह मन्त्रालयद्वारा २०६३ असार ९ गतेको निर्णय अनुसार गठन गरिएको कारागार सुधार समितिको प्रतिवेदन, बद्रीराम भण्डारीको अध्यक्षतामा गठित कारागार भौतिक व्यवस्थापन अध्ययन दलको प्रतिवेदन २०५३ र कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदलको प्रतिवेदन २०६८ मा उल्लेख गरिएका विषयको कार्यान्वयन नहुँदा कारागार सुधारका विषय सधैँ ओझेलमा पर्दै आएका छन्। राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित प्रतिवेदनका अनुसार सामान्यतया अदालतबाट कैद तोकिएका गम्भीर प्रकृतिका अपराधमा दोषी देखिएका र सामान्य अपराधमा संलग्नलाई एकै श्रेणीको अपराधीसँग कारागारमा राख्दा यसले अन्य कैद ठेकिएका कैदीमाथिको मनोविज्ञानलाई समेत बेवास्ता गरेको पाइयो।

नेपालमा हिरासत तथा कारागारभित्रको बसाइँ मानवताका आधारमा तथा न्यूनतम मापदण्डभित्र नरहेको साथै खानेपानी, स्वास्थ्योपचारलगायत विषयमा पूर्वाधार र यथोचित बजेटको अभाव देखिन्छ। वर्तमान महँगीको अनुपातमा

बन्दीहरूलाई जेलभित्रको जीविकोपार्जनका लागि दिइने दैनिक रकम तथा आश्रित बालबालिकाका लागि उपलब्ध गराइँदै अत्यन्त न्यून देखिन्छ। हिरासत तथा कारागारको अवस्था र यसको भौतिक पूर्वाधार अत्यन्त कमजोर रहेको र क्षमताभन्दा अत्याधिक कैदी/बन्दी रहेको समस्यालाई समेत राज्यले सम्बोधन गर्न सकेको छैन। नेपालभरका कारागारको क्षमता १३ हजार हाराहारीको भए पनि २६ हजारभन्दा बढी बढी कैदीबन्दी छन्।


कारागार पूर्वाधार अन्तर्गत कारागार प्रशासनले बन्दीलाई बसोबासको लागि उपयुक्त स्थानको व्यवस्था गर्नु पर्ने, महिला र पुरुष बन्दी बस्नको लागि छुट्टाछुट्टै भवन, शौचालय र स्थान घरको व्यवस्था गर्नु पर्ने र थुनुवा, तेस्रो लिङ्गी, सरुवा रोग लागेको, मानसिक अवस्था ठिक नभएको, प्रचलित कानुन अनुसार गम्भीर तथा जघन्य कसूरमा सजाय पाएको बन्दीहरुलाई अलग कोठामा राख्नु पर्ने व्यवस्था गरेको छ।

कारागार ऐन २०७९ को दफा ३४ मा आमासँगै राखिएका नाबालक र आमालाई छुट्टै कोठाको व्यवस्था गरिनुपर्ने र नाबलकको शिक्षा, दीक्षा, हेरचाह र पालनपोषणको जिम्मेवारी कारागार प्रशासनले गर्नु पर्ने, राशन र मौसम अनुसारको पोषणको व्यवस्था गरिनुपर्ने उल्लेख गरिएको भए पनि जिल्ला कारागारमा रहेका बालबालिकाहरुले यी सुविधा पाउन नसकेको अवस्था छ। ऐनमा कैदीबन्दीहरूको प्रजनन् स्वास्थ्यको व्यवस्था गरिएको भए पनि कैदीबन्दीले यो सुविधा पाउन सकेका छैनन्।

बन्दीका आभारभूत मानव अधिकारहरूको सुनिश्चितताा गर्ने गरी राज्यले बन्दीका लागि खानेपानी, शौचालय,व्यायमस्थल, पुस्तकालय, तथा पूर्वाधार, मनोरञ्जनका लागि खेलकुदस्थल र खेलकुद सामग्री, रेडियो तथा टेलिभिजन सुविधाको व्यवस्था गरिनु पर्दछ। खुला कारागारको अवधारण अुनसार हाल बाँके जिल्लामा निर्माण भइरहेको कारागारलाई अन्य जिल्लामा पनि बिस्तार गरी कैदीबन्दीहरूको न्यूनतम पारिश्रमिकको व्यवस्था गरी कैदीबन्दीलाई उत्पादनशील कार्यमा लगाई स्वरोजगार तथा आत्मनिर्भर बनाउनु पर्छ। सुरक्षाका दृष्टिकोणबाट संवेदनशील प्रकृतिका बन्दीहरूलाई राख्नका लागि अलगै कोठाहरूको व्यवस्था गरिनु पर्दछ।  कारागारलाई अपाङ्गमैत्री, महिलामैत्री बनाउनुकौ साथै दीर्घरोगी, मानसिक रोगी, वा कडा रोग लागेका, गर्भवती तथा सुत्केरी बन्दीको लागि अतिरिक्त रासन तथा पौष्टिक आहारको व्यवस्था गर्नु पर्दछ।

आधारभूत मानव अधिकारको उपभोग गर्न पाउनु कैदीबन्दीहरूको कानुनी र संवैधानिक  अधिकार हो। यी आधारभूत अधिकारको सुनिश्चितता गर्ने नैतिक तथा कानुनी दायित्व राज्यकै भएकोले कारागार व्यवस्थापनका आधारभूत पक्षहरूमा राज्य जिम्मेवार हुन आवश्यक छ। कारागार ऐन २०७९ मा भएका व्यवस्थाहरूको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन आवश्यक छ।

# निर्धक्क भएर पसेको छैन जेलभित्र मानव अधिकार




कुन्दन अर्याल

कारागार महाशाखा, सिंहदरबारका अनुसार देशभरका कूल चौहत्तर जेलहरूमा हाल करिब ६ हजार बदीहरू रहेका छन्। भक्तपुर, सुनसरी र धनुषा बाहेक सबै जिल्लाहरूमा जेल छन्। देशभरमा कूल पााच सय भन्दा बढी महिला बन्दीहरू पनि रहेको अनुमान गरिन्छ। तर देशका उनन्चास वटा जेलहरूको स्थलगत निरीक्षणपश्चात् कारागार सुधार समितिले यस्तो निचोड पेश गरेको छ- “यसरी निरीक्षण गरिएको कारागारहरू कुनैमा पनि उचित प्रबन्ध भएको पाइएन। कारागारहरूको मर्मत सम्भारमा धेरै त्रुटीहरू हुन गएकोले वर्तमान समय र परिवर्तित मानवीय मूल्यको परिवेशमा सम्पूर्ण कारागारहरू मानिस बस्न अयोग्य देखिन्छ।”

कारागार महाशाखाका सह-सचिव पुरुषोत्तम ढकाल पनि उपरोक्त भनाइसँग सहमत हुनुहुन्छ। बजेटको कमीले जेलको मर्मत सम्भार हुन नसकेको कुरा बताउँदै उहाँ भन्नुहुन्छ- “आजको महँगीमा ६-७ रुपियाँ र अलिकति चामलले गुजारा चलाउन गाह्रो छ भन्ने कुरा हामीलाई पनि थाहा छ, कर्मचारीहरूको तलब बढाइँदा बन्दीहरूको सिदा पनि बढाउनुपर्ने कुरा हामीबीच पनि उठेको थियो, अर्थमन्त्रालयले सकेन।”

आज देशको शासन सत्ता सम्हाल्नेहरू मध्ये अधिकांशमा जेल-नेलको गहिरो अनुभव रहेको छ। तर, आफू पर्खाल बाहिर आइसकेपछि भित्रको कुरा बिर्सने राजनेताहरूको सनातनदेखि चलिआएको बानीअनुसार उनीहरू पनि अन्य “जरुरी कामहरू” मै व्यस्त छन्। जेल बाहिर पुरानो भइसकेको मानव अधिकारलाई डोऱ्याउँदै हिँडेको प्रजातन्त्रले जेलको पर्खालभित्र भने निर्धक्कसँग प्रवेश गर्न पाएको छैन।



**बाँच्न पाउने अधिकार नै कुनै पनि खोसिन सक्छ**

भद्रगोल जेलको नामले चर्चित भन्द्र बन्दीगृह काठमाडौँका चौकीदार राजकुमार बराल भन्दछन्- "खै यो जेलमा त मर्मत कसरी गर्छन्, छुँदा पनि खस्ला जस्ता छन् कति पर्खाल, भद्र शमशेरलाई थुन्न राणाले बनाएको जेल कति धानोस् यसले पनि।" उक्त जेल बाहिर टीनको छाना भएको टहरो र सिमेन्टका कुर्सीहरू पनि बन्दीहरूले आफ्नै पैसाले बनाएको कुरा त्यही लेखिएको छ।

देशका अधिकांश जेलहरूको अवस्था जीर्ण रहेको कुरा कारागार महाशाखाका सहसचिव पनि स्वीकार गर्नु हुन्छ। तर हाल त्यसको कुनै ठोस विकल्प सरकारसँग नरहेको प्रष्ट हुन्छ। सहसचिव ढकालका अनुसार कारागार महाशाखाले हाल सञ्चालन गरिरहेको कूल बजेट करिब सात करोड रहेको छ। जसमध्ये चार-पाँच लाख रुपैयाँ मात्र "मेन्टीनेन्स" का निम्ति छुट्याइएको छ। सरकारले म्याग्दी र जाजरकोटमा यसपालि पच्चीस-पच्चीस जना बन्दीहरू राख्ने क्षमता भएको जेल निर्माण गर्ने भएको छ। तर, उक्त निर्माणाधीन जेलहरूलाई परिवर्तित र आधुनिक परिवेश सुहाउँदो तुल्याउने कुरामा सरकार कत्तिको सचेत छ थाहा हुन सकेको छैन।

करिब सात सय वर्ग फीट क्षेत्रफल ओगटेको विराटनगर जेलमा मानिस राख्न नमिल्ने कुराको सिफारिस उहिल्यै सरकारी इन्जिनियरहरूले नै गरेका थिए। डाक्टरहरूका अनुसार उक्त जेल स्वास्थ्यका दृष्टिले पनि प्रतिकूल रहेको छ। ०२५ मै बनेको जेल धेरै पछिसम्म चलन चल्तीमा ल्याइएको पनि थिएन। तर ०४५ को भूकम्पले पुरानो जेल भत्किए पश्चात अनुपयुक्त जेल नै प्रयोगमा ल्याउन थालियो।

तेह्र वटा कोठाहरू रहेको विराटनगर जेलको अढाई सय बन्दीहरू मात्र अटाउन सक्ने क्षमता रहेको छ। तर हाल त्यहाँ चार सय पच्चीस बन्दीहरू रहेको कुरा हालै स्थलगत निरीक्षण गरी फर्कनु भएका बन्दी सूचना केन्द्रका अरुण नेपालले यस पंक्तिकारलाई बताउनु भयो। नेपालका अनुसार सरदर बढी नै तापमान रहने विराटनगर जस्तो ठाउँको उक्त जेलका कोठाहरूको उचाई पाँच फीट मात्र रहेको छ र कोठाहरूमा अत्यन्त साना झ्याल वा भेन्टीलेसन मात्र राखिएका छन्। जेलभित्र हिँड्ने-डुल्ने ठाउँको अत्यन्त अभाव रहेको छ। सरसफाइमा ध्यान दिइएको छैन। समयमा फिनाइल, पोटास आदि नदिइने हुनाले पनि त्यहाँ दुर्गन्धयुक्त वातावरण भएको हो भन्ने कुरा नेपालले बताउनु भयो।

हालै जलेश्वर जेलको समेत भ्रमण गरी फर्कनु भएका नेपालका अनुसार त्यहाँ एक सय पच्चीस जना मात्र राख्न सकिने क्षमता भए पनि दुई सय पच्चीस जनालाई राखिएको छ। चन्द्र शमशेरको पालामा निर्मित उक्त जेलले साढे दुई कठ्ठा क्षेत्रफल ओगटेको छ। राजनैतिक बार्डका निम्ति दुईवटा कोठा र सामान्य वार्डका निम्ति १२ वटा कोठा छुट्याइएको उक्त जेलको वातावरण पनि अत्यन्त दुर्गन्धयुक्त भएको कुरा नेपालले बताउनु भयो। सफाइका सामग्रीहरू पर्याप्त मात्रामा नपाइने गुनासो त्यहाँका बन्दीहरूको पनि रहेको छ। साँघुरो भएर सुत्न समेत गाह्रो हुने र घुम्ने-खेल्ने ठाउँ नपाइने कुराले यहाँका बन्दीहरू असन्तुष्ट रहेका छन्।

वि.सं. १९९६ र ९९ मा बनाइएको तौलीहवा जेल र नवलपरासी जेलको क्षमता साठी र बीस जनासम्मको मात्र रहेको छ। तर प्राय: सधैं बढी बन्दीहरूका कारण उकुस

मुकुसकै वातावरण रहन्छ। तराई क्षेत्रमा रहेका ती दुवै जेलका कोठाहरूको उचाइ ६ फीट मात्र रहेको छ र तौलीहवा जेलमा २०×२० फीटको सानो चउर रहेको भए पनि नवलपरासी जेलमा त्यही पनि छैन। भनिन्छ, नेपालका अत्यन्त साँघुरा जेलहरू मध्ये परासी जेल पनि पर्दछ।

नेपाल मानव अधिकार संगठनका महासचिव डा. राजेश गौतमले सुदूर पश्चिमाञ्चलको दैलेख जेलको स्थलगत निरीक्षण गरे पश्चात् तयार पार्नु भएको प्रतिवेदनमा लेख्नु भएको छ- "यो कारागार एक सय वीस वर्ष अगाडि बनेको रहेछ। यसको समय समयमा मर्मत गरिएको भनिएता पनि उपयुक्त किसिमले मर्मत भएको देखिदैन।"करिब २३०४ वर्ग फीट क्षेत्रफल ओगटेको दैलेख जेलको अघिल्लो भाग दुई तल्लाको छ, जहाँ माथिल्लो भागमा जेलको कार्यालय रहेको छ भने तल प्रहरहरूको आवास रहेको छ।

"जाजरकोटको कारागार एउटा कारागारको रूपमा नभएर पूर्ण रूपले गोदाम घरको रूपमा रहेको छ।"- डा. गौतमले सुदरुपश्चिमको अर्को जेलका सम्बन्धमा तयार पार्नु भएको प्रतिवेदनमा लेख्नु भएको छ। उहाँका अनुसार कारागारको माथिल्लो तलालाई कार्यालयका रूपमा प्रयोग गरिएको छ र कार्यालय मूल सडकसँगै जोडिएको छ। बाटो मुनिको तल्लो तलामा चाहिँ १२×२८ फिटका दुई कोठाहरू रहेका छन्। तीमध्ये एउटा कोठामा प्रहरीहरू बस्दछन् भने अर्कोमा महिला बन्दीहरूलाई राखिएको छ। बीचको भागलाई दुई खण्डमा विभाजित गरी अगाडिको खण्डलाई दुई वटा कोठामा विभाजित गरिएको छ। त्यसमध्ये एउटा सानो कोठालाई भण्डार बनाइएको छ भने १६×९ फिटको अर्को कोठालाई प्रहरीहरूले आफ्नो आवास बनाएका छन्। त्यही कोठाको भित्री खण्डमा रहेको २८×९ फिटको कोठामा पुरुष बन्दीहरू राखिन्छन्। जाजरकोट जेलको महिला र पुरुष दुवै कोठामा प्रहरीहरू बस्ने कोठा भएर जानु पर्दछ। त्यहाँका बन्दीहरूको कोठासम्म सूर्यको किरण र स्वच्छ हावा पुग्नै सक्दैन।

जाजरकोट जेल वास्तवमा जेल नभएर प्रति महिना रु. एक हजारमा भाडामा लिइएको जिल्ला विकास समितिको घर हो भन्ने कुरा डा. गौतमले आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु भएको छ। जेलको दक्षिणी भाग पूर्ण रूपले खुला रहेको कुरा पनि प्रतिवेदनमा बताइएको छ।

"यो भवन वि.सं. १९८० मा बनेको र त्यसपछि निर्माण र मर्मत तर्फ कुनै ध्यान नदिएकोले कैदीहरू बस्ने कोठा भित्र गाह्रो भत्किन सक्ने भएकोले उनीहरूको ज्यूज्यानको सुरक्षा समेत नभएको कुरा अवलोकन गर्दा प्रष्ट देखिन्छ।"- डा. गौतम बताउनु हुन्छ।

नेपाल मानव अधिकार संगठनको सुर्खेत शाखाले त्यहाँको जेलको स्थितिका सम्बन्धमा गत पुसको दोस्रो सातामा एउटा प्रतिवेदन प्रकाशित गरेको थियो। उक्त प्रतिवेदनका अनुसार सुर्खेत जेलमा पानीको यति अभाव छ कि सौचलयको सफाइ हुन नसकेकोले त्यहाँ भित्र जाँदा आँखा पीरो भएर आँसु नै झर्ने गर्दछ। जेल भित्रको वातावरण अत्यन्त दुर्गन्धमय रहेको छ।

"पुरुषतर्फ पच्चीस जना मात्र राख्न सकिने क्षमता भएको जेलमा हाल पन्ध्र जना कैदी र उन्नाइस जना थुनुवा गरी जम्मा चौतीस जना राखिएका कारणले बस्न सुत्न असुविधा रहेको छ। साथै पुरुषतर्फ अत्यधिक चाप रहन गएका बखत पुरुष बन्दीलाई महिलाहरू राखिने ठाउँमा राखिने गरेको

पाइयो।" - ने.मा.धि.सं., सुर्खेतको उक्त प्रतिवेदनको पहिलो बुँदा नै त्यस जेलको स्थिति झल्काउन काफी छ।

"विशेष गरी महिला कारागारतर्फ शौचालयको सङ्ख्या कम हुनुका साथै फोहर र अव्यवस्था भएकोले कुनै संक्राक रोग फैलन सक्ने सम्भावना छ भन्ने कुरामा कारागार प्रशासन समेत सहमत छ। तर त्यसलाई सुधार गर्ने तर्फ कुनै कदम चालिएको छैन।"- मानव अधिकार संरक्षण मञ्चकी केन्द्रीय सदस्य गंगादेवी कसजू लगायत मासमका पाँच जना र इन्सेकका पश्चिमाञ्चल क्षेत्रीय प्रतिनिधि कुलराज घिमिरेको टोलीले गत मंसिरमा पाल्पा जेलको निरीक्षण गरे पश्चात् तयार पारेको प्रतिवेदनमा लेखिएको छ।

इन्सेक मानव अधिकार वर्ष पुस्तकको चितवनका स्वयम्सेवकका अनुसार चितवन जेल यति फोहर र दुर्गन्धयुक्त छ कि त्यहाँ सद्धे मानिस पनि बिरामी पर्न सक्छ। तर त्यहाँ स्वास्थ्य उपचारको कुनै व्यवस्था छैन। कोही सिकिस्त बिरामी भए बाहिर लगिने कुरा जेल प्रशासन बताउँदछ। चितवन जेल २०२५ सालमा मात्र बनाएको भए पनि अत्यन्त अवैज्ञानिक ढङ्गको रहेको छ। ३ कठ्ठा क्षेत्रफल ओगटेको उक्त जेलको क्षमता ७० जना मात्र रहेको भए पनि हाल त्यहाँ १०४ जनालाई राखिएको छ।

०४६ साउन १४ गते भैरहवा जेलको पूर्वतिरको वार्डको छतको बीम एक्कासी भाँचिएर खस्यो। मक्किएर झरेको उक्त बीमको प्रहारबाट त्यस बेला त्यहाँ रहेका दुईजना बन्दीहरू "दैवसंयोग" ले मात्र बाँचे। यस्ता कुनै समय पनि झर्न सक्ने छत भएका जेलहरू नेपालमा अत्यधिक छन्। काठमाडौंको केन्द्रीय कारागारको छतबाट समेत पानी चुहिन्छ।

**दुःख, पीडा र असुविधा बानी भइसक्यो**

संयुक्त राष्ट्रसंघले कारागारका सम्बन्धमा तोकेको पूर्वाधारहरूलाई नेपालका कुनै पनि जेलमा वास्ता गरिएको पाइँदैन। नेपालका जेलहरूमा बन्दी जीवन बिताइरहेका मानिसहरूको दुःख, पीडा र असुविधा बीच बाँच्ने बानी नै परिसक्यो।

रातभर मानव-मलको दुर्गन्धबीच बिताउनु सामान्य मानिसका लागि नारकीय यातना ठहरिन्छ। तर, आज पनि नेपालका अधिकांश जेलका प्रशासकहरूले यस कुरोलाई सामान्य रूपमा लिएका छन्। कपिलवस्तु, नवलपरासी, तम्घासदेखि मुस्ताङ, पोखरा लगायत कैयन् जेलहरूमा राती बन्दीहरूलाई कोठामा थुनेर बाहिरबाट ताल्चा लगाइन्छ, जहाँ दिसा पिसाब गर्ने छुट्टै ठाउँ बनाइएको हुँदैन।

"रातको समयमा बन्दीहरू सुत्ने कोठाको ढोका बाहिरबाट ताल्चा लगाइ दिने गरिएको छ। सुत्ने कोठाकै एक छेउमा बाल्टिन राख्ने गरिएको छ र सो बाल्टिनमा लाज लाग्दालाग्दै पनि आँखा चिम्लेर दिसा गर्नु पर्दछ। रातभर दिसा पिसाबको दुर्गन्ध आइरहन्छ र श्वास प्रश्वासमा नराम्रो असर पर्दछ।" - सुर्खेत जेलका सम्बन्धमा नेपाल मानव अधिकार संगठनको सुर्खेत शाखाको प्रतिवेदनमा लेखिएको छ।

त्यस्तै ने. मा.धि. संघका महासचिव डा. राजेश गौतमले जाजरकोट जेलका सम्बन्धमा लेख्नु भएको छ- "जेलभित्र कैदीहरूद्वारा नै एउटा सानो पाइखाना बनाइएको भएता पनि प्रहरीहरूले मात्र त्यसको प्रयोग गर्दछन्। कैदीहरूले करिब दुई मिनेट हिँडेर दिसा पिसाब गर्न जानु पर्दछ। चौबीसै घण्टा खुट्टामा नेल लगाइने कारणले गर्दा कैदीहरूले ठूलो कठिनाइ महसुस गरेका छन्।"

इन्सेकको वर्ष पुस्तक तयारीका निम्ति सिन्धुलीमा खटिएका स्वयंसेवक विन्देश्वर साहका अनुसार ०३० असोजदेखि कैदीहरू राख्न थालिएको सिन्धुली जेलको क्षमता २५ जनाको मात्र रहेको छ। तर त्यहाँ यतिखेर ६९ जना राखिएका छन्।

वि.सं. १९९० मा बनेको भैरहवा जेलले एक रोपनी भन्दा केही बढी क्षेत्रफल ओगटेको छ। तर कूल ६० जनाको क्षमता भएको उक्त जेलमा इन्सेक मानव अधिकार वर्ष पुस्तकका स्वयम्सेवकका अनुसार १९९ जना राखिएको छ।

रुपन्देही जेलका सम्बन्धमा वर्ष पुस्तकका स्वयम्सेवकले त्यहाँका जिल्ला न्यायाधीश वेदराम पोखेलसँग सोध्दा यस्तो उत्तर पाए- "जेलमा उचित किसिमको सुधार भएकै छैन। क्षमता भन्दा बढ्दा मानिस राखेर वातावरण नै उकुस मुकुस बनाइएको छ। जसले गर्दा जेल अति असुविधाजनक अवस्थामा छ। यसलाई सुधार गर्न सम्बन्धित निकायले छिटो ध्यान दिनु जरुरी छ।" प्रजिअ भोला सिलवालले जेल सुधारका निम्ति गृह मन्त्रालयसँग माग भइरहेको जानकारी दिनु भयो।

पानीको अभाव नेपालका प्राय: सबै जेलहरूको साझा समस्या हो। विराटनगर जस्तो तराईको जेलमा समेत पर्यापत पानी पाइँदैन। इन्सेकका नुवाकोटका जिल्ला स्वयम्सेवक रामशरण प्याकुरेलका अनुसार जिल्लाको विदुर नगरपालिका वडा नं. २ अशोकबारीमा अवस्थित राणाकालीन जेलमा पानीको अभाव टड्कारो देखिन्छ। करिब तीन सय मिटर टाढा कुसुमधारा भन्ने ठाउँबाट बन्दीहरूले आफै पानी ल्याउनु पर्दछ।

उदयपुरमा समेत शौचालय पानीको अभावमा जुनसुकै बेला दुर्गन्धित रहने गरेको बताइन्छ। पोखरा जेलमा पनि पानीको नियमितता रहेको छैन भने मुस्ताङ जेलमा पनि त्यस्तै छ। काठमाडौाका जेलहरूमा रहेका धाराहरूमा अत्यन्त कम समयका लागि मात्र पानी आउँछ र ट्याङ्करमा पानी नल्याए यहाँका जेलहरूको जनजीवन नै ठप्प हुने स्थिति रहेको छ। गर्मीमा यहाँका जेलहरूमा पानीको ज्यादै अभाव हुने गर्दछ।

गुल्मीको तम्घास जेलमा पानीको दु:ख छैन। तर, भनिरहनु पर्दैन पानीको सुख भएका यस्ता जेलहरूमा पनि पिउन लायक पानी भने पाइदैन। कपिलवस्तु जेलमा रहेको इनार र नवलपरासी जेलमा रहेको चापाकलको पानी बारे बन्दीहरूको सधैं गुनासो रहँदै आएको छ। धेरै जेलहरूमा यस्तो समस्या रहेको छ।

"सम्पूर्ण कैदीहरूका लागि कारागार भित्रको चौकमा एउटा धारा रहेको छ। जुन धारा कैदीहरूले दिनमा एक घण्टा पनि प्रयोग गर्न नपाइ प्रहरीहरूले बाहिरबाट नै बन्द गरिदिन्छन् भनी कैदीहरूले प्रहरीहरूकै समुपस्थितिमा मलाई बताए। यसैगरी राजबन्दीहरूले धारा नजिकै रहेको एउटा खाल्डोमा दिसा पिसाब गर्नु पर्दछ।"- डा. गौतमले जाजरकोट जेल सम्बन्धी आफ्नो प्रतिवेदनमा लेख्नु भएको छ।

बन्दी सूचना केन्द्रको अनुसार वर्षामा पानी चुहिने बिराटनगर जेलमा खाना बनाउने व्यवस्थित ठाउँको अभाव रहेको छ भने इन्सेक स्वयंसेवक रामशरण प्याकुरेल भन्नुहुन्छ "नुवाकोट जेलमा पनि वर्षायाम दु:खद् हुने गर्दछ।" बन्दी सूचना केन्द्रका अनुसार दुर्गम जिल्लाका रूपमा चिनिने बझाङको चैनपुर जेलमा बन्दीहरू ठाउँ नपुगेर खाना समेत बाहिर पकाउने गर्दछन्।

देशका अधिकांश जेलहरू पानी चुहिने, छतबाट धुलो झर्ने र प्रशस्त धुँवा हुने किसिमका छन्।

## अदक्ष प्रशासन र भ्रष्टाचार

नेपालका अधिकांश जेलहरूमा बन्दीहरूलाई प्रदान गर्न तय गरिएका न्यूनतम सुविधाहरूमाथि पनि व्यापक भ्रष्टाचार हुने गरेको कुरा सर्वव्यापी भइसकेको छ। भण्डारीको जेल सुधार समितिले पनि प्रशासनको असक्षमता प्रति यस्तो टिप्पणी गरेको छ- "श्री ५ को सरकारले कारागार प्रशासन र कैदीहरूको सेवालाई किटान गरेको स्रोत भित्रै रही कारागार प्रशासनलाई बढी सक्षम बनाउन ध्यान दिनु आवश्यक छ। वर्तमान स्थितिमा कारागार प्रशासन गतिशील र सृजनात्मक नहुँदा सम्भव हुने कुनै पनि सेवाहरू बन्दीले पाएको छैन। हाल कारागार प्रशासन श्री ५ को सरकारमा मात्र आश्रित रहेको हुँदा प्रतिवद्धताको अभावमा कुशल पनि छैन।"

राणाकालमै निर्मित वीरगञ्ज जेल नेपालको ठूलो जेलहरू मध्ये पर्दछ। तर उक्त जेलको प्रशासन भ्रष्टाचार र अव्यवस्थाका लागि अझ चर्चित छ भन्ने राय पुराना मानव अधिकारवादी बद्रीप्रसाद खतिवडा व्यक्त गर्नु हुन्छ। धेरै चोटी जेलको अनुभव संगाल्नु हुने खतिवडा बताउनु हुन्छ- "तराईका अधिकांश जेलका जेलरहरूले पहाड सरुवा गरी दिन्छु भन्ने त्रास देखाउँदै पनि धेरै रकम असुल गर्ने गरेका छन्।"

बन्दी सहायता नियोग काठमाडौँका एकजना सदस्य भन्दछन्- "कतिपय जेलमा त अकूत भ्रष्टाचार छ, जेल प्रशासनसँग मिलेर बन्दीहरूको नेता बन्नेहरूले पनि धेरै ठाउँमा भ्रष्टाचार गरेका छन्। झापाको जेलमा बन्दीहरू नुहाए पश्चात् कट्टु पनि जिउमै सुकाउँछन्। बन्दीहरूले सीमित स्वास्थ्य उपचारको सुविधा पनि पाउँदैनन्। कति जेलमा सिटामोल पनि पाउन मुश्किल छ।"

"बन्दीहरूका लागि नियमित स्वास्थ्य परीक्षणको व्यवस्था छैन। बिरामी भइसकेपछि मात्र स्थानीय नुवाकोट हेल्थ पोष्टबाट सामान्य सहयोग प्राप्त हुने गरेको छ।" - इन्सेकका नुवाकोट जिल्ला स्वयम्सेवक रामशरण प्याकुरेल बताउनु हन्छ।

हालैमात्र विराटनगर जेलको भ्रमण गरी फर्कनु भएका अरुण नेपालका अनुसार वर्षको दुई पटक दिइने गरेको कपडा अत्यन्त न्यून गुणस्तरको हुने गरेको गुनासो त्यहाँका बन्दीहरूको रहेको छ। यस्तो गुनासो त्यहाँका बन्दीहरूको रहेको छ। यस्तो गुनासो नेपालका जुनसुकै जेलका बन्दीहरूबाट सुन्न पाइन्छ। सिदा स्वरुप दिइने चामलको गुणस्तरका बारेमा पहिलेदेखि रहँदै आएको गुनासो बहुदलीय प्रजातन्त्रले पनि कम गर्न सकेको छैन।

"जेलमा पत्र-पत्रिकाको लागि भनी वार्षिक रु. ७००/- छुट्याइएको भएता पनि कैदीहरूले आजसम्म पत्रपत्रिका पढ्ने सुविधा पाएका छैनन्।"- ने.माधि.सं. का महासचिव डा. गौतमले जाजरकोट जेलको सम्बन्धमा यस्तो पनि लेख्नु भएको छ- "औषधिका लागि ४५००/- रुपैयाँको वार्षिक बजेट भएतापनि त्यसको प्रयोग पनि उचित किसिमले नभएको कुरा कैदीहरूले जेलरको अगाडि नै व्यक्त गरे। यस सम्बन्धमा जेलरलाई प्रश्न गर्दा उनले डाक्टर कहिल्यै नआउने कुरा बताए भने प्रजिअलाई सोध्दा डाक्टर जेलमा जान नमान्ने कुरा बताए।" कारागार प्रशासनले बन्दीहरूलाई कुनै औषधि किनेर दिनु पऱ्यो भने पाइएन भन्ने चलन पनि नेपालका अधिकांश जेलहरूमा देख्न सकिन्छ।

जाजरकोट जेलकै सम्बन्धमा डा. गौतमले लेख्नु भएको छ- "जेलभित्र सम्पूर्ण लिपपोत गर्ने कामहरू जेलरले कैदीहरूलाई नै गर्न लगाई सोबापत प्राप्त हुने रकम माथि

भ्रष्टाचार गरेको कुरा कैदीहरूलाई ज्याला नदिने गरेबाट पुष्टि हुन्छ।" उहाँका अनुसार उक्त जेलका जेलर धमनारायण श्रेष्ठले बन्दीहरूलाई भर्पाई सामानहरू नदिँदा पनि उनी माथि कुनै कारबाही भएको थिएन। ती जेलरले जम्मा डेढ किलो तौल भएको तीन वर्षमा एउटा सिरक दिने गरेको कुरा पनि उहाँले उल्लेख गर्नु भएको छ। भनिन्छ, त्यस्तो सिरकले जाजरकोटको गर्मीमा पनि चिसो थेग्न सक्दैन। यस्तो भ्रष्टाचार नेपालका जेलहरूमा सामान्य झैँ ठानिन्छ।

डा. गौतमले दैलेख जेलको बारेमा लेख्नु भएको छ- "जेलभित्र चौकको उचित व्यवस्था गर्नको निमित्त ०४७ साल आषाढ महिनामा रु. ४०,०००/- (अक्षरेपी चालीस हजार रुपैयाँ) निकासा भएको र सो रकम भजन र आवास तथा सहरी विकास दैलेखले नै खर्च गरी सो रकमबाट जेलभित्र दुईवटा चर्पी तथा छानाको केही भाग मर्मत गरी भ्रष्टाचार गरेको कुरा पनि कैदी तथा जेलरले मलाई बताए।"

"कैदीहरूलाई बत्ती बाल्ने मट्टितेलको पनि सुविधा नदिएको कुरा उनीहरूले बताए भने जेलरले वार्षिक ४५००/- रुपैयाँ मात्र सो बापत प्राप्त हुने भएकोले उचित किसिमबाट उपलब्ध गराउन नसकेको कुरा व्यक्त गरे। तर मट्टितेलको स्थानीय बजार भाउ बुझ्दा सो रकमबाट प्रशस्त सुविधा दिन सकिने देखिएकोले पनि सो रकममा पनि भ्रष्टाचार भएको कुरा प्रष्ट हुन आउँछ।" डा. गौतमले अगाडि लेख्नु भएको छ।

## अन्त्यमा प्रत्याशा सहित केही कुरा

आज पनि सुविधासम्बन्धी कुरो उठाउँदा बन्दीहरूले कुटपिटको शिकार हुनु परेको कुरा सुन्न पाइँदैन। पाल्पा जेलका सम्बन्धमा मासम र इन्सेकले जारी गरेको संक्षिप्त प्रतिवेदनमा पनि गत कार्तिकमा जेल प्रशासनको कुटाइमा परेका योगबहादुर विश्वकर्माको शरीरको नीलडाम र खुमप्रसादको टाउकोको घाउ मंसिरको दोस्रो सातामा जेल निरीक्षण गरुन्जेल आलै रहेको कुरा जनाइएको छ। उक्त प्रतिवेदनमा कुटपिटका भाँचिएको बलबहादुरको हात कैद भुक्तान गरेर छुटिसक्दा पनि ठीक नभएको कुरा पनि उल्लेख गरिएको छ।

नेमाधिसंघका डा. राजेश गौतमका अनुसार दैलेख जेलमा ०४७ पुसमा प्रहरीहरूले रक्सीको सेवन गरी नराम्रोसँग कुटपिट गरेका थिए।

आज पनि जेलमा नेल, हत्कडी र एकानत-सजाय वा गोलघरको प्रचलन हराएको छैन। कारागार महाशाखाका पुरुषोत्तम ढकाल भन्नुहुन्छ- "नयाँ परिवर्तित परिवेशमा ती कुराहरूको चलन हटाउनु तपर्ने हो तर, व्यवहारिकता पनि त हेर्नु पर्‍यो।"

०४० सालदेखि बन्दी जीवन बिताइ रहेका भद्र बनदी गृहका चौकीदार बराल भन्दछन्- "कसै कसैलाई खुट्टा दुख्दा नेल लगायो भने सञ्चो हुन्छ।" इन्सेकको मानव अधिकार वर्ष पुस्तकका निम्ति खटिएका अर्जुनराज अधिकारीका अनुसार दैलेख जेलमा हाल तीर्थबहादुर थापा र अग्नीप्रसाद दुई जनालाई नेल लगाइएको छ।

मानसिक समस्या भएकाहरूलाई सद्धे मानिसहरूसँगै राखिएकोले नेपालका जेलहरूमा अर्को समस्या उब्जिएको छ। डेढ सय जना अटाउन सक्ने क्षमता रहेको काठमाडौँको महिला जेलमा रहेका ११७ जना बन्दीहरू मध्ये ५० जना मानसिक रोगी रहेका छन्। मानसिक रोगी बन्दीहरू सद्धेहरूलाई अन्जानमा पीडा दिने गर्दछन्। तर त्यो भन्दा पीडादायी कुरो त के छ भने कतिपय सद्धेहरूलाई पनि घर झगडाका कारण मानसिक रोगी बनाएर जेलमा

कोचिएको हुन्छ। कैयन् लोग्ने मानिसहरू अर्को बिहे गर्न सोही स्वास्नीलाई मानसिक रोगी घोषित गरी जेलमा थन्क्याएर "बाटो सफा" गर्दछन्। मानसिक रोगी भनेर राखिएका महिलाहरूलाई घरबाट लिन नआउन्जेल मुक्त गरिदैन। लक्ष्मीप्यारी श्रेष्ठ नाम गरेकी ललितपुरकी एकजना महिला ०२७ जेठ १ गतेदेखि बन्दी जीवन बिताइरहेकी छन्।

धुलिखेल कारागारमा रहने सद्धे मानिसहरू पनि मानसिक असन्तुलन भएका बहुसङ्ख्यक बन्दीहरूका कारण पीडादायी जीवन बिताइरहेका छन्। अन्तरिम सरकारका पालामा यु.एम.एन र मानव अधिकारवादीहरूको तत्वावधानमा उक्त कारागारमा बेला बखत भ्रमण हुने गरेको थियो। तर हाल सुधारको पक्षमा खास केही नभएको कुरा काभ्रेका इन्सेक कार्यकर्ता केदार कोइराला बताउनु हुन्छ।

"कैदी बन्दीहरूलाई बाहिर परिवार, नातागोता, इष्टमित्रहरूबाट ल्याइने कुनै पनि ऐश आरामका र वर्ग स्तर छुट्टिन जाने कुनै सामान अथवा नगद प्रतिबन्धित गराइनु पर्दछ। कारागार भित्रबाट कैदी बन्दीहरूले नगद, जिन्सी केही पठाउन चाहे सके पठाउन दिनुपर्छ। किताब, पुस्तक पत्रपत्रिका कारागार प्रशासनले पनि व्यवस्था गर्ने र बाहिरबाट ल्याए जाँच गरी मात्र भित्र-बाहिर पठाउनु पर्छ।" - भण्डारीको प्रतिवेदनमा उल्लेख गरिएको छ। तर सबै ठाउँको जेल प्रशासनले पत्रपत्रिकाको व्यवस्था आजसम्म गरेको पाइदैन।

बन्दी सूचना केन्द्रका अरुण नेपालका अनुसार जलेश्वरका कूल बन्दीहरू मध्ये पच्चीस प्रतिशत छुटिसके पश्चात् पुन: अपराध गरेर फर्किएका छन्। काठमाडौँकी एकजना महिला ड्रग व्यापारको अभियोगमा तीन चोटीसम्म दुई जना बालबच्चासहित जेल परेको कुरालाई बन्दी सहायता नियोगले पनि गम्भीरतापूर्वक हेरेको छ। तर यो कुरो नेपालको कुनै पनि जेलका लागि नौलो होइन। बद्रीराम भण्डारीले उपरोक्त कुरोलाई यसरी व्यक्त गर्नु भएको छ- "नेपालको दण्ड नीति सुधारात्मक छैन।" उहाँले सुधारात्मक दण्ड नीतिको निर्माण पछि गरिने आशा गर्दै केही अपराधका लागि दण्डहरूको पनि सुझाव प्रदान गर्नु भएको छ।

अधिकांश जेलहरूमा सीपमूलक रोजगारीको व्यवस्था रहेको छैन र एका ठाउँहरूमा पनि शोषण हुने गरेको कुरो बारम्बार सुनिन्छ। केन्द्रीय कारागारमा रहेको कपडा बुन्ने कारखानाले धेरैलाई रोजगारी दिएको छ भने बाग्लुङ जेलमा नाम्लो बुन्ने उद्योग भए पनि चलेकै छ तर पाल्पा जेलमा रहेका ३५ वटा तानहरूमध्ये हाल १७ वटा मात्र चालु अवस्थामा रहेका छन्। पुरुष कारागारतर्फ रहेको टोपी बुन्ने तान पनि ०४९ मा भएको गोली काण्डपश्चात् बन्द भएकोले बन्दीहरूले सीपमूलक कामबाट वन्चित रहनु परेको छ।

देशका अधिकांश जेलहरूमा मनोरञ्जनका साधनहरू अति न्यून रहेका छन्। कसैले चन्दास्वरुप दिएका थोत्रा क्यामरेम बोर्ड, लुडो आदि नै यहाँका जेलहरूमा मनोरञ्जनका साधनहरू मानिन्छन्। रेडियोको व्यवस्था पनि कतिपय जेलहरूमा रहेको छैन। काठमाडौंको भद्र बन्दी गृह, केन्द्रीय कारागार र विराटनगरका बन्दीहरूले आफैले चन्दा उठाएर टिभी राखेका छन्।

विद्यालय वा प्रौढ शिक्षाको व्यवस्था नेपालको ज्यादै न्युन जेलहरूमा रहेका छन्। भद्र बन्दी गृह, केन्द्रीय कारागार लगायत केही जेलहरूमा विद्यालयको व्यवस्था छ। तर सुर्खेतमा माध्यमिक तहमा अध्ययनरत एकजना बन्दीले परीषा दिन नपाएको कुरा ने. माधि. संघको सुर्खेत शाखाले जनाएको छ। यस्तो समस्या अन्यत्र पनि भेट्टाइएको छ।

पुस्तक अंश

# राणाकालीन जेल जीवन र वीपी कोइराला

***पूर्व प्रधानमन्त्री स्व. विश्वेश्वर प्रसाद कोइराला, नेपाली कांग्रेसका संस्थापक हुनुहुन्छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा उहाँको ठूलो योगदान रहेको छ। उहाँको राजनीतिक जीवनका धेरै विषय उजागर भएका छन्। राणाकालमा जेल जीवन बिताउनु भएका कोइरालाको अनुभूतिको सानो अंश आत्मवृतान्तबाट साभार गरेका छौं।***

कर्णेल चन्द्रबहादुर थापाले आफूले बाधेको पटुका खोलेर मलाई बाँधेर सिंहदरबार लगे। सिंहदरबार लिएर गएपछि ६ महिना जति, एउटा मानिसले जति सहन सक्तछ मैले सहनु पर्‍यो। मसँग अरु कुनै लुगा छैन। डिसेम्बरको जाडो छ। एउटा कोट छ, भोटो छ, पातलो एक जोर सुरुवाल छ, जुत्ता छैन, केही छैन। मोहन शमशेरकहाँ पक्राउ गरी ल्याएको खबर गरेपछि नेल हतकडी लगाएर राखिदिनु भन्ने अर्डर आयो। त्यसपछि नेल लगाए। हतकडी लगाए, कम्मरमा जन्जीर लगाए। जन्जीर लगाउँदा त उस्तो बुझिँदैनथ्यो, तर नेल लगाउनको लागि जब ठोक्नु पर्थ्यो, कस्तो क्रुर, कस्तो अमानवीय थियो। नेल जडान गर्नको लागि बाहिरबाट कौ बोलाएका थिए। नेल जडान गर्नको लागि माथिबाट ठोक्नु पर्थ्यो। त्यो ठोक्दा मलाई लाग्दा भनेर विचार पुर्‍याएर अलि तेर्सो पारेर हथौडाले हान्यो, चिप्लेर मेरो खुट्टामाथि हथौडा नलागोस् भनेर। नेल लगाइसकेपछि 'अरु के छ, ल बस' भनेर उनीहरूको गारतमा लगेर राखे। गारत कस्तो भने सिंहदरबारको ढोकाबाट भित्र पसेपछिको दक्षिणपट्टिको दाहिनेपट्टिको गोलो एकतले पल्टन बस्ने घर, त्यसैको एउटा बीचतिरको कोठाभित्र मलाई लगे। एउटा सिपाही मेरो कम्मरमा जन्जीर बाँधेको थियो त्यस जन्जिरको टुप्पो समातेर बसिरहेको थियो। मलाई भुई देखाएर 'तिमी यहीँ बस।' भुईंमा च्याप्टा ढुङ्गाहरू बिछ्याइएको थियो। दुई जना सिपाही सुत्ने खाटहरूको बीचमा मलाई त्यो च्याप्टो ढुङ्गामाथि उभ्याइएको थियो। मलाई न ओढ्ने दिएको छ, न बिछ्याउने दिएको छ। जाडो अत्यन्त कडा छ। पुसको जाडो। मसँग अरु कपडा छैन। कोठाका सबै झ्याल ढोका खुल्ला छन्। मलाई ढोकाको बगलैमा उभ्याइएको छ। त्यसरी मलाई तीन दिनसम्म राखेका थिए। मलाई केही खान दिएका थिएनन्। महाराजबाट अर्डर आएपछि मलाई



सिंहदरबारबाहिर नाग्ले पसलमा बेच्न राखेका मूला, आलु, चिउरा, भटमास तारेका कुरा एउटा कागजमा ल्याएर राखिदिए। म त्यसरी राखिएपछि सायद ३ दिनपछि म मूर्छा परेँ, बेहोस भएछु। होसमा आउँदा म के देख्तछु भने आगो बालिदिएको, मिलिटरीको ग्रेट कोट थियो, त्यसमा मलाई सुताएको, एउटा ग्रेट कोट मलाई ओढाइ दिएको। राति १०-११ बजेतिर एउटा मानिस कराउँदै आयो र उसले ठूलो राडी, असाध्यै ठूलो राडी दिँदै के भन्यो भने-'यो थुनुवालाई दिनु भनेर महाराजबाट हुकुम भएको छ।'

मलाई बयानको लागि सिंहदरबारको र तयस बखतको ग्यालरी हाउसको बीचमा एउटा भुईंतले काठको घर थियो, त्यहाँ लगे। त्यहँ आठ-दश जना अफिसरहरू, त्यसमा हरिशमशेर काउचमा बसेको, च्यान्टा गुरुज्यू काउचमा बसेको, दुईटा काजीहरू- एकजना मरिचमान सिंह, गणेशमानजीको हजूरबा र एकजना अर्को काजी पाटनतिरको, महेन्द्रबहादुर महत, यिनीहरू काउचमा बसेका थिए, अरु कुर्सीहरूमा। म कार्पेटमाथि बसेँ। त्यसपछि मलाई केरकार गर्न थाले। 'तिमी यहाँ राजकाज उडाउन आएका होइनौ ?' मैले भनें 'हामीले राज्य ताकेको होइन। हामीले नागरिक स्वतन्त्रताहरू, वैधानिक र उत्तरदायी शासन हुनुपर्छ भनेको हो।' ३-४ घण्टासम्म मलाई केरकार गरियो। 'ल आज जाऊ, भोलि सोचिकन आउनू' भने। अनि फेरि मलाई त्यही इजलासमा लिएर आए। त्यसको ३ दिनपछि मलाई पिट्ने कुरा गरे, कोर्रा लगाउने कुरा गरे। मैले कोर्रा हानेको १९४२ मा देखेको थिएँ बाँकेपुर जेलमा। बाँकेपुर जेलमा कोर्रा त्यस्तो हान्दैन्थ्यो र चाकमा हान्थे। पट्ट-पट्ट फुट्थ्यो। डाक्टर बसिरहेको हुन्थ्यो। त्यहाँ, नाडी हेरिरहन्थ्यो। यहाँ डाक्टर थिएन। तर मलाई त्यस दिन पनि कोर्रा हानेनन्। त्यसको ३-४ दिनपछि रातिको १२ बजेतिर 'ल, तयार हुनु पर्‍यो, आफ्नो मालसामान बोक्नु पर्‍यो' भनेर कराउँदै मलाई बोलाउन आए। म आफू तयार भएर उभिएको थिएँ। एउटा सिपाहीले राडी बेह्रेर ट्रकमा हालिदियो। मलाई बोकेर ट्रकमा चढाइदियो। ट्रक बागदरबार र जनाना जेलको बीचको बाटो छ, भोटेबहाल जानेतिर। जनाना र मर्दाना जेलको बीचको ठाउँमा ट्रक अड्यो र मलाई ट्रकबाट आरालियो। रातिको १२ बजेको थियो। एकछिनपछि हरिशमशेरको बागदरबारको पर्खालमा, त्यहीँनेर एउटा ढोका थियो, त्यो खुल्यो र त्यसबाट हरिशमशेर निस्के। हरिशमशेरले भने, - 'अब तिमीलाई फैसला सुनाउन लागेको। हामीले महाराजलाई अस्तिको न्यायालयको राय सुनायौं। महाराजले तिमीलाई थुन्नु, थुनेर राख्नु भनेर हुकुम भएको छ। त्यो फैसला तिमीलाई सुनाउन आएको। म त न्यायालयको मुख्य मानिस भएकोले यो तिमीलाई सुनाउन आएको।'

त्यति भनेर त उनी त्यही ढोकाबाट फर्कन लागेका थिए। मैले सोधेँ- कति दिन ? कति वर्ष ?' 'त्यो त महाराजको इच्छामा निर्भर गर्छ, तर तिम्रो र तिम्रो परिवारको चरित्र जबसम्म सुध्रिँदैन, तबसम्म तिमी थुनामा बस्छौ।'

हरिशमशेरले भने, - ...महाराजको यही हुकुम भएको हुनाले तिमीलाई अहिले थुनामा राखियो। अब जे कुरो भन्नु छ तिमीलाई, जेलरलाई भन्नु।'

त्यसपछि जेलरले मलाई थुनामा राख्ने ठाउँमा लिएर गयो। त्यहाँ बत्ती छैन। धुँवाले भरिएको एउटा लालटिन छ, त्यस कोठामा मलाई लग्यो। म कहाँ आएँ, मलाई नै थाहा छैन। काठको एउटा चौकी छ।

कोठामा आधा भित्तासम्म नीलो काइ जमेको छ, त्यसको चिसोले। माथिपट्टिको छत छोइएला जस्तो छ र भर्खर बनाएको हुनाले सिमेन्टहरू चिसै छन्। त्यहाँ मेरो राडी ओछ्याइ दिए। 'म भोलि बिहान आउँछु र अनि खाने-पिने व्यवस्था गर्छु' भनेर जेल गयो। भोलिपल्ट जेलर आएर भन्यो- 'अब तपाईंको घर यहीं हो। तपाई यहीं बस्ने हो। तपाईंलाई सरकारले अरु कैदी सरह डेढ माना चामल दिन्छ, एक पैसा र तीन ओटा रातो खुर्सानी, अलिकति नून र दुई मुठा दाउरा दिन्छ।

'अब तपाईं खाना बनाएर खानुसु, चुल्हो म त्यहाँ बनाइ दिन्छु। अब तपाईं कतै बाहिर जान पाउनु हुन्न' भनेर जेलरले भन्यो। मैले भनें, - 'मैले दिसा-पिसाब कहाँ गर्ने ? पानी कहाँ छ।' कोठाको कुनामा एउटा प्वाल थियो। फलामको पाइप थियो, अलि तेस्रो पारेर राखेको। तपाईंलाई चाहिएको पानी त्यहाँको मान्छेले पठाइदिन्छ। कोठैभित्र दिसा गर्ने एउटा प्वाल बनाइ दिएको थियो, त्यसको दिसा बग्ने कुनै नाला थिएन। कोठा बाहिरै एउटा खाल्डो खनिदिएको थियो र त्यसैमा गएर जम्थ्यो। चुल्होबाट एउटा ईंट झिकेर कोठाभित्र दिसा गर्न बनाएको प्वाल छोप्नुपर्थ्यो। त्यसरी छोपेपछि अलि गन्ध कम हुन्थ्यो। तपाई अब खाना पकाएर खान सक्नुहुन्छ' भनेर जेलरले भन्यो। मैले खाना केमा पकाउने ? मेरो यहाँ कोही छैन, मेरो घर त बिराटनगर हो मैले भनें। जेलर कैदीलाई भाँडा दिने चलन छैन भन्यो। जेलरले म केही व्यवस्था गर्छु भनेर गयो। उसले जनाना जेलको जमदार्नीको दिसा जाने लोटा, अलम्युनियमको कुच्चिएको र कुच्चिएको ठाउँ सफा नभएसर पहेँला-पहेँला दाग भएको, त्यो भाँडो लिएर आयो, यसैमा पकाएर खानुस् भन्यो।

मैले जेलमा १९४८ को अप्रिल-मई महिनादेखि अनसन बसें। अनसन बसेको आठौं दिनमा जेलर आएर ढोका खोल्छ। 'होइन, तपाईंले त केही खानु भएको रहेनछ, केही गर्नु भएको रहनेछ' भनेर नथाहा पाए जस्तो गरी बोल्यो।' मैले भने- 'मैले त अक्षय तृतीयाको दिनदेखि यो अनसन सुरु गरेको छु।' उसले भन्यो- 'अब त्यसो गरेर पनि हुन्छ ? आफ्नो प्राणै जाने कुरा गर्नु हुन्छ ?' भन्दै सम्झाउन थाल्यो।

रगत हेरेर भन्यो, - यो के भएको ?' अनि त्यसपछि डाक्टर लिएर आयो। डाक्टरले ओखती खानेकुरा गऱ्यो। मैले भने, - 'म ओखती खान्नँ। यस अवस्थामा कैदीलाई राखेको छ। म त्यसको विरोधमा अनसन गर्दछु। यो अमानुषिक तरिकाबाट मलाई ६ महिनादेखि थुनामा राखेको छ। न कसैको चिठीपत्र, न कसैको अनुहार देख्न पाइएको छ।' त्यसको १०/१२ दिनपछि गिरिजा र तारिणीलाई लिएर आयो। उनीहरू २००४ सालदेखि नै थुनामा थिए। उनीहरूलाई जुद्धशमशेरको छोरीको बंगलामा नै थुनामा राखिएको थियो। जेलका त्यही सुविधाहरू थिए उनीहरूलाई। मलाई त्यस्तो ठाउँमा राखेको देखेर उनीहरू छक्क परे। झूल छैन, केही छैन। मच्छर लाग्छ। गिरिजा सिरानतिर बस्यो, तारिणी खुट्टातिर बस्यो म सुतिरहेको चौकीमा। के भनेर पठाएको रहेछ भने- 'तिम्रा दाजु त मर्ने भए, सम्झाउनु पऱ्यो' भनेर। उनीहरूले के भने भने- तपाईंले अनसन तोड्ने काम छैन, सरकार निहुरिन गइरहेको छ।' तर मेरो हालत एकदम खराब थियो। मैले भनें- 'तिमीहरूले जस्तो, जेसुकै भनेता पनि, मैले अनसन गरेको छु। तिमीहरूले आउने काम पनि छैन, मलाई सम्झाउने काम पनि छैन। तिमीहरू जाओ।' उनीहरूले गइसकेपछि कर्णेल चन्द्रबहादुर

थापा र सरदार उपेन्द्रपुरुष ढकाल आए, मलाई फकाउने पनि गर्थे, धम्की दिने पनि गर्थे। यसरी म २० दिनसम्म रहें।

यता के भएछ भने, जयप्रकाश नारायण बिरामी परेछन्, पटना हस्पिटलमा भर्ना थिए। जयप्रकाश नारायणकहाँ सुशीलाले गएर भनिछ, 'बी.पी. त मर्न लागे, यस्तो खबर आउँछ, यति दिन भइसक्यो' भनेर। तारिणीहरूकहाँबाट पनि खबर गएको थियो क्यार। जयप्रकाश नारायणले हस्पिटलबाटै जवाहरलाललाई टेलिफोन गरेछन्- वीपीको प्राण बचाउनु पर्छ भनेर। जवाहरलालजीले भनेछन्- 'म आफ्नो कुटनैतिक स्तरबाट गर्दैछु - जे जे गर्नुपर्छ गर्दैछु। मेरो रायमा श्रीमती सुशीला कोइरालाले काठमाण्डू जानुपर्छ।' त्यसमा जयप्रकाशजीले सायद भने- 'उनी कसरी जाने ? भेट्न दिँदैन र फेरि उनीहरूलाई पनि थुनेर राखी दिने हो कि के हो।'

'होइन, त्यसको म इन्तजाम गर्छु' भनेपछि जवाहरलालजीले यहाँ खबर पठाएछन् प्रधानमन्त्रीलाई, राजदूत मार्फत् हो कि सिधै टेलिफोन गरेर कि 'बी.पी. कोइरालाकी पत्नी जाँदैछिन्। उनका नातेदारलाई भेट्न दिनुस्। सुरक्षाको आश्वासन र प्लेन ओर्लने अनुमति पनि दिनुस्।'

अब विजयशमशेरलाई त आपत पर्‍यो। प्लेन उत्रन दिनेबित्तिकै त भयानक नैतिक दबाब पर्थ्यो। प्लेनबाट परिवारका मानिसहरू आउने। त्यसमा उनीहरूले बहाना गरे, 'पानी परेकोले श्रीमती कोइरालाले प्लेनबाट आउने राय दिन सकिँदैन, किनभने हवाईअड्डा कच्ची छ र, पानी परेको बखतमा प्रयोग गर्न सकिँदैन।'


बिहार सरकारले एउटा प्लेन दिने भइरहेको थियो, उनी आइन् भने हामी प्लेन दिन्छौँ भनेका थिए।

म अनसन बसेको २२ या २३ दिनमा मलाई भुईमा लकडीको पार्केटिग भएको, ३/४ वटा झ्याल भएको कोठा २४ घण्टाको बीचमा तयारी पारी त्यहाँ सारियो। मलाई फेर्ने लुगाहरु मेरा भाइहरु तारिणी र गिरिजाकहाँबाट मगाइएको थियो। कोठाको भुईमा कार्पेट विछ्याइएको छ। मलाई लाग्छ २४ दिनका दिन म मूर्छा परेछु। मलाई हेर्न ३ जना डाक्टरहरु आएका थिए। म होसमा आउँदा मेरो दुवै गोडामाथि टाँगेको र सेलाइन ड्रिप दिइएको रहेछ। अनि मलाई के खबर आयो भने मलाई भेट्न मेरी पत्नी र घरका मानिसहरु आइपुगेका छन्। उनीहरुसँग भेटघाट भएपछि उनीहरु सबै गए। त्यसपछि मेरो हातल झन् खराब भयो। त्यही दिन राती एउटा ट्रकमा बिरामीहरुलाई ओसार्ने स्ट्रेचरमा राखे। एकजना डाक्टर भरत मेरो नाडी हेरिरहेको छ, र एकजना अर्को पनि छ। लगातार त्यो गर्दै मलाई डेढ घण्टा लगाएर तारिणीहरु लगिराखेको ठाउँमा पुऱ्याए विस्तारै। अमाहरुलाई खबर गरिदिए कि मलाई त्यहाँ लगिएको छ भनेर। उनीहरूले आमालाई भने 'अब तपाईंहरुको जिम्मा' भनेर। आमाले भन्नुभयो- 'अहँ, जबसम्म त्यो छुट्दैन, यो सरकारको जिम्मा हो। ऊ मऱ्यो भने सरकार जिम्मेवार हुन्छ।' अनि २७ या २८ दिनको कुरा थियो। आमाले डा. सिद्धिमणिलाई सोध्नु भएछ। ऊ एउटा निर्दयी किसिमको मान्छे थियो भनेर आमा भन्नुहुन्थ्यो। सायद सिद्धिमणीले अब म बाँच्दिन भन्ने रिपोर्ट पठाएपछि २९ दिनका दिन माथिबाट खबर आयो, - 'तिमी छुट्यौ।'

पुस्तक अंश

# ज्युँदा सहिदहरू

ज्युँदा सहिदहरू र तिनले नेपालको राजनीतिक आन्दोलनमा खेलेको भूमिकालाई भित्रैदेखि उजागर गर्ने काम यस पुस्तकमा उल्लेख गरेको छ। पुस्तकको केन्द्रमा टंकप्रसाद आचार्य छन् तर सिङ्गो पुस्तकमा उनी मात्र छैनन्। प्रजापरिषद् र राणाशाही विरोधी आन्दोलनसँग जोडिएका अन्य व्यक्ति/व्यक्तित्वहरूका प्रसङ्गलाई समेत पुस्तकमा समेटिएको छ। राणाविरोधी आन्दोलनका क्रममा भूमिगत गतिविधिहरूमा सक्रियतापूर्वक भाग लिएर महत्वपूर्ण योगदान गरेका तर इतिहासका पानाहरूमा नअटाएका पात्रहरूलाई पुस्तकले महत्वका साथ प्रस्तुत गरेको छ। पुस्तकले राजनीतिक आन्दोलन र त्यसका महत्वपूर्ण पात्रहरुको भूमिका, योगदान र परिणामलाई उजागर गर्ने काम गरेको छ।




टंकप्रसाद आचार्यलाई भारतबाट नेपाल आउँदा १९९७ साल कार्तिक १० गते बिहान नेपाली सिमानाबाट गिरफ्तार गरियो। त्यसपछि नेल, सिक्री, गलफन्दी र हत्कडी लगाइ आलोपालो गरी दशजना भरियाहरूले बोक्ने खटौलीमा हालेर अड्डासार गरी त्यति नै संख्यामा सङ्गीन बन्दुकधारी प्रहरीको पहरामा काठमाडौँको सिंहदरबार ल्याइयो। सिंहदरबारबाट थुन्दा पनि हात, गोडा, गर्धन र तिघ्रालाई बाक्लो फलामका नेल, हतकडीले बाँध्याबाँध्यै गरी तीन महिनासम्म राखियो।

प्रजा परिषद्को आन्दोलनको क्रममा पाँच सय जति मानिसहरूलाई गिरफ्तार गरिएको थियो। त्यसमा प्रजापरिषद्का जम्मै सदस्यहरूका साथै राजा त्रिभुवनका नवरत्न मण्डलीका सदस्यहरूसमेत गरी राणाहरूको विरुद्ध षड्यन्त्रमा लागेका दरबारभित्रका जागिरेहरू, सांस्कृतिक वा धार्मिक सुधारमा रुचि राख्ने मानिसहरू पनि रहेका थिए। तिनीहरूमध्ये कोही पुस्तकालय वा स्कुल

खोल्ने अभियोगमा समातिएका थिए भने एकजना सुन्न प्रतिबन्ध लगाइएको रेडियो सुन्ने गरेको र भारतमा छापिएका अखबारहरू पढ्ने गरेको अपराधमा पक्राउ परेका थिए।

सिंहदरबारमा साह्रै निर्मम तरिकाले कुर्कुचामा बिजुलीको करेन्ट लगाइदिन्थे। कटबाँसको फ्रेममा बाँधेर घोडाको कोर्राले पिट्थे।

सिंहदरबारमा राखिएको तीन महिनामा सरकारी अभियोक्ताहरूको रूपमा चारजना राणा कमान्डिङ जर्नेलहरू थिए - एकजना पश्चिमतर्फका, दोस्रो पूर्वतर्फका, तेस्रो उत्तरतर्फका र चौथो दक्षिणतर्फका थिए। त्यो कुनै अदालत थिएन। विशुद्ध रूपमा फौजी अदालत थियो। उनीहरूमध्ये केहीलाई तीन वर्ष कैद, कसैलाई ६ वर्ष कैद, कसैलाई बाह्र त कसैलाई अठार वर्ष कैद, कसैलाई जन्मकैद। ६ जना (गंगालाल, धर्मभक्त, दशरथ चन्द, शुक्रराज शास्त्री, रामहरि र टंकप्रसाद) लाई ज्यान सजाय सुनाइयो। अरुलाई विभिन्न रकम जरिवाना गरियो।

त्यतिखेर जेल दुई भागमा बाँडिएको थियो। सेन्ट्रल जेलमा ज्यानमाराजस्ता खतरनाक अपराधीलाई राखिन्थ्यो र भद्रगोलमा चाहिँ राजनीतिक बन्दी र सानातिना अपराधीहरूलाई। भद्रगोल जेलको घर नं. ३ मा ३२ जना राजबन्दीहरूलाई राखियो। त्यस घरभित्र पस्ने एउटा मात्रै ढोका पनि घरबाट आउने खाना वा जेलभित्र दिइने सिधा दिने बाहेक अरु बेला बन्द गरिन्थ्यो। हावा र उज्यालो नआउने त्यस्ता आठवटा कोठाहरूमा चारचार जना गरी राखियो। सुत्ने, खाना पकाउने, खाने सबै काम त्यही कोठामा गर्नुपर्दथ्यो। छिंडीका कोठाहरू ओस लाग्ने चिसा भएकाले र त्यहाँको फोहोर कसिंगर कहिल्यै सफा नगरिने हुनाले एउटा कोठामा ८-८ जना गरी माथिललो तल्लाका चार कोठामा सुतेर तलको भागलाई खाना पकाउने काममा लगाइयो। पछि जुद्धशमशेरले प्रत्येक कोठामा चारचार वटा काठका खटिया हाल्न लगाइदिए। त्यो जेलभित्रको जेल नाम पाएको कालकोठरी अहिले भत्काइएको छ।

जेलमा भात पकाउनको लागि एक मुठो दाउरा दिइन्थ्यो। जेलभित्रै एउटा पसल थियो। जंगबहादुरबाट दिनको एक पैसाले कैदीहरुलाई दैनिक आवश्यकताका पाँच सामानहरू पुऱ्याउने ठेक्का लिएको थियो। ती सामानहरूमा नुन, खोर्सानी, बेसार, खाने तेल र मसलाहरु पर्दथे। जेलभित्र आध्यात्मिक, धार्मिक पुस्तकहरु मात्र पढ्न पाइन्थ्यो। बिरामी पर्दा खान दिइएका ओखतीहरू पोको पारेको कागज पनि जेल अधिकारीले फर्काएर लिन्थ्यो।

अपराध गरेबापत थुनिएका कैदीहरूलाई चौकीदारको कोठामा लगेर पिटिन्थ्यो। त्यस्तो चुट्ने पिट्ने काम चौकीदारहरु आफैले नगरेर जेलभित्रका कुनै कर्मचारीहरू वा कैदीहरूबाट गराइन्थ्यो। त्यसबापत तिनीहरूले नयाँ जोर जुत्ता र कपडा पाउँथे।


१९९७ साल माघ ९ गते टङ्कप्रसाद आचार्य र रामहरि शर्मालाई चारपाटा मुडेर सुँगुरको पाठा बोकाइटुँडिखेलमा घुमाइएको थियो। शुक्रराज शास्त्रीलाई १९९७ साल माघ ११ गते पचली त्रिपुरेश्वरमा झुन्ड्याई मारिएको थियो भने धर्मभक्त माथेमालाई माघ १३ गते राति सिफलमा झुन्ड्याएर मारिएको थियो। गङ्गालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १४ गते राति सामाखुसी र विष्णुमतीको दोभानमा गोली हानी मारिएको थियो।

# हाम्रो मुद्दा फैसला

***स्व. गणेशमान सिंह, नेपाली कांग्रेसका संस्थापक हुनुहुन्छ। नेपाली कांग्रेसका सर्वोच्च नेता सिंह राणा विरोधी आन्दोलनमा लागेको आरोपमा गिरफ्तार हुनु भएको थियो। उहाँको जेल जीवनको सानो अंश गणेशमान सिंह मेरो कथाका पानाहरु (खण्ड १) बाट साभार गरी यहाँ प्रस्तुत गरेका छौँ।***

सिंहदरबारमा त्यस दिन ठूलो भारदारी बसेको थियो। राणा शासनको इतिहासमा त्यसअघि त्यत्रो भारदारी बसेको थिएन। भारदारीमा राणाका सबै भाइभतिजाहरूका अतिरिक्त, फौजतर्फका मेजरसम्म र सिभिलतिर मीरसुब्बासम्म ओहदावालाहरू उपस्थित गराइएको थियो। विशाल पटाङ्गिनीमा राणा भाइभारदार र अरु भारदार समेत रोल-दर्जाअनुसार पंक्तिबद्ध भएर बसेका थिए।

त्यो भारदारीमा जुद्धशम्शेरले भने - 'भाइभारदारहरू हो ! आज तिमीहरूलाई एउटा कुरा भन्न र तिमीहरूको त्यसमा के राय छ, त्यो सल्लाह लिन यहाँ भेला गराएका हौं। हेर ! मेरा सामुन्ने उभ्याइएका यिनीहरूलाई हेर ! ती को हुन् थाहा छ तिमीहरूलाई ? यिनीहरू प्रजापरिषद्का मानिस हुन्। त्यो प्रजापरिषद्को उद्देश्य के रे भने हाम्रो शासन व्यवस्थालाई उल्टाएर आफ्नो हातमा शासन व्यवस्था लिने। त्यो कसरी रे भने हिन्दूस्तानका निच जातका सोसलिस्टहरूसँग मिलेर, उनीहरूको सहयोग लिएर हाम्रो तख्ता पल्टाउने रे। हामीले यहाँको जनताको विश्वास र श्रद्धामा, जनताको स्वीकृतिले करीब सय वर्षदेखि चलाइआएको शासन उल्टाउने रे ! यी यस्ता देशद्रोहीहरूलाई के गर्ने ?'




सभामा एक क्षण स्तब्धता छायो। कसैले केही बोलेनन्। फेरि जुद्धशम्शेर आफैं बोले - 'यी सबको बीउ छर्ने चाहिँ ऊ त्यो शुक्रराज भन्ने ज्यापू हो। त्यसले कसरी बीऊ छऱ्यो भन्ने थाहा छ तिमीहरूलाई ? हिन्दूस्थानमा गान्धी भन्ने एकजना छ नि, हो, त्यसैको लहैलहैमा लागेर, त्यसैसँग सल्लाह-साउती गरेर यहाँ त्यसको बीउ छर्ने त्यै ज्यापू हो।'

जुद्धशम्शेरले आफ्नो कुरा टुंग्याउन नपाउँदै शुक्रराज शास्त्रीले उनको कुरा काटेर भने - 'यो के तमासा हो महाराज ! राजकाजको मामलामा यतिका भाइभारदारलाई जम्मा पारेर उनीहरूको रायसल्लाह प्रधानमन्त्रीले लिन लागेको नेपालको इतिहासमै यो पहिलो अवसर होला। त्यसमा भाइ-भारदारको सल्लाह, राय के छ नबुझी, उनीहरूलाई बोल्नै नदिई पहिले नै हामीलाई देशद्रोही करार गर्नु तमासा भएन

? सँगीनको घेरामा हामीलाई राखेर एक्लै फत्फताउनुभन्दा पहिले हामीलाई पनि बोल्ने मौका दिनुपर्छ।'

'के रे ज्यापू, के रे, धेरै नेपरिएर बोल्छस् ज्यापू तँ ? यै ज्यापू हो। हिन्दुस्तानको गान्धी भन्नेको सल्लाह लिएर त्यसको बीउ यहाँ छर्ने ! तँ धेरै नेपरिन्छस् भने म ऐलै मेरा मान्छेहरूद्वारा तँलाई कुल्चाएर मारिदिन्छु।' जुद्धशम्शेर गर्जिए।

स्पष्ट छ, त्यत्रा भाइभारदारका अगाडि श्री ३ महाराजसँग मुखमुखै लागेर बोल्नु उनको अपमान गर्नु थियो। तसर्थ उनी रीसले तमतमाएका थिए। रिसको त्यही आवेशमा उनी गर्जिएका हुन्।

शुक्रराजले पनि उत्तिकै जोश र फूर्तिले भने - तयार छु, महाराज ! म महाराजसँग न्याय मागिराखेको छ, दया होइन। यतिका भाइभारदारलाई जम्मा गरेर अरुलाई बोल्न नदिई, एकतर्फी जे मनलाग्यो उही भन्ने र जसलाई पायो उसलाई देशद्रोही भन्न पाइन्छ ? यहाँ हामीले पनि जवाफ दिन पाउनुपर्छ, हामी त्यो न्याय चाहन्छौँ, महाराज।'

जेलमा साथीहरू जातपातको कुरा गर्ने भए। काम नभएपछि र धेरै दिन सँगसँगै बसेपछि एक अर्काप्रतिको आकर्षण हराएर जाँदो रहेछ। अनि त्यो ठाउँ एक अर्काको कुरा काट्ने क्षुद्र प्रवृत्तिले लिँदो रहेछ। कहाँसम्म भने सँगसँगै मर्न मिट्न तयार भएर हिँडेका साथीहरू समेत त्यसको शिकार भए। टङ्कप्रसादजी जस्तो मानिसले जातपातको कुरा गरेको सुनेर उहाँको कण्डापछाडि अरु कुरा काट्थे - 'हेर, दामल भएको टंकप्रसादले जातको कुरा गरेको ? यसको केको जात ?'

भान्छा पनि दुवैथरीको बेग्लाबेग्लै थियो। टंकप्रसादजी हाम्रो नेता हुनाले र मलाई जातपातको कुरा चित्त नबुझेकाले म उहाँकै भान्छामा खान्थें। तर त्यहाँ पनि टंकप्रसादजी र रामहरिजीलाई दामल भएको कारणले भान्छामा छुन दिंदैनथे। हाम्रो भान्छे बाजेमा गोविन्दप्रसाद उपाध्याय र पुष्करनाथ उप्रेती थिए। मेरो त कुरै छाडूँ टंकप्रसादजीले तमाखु भनेर चिलिममा आगो थाप्न जाँदा चौकामाथि हात पुऱ्याउनुभयो भने उनीहरू तर्सन्थे - 'ओ, छोइएला, र-पर-परैबाट थाप्नुस्।'


तर सिंहदरबारमा थुनामा रहँदा जातपातको त्यस्तो कट्टरता थिएन। गंगालाल र धर्मभक्तबाहेक अरु सबैको घरबाट चाम्रे, तरकारी र अचारका परिकारहरू आउँथे। मेरो चाहिं भात नै आउँथ्यो। गंगालाल र दशरथ चन्दजीको चाहिँ घरबाट केही आउँदैनथ्यो। सरकारले दिने छ पैसा हो या तीन आनाले चामल किनेर हवास भित्र पसेर पकाउँथे र खान्थे।

जेलभित्रको परिस्थिति त्यस्तो थियो भने आफ्नो उद्देश्यका प्रतिको साथीहरूको लगन र प्रयास अझ निराशाजनक थियो। साथीहरू घरबाट खाना मगाएर खान्थे, बाहिरका परिवारका सदस्यहरूले कसरी कुन उपायले त्यसलाई जुटाएर पठाएका छन् त्यो सोच्दैनथे। कैयौँ साथीहरूको आर्थिक अवस्था यस्तो थिएन कि उनीहरू सहजै जहान बच्चाका निम्ति आवश्यक जाहो मिलाएर जेलको पनि खाँचो पूरा गर्न सकुन्। केही साथीहरूबाहेक अरुको त्यस्तो स्थिति थिएन। त्यसैले मेरो आग्रह थियो - जेलबाट भाग्ने। जेल भित्र योगासन गरेर र भजन गाएर केही हुँदैन, जेलबाट भाग्यो भने बाहिर फेरि राजनीतिक गतिविधि चालू राख्न सक्छौँ।

**पुस्तक अंश**

# जेल सार्ने बाहनामा गरिएको सुखानी हत्याकाण्ड

झापा विद्रोहका कारण त्यहाँका मान्छेहरू आकुलव्याकुल भएका थिए। झापा विद्रोहका नायक शिवप्रसाद शिवाकोटीहरू त्यस बेलासम्ममा नक्सलाइट कम्युनिस्टको शीर्षकमा कहलिन थालिसकेका थिए। त्यसै फेरोमा झापा क्रान्तिका मुख्य नायक मानिएका रामनाथ दाहाल पनि पक्राउ परेका थिए। उनी बुटन चौधरी मारिएको चार महिनापछि समातिएका थिए। अथवा भनौँ, उनी २०२९ साल मङ्सिर २८ गते उनकै घर छेउमा पक्राउ परेका थिए। तीन महिनासम्म उनलाई पिट्दै रगत छदाउँदै र अस्पताल लगेर उपचार गर्दै र फेरि पिट्दै, रगत छदाउँदै गरेर पुलिस प्रशासनले जेलमा राखेका थिए।




२०२९ साल फागुन २० गतेको कुरा हो- झापा जेलबाट इलाम जेल सार्ने बहानामा शनिश्चरे बजारको बाटोबाट बेलुका ४ बजेतिर रामनाथ दाहाल, वीरेन राजवंशी, नेत्र घिमिरे, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई पुलिसले डोऱ्याएर लगिरहेका थिए। त्यस बेला उनीहरूका हात फलामका ठूलाठूला चुराले बाँधिएका थिए। पाराखोपीको पुलबाट म घर फर्कँदै गरेको अवस्थामा मैले अपर्झट त्यो दृश्य देखेको थिएँ।

त्यसै घडी रामनाथ दाइका आँखामा मेरा आँखा जुधेका थिए। त्यस बखत हामी एकअर्कालाई केही सेकेन्ड टुलुटुलु हेरिरहेका थियौँ। नातामा रामनाथ दाइ मेरी सानिमाका छोरा र शिव दाइ ठूलीमाका छोरा हुन्। तर मेरा नेताचाहिँ शिव दाइ नै थिए। उनकै निर्देशनमा खड्ग दाहाल र मैले सुरुका दिनमा पुलिससँग युद्ध गर्नु परेको थियो। त्यस युद्धलाई शिव दाइले चक्मकको झिल्को भनेका थिए। त्यस झिल्काले झापामा ठूलै डँडेलो लगाएको थियो र अन्ततः त्यही आगो सुखानीमा पुगेर निभेको थियो।

फागुन २१ गते बिहानै हामीले थाहा पाएका थियौँ- रामनाथ दाहालहरूलाई सुखानी ज लमा पुऱ्याएर गोली ठोकेर मारिएको रहेछ। भनौँ २०२९ साल फागुन २१ गते बिहानको सूर्योदयसँगै मेरा दाजु रामनाथ दाहाललाई इलाम जाने मूल बाटैको सुखानीको ज लमा गोली हानेर मारिएको थियो। त्यतिखेर मैले त्यो दृश्य पनि सुखानीमा नै पुगेर हेरेको थिएँ। त्यतिखेर म सुखानी पुग्नुपर्ने कारण के थियो भने- मेरा दाजु विष्णुभक्त प्रसाईको झापाको शनिश्चरेमा हाङपाङ फोटो स्टुडियो थियो। त्यतिबेला मेची अञ्चलाधीश छिरिङतेञ्जङ लामा थिए। मेची अञ्चलका एसपी

पद्मबहादुर मानन्धरचाहिँ सरासर हाम्रो घरमा आए। अनि मेरा दाजुलाई क्यामरासहित सोही जिपमा बस्ने उनको आग्रह भयो। अनि म पनि दाजु बसेको मोटरको पछाडि झुन्डिएर सुखानी पुगेको थिएँ। सुखानी पुगेपछि मैले अकल्पनीय र हृदय विदारक दृश्य देखेँ र मन थाम्न नसकेर म त्यहीँ रोएको थिएँ।

हामी सुखानी पुग्नुअघि घटनास्थलमा मान्छेलाई हिँड्न पुलिसले प्रतिबन्ध लगाएको रहेछ। त्यस ठाउँमा झन्डै पन्ध्र जनाजति प्रहरी उभिएका देखिन्थे। तर घटनास्थल वारि र पारि मान्छेको कुँडुलो थियो। एकातिर त्यो इलाम झापाको मूलबाटो थियो र अर्कातिर पाँच जनालाई गोली ठोकेर मारेको समाचारले त्यो क्षेत्रमा कोलाहल मच्चिसकेको थियो। घटनास्थल पुगेपछि एसपीको मोटरबाट हामी सबै ओर्लियौँ। त्यति बेला एउटा प्रहरी आएर एसपी पद्मबहादुरसमक्ष सलाम हान्दै बोलेको थियो– 'रामनाथ माओत्सेतुङ भनेर जोडले करायो, अरूले जिन्दाबाद भने।' अनि एसपी मानन्धरले त्यसै बेला कड्केर पुलिसलाई भनेका थिए– 'नबोल्, चुप लाग्' हामी सुखानी पुगेको केही बेरमा नै इलामबाट पनि प्रहरीको एउटा जिप त्यहीँ आएर अडिएको थियो। त्यस जिपमा प्रहरी निरीक्षक त्रैलोक्यनाथ वली र जिपभरि प्रहरीहरू थिए।

केही समयपछि त्यहाँ बाटो हिँड्नेका लागि निषेध हटाइएको थियो। अनि त्यो कहालीलाग्दो ठाउँमा मान्छेहरूको भीड बढ्ने क्रम जारी भयो। रामनाथ दाइ इलाम जाने मोटरको बाटैको कापमा रगतको आहालमा उत्तानो परेर सुतिरहेका थिए। त्यहाँ मारिएका अरू क्रान्तिकारीहरुको मृत शरीर पनि त्यस्तै बीभत्स, दर्दनाक र हेरि नसक्नुको थियो। त्यो ठाउँ कतै रगतको दह, रक्ताम्मे र रगतकै टाटैटाटाले ढाकिएको थियो।

रामनाथ दाइका कम्मरमा चाहिँ झन्डै २० फुटको लामो डोरीले बाँधिएको थियो। अरूहरूका पनि कसैका खुट्टा, कसैका कम्मरमा त्यस्तै लामा लामा डोरी बाँधिएको थिए। तर सबैका हातमा हतकडी नै पनि छँदै थिए।

रामनाथ दाइका छातीमा गोलीका तीनवटा ठूलाठूला दुला परेका थिए। उनलाई गोली हान्दा उनी यताउति दौडिएका थिए, सायद १ किनभने उनी ढलेको वरिपरिका रूखबिरुवाका बुटा सोत्तरझैँ माडिएका थिए। सबै क्रान्तिकारीहरूलाई एकअर्का विद्रोही बाँधिएको आठदेखि दस फुटसम्मको हाराहारीमा बाँधिएको थियो। उनीहरू बाँधिएका वरिपरि सबैतिरका बुटा र झारहरू माडिएका थिए। त्यहाँ कसैका टाउकामा गोली हानिएको थियो, कसैका भुँडीमा र कसैको गुप्ता मा नै गोली लागेको थियो। कृष्ण कुइँकेलको टाउकाको खबटा उछिट्टिएर नौदस फुटजति उनीभन्दा पर देखिन्थ्यो। एक जनाको भुँडी फोरिएर छ्यालब्याल भएको थियो। मैले त्यहाँ रामनाथ दाइ, कृष्ण कुइँकेल र नेत्र घिमिरेलाई मात्र चिनेको थिएँ। घिमिरे चाहिँ झाडीको बुटोकै फेदमा ढलेका थिए। अनि त्यतिखेर उनलाई देखाउँदै एउटा पुलिस हाँस्तै बोलेको थियो– 'यस मान्छेको त परिवार नियोजन नै भयो नि !' घिमिरेका छाती र गुप्ता मा गोलीका डाम देखिन्थे।

त्यस घडीको त्यो दृश्य हेरेर रुँदै म त्यस साँझ घर फर्केको थिएँ। अनि सुखानीको सबै बेलिविस्तार मैले मेरी आमालाई सुनाएको थिएँ। त्यतिखेर मैले मेरी आमालाई पनि म सँगसँगै रुवाएको थिएँ। सुखानीको त्यो रक्त कुण्डको डरलाग्दो इतिहास त्यसै दिन मैले मेरो डायरीमा पनि कोरेको थिएँ।

*(झापा विद्रोहका एक कमान्डर नामक पुस्तकबाट)*

# मृत्युसँग पौंठेजोरी खेल्दै बितेका जेल जीवनका १७ वर्ष !


*पहिलोपटक २०१५ सालमा भद्र अवज्ञा आन्दोलन गर्दा जेल पर्नुभएका मोहनचन्द्र अधिकारी नेपालको इतिहासमा सबैभन्दा लामो समय जेलमा राखिएका राजनीतिक नेताका रूपमा सुपरिचित हुनुहुन्छ। उहाँलाई कम्युनिष्ट पार्टीमा लागेर राज्यद्रोह गरेको आरोपमा लामो समय जेल राखिएकाले नेपाली नेल्सन मण्डेला पनि भन्ने गरिन्छ। मोहनचन्द्रले १६ वर्ष ९ महिना तराईका पाँच र पहाडका पाँच ओटा जेलमा बिताउनु भयो। उहाँको जीवनका उर्जामय समय कालकोठरीमा नै बिताउनु पऱ्यो। युवा अवस्थाले खुल्ला आकाशमुनीको वातावरण नै देख्न, बुझ्न र हेर्न पाएन। केवल पायो त कालकोठरीको अनुभव गर्न। कालकोठरी व्यहोर्न र दैनिक आएको मृत्युसँग पौंठेजोरी खेल्न तथा काललाई लखेट्न।*



मोहनचन्द्र अधिकारी

मैले २०११ सालमा कम्युनिष्ट पार्टीको सदस्यता लिएको थिएँ। आईए पहिलो वर्षमा पढ्दै गर्दा भद्र अवज्ञा आन्दोलनमा लागेको आरोपमा २०१५ सालमा प्रहरीले गिरफ्तार गरी नख्खु जेल चलान गऱ्यो। प्रजातान्त्रिकरणका लागि भद्र अवज्ञा आन्दोलनमा लागेका बेला म, भुपी शेरचन, पिवि मल्ललगायतलाई नख्खु जेल लगिएको थियो। त्यहाँ १५ दिन जति राखेर नि:शर्त रिहा गरियो। सो बेला गिरफ्तार गरिएपछि प्रहरी नियन्त्रणमा दिइएको यातनाको वर्णन गर्नै सम्भव छैन। जेल पुऱ्याएपछि भने यातना दिएन। यो २०१५ सालको कुरा हो। प्रहरीले टाउको लाठी प्रहार गरी रगतपच्छे बनाएको थियो। मेरो मफलर रगतले पूरै भिजेको थियो। पछि कारागारमा लग्यो। यो मेरो जिन्दगीको पहिलो जेल यात्रा हो।

२०२८ सालमा झापा आन्दोलन सुरू भयो। त्यसलगत्तै २०३० साल असोज २३ गते मङ्गलबार मलाई र केपी ओली रौतहटबाट प्रहरीले गिरफ्तार गऱ्यो। म पार्टी कामको सिलसिलामा विराटनगरको रानी हुँदै रौतहट गएको थिएँ। 'इनवारीमा शिवमङ्गल तलबार नाम भएका प्रधानपञ्चको घरमा ओलीजी बस्नुहुने रहेछ। उहाँ मभन्दा अघि नै रौतहट जानुभएको थियो। त्यहाँको चाँजोपाँजो माधव नेपालले मिलाउनु भएको थियो। म एउटा भूमिहीन किसानकोमा बसेको थिएँ। म बसेको ठाउँमा ओलीजी आउनुभयो।' ओलीजीले तुलसीलाल अमात्यको कुन बाटो र पुष्पलाल श्रेष्ठको मूलबाटो किताब बोकौँ भन्नुभएको थियो। तर, मैले नबोकौँ भने। 'यो कुरा ओलीले मान्नु भएन।' त्यतिबेला टिएल र पिएलका पुस्तक प्रतिबन्धित थिए। पछि तिनै किताबसहित हामीलाई प्रहरीले गिरफ्तार गऱ्यो।




'गिरफ्तारीमा परेपछि ५७ दिन थुनामा राख्यो। मलाई र केपी ओलीलाई बीरगञ्ज ल्याउने क्रममा तत्कालीन सिडिओ चन्द्रिकानन्द खरेलले गोली हान्न आदेशसमेत दिएका थिए। त्यहाँका सब-इन्स्पेक्टर मोहनप्रसाद अधिकारीले '१३ दिने दाजुभाइलाई म गोली ठोक्दिन भनेपछि त्यो काल त्यतै टऱ्यो।' मलाई र केपी ओलीलाई विभिन्न जेल सरुवा गर्दै साढे २ वर्ष केन्द्रीय कारागारको गोलघरमा राखे। केपी ओलीलाई काठमाडौँ ल्याएपछि सेन्टर जेलभित्रको गोलघरमा राख्यो। त्यो गोलघरमा 'मारी दिउँ' भनेर तर्साउने गर्थे। गोलघरमा मानसिक यातना व्यापक हुन्थ्यो। प्रहरीले मानसिक यातना दिन्थे भने कारागारभित्रका चौकीदार, नाइके, भाइनाइकेले भनेको नमानेको भन्दै कुटपिट गर्थे। राजनीतिक मुद्दामा जेल परेको मलाई ज्यान मुद्दामा २० वर्ष र केपी ओलीलाई ज्यानमार्ने उद्योगमा १० वर्षको सजाय गरिएको थियो।

गिरफ्तार गरिएको पहिलो दिन रौतहटको कोपुवा थानामा राख्यो। त्यहाँ सोधपुछ गऱ्यो। कुटपिट सुरु भयो। दोस्रो दिन रौतहटको सदरमुकाम गौर ल्यायो। गौरमा पहिला सिडिओलाई बुझायो। चन्द्रिकानन्द खरेल भन्ने सिडिओ थिए। त्यो समयको सबैभन्दा बर्बर प्रशासक। तानाशाही व्यवस्थाका तानाशाही प्रशासक। उनले ७० दिनसम्म जिल्ला प्रहरी कार्यालयमै राखे। सोधपुछ केरकार आफैँ गर्थे। बेहिसाब कुटपिट गर्थे। उनले नकुटेको मेरो शरीरको कुनै अङ्ग छैन।

रौतहटबाट बिरगञ्ज पुऱ्याइयो। प्रहरीले हतकडी लगाइदिएका थिए। पहिलो दिन साधारण कैदीसँग राख्यो। दोस्रो दिनदेखि राजनीतिक बन्दीसँग राख्यो। बिरगञ्जमा पनि धेरै दिन राखेन। काठमाडौं ल्यायो। सुरुमा मलाई सेन्टर जेल राख्यो। ओलीलाई भद्रगोल जेल राख्यो। यसै समयमा झापाका कम्युनिष्टहरूलाई पनि समातेर काठमाडौँका जेलमा ल्याउने क्रम चल्यो। झापाबाट गिरफ्तार गरेर ल्याएका साथीहरू नरेश खरेल, दुर्गाप्रसाद अधिकारी (ठूलो ) दुर्गाप्रसाद अधिकारी (सानो), घनेन्द्र बस्नेत, नारद वाग्ले, छवि राजवंशी, मङ्गल सतार थिए। दोस्रो दिनदेखि जेलभित्रको गोलघरमा राख्यो। म खासै कसैसँग बोल्दैन थिएँ। जेल सरुवा गरिरहन्थ्यो। मलाई तराई पहाडका धेरै जिल्ला पुऱ्यायो। पाल्पाको तानसेनदेखि तराईको सिराहसम्म जेल सरुवा भएँ। २०३३ सालमा नख्खु जेलबाट साथीहरू भागेपछि हामीलाई हत्कडी र नेल लगाइदियो। यस्तैमा हाम्रो लामो समय बित्यो। म १७ वर्ष जेलमा परेँ। बहुदल आउनुभन्दा पहिला नै मलाई छाडिदिए। २०४६ साल पुस १४ गते राजा वीरेन्द्रको जन्मोत्सवमा छाड्ने भने। तर, मैले मानिनँ। मैले नमानेकाले मलाई पुस १९ गते छाडिदिए। १७ वर्ष जेल बसेका हुँ। म भन्दा पहिला ओली, राधाकृष्ण मैनाली र मोदनाथ प्रश्रित छुटेका हुन्।

*(मोहनचन्द्र अधिकारीसँग प्राचीका लागि कृष्ण गौतम र रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*

# जेल राजनीतिक रूपमा उपेक्षित क्षेत्र हो

*केपी शर्मा ओली, नेकपा एमालेका अध्यक्ष हुनुहुन्छ। पूर्व प्रधानमन्त्री ओलीले नेपालमा लोकतन्त्र स्थापनाका लागि भएको आन्दोलनका क्रममा गिरफ्तार भई चौध वर्ष जेलजीवन बिताउनु भएको थियो। उहाँको जेलजीवन, नेपालका जेलहरूको सुधारका लागि भए गरेका प्रयास र गर्नुपर्ने कार्यका बारेमा उहाँले इन्सेकसँग गर्नुभएको विस्तृत कुराकानीको संक्षेप यहाँ प्रस्तुत गरिएको छ।*



केपी शर्मा ओली

म २०३० असोज २३ गते रौतहटबाट गिरफ्तार भएको हुँ। त्यहाँबाट मङ्सिर ३ गते बिरगञ्ज ल्याइएँ। मार्ने मनासयका साथ हामीलाई हिँडाइएको थियो। एक जना प्रहरी अधिकृतको मार्ने कुराप्रतिको नामञ्जुरीले गर्दा चाहिँ हामी बाँच्यौँ। र, कात्तिक ३ गते राति बिरगञ्ज थानामा राख्यो। कात्तिक ४ गते बिहान बिरगञ्ज जेलमा पठायो। कात्तिक ६ गते बिहान पहिलेको महिला जेल (पछि राजनीतिक बन्दी राख्थ्यो, त्यसलाई सानो जेल पनि भनिन्थ्यो) तिर सार्‍यो। कात्तिक ८ गते बिहानको राति २ बजे जेल सरुवा भनेर त्यहाँबाट हिँडायो। अलिक पर लगेपछि काठमाडौँ जाने रहेछ भन्ने थाहा भयो। हिँडाउने बेलामा केही पनि भनेको थिएन। कात्तिक ८ गते बेलुका नै हामी काठमाडौँ पुग्यौँ। एउटा रसियन जिप जस्तो पुलिसको गाडी थियो। नेल, हतकडीसहित ल्याएको थियो। हामीलाई नेल कात्तिक ४ गते बिरगञ्जमा नै लगाएको थियो। त्यतिबेला मोहनचन्द्र अधिकारी र म थियौँ। मोहनचन्द्रलाई सेन्ट्रल जेलतिर लग्यो। मलाई भद्रगोल जेल !

मसँग एउटा पातलो सर्ट र पातलो पाइन्ट मात्रै थियो। असोज २४ गते बिहान हामीसँग भएका अन्य लत्ताकपडा, कागजपत्र, कलम र चप्पलहरू हामीबाट खोसेको थियो। त्यसपछि हामी खाली गोडा थियौँ। भद्रगोल पुर्‍याउँदा एउटा पातलो पेन्ट र सर्टमात्रै थियो जुन् मैले असोज २३ गते लगाएको थिएँ। ज्यादै कुटपिट गरेको थियो। त्यो सर्ट पाइन्ट त्यत्रो पिट्दाखेरि पनि फाटेन। गज्जबको नाइलन कपडा रहेछ। पातलो तर बलियो। ज्यान सुन्निएर खत्तम थियो। लगातार कुट्थ्यो। पक्राउ गरेको बेलुका एउटा घरको थाममा हतकडीले बाँध्यो। एक जनालाई

एकातिर बाँध्यो अर्को जनालाई अर्कातिर बाँध्यो दुई ओटा थाममा बाँधे र राइफलधारीहरू दुईदुई जना एकएक जनाको ठाउँ नजिक उभिएर बसेका थिए। उनीहरूले पालो फेरे। हामीहरूले भने त्यहीँ पालीको थाममा बाँधिएर बलेसीमा रात काट्यौँ। यसैबिचमा सबैखाले कुटपिट भए। मलाई चाहिँ पिनले घोचेनन्। तल पनि रड राख्ने र माथि पनि राख्ने त्यसपछि रगड्ने काम गरे। हात पेलेर थिलथिलो बनाएका थिए। हामीले आरोप अस्वीकार गरेका थिएनौँ। कहाँ बस्यौँ ? कहाँ खायौँ ? भनेर मान्छे पोल्न लगाउने। त्यो कुरा हामीबाट ओकलाउन खोज्थे। जस्ले सेल्टर दियो उसकोमा बसेको भनेर किन पोल्ने ? त्यस्तो अवस्थामा ज्यानको बाजी राखेर सेल्टर दिएको मान्छेलाई पनि किन दुःख बोकाउने भन्ने थियो। त्यसकारण हामी मर्न तयार छौँ तर भन्दैनौँ भन्यौँ। याद छैन कि भन्थ्यो। याद छ, तर भन्न मिल्दैन भन्थ्यौँ। तिमीहरू कति 'मोरल' छौ भन्थे। हामी भने अनुसन्धान गर्ने काम प्रहरीको हो। अनुसन्धान गर तर कुटेर उत्तर पाउँदैनौ भन्थ्यौँ।

सामान्यतया जेलमा यातना हुन्न। तर, हाम्रो हकमा झापा जेलमा भित्रै कुट्थ्यो। सेन्ट्रल जेलमा भित्रै कुट्थ्यो। बिरगञ्ज जेलमा भित्रै कुट्थ्यो। हामीहरूलाई कुट्नचाहिँ उनीहरूलाई स्वतन्त्रता थियो।

जेल र हिरासतमा हामीलाई खासै फरक थिएन। जतिबेला मन लाग्यो उतिबेला पिट्न सक्थे। गोलघरभित्र पस्दा म र मोहनचन्द्रजी बाहेक सबै मानसिक समस्या भएकाहरू थिए। सायद यातनाले गर्दा त्यस्तो भएको होला। तिमीहरू जुनसुकै बेला पनि मारिन सक्छौ भन्थे। त्यसले पनि अलिक बढी मानसिक यातना हुने गर्थ्यो। मङ्सिर ८ गते बेलुका भद्रगोल जेलमा पुऱ्याएपछि खाली भुईंमा राख्यो। नेल र हतकडी लगाएर त्यस्तो चिसो छिँडीमा राखेपछि त यातना हुने नै भयो। योभन्दा ठूलो यातना अरू के होला र ?

म बिरगंजको जेलमा बस्दा त्यहाँका कैदीबन्दीका कपडा प्रयोग गरेर अलिकति न्यानोमा बस्ने बानी परिसकेको थियो। त्यो चार दिन त्यहाँका कैदीबन्दीले अलिअलि हामीलाई मद्दत गरेका थिए। अब भद्रगोल जेलमा खाली भुईंमा राख्यो। त्यस्तै राति १०/११ बजे टुक्रुक्क खाली भुईंमा एउटा पातलो सर्ट लगाएर बसेको देखेर एउटा बन्दीलाई सारै माया लागेछ। जेल त्यसै चिसो हुन्छ। त्यसबेलाको मङ्सिरको जाडो। एउटा बन्दीले आफ्नो सिरक डसना उठायो र सुकुल निकाल्यो। आफ्नो डसना माटोमै ओछ्यायो र मलाई सुकुल दियो। त्यसो गरेपछि अरु बन्दीहरूले भने सुकुल नदेऊ, तिमीलाई बेकारमा यातना दिन्छन्। प्रहरीले कुट्छ। उसलाई दिने भए त सरकारले नै दिन्थ्यो नि ! दिने भए त स्टोरबाट दिइहाल्थ्यो नि ! नदिने भनेरै नदिएको हो। अब तिमीले दिएपछि यातना दिन्छ। तिमीलाई कुटपिट गर्छ। उसले जबाफ फर्कायो- 'मेरो सम्पति हो यो। मैले किनेर ल्याएको सुकुल सरकारी होइन। जेलमा यति पनि गर्न नपाउने ? अनि मान्छेलाई खाली भुईंमा राख्ने ? यस्तो अत्याचार पनि हुन्छ। मैले आफ्नो सुकुल दिएको छु। कस्को के बिग्रिएको छ ?' त्यत्ति भनेर उ थपक्क आफ्नो सिरक ओडेर सुत्यो। म सुकुलमाथि बसेँ। तीन दिन सुकुलमाथि

बसेँ। सुकुल दिनेको खोजेनीति भयो। तर, मैले उनीहरूलाई गाली गरेपछि उसलाई कारबाही नगरी फर्के। मङ्सिर ११ गते हतकडीसहित गोलघरमा हालियो। गोलघर सिमेन्टको चिसो ठाउँ। यत्तिको चिसो ठाउँ संसारमा अन्यत्र छैन होला। बसेको ठाउँमा पानी पलाउँछ। बसेको ठाउँमा पानी पलाइ हाल्छ। कुनै चिजले छोपिने हुँदैन। गोलघरमा प्रहरी बस्ने ढोकाबाट छैटौँ ढोका पार गरेपछिको कोठामा राखिएको थियो।

जेलमा 'फोर्स लेबर' होइन उनीहरूको स्वस्थ्य तन्दुरूस्त रहोस् र उनीहरूको आयआर्जन पनि होस भनेर कैदीबन्दीलाई काममा लगाउने हो। कैदीहरू मौका पायो कि भागिहाल्छन भन्ने धारणा ठीक होइन। ज्यादै कम कैदीहरू मात्र मौका पाए भाग्छन्। आम कैदीहरू भाग्दैनन्। एउटा समय हुन्छ। सुरूसुरुका दिनहरूमा मैले पनि भाग्ने प्रयास गरेँ। भाग्ने सोच बनाएँ। पछि म हस्पिटल जाँदा प्रहरी हराउँथ्यो। एकछिन प्रहरी खोज्थेँ। नभेटिएपछि जेल आउँथेँ। प्रहरी हराउँथ्यो म जेल पुग्थेँ। सुरूका दिनमा यातना र कोही पोलिटिकल मोटिभेटले भाग्ने हो। हामी पोलिटिकल मोटिभेटेट थियौँ। हामी भागेर भन्दा त्यहीँ बसेर त्यसलाई एक्सपोज गरेर बढी लाभ लिन सक्थ्यौँ पोलिटिकल्ली।

म २०३० साल असोज २३ गते गिरफ्तार भएपछि २०४४ असार ११ गते मुक्त भएँ। सुरुको एक वर्ष थुनुवाका रुपमा रहेँ। यसभन्दा अघि (२०२७ साल यता) केही दिन गिरफ्तार हुने, छुट्ने। कहिले प्रहरी हिरासतमा, कहिले अञ्चल प्रहरीमा मुद्दा लगाएर र मुद्दा नलगाएर पनि थुन्ने घटना भएका थिए।

यो कारागार बसाइको क्रममा बिचमा एक दुई पल्ट छोडेको भन्ने हल्ला पनि सुन्छु। त्यो विल्कुल गलत हो। छोडेको पुर्जा बनाएको भने हो। मेरो कैद जरिबाना सबै भुक्तान गरिसकेपछि १० वर्ष भन्दा पछिको समय अकारण थुनी राख्यो। कैद सिद्धियो। कानुनी राज थिएन। हुकममा चल्थ्यो। हुकुमी शासनमा हुने नै यस्तै हो। अकारण १० वर्ष कैदको फैसला गऱ्यो। १४ वर्ष जेलैमा राख्यो।

यो अवधिमा एक ठाउँबाट अर्को टाउँमा २५ पल्टसम्म जेलसार भयो। कारगारको हिसाबले मात्रै भने रौतहटको गौर, पर्साको वीरगंज, काठमाडौँको भद्रगोल, केन्द्रीय कारागार, ललितपुरको नख्खु, कास्कीको पोखरा, स्याङ्जा र हनुमान ढोकामा राख्यो। यसबिचमा भद्रबन्दी गृह, सेन्ट्रल जेल, गोलघर, पोखराको हिरासत र जेल, स्याङ्जा जेल, नख्खु जेल भने पटकपटक कारागार सरूवा भइरह्यो।

कारागार भित्रको अर्को कारागार। प्रशासन भित्र अर्को प्रशासन छ। कारागार बाहिरको प्रशासन भन्दा भित्रको प्रशासन धेरै डरलाग्दो छ। कानुन छैन। त्यो निर्मुल पार्नलाई केही संरचनागत सुधार गर्नु पर्छ। तर, संरचनागत सुधार गर्न चाहिँ सजिलो छैन। किनभने म गृहमन्त्री हुँदा संरचनागत सुधार गर्न खोजेँ त्यसबेला त्यहाँको प्रहरीले, जेल प्रशासनले तथा त्यसभन्दा माथिको प्रहरीले र माथिको प्रशासनले सुन्न नै तयार भएन। उनीहरूलाई कपडाहरूमा सुविधा दिने त्यस्ता कामहरू गरेँ र जेलमा जाने बेलामा नै कपडासहित बसउनु पर्ने, हतकडी लगाउन नहुने नियम बसालेँ। लुगाहरू नदिने भन्ने

नियम त थिएन। तर, पनि नदिने चलनलाई अनिवार्य गरियो। अकारण गोलघरमा राख्न नपाउनेलगायतका सुधारका कामहरू गरेँ। म प्रधानमन्त्री हुँदा उनीहरूको सुविधा वृद्धि गरेँ। उनीहरूले पाउने राशन बढाएँ। तर, यो पर्याप्त छैन।

मैले उल्लेख गरेका सबै समस्या निमिट्यान्न पार्ने काम सरकारले गर्नु पर्छ। यसमा अन्यको भूमिका पनि हुन्छ। तर, कार्यान्यन गर्ने कुरामा सरकारको भूमिका हुन्छ। यो उपेक्षित क्षेत्र पनि हो। त्यहाँ अपराधीहरू हुन्छन् भन्ने एउटा धारणा हुन्छ मान्छेहरूमा। जेलमा चाहिँ अपराधी हुन्छन् भन्ने। जेलमा अपराधी मात्रै हुन्छन् भन्ने होइन। थोरै अपराधि पनि पर्लान्। म जेलमा बस्नु परेको अकारण भन्दा पनि मैले राज्यको सैद्धान्तिक विरोध गरेको हो। राज्यको व्यवहारिक रूपमा पनि विरोध गरेको हो। राज्यसँगको विरोध राखेको हो मैले। निरङ्कुश राजतन्त्रसँग मुख्य गरी र राजतन्त्रसँग आमरूपमा विरोध गरेको हुँ। तत्कालका लागि निरङ्कुश राजतन्त्रसँग, आमरूपमा राजतन्त्रसँग र निर्दलीय निरङ्कश परिपाटी, अधिनायक परिपाटी पन्चायत नामको व्यवस्थाप्रति विरोध राखेको हुँ। त्यससँग विरोध राख्दाखेरी मलाई अनेक प्रकारका जाली मुद्दाहरू, ज्यान मुद्दाहरूमा फसाइयो।

जेल सुधारकै कुरामा नुवाकोटमा फराकिलो ठाउँमा खुला जेल बनाउन सुरु गरियो। खुला भनेर पर्खाल नभएको होइन। पर्खाल भएकै हो तर त्यो जेल जसरी होइन कि अलिकति खुल्ला ठाउँमा बस्ने, खुल्ला वातावरणमा बस्न सक्ने, मान्छेले काम गर्न सक्ने, आयआर्जन गर्नका लागि वातवरण हुने खालको जेल नुवाकोटमा बनाउने काम अघि बढाइयो। र, यहाँ शहरभित्रका जेलहरूलाई र क्षमताले नधान्ने र कुनै पनि समय भुइँचालो गयो भने ध्वस्त हुने अवस्था भएकाले समाधानका लागि जेल निर्माणको कार्य अघि बढाइएको हो। भरसक त्यो छिटै पूरा होला भन्ने आशा गरेको छु।

*(पूर्व प्रधानमन्त्री ओलीसँग गणेश भण्डारी र रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*



# मन्त्री भएकै बेलामा गिरफ्तार, तीन पटक जेल



होमनाथ दाहाल

एउटा पाउरोटी र आधा कप चियाबाट कांग्रेस यात्रा सुरू गरेको मेरो कथा व्यथा अर्कै खालको छ। वीपी कोइरालाले सम्बोधन गर्ने कार्यक्रम थियो बसन्तपुरमा। एक जना काठमाडौंका मान्छेले 'म र मेरो साथीलाई मैले इशारा गर्छु तिमीहरू ताली पड्काउनु पर्छ, पाउरोटी र आधा कप चिया दिन्छु' भने। त्यसपछि चिया पाउरोटीका लागि उनको इशारा अनुसार ताली पड्काइयो। उनले हामीलाई चिया पाउरोटी खुवाए पनि। समूहलाई उछाल्नका लागि गरिएको रहेछ। हामीले ताली पड्काएपछि सहभागी समूहले ताली पड्काउँथ्यो। यो कुरा २०१५ साल अगाडिको कुरा हो।

२०१७ सालमा नुतन थपलिया र मलगायत थापाथली प्रसूति गृह भएकै ठाउँमा तरूण दलको अधिवेशनमा 'भोलिन्टियर्स' थियौं। त्यहाँ सेना आएर पक्रिएर लगे। हामी केही विद्यार्थीलाई भने लगेन। पञ्चायत घोषणा गर्नु अघि कांग्रेसका युवा गिरफ्तार भए। २०२३ सालमा मलाई पनि गिरफ्तार गरे। म विद्यार्थी र पत्रकारितातिरबाट कांग्रेस र प्रजातन्त्रको अभियानमा जुटें। २०२६/०२७ सालतिर मैले पनि राष्ट्र पुकार दर्ता गरें। प्रजातन्त्र र नेविसङ्घका समाचार छापेको भन्दै सरकारले २०२९ सालतिर राष्ट्र पुकार, नेपाल टाइम्स र निर्मल नाम गरेका तीन ओटा पत्रिकालाई प्रतिबन्ध लगायो। मेरो राजनीति नै पत्रिकाबाट भएको हो। पत्रकारकै हैसियतमा एक साता पक्राउ पर्ने छुट्ने भइरहेकै थियो। त्यो जेलयात्रा थिएन। प्रहरीले सोधपुछ गर्ने। केरकार गर्ने। छाड्ने प्रक्रिया चलिरहन्थ्यो। २०२३ सालमा मलाई पक्राउ गरेर नख्खु जेल पठायो। केही समयपछि नख्खु जेलबाट छुटें।

राष्ट्रपुकारले जेल अङ्क निकालेको थियो। २०२९/०३० सालतिर प्रकाशित त्यो अङ्कमा टङ्कप्रसाद आचार्य गोलघरमा राखेको तस्वीरसमेत प्रकाशित थियो। त्यसले नेपालमा एम्नेष्टीको शाखा खोल्ने आधार तयार भयो। एम्नेष्टीको नेपाल शाखा बनाउन छलफल भयो। शाखा बनाइयो पनि। त्यसको सुरूवाती अभियानकर्ता पनि हो। म कांग्रेस हुनुमा सान्दाजु (वीपी कोइराला) सँगको सङ्गत प्रमुख हो। वीपी कोइराला धेरै पढ्ने मान्छे हो। उहाँले जुनसुकै समय पनि पढेर उपयोग गर्नु हुन्थ्यो। अहिले उहाँको जेल डायरी पढ्दैछु। यो पढ्दा उहाँले जेल पर्दाको समय पनि पढेर उपयोग गर्नुभएको पाइन्छ। यो निकै प्रेरणादायी छ।

२०४२ सालमा नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन गरेको थियो। सत्याग्रह आन्दोलनको म प्रवक्ता थिएँ। किसुनजी

(कृष्णप्रसाद भट्टराई)ले दमननाथ ढुङ्गानालाई मुख्य प्रवक्ता र मलाई प्रवक्ता बनाउनु भएको थियो। म त्यही आन्दोलनका क्रममा ६ महिना जेल परेको छु। त्यतिबेला चाहिँ मलाई भद्रगोल जेलमा लगिएको थियो। त्यतिबेलाका प्रशासकलाई यो व्यवस्था धेरै टिक्दैन भन्ने भइसकेको थियो। कांग्रेस र कम्युनिष्टका नाममा बहुदलीय व्यवस्थाका लागि आन्दोलन र अभियानले तीव्रता पाइसकेका थिए। यिनीहरूलाई क्रुर व्यवहार गर्नु हुँदैन भन्ने उनीहरूको मानसिकता रहेको पाएँ। उनीहरूले कम्युनिष्ट कार्यकर्तालाई भने दु:ख दिएकै हुन्थे। कांग्रेस कार्यकर्तालाई भने त्यसो गर्दैनथे।

प्रजातन्त्र पुन:स्थापना आन्दोलनको तयारीले तीब्रता पाइरहेको थियो। भित्री भेटघाट बाक्लिएका थिए। कांग्रेस र कम्युनिष्ट मिलेर पञ्चायत ढाल्ने निश्कर्ष उन्मुख थिए। मलाई त्यति नै बेला प्रहरीले च्याप्प समात्यो लगिहाल्यो। २०४६ सालमा गिरिजाबाबु (गिरिजाप्रसाद कोइराला)को तत्कालीन निवास चाबहिलबाट गिरफ्तार गरेर लग्यो। पञ्चायत ढलेपछि मात्रै हामीलाई छाडिदियो। यतिबेला पनि यातना भने दिएन।

म शेरबहादुर देउवा सरकारको मन्त्री थिएँ। कृषि तथा सहकारी। ज्ञानेन्द्र शाहले राजाको हैसियतमा प्रजातन्त्रलाई अपहरण गरेर आफैँले मन्त्रिपरिषद्को अध्यक्ष भएको घोषणा गरे। यो २०५९ सालको असोज १८ गतेको घटना हो। क्याबिनेटबाटै गिरफ्तार भएँ। २०१७ सालपछि क्याबिनेटबाटै गिरफ्तार भएको यो अर्को घटना हो। २०१७ सालमा पनि कांग्रेसको सरकार थियो। २०५९ सालमा पनि। प्रधानमन्त्री निवास बालुवाटारबाट पक्राउ गरेको हो। हामीलाई प्रहरीको मुख्यालयमा तीन महिनाजति राख्यो। रेडियो सुन्न, पत्रिका पढ्न पनि दिँदैनथ्यो। एक महिनाजतिपछि मात्रै पत्रिका पढ्न पाइयो। त्यहाँबाट छाडेपछि आन्दोलनमा लागियो। फेरि एकपटक गिरफ्तार गरेर डेढ महिनाजति प्रहरीको तालिम केन्द्रमा राख्यो। हिरासतमा राखेको त बेहिसाव छ। भारतले नाकाबन्दी लगाएका बेलामा ५-७ दिन प्रहरीले दिएको यातना निकै डरलाग्दो छ। सम्झँदा नै आङ् सिरिङ्ग हुन्छ। गैरकानुनी पक्राउ। यातना ! मेरो जीवनमा पटकपटक पाएँ।


जेल भन्ने बित्तिकै नारकीय स्थल बुझिन्छ। तर म जेलमा बस्दा त्यहाँ व्यवहार नारकीय थिएन। त्यतिबेला नै कैदीबन्दीलाई पढाइ सुरू गरिएको थियो। अमानवीय व्यवहार त त्यतिबेला कायमै थियो। हामी राजनीतिक मान्छे भएकाले मात्रै अमानवीय व्यवहार नभएको हो। खुल्ला शौचालयलगायतका समस्या कायमै थिए। न्यूनतम मानव अधिकारको आभास थिएन। हुन त जेलबाहिर पनि मानव अधिकारको कुरा कुरामा मात्रै सीमित थिए। भित्र त राम्रो हुने कुरै भएन। अहिले पनि जेलको अवस्थामा खासै परिवर्तन छ जस्तो मलाई लाग्दैन। अपराध बढेको छ। जेलको आकार बढेको छैन। सानो ठाउँमा धेरै मान्छे बस्नु पर्ने बाध्यता छ। जेलभित्रको प्रशासनले क्रुरतम व्यवहार गर्थ्यो। राजनीतिक व्यक्ति र अरुलाई गर्ने व्यवहारमा फरक थियो।

*(दाहालसँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*

पुस्तक अंश

# १० वर्ष कैद र जेल विद्रोह

*वि.सं. २०२६ सालदेखि विभिन्न ढंगले राजनीतिक फाँटमा सक्रिय रहँदै नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वूर्ण योगदान गर्नुभएका प्रदीप नेपाल नेपाली साहित्यमा सञ्जय थापाका नामले परिचित हुनुहन्छ। मुक्त आकाशको खोजी नख्खु जेल ब्रेकको कथा हो। यस पुस्तकबाट उद्‌धृत गरिएको सानो अंश प्राचीमा समावेश गरेका छौँ।*



प्रदीप नेपाल

नख्खु जेल विद्रोह र सक्रिय भूमिगत राजनीतिक जीवन तीनै मोडहरू मध्येको एउटा हो। वि.स. २०३३ साल वैशाख १९ गते ८६ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे दिवस) को उपलक्ष्यमा नेपालको राजतन्त्र तथा निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध जनगणतन्त्र नेपालको माग राखेर मजदुर, किसान, युवा, विद्यार्थी, महिला लगायत नेपाली समाजको सबै देशभक्त र प्रगतिशील शक्ति एवं व्यक्तिहरूलाई एकजुट भएर अघि बढ्न आव्हान गर्दै र झापा किसान विद्रोहलाई समेत समर्थन गर्दै 'मुस्लो परिवार'को नाममा लिथो गरेको पर्चा काठमाडौँ, भक्तपुर र पाटनका धेरै ठाउँमा छऱ्यौँ। ५०/६० जना युवाहरूको सहभागितामा राती १२ बजेसम्म साइकल, मोटरसाइकल समेतको प्रयोग गरेर घर-घर, पसल-पसलमा टाँस्ने, उपत्यकाबाट बाहिर जाने बसको सीटमा राखिदिने, नारायणहिटी दरबारभित्र, सिंहदरबारभित्र फाल्ने र भित्तामा टाँस्ने काम भएको थियो। यो पर्चाको ड्राफ्ट म, माधव पौडेल र गोपाल शाक्य तीन जना मिलेर गरेका थियौँ। कमरेड वीरबहादुर लामाको सहयोगमा नेपाल-कोरिया मैत्री समाजको लिथो मेसिनबाट प्रिन्ट गरेका थियौँ।

पर्चा काण्डपछि राजा वीरेन्द्र र प्रधानमन्त्री तुलसी गिरीको निर्देशनमा हाम्रो खोजी हुन थाल्यो। सुरुमा कमरेड माधव पौडेल, त्यसपछि वीरबहादुर लामा लगायत १००/१५० जनालाई काठमाडौँबाट गिरफ्तार गरियो। सोधपुछपछि धेरै जसोलाई धरौटीमा छाडियो। यसैबीच २०३३ जेठमा प्रदीप नेपाल र गोपाल शाक्यलाई धरानबाट गिरफ्तार गरी विराटनगर जेल राखियो। पछि काठमाडौँ ल्याएर हनुमान ढोका प्रहरी थानामा राखेर अञ्चलाधिश कार्यालय (रत्नपार्क) मा बयान लिइयो। बयानको क्रममा औँलामा सियो रोप्ने, नाकबाट खुर्सानी पानी हाल्ने, लाठीले पैतलामा हिर्काउने आदि यातना दिइयो। हामीलाई त्यतिबेला राजाको गाथगद्दी ताकेको आरोप लगाइएको थियो। म, माधव र गोपाल शाक्य तीनै जनालाई १० वर्ष कैद र १० हजार जरिबाना र बीरवहादुर लामालाई ५ वर्ष कैद र ५ हजार जरिबानाको फैसला सहित पहिला डिल्लीबजार खोर र त्यसपछि सेन्ट्रल जेलमा बन्दी बनाइयो। यस पर्चाकाण्डमा रामकृष्ण दुवाल, राजेन्द्र पाण्डे, झिल्के रुम्बा लगायतलाई पनि मुद्दा लागेको थियो।

जेलमा बसेर आफ्नो चाहना अनुरुप जनताको सेवा गर्ने र निरंकुश सत्ताको विरुद्धमा संघर्ष गर्ने काम गर्न पनि सकिदैनथ्यो। त्यसैले जेलमा बसेका हामी कम्युनिस्टहरुले जेलबाट सुरुङ खनेर बाहिर निस्कने र राजनीति काममा संलगन हुने निर्णय गऱ्यौँ। सुरुङ खन्नु सजिलो थिएन। पुलिसहरू जेलभित्रै, त्यो पनि हामी बसेको जेलको पश्चिमी हिस्सामा नै सुत्थे। जेलको भित्र र बाहिर चारैतिर घुमिरन्थे। चारैतिरका बुर्जामा बस्ने पुलिसहरू रातभर खबरदारी गरिरहन्थे। त्यसबाहेक जेलको आन्तरिक प्रशासन पनि हामीतिर कुदृष्टि राख्थ्यो। यस्तो स्थितिमा हामी जस्ता निहत्था मानिसले सुरुङ खनेर जेलको घेरा नाघ्नु त्यति सजिलो थिएन। सुरुङ खन्ने पूर्वाधारका रूपमा सबभन्दा पहिले हामीले जेलका बन्दी र आन्तरिक प्रशासनका कर्मचारीहरुसँगको सम्बन्धलाई गाढा बनायौँ। हामी खेलकुदमा पनि बढी व्यस्त हुन थाल्यौँ र हामी नाचगान पनि गर्न थाल्यौँ।




जेलमा १७ जनाले कार्य विभाजनको टिम निर्माण गऱ्यौँ। ६ दिनमा विभाजित हामीहरू पालैपालो जेल र आन्तरिक प्रशासनसँग सम्बन्ध राख्ने, तरकारी बारीको गोडमेल गर्ने, खरायोको हेरविचार गर्ने, जेलको सरसफाइ गर्ने कामहरू गर्न थाल्यौँ। हाम्रो यो विभाजित दायित्व परिवर्तित भइरहन्थ्यो। यसले गर्दा सुरुङ खन्न हराउने मानिसप्रति मान्छेको ध्यान जानै पाउँदैनथ्यो। आज सुरुङ खन्ने भोलि तरकारी बारीमा भेटिन्थ्यो भने भोलि खन्ने पर्सि, बन्दीहरूको बीचमा बसेर गफ चुटिरहेको हुन्थ्यो।

वि.सं. २०३३ फागुन १० गते दिउँसोबाट हामीले सुरुङ खन्ने काम थाल्यौँ। हामीले जेलको सबभन्दा पश्चिम भागमा दुई दर्जन खरायोहरू पालेका थियौँ। भुईंतलामा खोर थियो, माथिल्लो तलामा हामी बस्थ्यौँ। पहिलो दिन हामी त्यही खरायोको खोर मर्मत गर्ने निहुँमा कोठमा पस्यौँ र प्वाल पार्ने, ईंटाको मुनि घोप्टे जस्तो वरवर सर्ने, घर्रा लगाउने र घर्रामुनि एकजना मान्छे बसेर माटो खन्न सकिने खाडल बनायौँ। पहिलो दिन म र अन्य दुई जना साथी सहित तरकारी बारीको ड्युटीमा खटिएका थियौँ। पहिलो दिनमा ३ फिटभन्दा गहिरो खाडल खनियो। सुरुङ खन्दा निस्केको माटो लुकाउने समस्या र खन्ने औजारहरु प्राप्त गर्ने कठिनाइ हामीमाथि थियो। खन्ने औजारको नाममा हामीसित एउटा फलामको पन्यु, एउटा भाँचिएको छाताको डण्डी र एउटा डाडुमात्र थियो। यति चिजले डेढ मिटरको व्यास भएको सुरुङको एक बित्ता माटो खन्न पनि पसिना निस्कन्थ्यो। त्यसपछि खनिएर थुप्रिएको त्यो माटोलाई तह लाउन हामीलाई अर्को प्रलय पर्थ्यो। खनेको माटोलाई हामी पेन्ट र ज्याकेटको गोजीमा हालेर बाहिर निस्कन्थ्यौँ। त्यो माटोलाई पातलो गरेर तरकारी बारीमा छर्थ्यौं र फेरी माटो लिन भित्र जान्थ्यौँ। यो काम धेरै अप्ठ्यारो र खतराले भरिएको थियो तर त्यो अप्ठ्यारो र खतरालाई हामीले केही जस्तो ठानेको थिएनौँ।

सुरुङ पन्ध्र दिनसम्म खास कठिनाइ बिना तन्कियो। पन्ध्रौं दिनको रात पर्खालमुनि घुम्ने कैदी कर्मचारीले हामी सुत्ने कोठै मुनि आएर भने 'हैन यी मोरा कम्युनिस्टहरू कतै सुरुङ खनेर त भाग्दैनन्।' यसको दुई-तीन

दिनपछि हाम्रो सामु अर्को सङ्कट तेर्सियो। हामी पर्खालको जगमा पुगेका थियौँ र ठूला ढुंगाहरूले हाम्रो बाटो छेटेका थिए। हामी ती ढुंगाहरू बोकेर बाहिर ल्याउन सक्दैन्थ्यौँ र ती ढुंगा फुटाउने कुनै औजार हामीसित थिएनन्। त्यसैले हामीले ढुंगाले ढुंगै फुटाउने आदिम प्रविधि अपनायौँ। जगमा भेटिएका राणाकालीन ईंटाहरुको जोडन सिमेन्टभन्दा कडा थियो। त्यो त फुट्दै फुटेन र त्यसलाई लुकाउन हामीलाई झनै हम्मे पऱ्यो। ८ फिट चौडाइको त्यो ढुंगे जग पार गर्न हामीलाई सबभन्दा अप्ठ्यारो पऱ्यो। दुईवटा ठूला र फुटाउन नसकिने ढुंगालाई हामीले गहिरो खाडलमा खनेर सुरुङमै पुऱ्यौँ। टुक्रयाएर साना पारिएका ढुंगाहरूलाई भने हामीले बाटोमा लगाउने र तरकारी बारीको ड्याङ बनाउने काममा प्रयोग गऱ्यौँ।

जग नाघेर माटोमा पुगेपछि हामीले ढुक्को सास तान्यौँ। त्यो साँझ हामीले गीटार बजाएर ठूलठूलो स्वरमा गीत गायौँ। चहुरमा वरिपरि घेरा लगाएर नाच्यौँ र थपडी पनि बजायौँ।

सुरुङ खन्ने ड्युटीमा रहनु भएका साथी माधव पौडेल र गोपाल शाक्यले आलुको जराहरू भेटिएको समाचार पठाउनु भयो। हामी सतहमा आइसकेका थियौँ। अब कुनै पनि बेला सुरुङको मुख ह्वाङ्ग हुन सक्थ्यो। आलु गोड्ने किसान, घाँस काट्ने दिदी वा रमन घुम्ने पुलिसले पनि बाहिरैबाट प्वाल ह्वाङ्ग पारिदिन सक्थे। हामीले त्यही रात निस्कने अठोट गऱ्यौँ। निस्कनु अगाडि हामीले थप्रै काम गर्नुपथ्र्यो। सबभन्दा ठूलो काम त जेलको चार दिशामा चर्को उज्यालो फ्याँकिएको हजार बाटको बत्तीहरूलाई निभाउनु थियो। पहिलोपल्ट हामीले सजिलै तार जुधाएर बत्तीको फ्यूज उडाइदियौँ। जेल अन्धकार कोकोलाहलभित्र डुब्यो। 'बत्ती के भो ?' 'बत्ती के भो ?' को आवाजले जेलभित्र हल्लीखल्ली मच्चायो। त्यसै बीचमा प्वालको मुख भत्काएर हाम्रो साथी माधव पौडेल बाहिर निस्कनुभयो। हामी सबै लाइन लाग्यौँ। तर त्यसैबेला झमल्ल बत्ती बल्यो। मेन स्वीचको फ्यूज उडेको थिएन। त्यसैले तुरुन्त बत्ती बल्यो। हामीले फेरि बत्ती निभाउनै पर्थ्यो। हामी ठूला तारहरूको खोजीमा लाग्यौँ।

'भड्याक्क !' एउटा ठूलो आवाजसहित फेरि बत्ती निभ्यो। गोपाल शाक्य र नारद वाग्लेले पाइखानाको मोटो तार जुधाउनासाथ एकपल्ट उज्यालो झिल्को निकालेर, ट्रान्सफरर्म विस्फोट गराए जस्तो आवाज आयो र जेल अन्धकारको भुँवरीमा डुब्यो। हामी हतार-हतार सुरुङको मुखमा भेला भयौँ। म बाह्रौँ नम्बरमा थिएँ। सुरुङ पहिले जस्तो ओसिलो र गर्मिलो थिएन। खुला संसारको चिसो हावा खाँदै म सुरुङमा घस्रिन थालेँ। तीन मिनटपछि म बाहिर निस्किएँ।


जेल विद्रोहका मुख्य पात्रहरूमा माधव पौडेल, वीरबहादुर लामा, गोपाल शाक्य, सि.पी. मैनाली, नारद वाग्ले, भीष्म धिमाल, नरेश खरेल, धर्म घिमिरे, घनेन्द्र बस्नेत, हर्क खड्का, परमेश्वर यादव, राजन राजवंशी, जीवन मगर, अशोक न्यौपाने, प्रदीप नेपाल रहेका थिए।

नख्खु जेल विद्रोह वास्तवमा निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्था विरुद्धको जनविद्रोह, जनसङ्घर्ष र जनआन्दोलनकै एउटा कडी थियो। यसले सामन्तवाद र साम्राज्यवाद विरोधी लोकतान्त्रिक जनक्रान्तिमा वर्ग सङ्घर्षमा जोड दिँदै कम्युनिष्ट पार्टी र जनसङ्गठनहरूलाई नयाँ उचाइमा एकताबद्ध बनाएर अघि बढ्न ऊर्जा प्रदान गरेको थियो। समग्रतामा हेर्दा नख्खु जेल ब्रेकबाट निस्केका नेताहरूको उल्लेखित दुई ठूलो राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका रहेको तथ्य इतिहासले बोलिरहेको छ।

पुस्तक अंश

# उहाँहरूका अन्तिम २६ महिना गोलघरमा सँगै बस्दा

नेपाली समाजमा समानता विरोधीहरूसँग आआफ्नो परिवेश र चिन्तन अनुसार सङ्घर्ष गर्दागर्दै हाम्रा हातखुट्टाहरू बाँधेर र मुख थुनेर मात्र नपुगेर ०३३ साल पुस ६ गतेपछि ज्यानै लिने नियतले गोलघरको त्यो सानो परिवेशमा, त्यो चिसो छिँडीमा हामी पाँच प्राणीलाई कोचिएको थियो। हामी पाँच प्राणी भन्नाले कप्तान यज्ञबहादुरथापा, भीमनारायण श्रेष्ठ, कमरेड मोहनचन्द्र अधिकारी, कमरेड केप ीओली र म। त्यस वर्षको औधी जाडोमा हामी पछिल्ला तीन जनालाई कोठाको चिसो मात्रै खाएर बिताउन बाध्य बनाइएको थियो।




थापाजीलाई ०३१ साल पुसमा नै सरासर ल्याएर त्यो छिँडीमा कोचिएको थियो। त्यसताका उहाँलाई तिर्खा लाग्दा पानी खानसमेत दिइएको थिएन। राति कुनै भाँडाकुँडा कोठामा राख्न दिइन्नथ्यो। त्यसैले राति तिर्खा लाग्दा चेक गर्न आउने प्रहरी र नाइकेहरूलाई दया लागे मात्र पानी खान पाउनुहुन्थ्यो उहाँले। त्यो बर्बरता अनेकौँपल्ट सेलभित्रै गरिएको सङ्घर्षको परिणामस्वरुप टुटिसकेको थियो। थापाजीको जेल-जीवनको सुरू कालभन्दा अगाडिबाट कमरेड मोहनचन्द्र र कमरेड केपी त्यहीँ भएकाले थापाजीलाई केही सजिलो भएजस्तो यस पटकका हाम्रो सेलयात्रामा उहाँहरू दुवैको सहयोग हामीहरूले पनि पायौँ। बिँडी-सलाई र सामान्य रुपमा गोरखापत्रदेखि लिए पानीसम्मको व्यवस्था दिनभर उहाँहरूबाट हुन्थ्यो। त्यसताका उहाँहरू दुवैलाई सेलको चोकमा बस्न राति सुत्न कोठाको ताला बिहानै खुल्थ्यो। साँझमा बन्द हुन्थ्यो। ०३३ साल साउनबाट सुरू भएको भीमजीको सेलयात्रा त्यसताकासम्म नियमित आदतमा परिणत भइसकेको थियो।

त्यसताका भीमजीको खाना गोलघरकै बाहिरपट्टि रहेको नेपाली कांग्रेस राजबन्दी भान्साबाट आउँथ्यो। अधिकतर कांग्रेस समर्थकहरूलाई नख्खु जेलमा राखिएको हुँदाहुँदै पनि विभिन्न जिल्लाका जेलहरूबाट चलानी गरी ल्याइँदा केही न केही कांग्रेस समर्थक राजबन्दी ल्याइएकै हुन्थे। त्यसैले त्यस भान्सामा खानेहरू घटीमा ४/५ जना र बढीमा २०/२५ जनासम्म भइरहन्थे।

थापाजीलाई सुरूका दिनहरूबाट त्यस भान्साको खाना खान दिइएन। जेलरको आदेशमा जेलका चौकीदारको भान्साबाट खाना खुवाइन्थ्यो। अनि सुरूका तीन महिनाबाहेकका एक वर्षसम्मका दिनहरू खानाका लागि थापाजीका सङ्कटका दिनहरू थिए। पछिबाट कांग्रेसी राजबन्दीहरूको

भान्साबाट पनि उहाँलाई थप खाना थप्न थालेपछि स्थिति उस्तो नाजुक भएन। त्यसपछि उहाँकै गाउँले करवीर थापा चौकीदार भएपछि खानाको निम्ति कुनै गम्भीर अप्ठेरो रहेन। व्यक्तिगत रूपमा चौकीदार करवीर थापा उहाँलाई निकै मद्दत गर्दथ्यो। त्यही आडमा ऊ जेलभित्र ज्यादै खुँखार पनि भयो। त्यसैले त्यसले जेलभित्रै ०३३ साल साउनमा र ०३५ साल कात्तिकमा निकै धुलाइ पनि खायो।

बाहिर विभिन्न नम्बरहरूमा छरेर राखिएका बामपन्थी साथीहरूको २ नं घरमा एउटै भान्सा थियो। हाम्रो खाना त्यहींबाट आउँथ्यो। थालमा पस्केर ल्याएर कामदारहरूले हामीलाई ढोकाबाट खान दिन्थे। हाम्रो खाइ-जीविका यसरी नै चलेको थियो। त्यसताका 'क' श्रेणीको सिदामा नगद एक रुपियाँ १० पैसा र 'ख' श्रेणीको सिदामा ७५ पैसा मात्र थियो। सिदाबाट प्राप्त हुने नगदले दाउरा किन्न मात्र पुग्थ्यो। दैनिक पाइने सात सय ग्राम चामलबाट तीन सय ग्राम बेचेर किनेको गाँठेमूला या लुँडेको सागलाई पानीमा डुबाएर पकाई, सब्जी, दाल र चटनी सबै थोक त्यसैलाई मानेर खाने गर्थ्यौं। त्यस्ते खाना खाएर रमाउँदै ती काला कहरहरू अदृष्य आशा र ज्यादै उच्च मनस्थितिमा बिताउँथ्यौं।

हाम्रो सेलको सुत्ने कोठाको ढोका एक वर्षपछि दिउँसो घाम ताप्नका लागि खुल्यो। त्यसपछि हामी पाँच जनाको साझा आँगन साँच्चै साझा बन्न पुगेको थियो। त्यसपहिलाको एक वर्षको समय हामी तीन जनाले ओछ्यानमाथि नै बितायौं। त्यस समयमा थापाजी गोरखापत्र र द राइजिङ नेपाल पढर सिध्याउनासाथ हामीहरूको एक कोठाबाट अर्को कोठामा पुऱ्याउन लगाइदिनुहुन्थ्यो। हामी तीन जना एक अर्कासँग खुलेर कुरा गर्न पाउँदैनथ्यौं। त्यसैले दिउँसो चिट लेखेर कुरा आदानप्रदान गर्थ्यौं। जसमा उहाँहरू बाहक बनिदिनुहुन्थ्यो। गोलघर भित्रिएको थोरै समयमा नै हामीबिचको औपचारिक बार हट्यो र हामी दिलेरी मित्र बन्यौं।

हामी सबैको साझा आँगन भएपछि बिहान ६ बजे ढोका खुल्थ्यो, हामी सबैको। त्यसका पनि थापाजीको ढोका प्रायश: आधा घण्टाअगाडि नै खुल्थ्यो, पछिबाट। बिहानै आफ्नो नित्यकर्मपछि थापाजी त्यो १० पाइला लम्बाइ र ६/७ पाइला चौडाइ भएको आँगनमा डुल्नुहुन्थ्यो। अझ पछि गएर त भीमजी बेलुकी तीनदेखि चार बजेबिचमा पनि एक घण्टा घुम्न थाल्नु भयो।

भीमजी बिहान ७ बजेतिर आफ्नै कोठामा स्टोभमा चिया बनाउनुहुन्थ्यो र थापाजीलाई दिनुहुन्थ्यो। त्यसैसाथ एकएक प्लेट खानुहुन्थ्यो। नौ बजे बिहानको खानापछि सामान्य अध्ययन र सामूहिक कुराकानी-हिउँदको याम भए पहार तापेरर गरिन्थ्यो। बिहान जस्तै गरी २ बजे उहाँहरूको चियानास्ता हुन्थ्यो। बेलुका प्रायजसो पाँच बजे खाना खाइन्थ्यो। सामान्यत: रातमा ठूलो स्वरले चिच्याएर कुरा गर्न पनि सकिन्थ्यो।

यसरी थुनेर पनि हामी त्यहाँ छौं या छैनौं, जिउँदै छौं या मरिसक्यौं, त्यो हेर्न राति १० बजे, १२ बजे, २ बजे र ४ बजे प्रहरी र कामदारहरू आउँथे। सबै कोठामा टर्चलाइट लगाएर बाहिरबाटै हेर्थे। प्रायजसो यस बेला उनीहरू हामीलाई जगाउन ढोकामा लगाएको ठूलो ताल्चा चलाएर आवाज निकाल्थे र हाम्रो निद्रा बिथोलेर जान्थे। यस विषयमा राति हल्ला नगरी हेरेर जान प्रशासनलाई भन्थ्यौं, मानेनन् र पछिबाट हल्ला नै गरेर सुत्न नदिने हो भने अर्को कदम

चाल्न बाध्य हुनेछौँ भनेपछि राति सुटुक्क आएर हेरेर जान थाले। सेलको चोकमा मध्यरातमा आएर गीत गाउन र हलला गर्ने काम बन्द गरे।

भीमजी र केपीजी प्रायजसो दिउँसो एक-डेढ घण्टा क्यारमबोर्ड खेल्नुहुन्थ्यो। भीमजी स्तरीय ढङ्गले क्यारमबोर्ड खेल्नुहुन्थ्यो। डबल गोटी हान्ने र रिबाउण्ड तान्ने उहाँको तरिका त्यहाँ सबैका लागि अनुकरणीय हुन्थ्यो। जेलभित्रै कहिलेकाहीँ क्यारेम टुर्नामेण्ट हुन्थ्यो। त्यसबेला भीमजीसँग खेल सिक्न आउनेको भीड लाग्थ्यो। कामदारहरू मात्र त्यहाँ आउन पाउने हुनाले खेल सिक्न आउने भीडमा उनीहरू नै हुन्थे। मोहनचन्द्रजी र भीमजीको पनि खेल भइरहन्थ्यो।

विनोदप्रिय भीमजीसँग ठट्टा-रमाइलो भइरहन्थ्यो। एकपल्ट उहाँले बाहिर नम्बरमा रहनुभएका हाम्रा साथीहरूलाई सुटुक्क बोलाएर भन्नुभएछ-'साथीहरूलाई रुघा लागेको हुँदा छिटै तीन गिलास हर्दी-पानी पकाएर ल्याइदिनुपर्‍यो।' साथीहरूले हस्याङफस्याङ गर्दै भरी चिया पठाएजसरी नै छिटै तीन ओटा ताता गिलास हामीकहाँ पठाए। चिया आयो भन्दै खान लाग्दा त हर्दी पानी पो छ। यो सब देखेर भीमजी आफ्नो कोठामा खुतुतु-खुतुतु गरी हाँसेको आवाज आएपछि मात्र वास्तविकता खुलेथ्यो। त्यसै गरी मैले पनि भीमजीलाई भोक लाग्यो रे भन्दै उहाँहरूका भान्सेलाई सुटुक्क खबर गरेर चार बजे नै एक थाल 'ढाक्रे भाग' भात मगाएर दुई दिनपछि मात्र थाहा पाएर सच्याउनु भएथ्यो। ती कामै नपाएका दिनहरू यसै गर्दै बितिरहन्थे।


०३४ साल फागुन ७ मा अन्तिम खेल खेलिने 'क्यारम टुर्नामेण्ट' सेलबाट सुरू गरेका थियौँ। त्यसमा १४ जना क्यारम खेलाडी सहभागी थिए। मलाई जाँचकी बनाइएको थियो। खेलको विवादमा निर्णय दिने व्यक्ति हुनुहुन्थ्यो यज्ञबहादुरजी। खेलको फाइनलपछि ७ गते बेलुका प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई थापाजीको हातबाट पुरस्कारस्वरूप कपी वितरण गरियो। त्यसमा भीमजीद्वारा तयार पारिएको सेलको भित्री दृष्य, सबै कोठा, ढोका र आँगन देखिने र कोठाभित्र मानिस बन्द गरिएको कलात्मक चित्र पनि वितरण गरिएको थियो। यसैगरी हामीहरू सेलभित्र मनोरञ्जन गर्ने गर्थ्यौं। भीमजी गीत लेख्नुहुन्थ्यो, कविता लेख्नुहुन्थ्यो। थापाजीलाई आफ्ना सैनिक जीवनका अनुभवहरूलाई उतार्न आग्रह गर्दा ४-५ ओटा कापीमा लेख्नु भएथ्यो। बिचबिचमा शब्द चयनको निम्ति कुरा गर्दा उहाँको लेखन आफ्नो गिरफ्तारीसम्म आइपुगेको आभास पाइन्थ्यो। दु:खको कुरा उक्त लेख त्यसबेला न त पढ्ने कुरा नै गरियो न त सुरक्षित राख्न नै सकियो। आफ्नो आत्मकथाभित्र कतै प्रकाशन नभएका कुराहरू भएर भएर होला पढ्न दिन थापाजी पनि सङ्कोची बन्नुभयो। तर पनि इतिहास बनिसकेको विगतका पानाहरू उद्घाटित हुने भएकाले अहिले नै पढ्न पाउनुपर्ने कर धेरै गर्नुपर्थ्यो, तर गर्न हामीले पनि सकेनौ। उहाँहरूसँगका हाम्रा अन्तिम २६ महिनाहरू यसरी नै आत्मीयतामा बिते। आपसमा सहयोगी भएर बिते। समयसमयमा गोरखापत्रले नै ल्याएका समाचारहरूबाट उठेका चर्चा-परिचर्चामा छलफलहरू हुन्थे। त्यस्तो फाँसीको फन्दा भिरेर पनि उहाँहरू नेपालमा सामन्तवाद उन्मूलन गरिनुपर्ने आवश्यकतालाई अरु जोडदार रुपले राख्नुहुन्थ्यो।

*(मैनालीद्वारा लिखित लुटिएका दुई थुँगा फूलबाट)*

कविता

# गोलघरको सन्देश

जब सल्कँदै गए फेरि मुटुका दिया
अँध्यारो भाग्न थाल्यो देशबाट
'भूत-बंगला'का नरभक्षी पिचासहरू
तिल्मिलाउन थाले तर्सेर।
अनि
जुग-जुग भरि
आँसीकै रात थमौती गर्ने प्रस्ताव
पास गर्‍यो तिनको सदनले
र फेरि पनि बन्दुकका काला फणा उठाउँदै
मध्येनी रातमा गाउँ झम्टन थाले तिनले।
एक रात
अचानक झुक्याएर हामीलाई
तिनले आफ्ना खूनी पञ्जाले जकडे।
बस्, यत्तिमै पनि
मानौँ इतिहास थुन्ने ताल्चा नै भेट्टाए जस्तो
गरी
गर्वले उन्मत्त छाती फुलाए !
र तिनले भएभरको तागत निकाली आफ्नो,
मनोवल भाँच्न मेरो
शरीरमा लौराहरू भाँचे,
गोप्यता बहकाउनलाई
वूट र बन्दुकका कुन्दाले खाँदे,
गतिहीन पार्न मलाई
नेल र हत्कडीले बाँधे,
जोश चिस्याउन मेरो
एक्लै बन्द कोठामा, जेलेर साङलाले
पुस माघको सिमेण्टमा महिनौँ पल्टाए।
'काटे शरीर ढल्छ तर विश्वास ढल्दैन मेरो'
मारे हाडखोर गल्छ तर विचार गल्दैन मेरो !!
यसरी तिरस्कृत हुँदा लगातार
सीप नलागेर केही
थाकेर आखिर,
चितामा खुट्टा पुग्नै आँटेका
मुखमा दागवत्ती पर्नै लागेका
प्रतिक्रियावादका नायकहरूले
लतार्दै लगेर कोचे मलाई



मोदनाथ प्रश्रित


जेलको पनि महाजेलमा
गोलघरको साँघुरो खोरमा
र जंगी फलामे ढोकामा
भोटे ताला पड्काएर ढुक्क हुँदै
थोरै सन्तोषको सास फेरे।
यौटा मान्छेलाई,
मात्र यौटा निशस्त्र मान्छेलाई,
दर्जनौँ हाकिमहरू
र पचासौँ भुसतिघ्रेहरूको
महिनौँको कसरतले
यतिसम्म गर्न सकेकोमा
ठूलो पौरख ठानेर गर्वले
सगरमाथा शिखर छोए झैँ
थुतुनाका पसिना पुछे
र किच्च मुर्दाको हाँसो हाँसे।

*(साहित्यकार एवम् कम्युनिष्ट नेता,
पूर्वमन्त्री प्रश्रितको लामो कविता
गोलघरको सन्देशको एक अंश।)*



# हिजोका दिनमा ठाना र जेल

मसँग जेलको लामो अनुभव छैन। केही दिन जेलमा बस्तै छुट्दै गर्दा पनि अनुभव भने पर्याप्त हुन पायो। राजधानीका दुईटा प्रहरी ठानामा निकै दिन बन्दी हुने अवसर मिल्यो। पुलिस क्लबको त भनिरहनु परेन। तर हनुमान ढोकामा रहँदा होस् कि भद्रगोल र केन्द्रीय कारागारमा केही दिन विश्राम गर्दा होस्। ती दिन सम्झँदा आज पनि आङ सिरिङ्ग हुने गर्दछ। क्रान्तिकारी आवरणमा हिंसात्मक आन्दोलन गर्नेहरूका दिन त निकै कष्टपूर्ण थिए होलान्। निर्दलीय पञ्चायतकालमा अनेक लोकतन्त्रवादी र साम्यवादी नेता कार्यकर्ताले कष्टकर जेलजीवन भोगेका हुन्। निर्दलीय काल र त्यसपछिको हिंसाकालमा समेत अनेक सञ्चारकर्मीहरूले पनि जेलको कहाली लाग्दो यातना भोगेको इतिहास छ। ०५२ सालपछि माओवादीका नाममा भएको अत्यन्त क्रुर र निष्ठुर हिंसाका नाममा समेत जेल-यातनाको सिकार धेरै भएका थिए। जेल बाहिर भएकाहरूलाई वर्ग दुश्मनको नाम दिएर माओवादीले दिएको यातना पनि जेलको कहालीलाग्दो अवस्था भन्दा कम थिएन। हत्याको श्रृंखलाको प्रसङ्ग त फरक छ। तर हिंसाको बाटो भन्दा पनि शान्तिपूर्ण आन्दोलनका समयमासमेत भोग्नु परेको बन्दी जीवनको स्मरण जीवनभर अमीट छापका रूपमा हामीजस्ता धेरैको मनमा ताजै रहेको छ।



प्रा. पुरुषोत्तम दाहाल

### गिरफ्तारी

जेलको आसय सामान्यतया सुधारगृहका रूपमा लिने गरिन्छ। तर निरंकुश शासकहरूको आसय यातना दिनु नै हो। अथवा चारैतिर बलिया पर्खालभित्र पनि सानो गोलघर निर्माण गरी यातना दिने अथवा जेलमा समेत हतकडी र जञ्जीरले बाँधेर राख्ने कृत्यहरू अझै प्रचलनमा छन्। नेपालको जेलका गोलघरमा बस्नेहरूका अनुभवहरू अत्यन्त कहाली लाग्दा सुनिन्छन्।

म त्यस समय रानीपोखरी संस्कृत मावि छात्रकार्य समितिको निर्वाचित सचिव थिएँ। सभापति थिए शङ्कर अधिकारी। त्यही समय पहिलोपटक सायद ०३० सालतिर गिरफ्तारीमा परेको थिएँ। छात्रकार्य समितिले रानीपोखरी संस्कृत प्रधान पाठशालामा अध्ययन गर्ने विद्यार्थीहरूका केही माग राखेको थियो तर सुनुवाइ भएको थिएन। विद्यालय परिसरमा मात्रै नारा जुलुस लगाउँदा पनि नभएपछि हामीले भानुभक्तको शालिक अगाडिको मोटर बाटो बन्द गर्ने निधो गर्‍यौं। हामी केही साथीहरू केही इँटाहरू बोकेर मोटर छेक्न पुग्यौं। सडकमा नै जम्मा भएर नारा लगायौं। दुवैतिर बाटो छेकियो। करिब बीस मिनेटपछि प्रहरी भ्यान आइपुग्यो र अनायास लाठी वर्षाउन लाग्यो र सँगसँगै पक्राउ पनि। भाग्न सक्नेहरू कुदे हामी थोरै साथीहरू समातियौं। मेरो स्मृतिमा साथीहरूको नाम रहेको छैन। चौध पन्ध्र वर्षका बालकहरूको यो काम

निकै क्रान्तिकारी थियो। हनुमान ढोका प्रहरी परिसरमा पुऱ्याएर खुट्टा भित्तोमा र टाउको भूइँतिर बनाएर उल्टो उभिने दण्ड हामीले पायौं। केही मिनेट त उभियौं होला तर गलेपछि सम्भव भएन। अनि साना लाठीको मार झेल्नु पऱ्यो केही साथीहरूले। तर, सौभाग्यवश मैले लाठी सहनु परेन। एकाध घण्टापछि हामी सबै छुट्यौं।

०३१ पछि म क्रमश: राजनीतिक दलको भातृ संस्थामा आबद्ध भएँ। तर, काम त्यति खुला थिएन। झापा काण्डको धूँवा बसिसकेको थिएन, नेपाली काङ्ग्रेसको ओखलढुंगा प्रकरणले तुफान खडा गरेको थियो। खासगरी नख्खुमा नेपाली कांग्रेस सम्बद्ध चार जना युवाको विभत्स हत्या र सुखानीमा झापा प्रकरणमा गिरफ्तार पाँच जना युवा कार्यकर्ताको हत्याले युवा विद्यार्थीहरू बेचैन थिए। साम्यवादीहरूसँगको मेरो तीन वर्षे अल्पकालीन र बालसुलभ आबद्धताप्रति सहमत हुन सकिनँ र नेपाल विद्यार्थी सङ्घमा सम्बद्ध भएँ। यसपछिका दिन राजनीतिक सकृयता निकै बढेर गयो। ०३३ सालमा क्याम्पस प्रवेशसँगै सकृयताले थप ऊर्जा पायो। ०३५ साल जेठमा मैले औपचारिक रूपले नेपाल टाइम्स दैनिकबाट पत्रकारिता सुरु गरे पनि राजनीतिक अभियान घटेन। स्वतन्त्रताको तृष्णा सघन हुँदै गयो। ०३५ सालको मंसिर २५ गते हामीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका दिन संस्कृत छात्रावासबाट जुलुस निकाल्यौं। प्लाकार्ड र नारासहितको त्यो जुलुसमा प्रहरी हस्तक्षेप भए पनि गिरफ्तारी भएन। त्यसको केही दिनपछि अकस्मात् छेत्रपाटी स्थित डेराबाट तुलसी पौडेल र दिनेश पौडेलको गिरफ्तारी भएछ। सुनिल दाहाल पनि पकाउ परेछन्। मलाई पनि छात्रावासको नजीकैबाट पकाउ गरियो। तेजप्रकाश पण्डितलाई खोज्न जासुसहरू लागेका रहेछन्। तुलसीको कोठाबाट नेपाल विद्यार्थी संघको सदस्यता प्याड फेला पारेको हुनाले प्रहरिले हामी सम्बद्ध साथीहरूलाई पकाउ गरेको रहेछ। पण्डित भने मेरा मित्र नारद्मणि पौडेलको डेरादेखि आदरणीय प्राध्यापक विदुरप्रसाद पौडेलको सुरक्षामा निकै दिन बसेर जोगिए। तर हामी चार जना म, सुनिल, तुलसी र दिनेश भने हनुमान ढोकामा पुग्यौं।

## सुनेको रौरव नर्क र हनुमान ढोकाको आवास

पहिलोपटक पुराणहरूमा वर्णित रौरव नर्कजस्तो ठाउँ त्यस ठानाभित्र मैले देखेको हूँ। यसअघि ०२७ साल जेठमा ११ वर्षको उमेरमा म काठमाडौं आएपछि मासं गल्लीको तपुली धुकु नजिकै साथीहरूको डेरामा बसेको समय दिशा र पिसा फेर्ने ठाउँ मैले रौरव नर्क जस्तो अनुभव गरेको थिएँ। चारैतिर आची गर्न उभिएकाहरूका माझ दिशा र पिसाबको आहालमा आधा खुट्टा डुवाएर उठीउठी दिशा र पिसाब गर्नुपर्ने थियो त्यहाँ। महिलाहरू भने राती नै नित्यकर्म सक्थे होला। काठमाडौंको त्यस समयका कमै घरहरूमा शौचालय थिए।

हनुमान ढोकाको बन्दीकोठामा हामी सबैलाई एक्लाएक्लै राखिएको थयो। सानो ढिस्कोका छेउमा खुट्टा खुम्च्याएर सुत्नुपर्ने चिसो ठाउँ। सानो कोठा। लमतन्न सुत्न नमिल्ने। खुट्टा दुखेमा बाँदरले जस्तो त्यही सानो ढिकमा चढ्ने अनि ओर्लने गर्नुपर्ने। बाहिर ताल्चा लगाउने र खोल्ने पाले सिपाहीहरू चियो गरिरहन्थे। दिनको एक वा दुईपटक दिशा पिसाब गर्न जान दिने रहेछन्। तल चोक रहेछ शौचालय। पूरै चोक दिशा र पिसाबले भरिएको। झिँगा भन्केर उत्तिकै गन्हाउने। माथिल्लो तलामा हामी थियौं। तर, पनि दुर्गन्ध नित्यनिरन्तर नाकमा आइरहन्थ्यो। असाध्य दिशा लागे वा पिसाब लागेमात्रै त्यहाँ पुग्ने आँट गर्नु पर्ने थियो। घुँडासम्म दिशा र पिसाबको दहमा डुब्नुपर्ने, उठीउठी नित्यकर्म सक्नुपर्ने अलि पर रहेका

धारोमा पुगेर सफा नगरुन्जेल सिक्सिकोले खपिनसक्नु हुने। सफा किन नगरेको ? भनेर सोध्यो भने कैदीहरूलाई के को सफा चर्पी भन्ने जवाफ हुने रहेछ। कति दिन त दिशै नगरी म पेटमा कुह्याएर बसेँ। पिसाब त परैबाट गरे पनि हुन्थ्यो। यौटी च्यामेनी दिदी थिइन्। मलाई जिस्काउँदै भन्थिन् : बच्चाहरूले त देखाएर जे गरे पनि हुन्छ। उनी बरण्डामा वसेर हेरिरहेकी हुन्थिन्, आफू त लाजले भुतुक्क।

राती नौ बजेपछि कोठाबाट जुनसुकै अवस्थामा पनि ढोका खुल्दैनथ्यो। राती पिसाब गर्नुपरे झ्यालको प्वालबाट वाहिर पट्टि फेर्नु पर्थ्यो। तर, त्यो पिसाब बाहिरी बरण्डामा नै जम्ने हुनाले उग्रीगन्ध आउँथ्यो। कथंकदाचित दिशा लागे जे छ थोत्रा कागज तिनमा नै कोठाभित्र गर्ने, केही छैन भने भुईंमा गरेर बिहान सोहोरेर तल चोकमा फाल्नु पर्ने। यस्तो विभत्स नारकीय अवस्था थियो, त्यसबेला।

केही दिन पछि हाम्रो बयान सुरु भयो। पहिले दिनेशजीलाई लगियो, मार धुलाइ भयो। त्यसपछि तुलसीलाई लगियो उहाँलाई केही थप्पड हानेको आवाज आयो। पालो सुनिल दाहालको आयो। उनले मलाई भने : हेर बन्धु जे सोधेपनि नडराइकन इन्कार गर्नु। डरायो भने मात्रै पिट्ने हुन्।

उनले मलाई ढाडस दिँदै बयानको कोठामा पसे। अधिकृतको ठूलो स्वर सुनियो : ए यो सुनिले आएछ कति लाग्छस् राजनीतिमा। जति कुटाइ खाए पनि यो त रबर जस्तो छ। कति कुट्नु यसलाई। पिटाइ खाने डर छँदै छैन यसलाई के पिट्नु ? सुनिल हाँसेको सुनियो। उनी भन्दै थिए : मेरा बुबा त एमपी हो ०१५ सालको। उहाँले नडराइ प्रजातन्त्रका लागि लड्नु भयो म किन डराउने ?

बाहिर बरण्डामा यो सम्वाद सुनिरहेको थिएँ। मेरो डर पनि हराउँदै गएको थियो। सुनिलको बयान सकियो। मेरो पालो आयो। भित्र पस्ने बित्तिकै कुर्सीमा बस्न सङ्केत गरे। एकजना भण्डारी थरका मोटा र अर्का कुनै शेर्पा अधिकृत रहेछन्। शेर्पाले भने ओखलढुङ्गाबाट पसिना बगाएर बाउले पठाएको खर्च खाएर राजनीति गर्ने बाहुन ? पढ्नुपर्ने कि राजनीति गर्ने ? भने। उनको बोली न टुङ्गिँदै यौटा भुसतिघ्रेले मेरा गाला ताके जस्तो गऱ्यो। म थर्रर भएँ। तर शेर्पाले उनलाई रोक्दै भने : तेरो बाउ चन्द्रलाल झाको पत्रिकामा यो सम्वाददाता पनि रहेछ। पिटिस् भने भोलि झाले तेरो श्राद्ध गर्छ। नकुट् यसलाई भनेपछि उनी पन्छिए। म ढुक्क भएर बयान दिएँ। म त्यसबेला नेपाल टाइम्समा काम गर्थें।

दोस्रो वा तेस्रो दिन एकजना गोरो चिट्ट परेको म भन्दा अलि वयस्क युवालाई मेरो कोठामा थुन्न ल्याए। तिनको नाम विकास रहेछ। उनी म्याग्दीका गौचन, हिराचन वा तुलाचन केही थरका हुन्। उनलाई लागुपदार्थ कारोबारमा समातिएको रहेछ। भोलिपल्ट बिहान नै उनलाई कतै लगियो र साँझ करिब मुर्दा जस्तो बनाएर कोठामा हुलियो। म त आतङ्कित भएँ। तर, उनले विस्तारै भने: भाइ मलाई त पैतालामा साइकलको टायरले गोद्नसम्म गोदे। पिँडुला भरी डामैडाम छन्। सुम्ला बसेका छन्। भतभती पोलिरहको छ। कसरी खप्नु। मैले केही पनि गरेको छैन। लागूपदार्थ के हो मलाई थाहा पनि छैन। को छन् त्यो पनि थाहा छैन तर कबुल गर भन्दै पिटे।

यसो भन्दै उनी धुरुधुरु रोए। अत्यन्त कारुणिक अवस्था थियो उनको। मैले एकजना प्रहरी दाजु ती गोर्खातिरका थिए पूर्णबहादुर मगर वा गुरुङ। उनी मलाई अलि बढी माया गर्थे, भाइ जस्तै लाग्थ्यो रे मलाई। उनलाई नै बोलाएँ र भनेँ 'दाजु अलिकति ग्लुकोज र तोरीको तेल ल्याइदिनसक्नु हुन्छ '।

उनले सहर्ष स्वीकार गरी ल्याइदिए। मसँग पैसा थिएन। पर कोठामा थुनिएका सुनिललाई भनेपछि उनले तिरे। अनि मैले पानी मगाएर पहिले ग्लुकोज पानी खुवाएँ विकासलाई। त्यसपछि तेल हातमा राखेर शरीरभर दलिदिएँ। उनलाई केही हलुका भएछ, मेरै सानो बिच्छौनामा भुसुक्क निदाए। त्यो विभत्स क्रूर कर्म एकहप्तासम्म चल्यो र अन्तिममा उनीलाई अदालत लगियो वा रिहा गरियो थाहा भएन। तर त्यो भयानक यातनाको स्मृति मेरा मनमा यथावत् छ।

निकै दिन हनुमान ढोका हाम्रो बासस्थान भयो। बिहान चिया पिउन मन लागे म तिनै च्यामेनी दिदीलाई भन्थैं। उनको निकै हाइदुहाइ थियो पुलिसहरूमा पनि। चिया र बिस्कुट समेत दिन्थिन्। पैसा आफै तिरिदिन्थन्। चिटिक्क शरीरकी तरुनी थिइन् दिदी। उनी भन्थिन् मेरो भाइ बाँचिरहेको भए तिमी जत्रै हुन्थ्यो होला। अनि पो मैले माया गरेकी हूँ।

अर्को कोठाबाट सुनिल,तुलसी र दिनेश मलाई जिस्क्याउँथे : अब तँ पनि च्यामे भाइ भइस्। तर मेरा लागि ती दिदीको गुन बिर्सी नसक्नु भयो। रिहाइपछि भेट्ने प्रयास गरेँ तर, उनीसँग भेट भएन।

समय काट्न कुनै उपाय थिएन। कागजको खोस्टो , कलम, पेन्सिल केही पनि दिँदैनथ्यो प्रहरिले। सुतौं कति सुत्ने ? बाहिर झ्यालबाट हेर्नें पनि केही हुँदैनथ्यो। झ्यालमा बस्दा ह्वास्स पिसाबको दुर्गन्ध आउँथ्यो। मसँग सानो घडी थियो। त्यो पनि ठूलो भिनाजु मणिराज वाग्लेले दिनु भएको थियो। समय काट्ने मेरो सजिलो उपाय त्यही घडीको टिक्टिक भयो। कानमा घडी लगाउने र बिस्तारै आउने टिकटिक आवाज संगीत जस्तो गरी ध्वन्यानुभूत हुनेगर्थ्यो। म त्यही ध्वनिमा अभ्यस्त भएँ र दिन काट्न सजिलो भयो।

भातचाहिँ झाजीको घरबाट प्रायस: सुनिल अथवा अनिलहरूले ल्याउने गर्थे। पत्रिकालाई भातका मुनि प्लास्टिकले बेरेर पठाउने गर्थे र बाहिर के छ थाहा हुन्थ्यो। यसरी पहिलोपटक अलि लामो समय यातनागृहमा बसेपछि मलाई रिहा गरियो। सायद झाजीको दवावले सम्भव भयो। अरु साथीहरूलाई नक्खु कारागारमा निकै महिना थुनेर छाडियो।

**पुनः हनुमान ढोका र भद्रगोल जेल :**

म रिहा भएको केही दिनमा नै विद्यार्थी आन्दोलनको हावा चल्यो। त्यही समयमा पाकिस्तानका तत्कालीन प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई सैनिक शासक जिया उल हक प्रशासनले फाँसी दियो। नेपालमा त्यसका विरुद्ध विद्यार्थीहरूको प्रदर्शनमा प्रहरीले बलबहादुर केसी,गोपाल पराजुलीसहित केही विद्यार्थी नेताहरूलाई पक्राउ गऱ्यो। यसै निहुँमा सबै विचारका विद्यार्थीहरूबाट २४ सुत्रीय माग राखी आन्दोलन सुरु भयो। निर्दलीय पञ्चायत समर्थकहरू र अतिवादी कम्युनिष्टहरू भने विरोधमा थिए। अनेरास्ववियु, नेविसंघ, विद्यार्थी फेडरेसन, प्रगतिशील विद्यार्थी युनियन आन्दोलनमा सहभागी थिए।

मेरो भूमिका दिनभरीको आन्दोलनका समाचार संकलन गरेर नेपाल टाइम्समा साँझ प्रकाशित गर्नु थियो। यससँगै न्यूक्लसमा बसेर सहयोग गर्नु थियो। निकै दिनसम्म त म जोगिएँ पत्रकारका नाममा। तर, एकदिन छेत्रपाटीमा भानिज कुलप्रसाद कोइराला र भिनाजु मणिराज वाग्लेको डेरामा बस्न पुगेको थिएँ। बिहानै दुईजना जासुसहरू आएर गिरफ्तार गरी हनुमान ढोकामा पुऱ्याए। रोग पुरानै थियो। त्यहाँ केही दिन राख्यो। त्यहाँ युवराजलाई अपहरण गर्ने योजनामा संलग्न भनेर दुर्गा पोखेललाई अभियोग लगाउदै थुनिएको रहेछ। उहाँ

चर्चित युवा नेतृ र ०३२ सालको विद्यार्थी आन्दोलनमा त्रिविबाट निष्काशित प्राध्यापक पनि। मसँग परिचय थिएन उहाँ आफैले पत्रकार को हुनुहुन्छ भनेर सोध्दै म नजिक आउनुभयो। उहाँले नआत्तिन भन्दै सान्त्वना दिनुभयो।

केही दिनसम्म संस्कृत छात्रावासका साथीहरूले दालभात तरकारी दिएपछि हामी धेरै थुनुवा साथीहरू मिलेर बिहान बेलुकाको छाक टारिरह्यौं। मलाई त पहिलेजस्तै गरी नेपाल टाइम्सका सम्पादक भ्काजीको घरबाट भाउजुले पकाउनु भएको मीठो भोजन आउने गर्थ्यो। केही दिन त्यहाँको कष्टकर बसाइपछि एक साँझ हामीलाई भद्रगोल जेल लगियो। अलि हलुका भयो। जेलमा दिशा गर्ने फोहोर ठाउँ, लहरै वरिपरि बसेर नाक मुख थुन्दै दिशा पिसाव गर्नुपर्ने बाध्यता। हिँडडुल गर्न फराक ठाउँ भए पनि कैदीबन्दीहरूको भीडले सजिलो थिएन। हामी केही साथीहरूको ओच्छ्यान एउटै लहरमा थियो। राती पिसाब फेर्नु परेमा बाहिर जान नपाइने, छेउकै नालीमा फेर्दा रातभर उग्रीगन्ध आउने। चौकीदारको खटनमा हिँड्नुपर्ने। चिया, बिस्कुट, पाउरोटी जे पनि बाहिर भन्दा तीन दोब्बर तिर्नुपर्ने। चोरी, डकैती, ज्यानमारा अभियोगका बन्दीहरूसँग सङ्गत गर्नुपर्ने। एकप्रकारले तनाव भोग्नु पर्‍यो। तर प्रत्येक दिन विद्यार्थी र उनीहरूका माउ संस्था राजनीतिक दलका नेताहरू पनि पक्राउ पर्दै आएपछि दिनचर्या सहज हुन थाल्यो र केही दिनको कष्टकर बसाइ अन्त्य भयो।

## अन्तिम पटकको जेल यात्रा

म बीच बीचमा गिरफ्तार भए पनि जेल जानु परेको थिएन। ०४६ अघिसम्म। ०४० सालमा मेरो स्नातकोत्तर राजनीति शास्त्रको परीक्षा चल्दै थियो। सुरजपुरा काण्ड भयो। जसमा युवा कानुन व्यवसायी र नेपाली कांग्रेसका होनहार प्रतिभा यादवनाथ आलोकसहित रामप्रसाद चौधरी त्यसबेलाको कुख्यात मण्डले पञ्च जमातको आक्रमणबाट मारिनु भयो। त्यसविरुद्ध हामीले बागबजारबाट जुलुस निकाल्यौं। जगन्नाथ आचार्य, सुरेशराज शर्माजस्ता वरिष्ठ नेताहरू पनि सहभागी हुनुहुन्थ्यो। पुतली सडकको मुखमा पुगेपछि प्रहरिले रोक्यो। हामी त्यहीं सडकमा पलेटी कसेर बस्यौं। निकैबेरपछि हामीलाई प्रहरी भ्यानमा राखेर गौशाला ठानामा थुनियो। मेरो परीक्षा पर्सीपल्ट थियो नेपाल अध्ययनको र त्यो नै अन्तिम पत्र थियो। साँझ छाड्छ कि भन्ने थियो। तर छाडेन। खान बस्न जेजस्तो भए पनि प्रहरी व्यवहार राम्रो थियो। शौचालय पनि सफा थियो। हनुमान ढोकाको जस्तो दूरावस्था थिएन।

अर्को दिन पनि छाड्ने देखिएन। मैले जगन्नाथ काका र सुरेशराज शर्मालाई मेरो परीक्षाका विषयमा बताएँ। उहाँहरू दुवैजनाले प्रहरी अधिकृतसँग आग्रह गर्नुभयो। ती अधिकृत सज्जन रहेछन्, उनले हामी सबैले सुन्ने गरी नै माथिल्लो तहमा अनुमति मागे तर अस्वीकृत भयो। परीक्षाको दिन बिहानैदेखि पुन: हामीले सामूहिक आग्रह गर्‍यौं। करिब पन्ध्र जना थुनुवा थियौं त्यहाँ। हामी सबैले एकमुखले अनशन बस्ने भनेपछि करिब एघार बजे मात्रै मलाई छाडियो। कीर्तिपुर क्याम्पसमा केन्द्र थियो। साधन अत्यन्त कठिन। १२ बजेदेखि परीक्षा थियो। १५ मिनेट ढिलो भए हलभित्र पस्न नपाइने। म अन्तत: पच्चीस मिनेट पछि पुगें। सौभाग्यवश त्यस दिन प्रा. कपिल श्रेष्ठ र प्रा.कृष्ण खनाल सरहरू सुपरीवेक्षणमा हुनुहुँदो रहेछ। उहाँहरू चिन्तित हुनु भएछ मेरो परीक्षा छुट्न लागेकोमा। तर, ढिलो भए पनि मलाई परीक्षामा बस्न अनुमति दिनु भयो। म परीक्षा उत्तीर्ण भएँ।

यसपछि ०४६ को जनआन्दोनको क्रममा मलाई गिरफ्तार गरी हनुमान

ढोकामा नै पुऱ्याइयो। म पुग्दा पन्नालाल श्रेष्ठ, वीरेन्द्र दाहालहरू पनि पहिले नै थुनामा हुनुहुँदो रहेछ। मसँग जम्मा पाँच रुपियाँ थियो खल्तीमा। रातोपुल नजिकै वालुवा डाँडामा हाम्रो डेरा गङ्गाप्रसाद दाहालको घरमा थियो। म त्यसबेला वाल्मीकिमा अस्थायी सहायक प्राध्यापक थिएँ भने राष्ट्रपुकारमा सहसम्पादक भएर लोकतान्त्रिक आन्दोलनमा सक्रिय थिएँ। पार्टीको प्रचार विभागको सदस्य समेत थिएँ। घरमा चार जना भाइहरू, धर्मपत्नी शान्ता, छ सात महिनाको छोरो र एकजना पढ्न बसेको केटा थिए। त्यतिका मानिसलाई खुवाउन मेरो क्याम्पसको तलब र यदाकदा होमनाथ दाइले दिने राष्ट्रपुकारको पारिश्रमिक असाध्य अपुग हुन्थ्यो। तैपनि काम चलाउँथिन् सहधर्मिणी शान्ता। कुनै दिन दूध नहुँदा चामलको चौलानीमा थोरै चिनीराखेर छोरालाई खुवाउने गर्थिन्। एउटा प्याजको दाना आधा गरी दुई दिनसम्म झोल बनाएर तरकारीको तलतल पूरा हुन्थ्यो।

मलाई पकाउ गर्न साँझमा जासुसहरू प्रहरीको दलवलसहित डेरामा आए। उनीहरूलाई कालो चिया खुवाएपछि मेरालागि केही कपडा बोकेर प्रहरीले मलाई जाउँ भन्यो। त्यसबेला मसँग जम्मा दश रुपियाँ थियो। मैले पाँच रुपियाँ शान्ताका हातमा दिँदै भने कति दिन बस्नु पर्छ थाहा छैन। तल भण्डारी दाजुकोबाट सामान उधारोमा ल्याउनु म पछि तिर्नेछु। साँच्चै त्यस दिन मेरा आँखामा आँसु आएका थिए। तर पनि लोकतान्त्रिक स्वतन्त्रताको तृष्णाले त्यो आँसुलाई धरधरी हुन भने दिएको थिएन। गालामा नै सुकाएको थियो।

यसरी म हनुमान ढोकामा पुगेको थिएँ। त्यस दिन मलाई अलग्गै कोठामा राखियो। भोलिपल्ट ललितपुरतिरका शायद चौथो महाधिवेशनसम्बद्ध युवा अष्टमान महर्जनलाई पकाउ गरी मेरो कोठामा ल्याइयो। तुरुन्तै उनलाई  बयानमा लगियो। बेलुकासम्म राखेर बयान लिँदै पिट्दै गरेछन् प्रहरीले।  साँझ अत्यन्त मलिन अनुहारमा कोठामा पसे। उनका पिँडुला र पैतालामा साइकिलका टायरको डामको सुम्लाहरू भयानक थिए। पहिलो समयमा मैले देखेका विकासको अवस्था जस्तै थियो उनको पनि। पुरानो अनुभवका कारण मैले प्रहरीसँग अनुरोध गरी ग्लुकोज र तेल मगाएँ। पैसा मसँग थिएन। पन्ना दाइले तिरिदिनुभयो। अष्टका पैताला र पिँडुलामा तेल लगाउँदै माडिदिएँ। ग्लुकोज पानी खुवाएँ। दुई दिन जति उनलाई यसरी पिट्दै राख्यो र अर्को दिन कता लग्यो थाहा भएन।

अर्को दिन वीरेन्द्र दाइ र पन्ना दाइले प्रहरीसँग अनुरोध गरी उहाँहरू बसेकै कोठामा मलाई पनि सारियो। खाने, ओढ्ने ,ओच्छ्याउने चिन्ता भएन। पन्ना दाइको घरबाट सबै राम्रो व्यवस्था भयो। तर दिशापिसाब गर्ने ठाउँको चिन्ताले मलाई पुन: सतायो। राती त म एकपटक अलि टाढैबाट पिसाब गरेर फर्किएँ। बिहान के होला ? सौभाग्यवश ०३६ को भन्दा अलि सफा रहेछ। शौचालय नजीक पुगेर नै शौच गर्न सकिने रहेछ। केही दिन हामी त्यहाँ बस्यौं। र एक झमक्क साँझ हामीलाई निकालियो र सेन्ट्रल जेलको ढोकाभित्र पठाइयो।

वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मी, अग्रज इन्द्रमणि अधिकारी, विद्यार्थी नेता अरुण सुवेदीहरूको कक्षमा मलाई सुत्ने प्रबन्ध भयो। साना ढिस्कोमा लहरै ओच्छ्यान। तर प्रहरी हिरासतमा भन्दा निकै सफा र खुकुलो वातावरण रमाइलो भयो।

हाम्रो मेसमा भात पकाउन एकजना कैदीबन्दी हुनुहुन्थ्यो। उहाँसँग खाना खाने वेलामा मैले सोधें : तपाईं के अभियोगमा थुनिनु भएको हो ? उनको जवाफले म कम्पित भएँ। भात खाँदाखादै दिक्क लागेर आयो। उनले भने : एकजनालाई छपाछप काटेको त सत्र ठाउँ काट्दा पनि मरेन

बजिया। अठार पटक खुकुरीले चिरेपछि बल्ल मऱ्यो। त्यही अभियोगमा जेलमा छु।

मेरो त सातो पनि गयो। देख्दा असाध्य साधारण थिए ती। तर कसरी मान्छे काट्न सके होलान् ? मेरो मन त्यसै आतंकित भइरह्यो।

जेल राजबन्दीहरूले भरिएको थियो। देशभरबाट अनेक साथीहरू प्रत्येक दिन आउँथे। आन्दोलन उत्कर्षमा थियो। सबै विचारका साथीहरूका बीचमा रमाइलो विमर्श हुन्थ्यो। सबैको सपना एउटै थियो : निर्दलीय पञ्चायतको अन्त्य, बहुदलीय व्यवस्थाको स्थापना, देशको रक्षा र जनताको उन्नति। धेरै नामहरू समृतिमा छन्। तर ती सपना कता पुगे के भयो म आज फर्केर सोच्न विवश छु।

देशान्तर साप्ताहिकमा काम गर्दा ०४३ - ०४४ का समयमा पदम ठकुराठी काण्ड भएपछि पूर्व आइजीपी डिवी लामा, भरत गुरुङ र जगत गौचनहरू जेलमा थिए। धीरेन्द्रका अङ्गरक्षक भरत गुरुङ र डिबी लामाबीचको कनेक्सन, उनीहरूका कामहरूका विषयमा मैले अनुसन्धानमूलक समाचार देशान्तरमा लेखेको थिएँ। लामाले मलाई समाचार प्रकाशित भएपछि कफीको आग्रह नगरेका होइनन् तर मैले मानेको थिइनँ। जेलमा पुगेको अर्को विहान बरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीले भन्नुभयो : मेरो क्लायन्ट पनि जेलमै छन्। मलाई बिहानको खाजा कफीको निम्तो छ, तिमी पनि हिँड चिनजान पनि हुन्छ।

जेलमा कर्ण ह्योजु काण्डमा परेका धेरै साथीहरू पनि थिए। राजनीतिक बन्दी र अरु बन्दीलाई केही फरक व्यवहार हुने प्रचलन रहेछ। राजनीतिक बन्दी भनेपछि निकै राम्रो गर्ने। रेग्मीको क्लायन्ट कोही राजनीतिक बन्दी नै होला भनेर म पछि लागेँ। अर्को ब्लकमा पुग्यौं। केही बन्दीहरू बडो शानकासाथ बसेका थिए। अगाडि फलफूल, दूध, कफी, जाम पाउरोटी, बिस्कुट आदि थियो। म छक्क परेँ। आफूसँग एकपैसा थिएन। कोठामा पुग्नासाथ रेग्मीले रमाइलो पाराले भन्नुभयो : आज म विशेष पाहुनासँग तपाइहरूको परिचय गराउँदैछु। युवा र जोशिलो पत्रकार पुरुषोत्तम दाहाल हुनुहुन्छ। अनि उनले भने : उहाँ पूर्व आइजीपी डीवी लामा। म जसरी झसङ्ग भएँ त्यसरी नै डीबीको मुखाकृति देखियो। तर सहज हुन समय लागेन। उनले उठेर स्वागत गर्दै भनें : दाहालजी तपाई र मेरो भेट हुने ठाउँ त यौटै परेछ।

अनि उनले थपे : तपाईंले लेख्नु भएको समाचार सत्तरी प्रतिशत सही हो। तीस प्रतिशत सही थिएन। हामी दरबारियाहरूको आदेश विपरीत हुन सक्दैनथ्यौं। त्यो सत्तरी प्रतिशत पनि उहाँहरूकै आदेशमा भएको हो, दण्ड भने हामीले भोग्नु परिरहेको छ।

यसपछि केही दिन अनेक स्मृतिहरू मनमा जुट्ने गरी कारागारमा बसियो र मुक्त भइयो। मलाई शान्ता भेट्न आउँदा असाध्य दुखित हुने गर्थें। असाध्य थकित देखिन्थिन् उनी। अभाव र संकट एकातिर अर्कातिर सातआठ जनाको जिम्मेदारीको बोझ उनमा थियो।

जेल परेकाहरूलाई कसको सहयोग रहने ? आफन्तहरू पनि टाढा टाढा। तर मेरा साथीहरूका पिताजी एकजना सज्जनले भाइ मित्रसेन मार्फत गर्नुभएको सहयोग जेल बसाइका समयमा अमूल्य हुन पुग्यो। इन्द्रमणि दाजुकी सहधर्मिणी गंगाले दाजु र मलाई पुग्ने गरी सामान र पैसा समेत पठाइ रहनुभयो। यस्ता अनेक स्मृतिहरू जीवनको भोगाइमा छन्। विस्तृत चर्चा गर्न नसकिने होइनन्।

पुस्तक अंश

# मेरा जीवनका पाना


*गौरा प्रसाईं, २०३२ साल माघ १६ गते गिरफ्तार भई २०३७ वैशाख २ गते रिहा हुनु भएको थियो। उहाँको पुस्तक मेरा जीवनका पानाबाट जेल जीवनका केही अंश साभार गरेका छौं। लामो समय राजनीतिमा सकृय रहनु भएकी प्रसाई नेपाली महिला आन्दोलन तथा राजनीतिक आन्दोलनकी अग्रज हुनुहुन्छ। संविधानसभा सदस्य प्रसाई हाल राजनीतिक गतिविधिमा त्यति धेरै सकृय हुनुहुन्न।*



गौरा प्रसाईं

मलाई झापाबाट सिपी मैनाली, गोविन्द न्यौपाने र तारानिधि भुर्तेलसँगै गिरफ्तार गरिएको थियो। मलाई डीएसपी अफिसमा हतकडी लगाएर राखिएको थियो। अरुहरुलाई कता लग्यो थाहा भएन। कालो कोठाभित्र थुनेर राख्दा तीन दिनसम्म कोही आएनन्। दिनको एक छाक भात खान दिन्थे। ल, भात आयो भनेर म परैबाट थाहा पाउँथैं, किनकि त्यसको गन्ध नै नाक पोल्ने खालको हुन्थ्यो। भोकले अमिलो पानी आइरहेको बेला भातको गन्धले भनन रिँगटा लाग्थ्यो। त्यो भात हो कि बान्ता हो, दाल हो कि ढल हो जस्तो लाग्थ्यो। कति गर्दा पनि त्यस्तो भात मुखबाट नछिरेपछि पहरामा बसेको प्रहरीले एक दिन भन्यो, 'ए, तँलाई सरकारी भात मीठो लागेन ? भरे खालिस् न त मसिनाको चामल र कुखुराको सुप।'

गिरफ्तार गरिएको चौथो दिन भुइँतलाबाट हतकडीसहित माथिल्लो कोठामा लगियो। सोफामा वरिपरि मान्छे बसेका रहेछन्। उनीहरूले पालैपालो प्रश्न गरे। मैले हरेक प्रश्नको जवाफ दिएँ। जवाफकै क्रममा सवाल जवाफ गरेपछि मलाई भुइँमा पछारे। बाँसको छडी र प्लास्टिकको डोरी ल्याएका रहेछन्, त्यसैले स्वाँठस्वाँठी हिर्काउन थाले। कति कुटे, ककसले कुटे, केही थाहा पाइन, एकैचोटी भोलि बिहान होस् आउँदा शरीरभरि घाउ थिए। भैंसीको शरीरमा हिलो सुकेझैं रगत सुकेको थियो। हातमा हतकडी र खुट्टामा नेल ठोकेर कोठामा लडाएका रहेछन्। दिउँसो फेरि मलाई पाखुरामा समातेर उठाएर कुर्सीमा राखे। पुनः हिजो जसरी नै प्रश्नको जवाफ दिँदै थिएँ, एउटाले आएर कुर्सीमा एक लात्ती हान्यो। म भुइँमा लडें। 'लैजा यसलाई मर्मत गर्।' अरु प्रहरी आएर मलाई घिस्याएर छेउको कोठामा लगेर घोप्टो पारे। दुई खुट्टामा बुटले किचे अनि फलामको रड उचाल्दै भने 'सत्य कुरा भन्छेस् भने भन, नत्र यही रडले कुटेले




मारिदिन्छौँ'। मैले 'भन्दिनँ' को भावनामा टाउको हल्लाएँ। पाइतालामा ड्याम्म हान्दा पाइतालाको पीडा टाउकोसम्म पुगेर चड्किँदो रहेछ। त्यसपछि कहाँ कहाँ कुटे, के केले कुटे, कतिसम्म कुटे, केही थाहा पाइनँ। अलिक समयपछि मेरो होस खुलेछ। उठ्नसक्ने अवस्था थिएन।

यातना दिने क्रम रोकिएन। होसमा आएर 'पानी' भन्नासाथ पिटिहाल्थे। मेरो खुट्टा टेकिन छाडे। बुटले कुल्चिँदा, रडले हान्दा पनि थाहा पाउन छाडेँ। म कोठाभित्रै घिस्रिएर हिँड्न थालेँ।

यातना दिने तरिका बदलियो। पहिलोजस्तो कुट्न पिट्न छाड्। त्यसका ठाउँमा औंलाका नङमा आलपिनले छेड्न थाले। आलपिन ठोकेर भतभती पोल्न थालेपछि फेरि फायलमा सही गर भन्दै थर्काउन थाले, 'ऐले चाहिँ गरिनस् भने तँलाई तड्पाईतड्पाई मारिदिन्छौँ, एकै चोटी सास जाने गरी कहाँ मर्न पाउँथिस्।' 'साँच्चै खोजिस्' भन्दै खुट्टाको बूढी औंलामा करेन्ट लगाए। अठारौँ दिनका दिन करेन्ट लगाएर बेहोस बनाए। उनैले मेरो हात समातेर सही गराएछन्। ल्याप्चे लगाएछन्।

प्रहरीले अदालतमा लगेर बयान लिइसकेपछि न्यायाधीशले 'ल, यसलाई राजकाज अपराधको मुद्दामा जेल चलान गर्नु।' भन्ने आदेश दिए। न्यायाधीशको आदेश पछि प्रहरीले मलाई हतकडी लगायो। सिधै चन्द्रगढी जेलमा पुऱ्यायो।

जेल बसाइको केही दिनपछि एक साँझ म जेलको ढोकामा उभिएर गीत गाउँदै थिएँ, एक हूल प्रहरी हान्निएर आए। 'तपाईंलाई जेलर साबले बोलाउनु भएको छ, हिँड्नु अरे' भने। म दिदीहरूसँग बिदा मागेर गएँ। उनीहरूले अफिसको कोठाभित्र लगे। भित्र टन्न मान्छे बसेका रहेछन्। एउटा इन्स्पेक्टरले ओठ बिगार्दै भन्यो, 'तँ जेलभित्र किन राजनीति गर्छेस् ?' एकछिन सोचेर जवाफ दिएँ, 'म राजनीतिक कार्यकर्ता हुँ, मैले जे जानेकी छु, त्यही गर्छु।' इन्स्पेक्टरले थप्पड हान्यो। लैजा यसलाई 'मसला दे' भन्यो। एउटा प्रहरीले च्याप्प कपालमा समात्यो। एकछिन चर्खा घुमाएझैँ घुमाउर भुइँमा लडायो। अर्कोले चुल्ठोमा समातेर घिसाऱ्यो। पल्लो कोठामा लगेर मिल्काइदियो। एउटाले टुक्रुक्क बसेर मुखमा थुक्यो। अरूले लात्ते भकुण्डो झैँ भकाभकी हाने। त्यतिबेला त्यस्तै रातको नौ बजेको थियो। उनीहरूले मलाई गेटभित्र फ्याँकेर गए। एकिछनपछि कोठाका दिदीहरू खोज्दै आएछन्। सबै जनाले

बोकेर लगेछन्। रगत धोइदिए।

चन्द्रगढीबाट मलाई काठमाडौँ जेल सरुवा गरियो। जेल सरुवा हुँदा सीपी कमरेड र म सँगसँगै परेछौँ। उहाँ पुरुष जेलतिरबाट निस्कनुभयो, म महिला जेलतिरबाट। प्रहरीले हामीलाई शा.ने.वा.नि.जहाजबाट काठमाडौँ लगियो। जहाजबाट ओर्लिएपछि हामीलाई अञ्चलाधीश कार्यालयमा पुऱ्याए। अञ्चलाधीश कार्यालयबाट बयान लिएपछि महिला सदर जेलमा पुऱ्याए। मलाई जेलको एउटा रित्तो कोठाभित्र थुनेर बन्द गरिदिए। मच्छड र उडुसले भने रातभिर टोक्थ्यो। जेलमा राजनीति गरी भनेर मलाई फेरि अर्को कोठामा लगियो। पश्चिमपट्टिको चिसो कोठामा थुने। त्यो कोठा त दिउँसै तर्साउला जस्तो रहेछ। कोठाभित्र शौचालय थिएन। पाँच दिनसम्म एउटै डिब्बामा दिसापिसाब गर्नुपर्थ्यो। त्यसपछि लिन आउँथे। पहिले पहिले त गन्हाएर बसिसक्नु भएन। पछि बानी पऱ्यो। ढोकामा महिला प्रहरी रुँगेर बस्थी। कोठाभित्र उडुस, उपियाँ, कीरा हिँड्थे। झिँगा, मच्छड त मुखभित्रै पस्न खोज्थे। हाइ गर्दा पनि हत्केलाले मुख छोप्नुपर्थ्यो।

०३५ सालको कुरा हो, मेरो स्वास्थ्य साह्रै जीर्ण भएपछि जेल प्रशासनलाई 'उपचार गराइदे' भनेर माग राखेँ। कैदीलाई हेर्न डाक्टर पनि आयो। उसले टी. बी. लागेको कुरा गऱ्यो। खानेकुरामा बन्देज लगायो। उसिनेर मात्र खानुस् भन्यो। तपाईं नियमित इन्जेक्सन लगाउनुपर्छ भन्यो। इस्टेप्टोमाइसिन भन्ने औषधि राखेर सुई दिन थाल्यो। मलाई टी. बी. लागेको हल्ला भएपछि कैदीहरू भाग्न थाले। 'सर्छ सर्छ' भनेर तर्कन थाले। त्यसपछि मलाई एक्लै राखे। कसैसँग भेटघाट गर्न दिएनन्। धारामा पानी लिन जानसम्म दिएनन्। गाली गर्थे। नाक थुन्थे पर जा, पर जा भन्थे। कमजोर शरीर, भोको पेट, कडा इन्जेक्सन, म त दिनदिनै सुक्दै गएँ। इन्जेक्सन लगाउन थालेपछि झन् झन् नयाँ समस्याहरू देखा पर्न थाले। शरीर पोल्न थाल्यो। असह्य पीडा हुन थाल्यो। पीडाका कारणले म रुन थालेँ। चिच्याउन थालेँ। बरबराउन थालेँ। पागलले जस्तो हाँस्न थालेँ। यस्तो अवस्था हुन थालेपछि एक दिन मैले डाक्टरलाई भनेँ, 'भो नलगाइदेऊ मलाई यस्तो सुई। म टी.बी. रोगी हैन।' तर डाक्टर मानेन। ऊ त सम्झाउन पो थाल्यो। मलाई डाक्टरको कुरा नक्कली लाग्यो। यिनीहरूले षड्यन्त्र गरेर मार्न खोजेका हुन् कि भन्ने शंका लागेपछि विद्रोह गरेँ। मलाई डोरीले बाँधेर सुई हान्न थाले। पीडा झन् बढ्यो। एक सय पन्ध्रवटा इन्जेक्सन लगाइसकेपछि म ढलेँ। पूरै बेहोस भएँ। मेरो अवस्था देखेपछि जेलभित्र हड्ताल भएछ। तुरुन्त उपचार गर, अस्पताल लैजाऊ भनेर भन्न थालेछन्। आन्दोलन भएछ। त्यसपछि मलाई वीर अस्पताल लगियो। अस्पतालमा तीन दिन राखे। अस्पतालमा एक जना डाक्टर र एक जना नर्सलाई बाहेक कसैलाई भित्र पस्न दिएनन्। डाक्टर चाहिँ विदेशी रहेछन्। उनले मलाई सबै कुरा सोधे। त्यो इन्जेक्सन औषधि होइन, विष हो, स्लो पोइजन हो भने। तपाईंलाई टिबीसिबी केही छैन, बेलामा खानु, सुत्नु भने। इन्जेक्सन लगाउन छुटेपछि मेरो स्वास्थ्य फेरिदै आयो। पोल्न पनि हरायो। सबै कुरा थाहा पाउन थालेँ।

# जेल जीवनका नौ वर्ष



डोल्मामाया गोले

ललितपुरको कालेश्वर हो मेरो घर। मेरो नाम डोल्मामाया गोले। अहिले म महाङ्काल गाउँपालिकाको उपाध्यक्ष छु। माओवादीबाट प्रतिनिधित्व गरेर यो पदमा निर्वाचित भएकी हुँ। राजनीति बुझ्नै बाँकी छँदा म प्रहरी गिरफ्तारीमा परेँ। मैले पढेको विद्यालय बाघभैरब मावि हो। अहिले उच्च मावि भएको छ। त्यतिखेर कालेश्वरमा राज्यको उपस्थिति थिएन। विद्यालयमा माओवादीका कार्यक्रमहरू हुन्थे। कार्यक्रममा अभिव्यक्त विचार सुन्दा जूरुकजुरुक भइन्थ्यो। त्यसै क्रममा म पनि माओवादीको अभियानमा सामेल हुन पुगेँ। माओवादी अभियानमा लागेको ४२ दिन मात्रै भएको थियो। पार्टी, राजनीति र माओवादीको मुक्ति अभियान बुझ्नै बाँकी थियो। २०५५ साल असार ३१ गते ठुलादुर्लुङबाट गिरफ्तार भएँ। त्यतिबेला मँसँगै सात जना समातिएका थिए। गिरफ्तार गरेपछि हामीलाई प्रहरीले निकै आततायी र बर्बरतापूर्वक यातना दियो। गिरफ्तार गरेको रात सबैजनालाई ठुलादुर्लुङमा नै राख्यो। ललितपुरका प्रहरी जति सबै त्यतै आएका थिए जस्तो लाग्छ। जता हेरे पनि प्रहरी नै प्रहरी थिए।

शब्दले भन्न नमिल्ने र नसकिने यातना गिरफ्तारीका बेलामा पायौँ। इज्जत सबैको हुन्छ। हाम्रो समाजमा छोरीचेलीको इज्जतको कुरा धेरै महत्वपूर्ण रहन्छ। सबै दर्जनौँ कपडालाई गाँठो पार्दा पनि हामी निर्वश्त्र नै हुन्थ्यौँ। यो भन्दा पीडाको रूप अरु के होला ? प्रहरीले दिएको यातनाको वर्णन गर्दा आङ नै सिरिङ्ग हुन्छ। अहिले पनि यो घटना र दिन सम्झँदा शरीरभरी काँडा नै उम्रन्छ। कुटपिटभन्दा पनि बढी अन्य यातना दिए। अन्य यातनाका अगाडि कुटपिट त सामान्य झैँ लाग्ने रहेछ। छोरीमान्छेलाई दिइने निकृष्ट यातना ! यातनाको पराकाष्टा ! यति मात्रै भन्न सक्छु। अरु थप बयान र व्याख्या गर्न सक्दिनँ। नौ वर्ष जेलमा राखियो। निस्किएपछि काभ्रेमा हामीलाई सम्मान गरियो। घटना परिघटनाको समीक्षा गरियो। त्यतिबेला निकै सन्नाटा छायो। शङ्कर अधिकारी हाम्रो कमाण्डर हुनुहुन्थ्यो। उहाँले अभिव्यक्त गरेका शब्द सुन्ने जो कोहीको आङ सिरिङ हुन्थ्यो। प्रहरीले गरेको ज्यादती जीवनभर बिर्सन सकिँदैन।

हामी सबैलाई एक रात ठूलादुर्लुङमा नै राख्यो। अर्को रात गोटीखेलको इलाका प्रहरी कार्यालयसम्म ल्याएर त्यहीँ राख्यो। त्यहाँ शारीरिकभन्दा बढी मानसिक यातना दियो। अर्को दिन बाँधेर हिडाउँदै ललितपुरको सदरमुकाम जावलाखेलसम्म ल्यायो। सो क्रममा बाटोमा प्रहरीले धरैधेरै यातना दियो।

कुट्दै पिट्दै ! गोठालाले पनि गाईवस्तुलाई त्यति पिटेको मैले देखेको छैन। त्यसपछि प्रहरीको पोशाकप्रति नै जागेको घृणाभाव अहिलेसम्म फर्केको छैन। ललितपुर भए पनि दक्षिण ललितपुर त्यसमा पनि ठूलादुर्लुङ-कालेश्वर क्षेत्र निकै अभावमा थियो। अभावले नै कलिलै उमेरमा माओवादी आन्दोलनमा डोहोऱ्यायो। तर, माओवादी नै बन्न बाँकी छँदै मलाई प्रहरीले गिरफ्तार गऱ्यो। लागेकै दिनदेखि बन्दुक समातेको त हो। पार्टीको सदस्यता भने जेलबाट छुटेपछि २०६४ सालमा मात्रै लियौँ। माओवादीको अभियानमै लागेकाले समातेको हो।

गिरफ्तार गर्ने क्रममा ठुलादुर्लुङको एक घरमा हामी थियौँ। चारैतिरबाट प्रहरीले घेरिसकेछ। केही बेर भित्रै लुक्यौँ। लुकेर के साध्ये ? बाहिर गोली बर्साउन थाल्यो। घरको भित्तामा गोली नलागेको ठाउँ नै थिएन। प्रहरीले मकै भुटे जसरी गोली चलाएको थियो। आफ्नै अगाडि साथी ढले पनि मलाई एकदमै निन्द्रा लागेजस्तो भएको थियो। जतातत्तै रगत ! अचेत जस्तै ! अवाक !सबैभन्दा बढी मानव अधिकार उल्लङ्घन त्यही घटनामा भएजस्तो। कस्तो कस्तो ? वर्णन गर्नै सक्दिन। एउटा राम्रो कथाकारले भए भावभङ्गी मिलाएर भन्थ्यो होला। लेखकले लेख्थ्यो होला। तर मैले व्याख्या गर्न सक्दिनँ। बन्धुकको कुन्दाले कुटपिट गरेका कारण अहिलेपनि पिठ्यूँमा दुख्छ। बुटले पनि निकै बजारे। चिसो मौसममा असैह्य पीडा हुन्छ। त्यतिबेलाकै यातनाका कारण अहिले पनि म दुखाइ खेपिरहेकी छु।

कारागारमा शारीरिक यातना भएन। मानसिक यातना धेरै थियो। हामीलाई भेट्न आएका आफन्तलाई निकै करकार गर्ने। भेट्न नदिने। भेट दिइहाले पनि सुरक्षाकर्मी साथै बस्ने। लामो समय कुरा गर्न नदिने जस्ता व्यवहार जेलमा हामीले बारम्बार भोग्यौँ। सुरूका दुई महिना डिल्लीबजार जेलमा राख्यो। ललितपुरमा महिला जेल नभएका कारण हामीलाई काठमाडौँको डिल्लीबजार पठाएको हो। सेन्टर जेलमा स्कुल छ भन्ने सुनेका कारण हामीले नै पहल गरेर त्यहाँ सरुवा माग्यौँ। पढ्दापढ्दै माओवादीमा



**बायाँबाट सानुमाया वाइवा, सविता लामा र डोल्मामाया गोले सेन्ट्रल जेलमा**

लागियो। माओवादीमा लाग्दालाग्दै गिरफ्तार भइयो। अब बाँकी समय पढ्नु पर्छ भन्ने भावना जागृत भएका कारण हामी सेन्टर जेलमा जान चाहेका थियौँ। स्वर्ग र नरकको व्याख्या गर्नु पऱ्यो भने म जेललाई नर्कका रूपमा लिन्छु। जेल भित्र भित्री प्रशासन हुन्छ। जेलमा परेकाहरूकै प्रशासन हो त्यो। त्यसलाई आन्तरिक प्रशासन भने पनि हुन्छ। त्यहाँ जति बन्दीहरू जान्छन्, स्वतन्त्र रूपमा बस्न पाउँदैनन्। नाइकोको मातहतमा बस्नु पर्छ। नाइकेले भनेको मान्नु पर्छ। चामल र पैसालाई एक ठाउँमा जम्मा गरेर सामूहिक रूपमा खर्च गर्दा बच्दो रहेछ। त्यसमा उनीहरूकै मनपरी चल्दोरहेछ। म स्वत:स्फुर्त खान्छु भनेर खान नपाइँदोरहेछ। नयाँ सत्ता प्राप्तिको अभियानमा लागेका हामी जेल भित्रको अर्को सत्ताको दबदबामा पऱ्यौँ। राजबन्दीहरूलाई एकै ठाउँमा नराखेर विभाजन गराएर राख्ने रहेछन्।

असोज १ गते हामी सेन्टर जेलमा गएका हौँ। त्यही दिन त्यहाँ भएका माओवादीहरू आन्दोलनमा रहेछन्। गुन्द्री लिएर अनसनमा जेलभित्रको गेटमा आएका उनीहरूसँग हामी एकाकार भइहाल्यौँ। हामीले जेलभित्र कस्तो के छ भन्ने थाहा नपाउँदै आन्दोलनमा होमियौँ। उहाँहरूको माग राजबन्दीलाई एउटै कोठामा राख्नुपर्ने थियो। त्यसमा हामी असहमत हुने कुरै भएन। पाँच दिनसम्म पानी मात्रै खाएर अनसनमा बस्यौँ। त्यसपछि फलफूल खान थाल्यौँ। नौ दिनसम्म हामी अनसनमा बस्यौँ। हामी राजबन्दीलाई एउटा कोठा दिने भनेपछि हाम्रो आन्दोलन सकियो। नाली त्यहीँ थियो। फोहोरको डङ्गुर त्यस्तै ! त्यस्तो फोहोर मैले अहिलेसम्म अन्यत्र कतै देखेको छैन। शौचालयको बेहाल अवस्था भनिसक्नुको थिएन। ओढारजस्ता कोठा। त्यसपछि नछुट्नेबेलासम्म हामी सेन्टर जेलमा नै रह्यौँ। शान्ति सम्झौताभन्दा पछाडि मात्रै हामीलाई रिहा गरियो। जेलबाट बाहिरिएपछि एक महिना पार्टी काममा नै लाग्यौँ। एक महिनापछि मात्रै बिदा लिएर घर गएँ। १४ वर्षकी बालिका अवस्थामा मलाई जेल लगियो। जेलमा नै बसेर मैले कम्युनिष्ट आन्दोलन बुझेँ। समग्रमा जीवन र जगतका बारेमा जानकारी लिने अवसर मिल्यो। जेलबाहिर आएपछि मुक्त आकाशमा आए जस्तै भयो। अर्कै संसार। अर्कै परिवेश। त्यसमाथि शान्ति सम्झौता भएपछिको रौनक ! बाहिरी दुनियाँ नै बेग्लै। उल्लास। उमङ्ग।


म भावनामा बग्ने मान्छे हुँ। त्यही भावनाले गर्दा माओवादीमा डोहोऱ्यायो। त्यहाँ पनि राष्ट्र परिवर्तनको सम्भावना खोजिरहेँ। माओवादीले १० वर्ष आन्दोलन गऱ्यो। गाउँ सबै कब्जा गऱ्यौँ। जन सत्ता पनि जमायौँ। भ्यालीमा लडाइँ गर्दा बढी जनताहरू मर्ने सम्भावना भएको हुनाले हामी सम्झौताको राजनीतिमा आयौँ जस्तो लाग्छ। यदि हामी सम्झौताको राजनीतिमा आएका थिएनौँ भने हिजो हामीले जे भनेका थियौँ त्यो लागु गर्ने सम्भावना हुन्थ्यो। सम्झौता भनेपछि त सबै हामीले भनेजस्तो र अरुले भनेजस्तो हुँदैन नि ! त्यसैले मिसमास भयो। अहिलेको परिणाम पनि त्यही हो। सबै माओवादीको जस्तो पनि भएन, सबै एमालेको जस्तो पनि भएन, सबै कांग्रेसको जस्तो पनि भएन। सबै दलहरू मिल्दा एउटा खिचडी सरकार बन्यो। खिचडी कार्यक्रम बन्यो र खिचडी सेवा प्रवाह भयो।

*(गोलेसँग रमेशप्रसाद तिमल्सिनाले गर्नुभएको कुराकानीमा आधारित)*

इतिहासको पानाबाट

# कारागारभित्र कारागार

## नेपालमा बन्दी महिलाको अवस्था




"जेलहरू राज्यको उत्पत्ति सँगसँगै बनेका होलान्" नेपालका कारागारहरूको इतिहास पत्ता लगाउन खोज्ने मानिसले अन्तत: यही निचोडमा पुग्नु पर्दछ। नेपालमा कारागारहरू कहिलेदेखि बन्न थाले ? कारागारको ऐतिहासिक स्वरूप र संरचना कस्तो थियो ? नेपालमा सबैभन्दा पहिले बनेको कारागार कुन हो ? नेपालको पहिलो कारागार कुन राजाका पालामा बनेको हो ? सबैभन्दा पहिले नेपालमा कुन ठाउँमा कारागार बनेको थियो ? त्यो कारागार बनाउने अवधारणा कसले अघि सारेको हो ? यी यस्ता अनुत्तरित प्रश्नहरू हुन्, जसको जवाफ नेपालको इतिहासका पानाहरूमा भेट्टाउन सकिदैन। त्यसैले, नेपाल राज्यको उत्पत्तिसँगै कारागारहरू पनि बन्न थालेका हुनुपर्छ भन्ने अनुमानमै इतिहासकारहरूले पनि चित्त बुझाएका छन्।

अपराधलाई नियन्त्रण गर्नु राज्यको काम हो। आफ्नो राज्यको भौगोलिक सीमानाभित्र हुने अपराधलाई नियन्त्रण गर्ने र अपराधीलाई दण्ड दिने काम राज्यहरूले स्थापनाकालदेखि नै गर्दैआएका छन्। नेपाल पनि यसको अपवाद होइन। नेपालको प्राचीन शासन विधि धर्मद्वारा निर्देशित थियो। त्यसैले प्राचीन नेपालमा अपराधीलाई दण्ड दिनका लागि धर्मको आड लिइन्थ्यो। समाजलाई धर्मका आधारमा विभिन्न वर्ण र जातहरूमा वर्गीकरण गरिएको थियो। त्यसैले प्राचीन नेपाली समाजमा पाप र धर्मका आधारमा अपराधीहरूलाई कठोर शारीरिक दण्डहरू दिइन्थ्यो। गम्भीरखालका अपराधहरूमा तल्लो जातका मानिसलाई कठोर शारीरिक दण्ड दिने चलन थियो। उच्च जातका मानिसले गर्ने सामान्यखालका अपराधहरूमा चाहिँ प्रायश्चित गराउने र जरिबाना गर्ने

चलन थियो।

प्राचीन नेपालको राज्य सञ्चालन प्रक्रिया र राज्य व्यवस्था धर्मका आड र निर्देशनमा चल्ने भएकाले अपराधीलाई धर्मकै आधार र निर्देशन बमोजिम दण्डित गरिन्थ्यो। गम्भीर अपराधमा संलग्न भएका अपराधीहरूलाई दण्ड दिँदा प्राय:जसो मृत्युदण्ड दिइन्थ्यो। मृत्युदण्ड दिँदा अपनाइने विधिहरू पनि कठोर थिए। मृत्युदण्ड दिँदा अपराधीलाई पेटमा सुइरोले रोपेर, घाँटीमा धारिलो हतियारले रेटेर तथा घाँटीमा झुण्डाएर मृत्युदण्ड दिइन्थ्यो। मृत्युदण्ड बाहेकको कठोर शारीरिक दण्ड दिँदा अपराधीको नाक र कान काटिदिने, जीब्रो थुतिदिने, आँखा निकालिदिने चलन थियो। यस बाहेक शारीरिक दण्ड दिन हात, हातका औंला, खुट्टा तथा शरीरका अरू सम्वेदनशील अङ्गहरू काट्ने जस्ता डरलाग्दा विधिहरू अपनाइन्थे।

सामान्य मानिस अथवा रैती र शासक वर्गलाई एउटै अपराधमा पनि दुई अलग-अलग विधिबाट दण्डित गरिन्थ्यो। रैतीहरूमा पनि ब्राम्हण, क्षेत्री, वैश्य र सुद्रहरूले जात अनुसारको दण्ड भोग्नुपर्थ्यो। ठूल-ठूला पदमा बसेका मानिसले जतिसुकै गम्भीर अपराध गरे पनि तिनलाई शारीरिक दण्ड दिनुको साटो थुन्ने चलन थियो। थुन्ने ठाउँ कहाँ थियो र कस्तो अवस्थाको थियो भन्ने कुरा कतै उल्लेख गरिएको पाइँदैन। तैपनि यस्ता मानिसलाई "कठोर निगरानी" र "बन्धन "मा राखिन्थ्यो भन्ने कुरा इतिहासमा पाइन्छ। "कठोर निगरानी" र "बन्धन" को प्रकृति कस्तो हुन्थ्यो भन्ने कुराको स्पष्ट तस्वीर भने कतै पनि पाइँदैन। यसैगरी, ब्राम्हण र महिलाहरूप्रति राज्य केही "उदार" र "सम्वेदनशील" थियो भन्ने पनि इतिहासकारहरूले उल्लेख गरेका छन्। ब्राम्हण र महिलाले गम्भीर अपराध गरे पनि उनीहरूलाई सितिमिति मृत्युदण्ड दिइँदैनथ्यो। महिलालाई मृत्युदण्ड दिँदा "स्त्रीहत्या" र ब्राम्हणलाई मृत्युदण्ड दिँदा "ब्रम्हहत्या" लाग्ने भयले महिला र ब्राम्हणले गम्भीर अपराध गरे पनि "कठोर निगरानी" र "वन्धन" मा मात्रै राखिन्थ्यो। "ब्रम्हहत्या" र "स्त्रीहत्या" प्राचीन सामाजिक मान्यता अनुसार महापापभित्र पर्दथे। त्यसैले राज्य स्वयं पनि "ब्रम्हहत्या" र "स्त्रीहत्या" गरेर महापापको भागीदार हुन चाहदैनथ्यो। यति कुरा स्पष्ट भए पनि त्यसबेला यस्ता मानिसलाई नियन्त्रणमा राख्ने विधिहरू कस्ता थिए भन्ने प्रश्नको जवाफ कतै पाइँदैन।

काठमाडौंको नागस्थानमा जीर्ण र भग्न अवस्थामा रहेको केन्द्रीय कारागारलाई नै अचेल नेपालको पहिलो कारागार भन्ने गरिएको छ। तर, यस कारागारलाई नेपालकै पहिलो कारागार भनेर मान्नका लागि पर्याप्त आधारहरू छैनन्। वि.सं. १९५१ साल (सन् १८९४) मा बनेको यो एक सय तीन वर्ष पुरानो कारागार हो। यो नेपालमा चलनचल्तीमा रहेको। सबैभन्दा पुरानो कारागार पनि हो। तर, वि.सं. १९५१ अगाडि पनि नेपालमा मानिसलाई कारागारमा थुनिएको तथ्य भेटिन्छ। नेपालमा चलनचल्तीमा रहेको सबैभन्दा पुरानो केन्द्रीय कारागार बन्नु अगाडि वि.सं. १८९१ सालमा काठमाडौंको कारागारबाट चारजना मानिस भागेका थिए। त्यसवेला फलामे सिक्री काटेर भागेका यी मानिसहरूलाई कुन ठाउँमा थुनेर राखिएको थियो, त्यो चाहिँ अझै पनि खोजीकै विषय छ।

वि.सं. १९१० सालमा श्री ५ सुरेन्द्रको पालामा नयाँ मुलुकी ऐन तर्जुमा

भयो। त्यसैको हाराहारीमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले जेलको पनि थिति बाँधेका थिए। जंगबहादुर राणाले जेलको थिति बाँध्न त्यसबेला ऐन नै बनाएका थिए भनेर कतिपय विद्वानहरू दावी गर्दछन्, तर त्यो थितिको विषयमा पनि पर्याप्त खोजीनिती भएको पाइँदैन। नेपालका पहिला प्रधानमन्त्री भीमसेन थापालाई लगनटोलको एउटा पाटीमा पालोपहरा सहित थुनिएको थियो। जंगबहादुर राणाले स्वयं आफ्नै भाइलाई थुन्नका लागि भारतको बेतिया जेलमा पठाएका थिए। नेपालका आदिकवि भानुभक्त आचार्यलाई बसन्तपुरको कुमारी चोकमा थुनिएको थियो। उच्च पद र प्रतिष्ठा पाइसकेका यी व्यक्तिहरूलाई थुन्नका लागि तत्कालीन अवस्थामा उपयुक्त, सुविधाजनक र सुरक्षित कारागार नेपालमा थिएनन् भन्ने

निष्कर्षमा पुऱ्याउन यी तथ्यहरू आफैंमा पर्याप्त छन्। यति हुँदाहुँदै पनि यी घटनाहरू हुँदा र त्यस अगाडि नेपालमा कारागार थिए भन्नका लागि इतिहासका पुस्तकहरूमा पर्याप्त तथ्य र आधारहरू पाइन्छन्। त्यसैले नेपालमा बनेको पहिलो कारागारको अवस्था कस्तो थियो आदि कुराहरू हालसम्म पनि ओझेलमै परेका छन्।

जंगबहादुर राणाले जेलको थिति नबाँधेसम्म पनि नेपालमा कारागारहरू त थिए, तर ती कारागारहरू व्यवस्थित रूपले सञ्चालन गरिएका थिए भन्न पर्याप्त आधारहरू छैनन्। जेलको थिति बाँधिएपछि पनि वि.सं. १९५१ सालसम्म जेलको व्यवस्थापन कसरी गरिन्थ्यो भन्ने कुरा बुझ्न पर्याप्त सामग्री पाइदैनन्। त्यसैले नेपालका कारागारहरूको सिलसिलावद्ध इतिहास खोज्दै जाँदा एक सय तीन वर्षअगाडि पुग्न धेरै कठिनाइहरू छन्। वि.सं. १९५१ सालपछि नेपालमा बनेका कारागारहरूलाई पनि विभिन्न कालखण्डका आधारमा विभाजन गर्नुपर्ने अवस्था छ।

राणा शासनको उत्तरार्द्धतिर नेपालमा कारागारहरू बनाउने सिलसिलाबद्ध शृङ्खला सुरु भयो। राणा शासनको विरोधमा देशभित्र र बाहिर राजनीतिक गतिविधिहरू बढ्न थालेपछि नेपालमा योजनावद्ध रूपले कारागारहरू बन्न थालेका हुन्। राजनीतिक गतिविधिहरू सुरु हुनु अगाडि सुरक्षित र आधुनिक कारागारहरूको निर्माण, सञ्चालन र व्यवस्थापन भएको देखिँदैन। त्यसैले नेपालका कारागारहरूको निर्माण, व्यवस्थापन र सञ्चालन ऐतिहासिक राजनीतिक आन्दोलनको पृष्ठभूमिमा विकसित भएको अनुमान गर्न सकिन्छ।

राणा शासनको पतनपछि कारागार निर्माण गर्ने प्रक्रिया लगभग ठ्याप्पै रोकियो। त्यसपछि २०२१ सालदेखि फेरि कारागारहरू बन्न थाले। नेपालमा हाल प्रयोगमा रहेका धेरैजसो कारागारहरू राणा शासनकालमा, र पञ्चायती शासनकालमा बनेका देखिन्छन्। उल्लेखयोग्य छ, नेपालमा जे-जति कारागारका बने, ती सबै निरङ्कुश राजनीतिक शासन व्यवस्था भएको अवधिमा बने। त्यसैले नेपालका कारागारहरूलाई निरङ्कुश शासन प्रणालीका उपज पनि मान्न सकिन्छ। यस निरङ्कुश शासन प्रणालीभित्र पनि राणा शासनकाल र पञ्चायतकालमा बनेका कारागारहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ। यस्तो वर्गीकरण गर्नैपर्ने कारण- यी दुवै अवधिमा बनेका कारागारहरूका आ-आफ्नै खाले विशेषता छन्। दुवै अवधिमा बनेका कारागारहरुको आ-आफ्नै पहिचान र विशिष्टता छ।

**राणा शासनका बिम्बहरू**

वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना हुनुअगाडि बनेका र हालसम्म प्रयोग भइराखेका कारागारहरू नै नेपालका महत्वपूर्ण कारागारहरू हुन्। मानिस थुन्नसक्ने क्षमताको दृष्टिले सबैभन्दा ठूलाठूला कारागारहरू यसै अवधिमा बनेका थिए। केन्द्रीय कारागार काठमाडौँ, वीरगञ्ज कारागार र पाल्पा कारागार अहिले पनि देशका सबैभन्दा ठूला कारागारहरू हुन्। यी तीनवटै कारागारहरू राणा शासनको मध्यकाल र उत्तरार्द्धमा बनेका थिए। नेपालको तराईमा यस अवधिमा मोरङ, रौतहट, रूपन्देही र कैलालीमा पनि ठूल-ठूला कारागारहरू बनेका थिए। पूर्वाञ्चलको मुख्य गौंडा धनकुटामा पनि यसै अवधिमा कारागारको निर्माण गरिएको थियो।

पहाडी क्षेत्रमा राणाकालमा बनेको काठमाडौँको केन्द्रीय कारागार बाहेक अरू कारागारहरू अत्यन्त जीर्ण र अस्वथ्य त थिए नै, सुरक्षाको दृष्टिले पनि यी कारागारहरू अत्यन्त कमजोर थिए। त्यस अवधिमा बनेको धनकुटा कारागार र मोरङ कारागार वि.सं. २०४५ सालको भूकम्पमा परेर ध्वस्त भए। अरू कारागारहरू चाहिँ अहिलेसम्म प्रयोग भइराखेका छन्। राणा शासनकालमा बनेका तराईका अधिकांश कारागारहरू आज पनि सुरक्षाको दृष्टिले अत्यन्त बलिया मानिन्छन्। यसको ठीक विपरीत, त्यस अवधिमा पहाडी क्षेत्रमा बनेका कारागारहरू सुरक्षाको दृष्टिले अत्यन्त कमजोर र अव्यवस्थित छन्।

राणा शासनकालमा तराईमा निर्माण गरिएका कारागारहरूमा फलामका ढोका, सखुवाका बलिया र ठूल-ठूला काठहरू, ईंटाको पर्खाल, इँटामा मास र लाहाको जोडाइ तथा लामाछोटा, डोला र चेप्टा फलामे छडहरूको भरमार प्रयोग गरिएको छ। राणा शासनकालमा बनेका र हालसम्म प्रयोग भइराखेका वीरगञ्ज कारागार, कैलाली कारागार, रौतहट (गौर) कारागार, जलेश्वर (महोत्तरी) कारागार, रूपन्देही ( भैरहवा) कारागार तथा भत्किसकेको मोरङ कारागार (हाल महिला बन्दी थुन्न प्रयोग भइराखेको) हरूका अग्ला, चौडा र डोला पर्खालहरू, कारागारको झ्याल र ढोकामा प्रयोग गरिएका डोला र चेप्टा फलामे छडहरू तथा लाहा र मास जोडेका राता ईंटाहरूबाट बनेका बज्रजस्ता भित्ताहरूले अति बलियो गरेर बनाइएको स्पष्ट पार्दछन्। त्यसबेला तराईमा कारागार बनाउँदा सुरक्षाको दृष्टिकोणलाई सर्वाधिक महत्व दिइएको थियो। तराईमा यस अवधिमा बनेका अधिकांश कारागार भवनको छानो समेत पक्की छ।

त्यसबेला पहाडी क्षेत्रमा कारागारहरू बनाउँदा सुरक्षाको दृष्टिकोणलाई उतिविधि महत्व दिएको देखिँदैन। त्यतिबेला निर्माण गरिएका पहाडी भेगका धेरै कारागारहरूमा चारैतिरबाट लगाइने सुरक्षा पर्खाल समेत छैन। कारागार भवनको बाहिरी भित्तोलाई नै सुरक्षा पर्खालको रूपमा प्रयोग गरिएको छ। पहाडी क्षेत्रका कारागार भवनहरू कतै माटो र ढुङ्गो जोडेर तथा कतै माटो र ईंटाको जोडाइबाट बनेका छन्। प्रशासनिक गौडाको रूपमा परिचित पाल्पा र धनकुटा कारागारको वरिपरि सुरक्षा पर्खाल त बनाइएको थियो, तर चाक्लो र बाक्लो भए पनि त्यो पर्खाल औधि होचो थियो। निर्माण गर्दाकै अवस्थादेखि पहाडमा बनेका अधिकांश कारागारहरू सरसफाइका दृष्टिले अत्यन्त अस्वस्थकर थिए। अनेकौं पटकको सुधारपछि

सृजना भएको अहिलेको स्वरूपले यसै तथ्यलाई स्पष्ट पार्दछ। राणाकालमा पहाडी क्षेत्रमा बनाइएका कतिपय कारागारहरू अँध्यारा, चिसा, घाम र हावा समेत नपस्ने गरेर बनाइएका थिए। उपत्यका बाहिरको निकै पुरानोमध्ये एक मानिने तराईको घोराही (दाङ) कारागारको अवस्था अनेकौं सुधारपछि अहिले पनि उल्लेख गर्नैनसक्ने दुर्दशाग्रस्त छ।

राणाकालमा पहाडमा बनेका र हाल प्रयोग भइराखेका कारागारहरूमध्ये सिन्धुपाल्चोक, ताप्लेजुङ्ग, नुवाकोट, दोलखा, प्यूठान र डोटी कारागारको अवस्था अत्यन्त गएगुज्रेको छ। मकवानपुर, नवलपरासी र प्यूठान कारागार अनेकौ सुधारपछि आज पनि तबेला जस्तै छन्। पहाडी क्षेत्रका धेरै कारागारहरू भित्रपट्टि आँगन निकालेर चारकुने आकारमा निर्माण गरिएका छन्। यी सबै कारागारहरूभित्र पस्नासाथ निरोगी मानिस समेत रोगी हुने अवस्था छ। चारकुने भवनहरू प्राय: दुईतले छन्। माथिल्लो तला खाली भए पनि बन्दीहरूका लागि प्राय:जसो भुइतला छुट्याइएको छ। भूइतलामा झ्याल र प्वाल समेत छैनन्। फलत: बन्दीले सास फेर्ने स्वस्थ हावा समेत पर्याप्त मात्रामा पाउदैनन्। भुइतलाका कोठाहरू अत्यन्तै चिसा र अँध्यारा पनि छन्।

राणा शासनकालको उत्तरार्द्धतिर पहाडका मुख्यमुख्य गौंडाहरू र तराई क्षेत्रको नेपाल भारतबीचका नाकाहरूमा कारागारहरू बने। त्यसबेलासम्म जिल्लाजिल्लाका सदरमुकामहरूमा अहिलेजस्तो धेरै कारागारहरू थिएनन्। अहिले पनि नेपालका ७५ जिल्लामध्ये चारवटा जिल्लामा कारागार छैनन्। राणा शासनकालमा कति कारागार बने ? वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना हुँदा नेपालमा कति कारागार थिए, किटान गरिहाल्न अप्ठेरो छ। जे होस्, तराईबाट भारत पस्ने मुख्यमुख्य नाकाहरू र प्रशासनिक दृष्टिले महत्वपूर्ण पहाडी गौंडाहरु बाहेक वि.सं. २००७ सालसम्म नेपालमा अहिलेजस्तो छ्यास्छ्यास्ती कारागारहरू थिएनन्।

## योजनाबद्ध अभियान

राणा शासनको पतनसँगै कारागार बनाउने काम रोकियो। पञ्चायती शासनको जग बलियो हुँदै गएपछि वि.सं. २०२१ सालदेखि फेरि कारागारहरु बन्न थाले। वि.सं. २०२१ सालमा मेची अञ्चलको झापामा पञ्चायती शासनकालको पहिलो कारागार बन्यो। त्यसपछि वि.सं.२०२५-२६ सालदेखि हरेक जिल्लाका सदरमुकामहरूमा कारागारहरू बन्न थाले। त्यसैले, पञ्चायती शासनकालको पहिलो दशक नेपालमा कारागार निर्माणको दृष्टिले औधि महत्वपूर्ण रही आएको छ। वि.सं. २०२१ सालदेखि जिल्लाजिल्लामा कारागार बनाउने कामलाई सरकारले अभियानकै रूपमा सञ्चालन गर्‍यो। यस अवधिमा बनेका कारागारहरू नै अहिले नेपालमा अत्यधिक चलनचल्तीमा छन्। दार्चुला, कञ्चनपुर, बैतडी, अछाम, तुलसीपुर, सल्यान, गुल्मी, बर्दिया, डोल्पा, हुम्ला, कालिकोट, कास्की, स्याङ्जा, चितवन, धादिङ, रामेछाप, सिन्धुली, खोटाङ, ओखलढुङ्गा, खाँदबारी, तेह्रथुम, इलाम, पाँचथर आदि जिल्लाका सदरमुकाममा यसै अवधिमा कारागारहरू बनेका हुन्।

पञ्चायतकालमा बनेका प्राय: सबै कारागारहरूको नापनक्सा एकैखालको छ।

वि.सं. २०२५-२६ सालको हाराहारीमा बनेका प्राय: सबै कारागार भवनहरूको मूलढोका बाहिरपट्टिको दाँया र बाँया भागमा कारागार प्रशासन र सुरक्षाका लागि कोठाहरू बनाइएका छन्। यी कोठाहरूको बाहिरी भित्ताको पर्खाल र कारागारको बाहिरी सुरक्षा पर्खाल जोडिएका छन्। फलस्वरूप: कारागार कार्यालय, सुरक्षा ब्यारेक तथा बन्दीहरू थुन्ने कारागृहमा पस्ने प्रवेशद्वार एउटै छ। सुरक्षा पर्खालको प्रवेशद्वारभित्र कारागार प्रशासन र सुरक्षा कार्यालयको बीचमा आँगन छ। यो आँगन कतै ठूलो र कतै सानो छ। यो ठाउँ बन्दी र आफन्तबीच हुने भेटघाटका लागि प्रयोग गरिन्छ।

यस अवधिमा बनेका कारागारहरूका पर्खाल अग्ला छन्। कारागारका भवनहरू प्राय: भुइँतले मात्र छन्। तराईका केही कारागारहरूको छानोमा सिमेन्ट ढलान गरिएको छ। पहाडमा यस अवधिमा बनेका प्राय: सबै कारागारमा टिनको छाना हालिएको छ। शौचालय र झ्यालको व्यवस्था पञ्चायतकालमा बनेका प्राय:जसो कारागारमा छ। यी विशेषताहरूले पञ्चायतकालमा योजनाबद्ध तरिकाले कारागार निर्माण गरिएको तथ्यलाई औल्याउँछन्।

यसरी, पञ्चायती शासनकाल र राणा शासनकालमा बनेका कारागार भवनहरूले सत्ता सञ्चालन गर्ने मानिसहरूको बद्लिँदो मानसिकतालाई पनि झल्काउँछन्। राणाशासनको उत्तरार्द्धतिर नै नेपालमा धेरै कारागारहरू किन बने ? यो अझै पनि खोजी र अनुसन्धानकै विषय हुनसक्छ। वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि लगभग ठप्पै रोकिएको कारागार बनाउने काम वि.सं. २०२१ सालमा फेरि सुरु भएको देखिन्छ। त्यसैले, नेपालका कारागारहरूको निर्माण र विस्तारलाई नेपालको राजनीतिक उतार-चढावसँग पनि जोडेर हेर्नुपर्छ।

### ओझेलमा परेका महिला बन्दीहरू

सामाजिक, आर्थिक तथा राजनीतिक-जस्तासुकै अपराध गतिविधिलाई नियन्त्रण गर्ने उद्देश्यले बनाए पनि नेपालमा महिलाका लागि अलग्गै कारागारको आवश्यकता सुरुमा अनुभव गरिएको देखिदैन। महिलाका लागि छुट्टै कारागार बनाउने कुरा त परैजाओस्, नेपालका कारागारमा पहिले महिलालाई कसरी थुनिन्थ्यो र कहाँ थुनिन्थ्यो, त्यो पनि थाहा पाउन सकिंदैन।

राणा शासनको उत्तरार्द्धतिर बन्न थालेका र त्यसैबेलादेखि प्रयोग गरिंदै आएका पाल्पा र काठमाडौंको केन्द्रीय कारागारमा महिलालाई थुनामा राख्न अलग्गै महिला वार्ड बनाइएको पाइन्छ। आज पनि नेपालका कारागारहरूको सञ्चालन र व्यवस्थापन गर्दा महिलाहरूका लागि अलग्गै कारागार चाहिन्छ भन्ने मान्यता अघि सारेको पाइदैन। काठमाडौंको केन्द्रीय कारागार निर्माण गर्नुअघि महिलाहरूलाई कहाँ थुनिन्थ्यो ? थुनामा के कसरी राखिन्थ्यो ? र, थुन्ने ठाउँ कस्तो थियो भन्ने प्रश्न समेत अनुत्तरित छ।

विक्रम संवत् १८९१ सालमा काठमाडौंका कारागारबाट चारजना कैदीहरू भागेका थिए। ती कैदीलाई भगाउन कैदीका आफन्त महिलाहरूले सहयोग गरेका थिए भन्नेसम्म इतिहासका पानामा भेटिन्छ। तर, कैदीलाई भगाउन सहयोग गर्ने ती महिलाहरू स्वयं थुनिएका थिए वा थुनाबाहिरै थिए भन्ने चाहिँ किटान गरिएको भेटिदैन। यसरी भाग्ने

र भाग्न सघाउने दुवैथरिलाई तत्कालीन सिपाहीहरूले पक्राउ गरेर फेरि "कठोर बन्धन" सहित थुनेका थिए। महिलालाई वि.सं. १९५१ अगाडि पनि कारागारमा थुन्ने व्यवस्था थियो भन्न यति तथ्यहरू पर्याप्त छन्। तर, त्यसबेलाको दण्डविधि अनुसार महिला बन्दीलाई कुनकुन ठाउँमा थुनामा राखिन्थ्यो भन्ने तथ्यहरू अझै ओझेलमै परेका छन्।

विक्रम संवत् १९५१ सालमा सेन्ट्रल जेल (केन्द्रीय कारागार) बनाउँदा, त्यसैबेला महिला वार्ड बनाइएको थियो कि महिला वार्ड पछि थपिएको हो भन्ने कुराको किटानी गर्न पनि त्यतिकै अप्ठेरो छ। राणा शासनकालमा त्यस कारागारमा सजाय काटेका र आजसम्म जीवित रहेका सीमित मानिसहरूमध्ये केहीले पुरुष र महिला वार्डसँगै बनेको हो भन्दछन्। कसैकसैले महिला वार्ड केही वर्षपछाडि थपिएको हो भन्ने गरेका छन्। यस विषयमा छलफल र अनुसन्धानको आवश्यकता छ। यति भएर पनि एउटा तथ्य चाहिँ निर्विवाद छ- महिलालाई थुनामा राख्न अलग्गै वार्ड चाहिन्छ भन्ने मान्यता अनुसार, नेपालमा बनाइएको पुरानो र पहिलो महिला वार्ड चाहिँ केन्द्रीय कारागारभित्रको महिला कारागार नै हो। केन्द्रीय कारागारमा अलग्गै महिला वार्ड बनिसकेपछि मात्रै पाल्पामा महिला र पुरुपलाई थुन्ने अलग-अवस्था अलग वार्ड सहितका कारागृह भवनहरू बनेका थिए।

प्राचीन समयमा दण्ड दिने विधिको उल्लेख गरिँदा पुरुषहरूलाई दिइने दण्डहरूको उल्लेख धेरै र विविधतापूर्ण तरिकाले गरिएको पाइन्छ। महिलालाई दण्ड दिने विधिको उल्लेख गर्दा यौनजन्य अपराधहरूको मात्रै उल्लेख गरिएको भेटिन्छ। यस तथ्यले त्यसबेलाको समाजमा गम्भीर खालका अपराधहरूमा महिलाको संलग्नता लगभग शुन्य जस्तै थियो भन्ने संकेत गर्दछ। यौनसम्बन्धी अपराध गतिविधिलाई नियन्त्रण गर्न त्यसबेला अपराधी महिलालाई पनि प्राय:जसो शारीरिक दण्ड नै दिइन्थ्यो। महिलालाई शारीरिक दण्ड दिँदा स्तन काटिदिने, झीरले डामी दिने, सार्वजनिक रूपले बेइज्जत गरेर घुमाउनेजस्ता सजायहरू दिइन्थ्यो। यसो गर्दा महिलाको जात र थरलाई विशेष आधार मान्ने चलन थियो। तल्लो जातको पुरुषले माथिल्लो जातकी स्त्रीसँग यौनसम्बन्ध राख्दा पुरुषलाई बढी सजाय दिइन्थ्यो। तल्लो जातकी महिलासँग उपल्लो जातको पुरुषले यौनसम्बन्ध राखे पुरुषलाई सामान्य जरिवाना गरिन्थ्यो वा प्रायश्चित मात्र गराइन्थ्यो। तर, हाडनाता करणी गर्नेलाई भने गम्भीर शारीरिक दण्ड दिइन्थ्यो। राजपरिवार, ब्राम्हण, र उपल्लो जातिका महिलासँगको यौनसम्पर्क अत्यधिक दण्डनीय थियो। महिलाहरूलाई दिइने सजायको उल्लेख गर्दा यौनसम्बन्धी कुरा मात्र उल्लेख गरिनुको अर्थ त्यसबेला, अरू खालका आर्थिक अपराधमा महिलाहरूको संलग्नता नै थिएन कि जस्तो देखिन्छ। प्राचीन नेपालका कारागारमा महिलाको सङ्ख्या अत्यन्त थोरै थियो भन्ने अनुमान गर्न पर्याप्त आधारहरू पाइन्छन्। अपराध गतिविधिमा महिलाको संलग्नता कमै छ भन्ने प्राचीन प्रवृत्तिमा आज पनि उल्लेखनीय परिवर्तन आएको भेटिँदैन।

# नेपालका कारागार : सुधारको अपेक्षा

**कारागारमा पुग्ने सबै अपराधी हुँदैनन्। अपराधको टुङ्गो लाग्न बाँकी आरोपितलाई पनि पुर्पक्षका लागि कारागार पठाउने विद्यमान कानुनी व्यवस्था रहेको छ। कारागार ऐनको दफा २(घ)को परिभाषाले कैदी वा थुनुवालाई कैद गर्नका निमित्त बनेको वा तोकिएको घर, कोठा वा त्यस्तै अरू कुनै ठाउँ र त्यस्तो घर, कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत कारागार भनिन्छ। संविधानको धारा २० मा सजाय हुने कसुर गरे मात्र सजायको भागीदार हुने, कुनै कसुरमा अभियोग लागेको व्यक्तिलाई आफूविरुद्ध साक्षी हुन बाध्य पार्न नहुने, असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता दिने, पक्राउ परेकै बेलादेखि कानुन व्यवसायी राख्न पाउने जस्ता प्रावधान छन् ।**

दण्ड दिएर अपराध न्यूनीकरण हुन्छ भन्ने सिद्धान्तलाई आत्मसात् गरेर संसारमा कारागारको अवधारणा विकास भएको देखिन्छ । सोही अवधारणाबाट संसारकै पहिलो कारागार सन् १६२५ मा बेलायतमा बनेको पाइन्छ। त्यसलाई पछ्याउँदै १९७१ सालमा नेपालमै पहिलोपटक कारागार (हालको केन्द्रीय कारागार) स्थापना गरियो । कारागारलाई व्यवस्थित गर्न २०१९ सालमा कारागार ऐन र २०२० सालमा कारागार नियमावली जारी भइ कार्यान्वयनमा रहेको छ। त्यसपछि क्रमशः कारागारलाई सजाय गृहको रूपमा नभई, सुधार गृहको रूपमा विकास गर्नुपर्दछ भन्ने मान्यताको विकास हुँदै आएको देखिन्छ। नेपालका ७७ जिल्लामध्ये धनुषा, बारा, भक्तपुर, पुर्वी नवलपरासी र पुर्वी रुकुममा कारागार छैनन्। ७२ जिल्लामा ७४ ओटा कारागार छन्। दाङ जिल्लामा घोराही र तुल्सीपुर तथा काठमाडौं जिल्लामा



विजयराज गौतम

जगन्नाथदेवल र डिल्लीबजार कारागार छन्। सजाय गर्ने पद्धतिका रूपमा कारागार प्रणाली विकसित भएको भए पनि प्रणालीमा विकृति छिर्दा वास्तविक अपराधि कारागार बाहिर र निर्दोष व्यक्ति थुनिएका घटना पनि हामीसँग छन्। कारागारभित्रै हुने झडप, आत्महत्या र बिरामी भई मर्नेको घटना त नियमित समाचारभित्रै पर्न थालिसकेका छन्। राज्यको नियन्त्रणमा र सुरक्षा घेरामा रहेका कैदीबन्दीको झडप, आत्महत्या र मृत्युका घटना मानव अधिकार उल्लङ्घनको गम्भीर विषय भएकोमा सन्देह छैन।

**घटना १**

विजयविक्रम शाह र सुन्दर हरिजन यस्तै दृष्टान्तका सार्वजनिक उदाहरण हुन्। शाहलाई पाँच वर्षको जेल सजायका लागि रोल्पा कारागारमा सजाय भुक्तानका लागि पठाइएको थियो। तर, उनी आफ्नो ठाउँमा सुन्दर हरिजनलाई जेलमा राखेर बाहिर निस्किएर प्रशासन र प्रशासन प्रणालीलाई

चक्मा दिन सफल भए । कानुनी राज्यमा यस्तो हुनु भनेको प्रणाली व्यवस्थापकको उदाहरणीय दोष हो। लापारवाही हो। हेलचेक्र्याइँ हो। विकृत रूप हो। यो घटना त्यतिबेला मात्रै सार्वजनिक भयो जतिबेला निर्दोष व्यक्तिको मृत्यु भइसकेको थियो। नेपालको कारागार इतिहासमा यो घटना कुरुप उदाहरणका रुपमा समेटिएको छ। यो एउटा घटना मात्रै होइन यसले थुप्रै विकृतितर्फ स्पष्ट सङ्केत गरेको छ ।

**घटना २**

जिल्ला कारागार खाँदबारीमा कैद भुक्तान गरिरहेका सङ्खुवासभाकै मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाङ्गी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का स्थायी घर भइ खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा बस्दै आएका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते जिल्ला कारागारका सुरक्षाकर्मीको निर्मम यातनाका कारण मृत्यु भयो। साउन २६ गतेदेखि साउन २८ गतेसम्म इन्सेकले जिल्लामा घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी लिएको जानकारी तथा विवरणले पहिलो चरणमा कारागारभित्रका सुरक्षाकर्मी र दोस्रो चरणमा कैदीबन्दीको प्रशासनभित्रका नाइके, भाइ नाइकेले दुवै जना कैदीलाई चरम यातना दिएका कारण मृत्यु भएको प्रशस्त आधारहरू इन्सेकले अनुगमनका क्रममा पाइएको जनाएको हो।

राज्यको नियन्त्रणमा रहेका र राज्यको सुरक्षा गृहभित्र कैदीको कुटपिट गरी हत्या गरिनु गम्भीर मानव अधिकार उल्लङ्घन हो। कैदी भाग्न खोजेको आरोपमा चरम यातना दिनु, कैदीबन्दीको प्रशासनलाई बुझाउन, तत्काल उपचारका लागि अस्पताल नलैजानु, अन्तिम अवस्थामा अस्पताल लैजानु, पीडित परिवारलाई समयमा जानकारी नगराउनु जस्ता कार्यले राज्यका निकायले उपयुक्त जिम्मेवारी वहन नगरेको प्रष्टै छ। कारागारभित्रै रहेका कैदीबन्दीबिचको झडप भन्ने देखाएर सरकारी प्रशासनबाट भएको यातना श्रेष्ठको मृत्युको प्रमुख कारण हो। यसलाई प्रशासनको लापारवाही मात्रै भन्दा कम हुन्छ। यो प्रशासनको ज्यादती हो। मनपरी हो। निकृष्टता हो।

**घटना ३**

जिल्ला कारागार, कैलालीमा क्षमता भन्दा चार गुणा बढी कैदीबन्दी राखिएपछि कारागारको व्यवस्थापन र शान्ति सुरक्षामा समस्या भएको छ। १ सय ५० जना क्षमता भएको जिल्ला कारागारमा हाल ४२ जना महिला, तीन जना नाबालिक सहित ६ सय ४५ जना राखिएपछि  कारागार व्यवस्थापन र शान्ति सुरक्षामा समस्या उत्पन्न भएको हो। क्षमता भन्दा चार गुणा बढी कैदीबन्दी राख्नु पर्ने बाध्यताले कैदीबन्दीहरुले एउटै कोठामा कोचिएर बस्नु पर्ने र सुत्न, खानेपानी र शौचालय जान पालो कुर्नु पर्ने अवस्था सृजना भएको छ भने प्रशासकीय व्यवस्थापनमा समेत कठिनाई उत्पन्न भएको छ।

**घटना ४**

चौकीदार मनोज लावतीको सरुवाको विषयलाई लिएर ०८० साउन १९ गते झापाको भद्रपुर कारागारभित्र दिनभर तनाव भयो । कैदीबन्दीले कारागारभित्र आगो बाले । बिछ्याइएका इँटा झिकेर प्रहरीलाई प्रहार गरे। जेल र प्रहरी प्रशासनलाई कारागार प्रवेशमै रोक लगाए । अन्ततः जेल प्रशासन लावती सरुवाको निर्णयबाट पछि हट्यो । कारागारभित्र जरो गाडेर बसेको

**पाँच वर्षमा जेलमा रहेकाहरूको तथ्याङ्क**

| वर्ष | क्षमता | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| सन् २०२२ | १३५६८ | २७४७५ | २५९४१ | १५५८ |
| सन् २०२१ | १३६८८ | २६२७९ | २४८६५ | १४१२ |
| सन् २०२० | १२४३७ | २५१२० | २३५७८ | १४४० |
| सन् २०१९ | ११८२९ | २३६१८ | २२२०१ | १४१७ |
| सन् २०१८ | १३४७५ | २१५५७ | २०१५१ | १४०६ |

*स्रोतः नेपाल मानव अधिकार वर्ष पुस्तकहरू*

कैदीबन्दीको प्रशासनको जालो यस्ता घटनाका मुल कारण हुन्। यस्ता जालो राजनीतिज्ञ र प्रशासकको जानकारीमा नभएको होइन। तर, जालो भत्काउन कोही तयार छैनन्। नाइके र चौकीदारको सरुवा वा उनीहरूको परिवर्तन झडपका मूल कारण बन्दै आएका छन्। यि पदबाट उनीहरू कारागारभित्र आफ्नो शासन सञ्चालन गर्न अभ्यास गरिरहेका हुन्छन्। तसर्थ भनिन्छ कारागारमा बाहिरी र भित्री दुई सत्ता छन्। दुई प्रशासन छन्। बेथितिको यो अर्को उदाहरण हो।

**घटना ५**

वर्षौंदेखिको पुरानो जीर्ण र चर्केको भवनमा सजाय भुक्तान गर्नु परेको डोल्पा कारागारका कैदी बन्दीले गुनासो गरेका छन्। हामीलाई अपराध गरेर जेल जीवन बिताउनु परेकोमा चिन्ता छैन, तर चिरा चिरा परेको भवनले कतै थिचिने त होइनौ भन्ने डर छ कर्तब्य ज्यान मुद्दामा सजाय भुक्तान गरिरहेका गोविन्द बुढाले गुनासो गर्नु भयो। २०३२ सालमा निर्माण गरिएको जीर्ण भवनकै कारण कहिले काही आफ्नो सजाय भुक्तान गरिसकेपछिको बाँकी जीवन परिवार आफन्तसँग बिताउने र नयाँ अध्यायको सुरुवात गर्ने सपना अधुरै होला जस्तो लाग्न थालेको उहाँको भनाई छ। साघुरो संरचना र डरलाग्दो भवनबाट मुक्त गराएर नयाँ भवनमा सार्न कैदी बन्दीहरूले बारम्बार सम्बन्धित निकायलाई मागगर्दै आएका छन्। एकातर्फ कैदीबन्दीहरूले जीर्ण भवनमा बसेर सजाय भुक्तान गरिरहँदा आफ्नो जीवनको सुरक्षा नभएको गुनासो गरिरहँदा विगत सात वर्षदेखि निर्माणाधिन नयाँ कारागार भवनले अझै पूर्णता पाउन सकेको छैन। तीन वर्ष भित्रमा निर्माण सक्नुपर्ने भवनको पटक पटक म्याद थप्दा समेत मुस्किलले कारागारको भौतिक संरचना मात्र तयार भए पनि पूर्णरुपमा तयार भइनसकेको जिल्ला कारागार डोल्पाले जनाएको छ।

इन्सेकले सन् १९९२ देखि नै नेपाल मानव अधिकार वर्ष पुस्तकमा जेलमा राखिएका कैदीबन्दीको तथ्याङ्क र जेलको अवस्थाका बारेमा विवरण प्रकाशन गर्दै आएको छ। राज्यलाई जबाफदेही बनाउनका लागि यो प्रकाशन गर्ने गरिएको हो। राज्यले संविधान, ऐनमार्फत जेलका विषयमा प्रतिबद्धता जनाउँदै आएको छ। नीतिगत सुधारका विषयमा राज्यको विशेष जोड रहेको छ। सरकारले विश्वव्यापी आवधिक समीक्षाका तीन ओटै चक्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा संविधानत कैदीबन्दी राख्ने जेलहरूको व्यवस्था छ भनेको छ। उनीहरूलाई दिने रासन,

पोशाकलगायतका सुविधा हामी समयमा नै उपलब्ध गराउँछौँ भन्ने उल्लेख गरेको छ। उनीहरूको हेरचाह र आवश्यकता अनुसार स्वास्थ्योपचार पनि गरिरहेका छौँ भन्ने सरकारको दावी रहन्छ। सरकारले सैद्धान्तिक रूपमा ठिक गरिरहेका छौँ भन्ने व्याख्या गरेको छ। तर, क्षमताभन्दा बढी कैदीबन्दी राखेको कुरा सरकारले उक्त प्रतिवेदनहरूमा उल्लेख गरेकै छैन। हिरासत र जेलमा मृत्यु भएका कुरा पनि सरकारको प्रतिवेदनले बोल्दैन। त्यसरी मान्छे मर्दा राज्यले जिम्मेवारी लिनुपर्ने हो। तर, जिम्मेवारी बहन गरेको पाइँदैन। यि विषय हामीले यूपिआरमा पनि, वर्ष पुस्तकमार्फत पनि र बेलाबेलामा अनुगमन प्रतिवेदनमार्फत पनि उठाउँदै आएका छौँ।

इन्सेकले नियमित रूपमा जेल अनुगमन गर्ने गरेको छ। हामीले कैदीबन्दीलाई मनोसामाजिक परामर्शका कार्यक्रमहरू सञ्चालन गर्छौं। जेलभित्र भएका घटनाहरूको स्थलगत तथ्य संकलन गरेर प्रतिवेदन सार्वजनिक गर्छौं। जेल भित्रको भन्ने गरिएको प्रशासनको ज्यादतीका बारेमा सरकारलाई नियन्त्रण गर्न घचघच्याउँछौँ। सरकारलाई संवेदनशील हुन आग्रह गर्छौं। हामीले खबरदारी गरिरहेका छौँ।

कारागारमा पुग्ने सबै अपराधी हुँदैनन्। अपराधको टुङ्गो लाग्न बाँकी आरोपितलाई पनि पुर्पक्षका लागि कारागार पठाउने विद्यमान कानुनी व्यवस्था रहेको छ। कारागार ऐनको दफा २(घ)को परिभाषाले कैदी वा थुनुवालाई कैद गर्नका निमित्त बनेको वा तोकिएको घर, कोठा वा त्यस्तै अरू कुनै ठाउँ र त्यस्तो घर, कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत कारागार भन्छ। संविधानको धारा २० मा सजाय हुने कसुर गरे मात्र सजायको भागीदार हुने, कुनै कसुरमा अभियोग लागेको व्यक्तिलाई आफूविरुद्ध साक्षी हुन बाध्य पार्न नहुने, असमर्थ पक्षलाई नि:शुल्क कानुनी सहायता दिने, पक्राउ परेकै बेलादेखि कानुन व्यवसायी राख्न पाउने जस्ता प्रावधान छन् ।

बेथितिका यी र यस्ता थुप्रै घटना सार्वजनिक जानकारीमा छन्। सार्वजनिक नै हुन नसकेका घटना पनि होलान्। बेथितिका यस्ता रूप र रंगलाई पन्छाएर कारागारलाई सुधार गृहका रूपमा विकास गर्नु अहिलेको प्रमुख चुनौती हो। यो चुनौतीको सामना गर्ने नेतृत्व सरकारले लिनु पर्दछ भने अन्य सरोकारवालाले सहयोग गर्नु आवश्यक छ। अब कारागारलाई बेथितिको बासबाट सुधार गृहका रूपमा रूपान्तरण गरौँ। विभिन्न कारणले अपराध गरेकालाई मानवोचित व्यवहार गरौँ। मानव मर्यादा र गरिमालाई आत्मसात गर्दै मानवीय व्यवहार गरौँ। यिनै व्यवहारले सुधारको बाटो समात्छ।

*(गौतम इन्सेकको कार्यकारी निर्देशक हुनुहुन्छ)*

**प्राचीका हालसम्म**

**प्रकाशित अङ्क तपाईंले चाहेका बेला पढ्न मिल्ने गरी इन्सेकअनलाइनमा उपलब्ध भएको छ। प्राचीको पीडीएफ तथा इपेपर इन्सेकअनलाइनमा पढ्न तथा डाउनलोड गर्न सकिन्छ।**

# नेपालमा कारागार सुधारको आवश्यकता र अपरिहार्यता

## पृष्ठभूमि

कुनै पनि राज्यमा मुलुकको शासन प्रणाली चलायमान बनाउन अपरिहार्य निकायको रूपमा कारागारको स्थापना गरिएको हुन्छ। फलतः कारागार राज्य प्रणालीको अभिन्न अङ्गका रूपमा रहेको हुन्छ। अधिकतम उदार लोकतान्त्रिक मुलुकदेखि अत्यन्त अनुदार निरङ्कुश, स्वेच्छाचारी एवम् तानाशाही व्यवस्थामा समेत कारागारको व्यवस्था गरिएको हुन्छ, जसलाई राज्यको दण्ड प्रणालीसँग पनि जोडिएको हुन्छ। तथापि कारागार व्यवस्थापन र सञ्चालनका मापदण्डहरू मुलुक अनुसार फरक-फरक हुन सक्दछन्। कारागार व्यवस्थापन तथा सञ्चालन पद्धतिले मुलुकको शासन प्रणालीको एक हदसम्म मूल्याङ्कन पनि गर्न सकिन्छ। यसको मतलब कारागारको पूर्वाधार, व्यवस्थापन र सञ्चालनले उक्त मुलुकको शासन प्रणाली, मानव अधिकार र सुशासनको अवस्थाका अलावा आम नागरिकले प्राप्त गर्ने सेवा-सुविधाहरूको सहजै आँकलन गर्न सकिन्छ। साथै, यसले मुलुकको संवृद्धि र शासन पद्धतिको मानसिकता एवम् सोच पनि प्रतिबिम्वित गर्दछ।



शोभाकर बुढाथोकी

राष्ट्रिय मानव अधिकार आयोग, नेपालका अनुसार कारागार वा हिरासतलाई बन्दी गृह, झ्यालखाना, जेलखाना, जेल, कारागार, कारावास, कैद, कैदखाना, खोर, थुनाघर, कालकोठरी, गोलघर, हिरासत आदि शब्दहरूले पनि सम्बोधन गरिन्छ। सामान्यतया कारागार भन्नाले अपराधमा दोषी करार भएका वा गैरकानुनी कार्यमा संलग्न भएको आरोपमा मुलुकको न्यायिक निकायबाट सजाय तोकिएको व्यक्तिहरूलाई स्वतन्त्रताबाट विमुख गराई राज्यको नियन्त्रणमा राखिने स्थानलाई जनाउँछ। कारागारमा रहेका कैदी बन्दीहरू निश्चित स्वतन्त्रताको हकबाट वञ्चित गरिएको हुन्छ। उदाहरणका लागि घुमफिरको स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता लगायतका स्वतन्त्रताको उनीहरूले उपभोग गर्न पाउँदैनन्। तथापि उनीहरूलाई स्वास्थ्य, शिक्षा, धार्मिक आस्था, विभेद, मानवीय मर्यादा र कानुनी उपचार जस्ता हकहरूबाट वञ्चित गर्न पाईंदैन भने कुनै पनि प्रकारका दासताको व्यवहार र यातना वा दुर्व्यवहार गर्न नपाइने व्यवस्था सुनिश्चित गरिएको हुन्छ।

कानुनतः कारागारको जिम्मेवारीमा अपराध वा गैरकानुनी क्रियाकलापको आरोपमा न्यायिक निकायबाट अन्तिम फैसलाको प्रतीक्षा गरिरहेका वा पुर्पक्षका क्रममा रहेका व्यक्तिहरूलाई थुना वा कैदमा राख्नु पर्दछ। यस अर्थमा कारागारमा अदालतबाट सजाय तोकिएका, पुर्पक्षका क्रममा रहेका र न्यायिक थुनामा रहेका

व्यक्तिहरूलाई राज्यले निश्चित क्षेत्रभित्र कानुन बमोजिम नियन्त्रणमा राखिएको हुन्छ। यसको सञ्चालन र व्यवस्थापन अधिकांश मुलुकमा राज्यबाट हुने गर्दछ। तर, अमेरिका लगायतका कतिपय मुलुकहरूमा कारागारको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई समेत सुम्पिएको पाइन्छ, जसको विश्वव्यापी रूपमा व्यापक आलोचना हुने गरेको छ।

राज्य व्यवस्थाको उत्पत्तिसँगै कारागारको अवधारणा विकास भएको पाइन्छ। मुख्यतया राज्य विप्लव वा राजद्रोहमा संलग्न व्यक्तिहरूलाई स्वेच्छाचारी शासकहरूबाट सजाय बापत कठोर नियन्त्रणमा राख्ने स्थल नै आज कारागारको रूपमा व्यवस्थापन गरिएको छ। कतिपय अवस्थामा आफूसँग असन्तुष्ट वा आफूलाई चूनौतिका रूपमा देखा परेका व्यक्तिहरूलाई समेत शासकहरूबाट कारागारमा क्रुर सजाय दिइएका वा निकृष्ट व्यावहार गरिएका उदाहरणहरू ग्रिक, रोमन र अटोमान सम्राज्यको इतिहासमा समेत पाइन्छ, जुन पूर्वीय सभ्यतामा पनि उत्तिकै व्याप्त रहेको प्रशस्त उदाहरणहरू इतिहासमा उल्लेखित छन्। कुनै पनि शासन व्यवस्था टिकाउन उक्त शासन पद्धतिसँग असहमत व्यक्तिहरूलाई नियन्त्रणमा राखिने स्थललाई आधुनिक युगमा नियमन सहित स्थापना गरिएका व्यवस्थित ठाउँलाई अहिले कारागारको रूपमा विकास गरिएकाले यसलाई दण्ड सजाय भुक्तानी गर्ने थलोका रूपमा मात्र बुझ्ने गरिएको पाइन्छ। परिणामस्वरुप कारागारमा यातना, भेदभाव, अमानवीय व्यवहारका नाममा दण्ड सजाय र अनुशासनका नाममा विभिन्न प्रकारका दुर्व्यवहार हुने घटनाहरूलाई सामान्य मानिन्छ।

तथापि पछिल्लो समयमा राज्य प्रणालीमा कारागारलाई हेर्ने दृष्टिकोणमा परिवर्तन हुँदै आएको छ। कम्तिमा लोतान्त्रिक शासन पद्धति अपनाएका उदार मुलुकहरूले कारागारलाई सजाय स्थलको रूपमा विकास नगरी सुधार केन्द्रको परिकल्पनाबाट व्यवस्थापन गर्ने प्रयास गरेको पाइन्छ। यसले कुनै व्यक्ति विशेष परिवेश, परिस्थिति र अवस्थाका कारण अपराध वा गैरकानुनी क्रियाकलापमा जानी वा नजानी एक्लै वा समूहमा संलग्न भएपनि त्यस्ता व्यक्तिहरूले दोष अनुसार निष्पक्ष सुनुवाइमार्फत् कानुन बमोजिम सजायका साथमा प्रायश्चित गर्ने अवसर पाउनुपर्दछ र उनीहरूले कारागारबाट सुधार हुने अवसर पाउनुपर्दछ भन्ने मान्यता रहेको छ। यसले कारागारलाई नारकीय स्थल नभई सुधार केन्द्र र सुधारिएको जीवनसहित समाजमा पुनर्स्थापित र समायोजित हुने अवधारणालाई आत्मसात गरेको छ। यसले मूलत: आम नागरिकको बाँच्न पाउने हकको सुनिश्चितता गरेको छ र समाजमा पुन: सकारात्मक योगदान पुऱ्याउन सक्ने सम्भावनालाई स्वीकार गरेको छ।

**कारागारको अवस्था र व्यवस्थापन संयन्त्र**

कारागारलाई नेपालमा सजायस्थलको रूपमा सीमित राखिनुपर्ने आम मान्यता रहेको छ भने यसको उचित व्यवस्थापनका सवालमा राज्यको प्राथमिकतामा पर्न सकेको छैन। कारागार व्यवस्थापन विभागका अनुसार नेपालमा कारागारको इतिहास बि.सं. १९७१ बाट सुरू भएको देखिन्छ भने देशको धनुषा, बारा, पूर्वी नवलपरासी, भक्तपुर र पूर्वीरुकुम वाहेक ७२ जिल्लामा ७४ ओटा कारागारहरू रहेका छन्। यसैगरी दाङ र काठमाडौँमा दुई-दुई

ओटा कारागार रहेका छन् भने बाँकेको गनापुरमा खुल्ला कारागार र नौवस्तामा क्षेत्रीय कारागार निर्माणाधीन अवस्थामा छन्। कारागार व्यवस्थापनको पछिल्लो (२०७९ पुस मसान्तसम्म) तथ्याङ्क अनुसार नेपालमा कुल २७,५५० (पुरुष-२६,०६५ र महिला-१,४८५) बन्दीहरू रहेका छन्, जसमध्ये विदेशी १,४१३ र आश्रित नाबालिक ७९ जना रहेका छन्। साथै, बाल सुधार गृहमा कुल १,१६४ (बालक-११२७ र बालिका-३७) बालबालिका रहेका छन्।

प्रशासनिक रूपमा कारागार व्यवस्थापन र प्रशासन गृह मन्त्रालय अर्न्तगत रहेकोमा वि.सं. २०५० साउन १ गतेदेखि कारागारको व्यवस्थापन र नियमन कारागार व्यवस्थापन विभागबाट हुने गरेको छ। स्थानीय स्तरको कारागार व्यवस्थापन र प्रशासनको जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको हुने व्यवस्था गरिएको छ भने कारागारको दैनिक व्यवस्थापन कारागार प्रशासनबाट हुने गर्दछ। कारागारको आन्तरिक व्यवस्थापनका लागि कारागार प्रशासन अन्तर्गत चौकिदार र बाल सुधार गृहमा क्याप्टेन जस्ता संयन्त्र बनाई सामान्य जिम्मेवारी बन्दीहरूलाई सुम्पिने गरिन्छ।

सरकारी, संसदका अलावा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिवेदन अनुसार नेपालको कारागारको भौतिक अवस्था अत्यन्त कमसल रहेको पाइन्छ। सबैजसो कारागारमा क्षमताभन्दा बढी कैदी बन्दीहरूलाई राखिएको छ भने उनिहरूको दैनिक जीवन कहालिलाग्दो भएको पाइन्छ। सबैजसो कारगारका भवनहरू जीर्ण अवस्थामा छन् भने कुनै पनि कारागार स्वास्थ्यका दृष्टिकोणले उपयुक्त मानिदैनन्। खानेपानी लगायत स्वास्थ्य उपचारको व्यवस्था, शिक्षा एवम् अध्ययनका अलावा अतिरिक्त क्रियाकलापका सुविधाहरू अत्यन्त सीमित मात्रामा उलब्ध हुने अवस्था छ। यस अर्थमा नेपालका कारागारहरूको अवस्था दयनीय छ भने यसको सुधारका लागि राज्यले लगानी गर्नुपर्ने हुन्छ।

२०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनादेखि नेपालको गणतन्त्रात्मक संविधान, २०७२ ले आम नागरिकका आधारभूत मानव अधिकारको सुनिश्चित गरेको छ। यसले यातना, दासता, भेदभाव, शोषण जस्ता गतिविधिहरूमाथि निशेध गरेको छ भने शिक्षा, स्वास्थ्य, धार्मिक आस्था, रोजगारी, न्याय, अभिव्यक्ति स्वतन्त्रता, भाषा संस्कृति, गोपनीयता जस्ता हकहरूको संरक्षण गरेको छ। तथापि सबै प्रकारका स्वतन्त्रता र हकहरू कैदी बन्दीहरूका हकमा सान्दर्भिक हुन नसक्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्था विद्यमान छ। यसैगरी कारागार तथा हिरासत व्यवस्थापनलाई संविधानको अनुसूचि (७) मा संघ र प्रदेशको साझा अधिकार सूची अर्न्तगत राखेको छ। तथापि यसको कार्यान्वयन हुन नसकेको छैन् भने कारागार व्यवस्थापन र प्रशासन संघीय सरकार मातहत सञ्चालन भइरहेको छ।

कारागार व्यवस्थापन र प्रशासनलाई सञ्चालन गर्नका लागि जारी गरिएको कारागार ऐन, २०१९ खारेज भई कारागारलाई व्यवस्थित एवं उचित रूपमा सञ्चालनका आधारहरू समयानुकूल बनाउने उद्देश्यले कारागार ऐन, २०७९ संसदबाट पारित भई लागू भइसकेको छ भने कारागार नियमावलीको १५ औं संसोधन पनि कार्यान्वयनमा आइसकेको छ। तर, मुलुकमा प्रजातन्त्र हुँदै गणतन्त्रको स्थापना भए पनि कारागारको अवस्था र सञ्चालन पद्दतिमा खासै सुधार हुन सकेको छैन्। कारागारमा लामो समयसम्म कैदी बन्दीका जीवन

बिताएका नेतृत्वबाट मुलुकको शासन व्यवस्था सञ्चालन भएपनि कारागार सुधार सरकारको प्राथमिकतामा पर्न सकेको छैन भने सुधारका लागि कुनै अर्थपूर्ण प्रयास भएको महसुस गर्न सकिएको छैन। यस अर्थमा नेपालमा व्यवस्थित रूपमा कारागार सुधार गर्नका लागि प्रशस्त चुनौतीहरू रहेका छन्। स्रोत-साधनको अभावका नाममा नीतिगत समस्याको जालोमा घेरिएको कारागार व्यवस्थापन र प्रशासन यथार्थमा सुधार केन्द्रका रूपमा विकास गर्न राजनीतिक इच्छाशक्ति, व्यवस्थापकीय सुधार र कानुनी स्पष्टता आवश्यक छ।

कारागारको अवस्था र बन्दीहरूप्रति गरिने व्यवहारको राज्यका विभिन्न निकायहरूबाट नियमित अनुगमन हुने गर्दछ। यस्ता निकायहरूमा गृह मन्त्रालय र यस अन्तर्गतको कारागार व्यवस्थापन विभाग, प्रतिनिधि सभाको मानव अधिकारसंग सम्बन्धित संसदीय समिति, न्यायिक निकाय, महान्यायाधीवक्ताको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगलाई कुनै पनि समयमा कारागारको अनुगमन गर्न सक्ने कानुनी व्यवस्था रहेको छ भने यस्ता निकायहरूले व्यवस्थापन र प्रशासनका कमी कमजोरी सुधार गर्नका लागि तत्काल निर्देशन समेत दिनसक्ने कानुनी व्यवस्था छ।

राष्ट्रिय मानव अधिकार आयोगले १२ वटा सूचकमा केन्द्रित रहेर कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७ जारी गरेको छ भने मानव अधिकार सम्बन्धी अन्य संवैधानिक आयोगहरूले समेत कारागारको अनुगमन गर्न सक्दछन्। यसैगरी मानव अधिकारको क्षेत्रमा सक्रिय नागरिक समाजका संस्थाहरूका अलावा नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ जस्ता संस्थाले पनि कारागार प्रशासनको समन्वयमा कारागारको अनुगमन गरिरहेको पाइन्छ। तर, अनुगमन पश्चात दिइने निर्देशन, प्रतिवेदन र सुझावको कार्यान्वयन गर्ने चासो सरकार र कारागार व्यवस्थापन विभागबाट कमै दिइएको पाइन्छ। कारागारको अवस्थामा सुधार आएको अनुभूति गर्न सकिएको छैन् भने कैदी बन्दीहरूले प्राप्त गर्ने न्यूनतम सुविधा समेत सहज रूपमा प्राप्त गर्न नसकेको अवस्था छ।

## कारागार सुधारका प्रयासहरू

नेपालमा कारागार सुधारका लागि सरकारबाट समय-समयमा प्रयासहरू भएका छन्। सरकारले कतिपय अवस्थामा कारागारको अवस्था स्वयम् अनुभूत गरेर र कतिपय अवस्थामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूको दवावमा कारागार सुधारका कदमहरू चालेको पाइन्छ। सरकार तथा आम सरोकारवालाहरूको मूल चासो कारागारलाई मानविय दृष्टिकोणबाट व्यवस्थापन र सञ्चालन गर्नु रहेको छ। अन्तत्वगत्वा सबैको साझा सरोकार भनेको कारागारको सुधार गर्नु र यसलाई सुधार केन्द्रको रूपमा विकास गर्नु रहेको छ। यस मान्यतालाई व्यवहारमा उतार्न सरकारले २००५ सालदेखि आयोग, समिति, कार्यदल, अध्ययन दल, सुझाव समिति, र सुधार कार्यदल जस्ता निकायहरू गठन गरेको पाइन्छ भने यस्ता निकायहरूको सिफारिस ग्रहण गरेको छ। बिडम्वना यस्ता प्रतिवेदनहरू सरकारको दराजमा थन्किने गरेको र सोसंग सम्बन्धित सिफारिसहरू कार्यान्वयनमा आउन नसकेका तिता अनुभवहरू सबैका सामु स्पष्ट छ। कारागार सुधारका हालसम्म गठन भएका निकायहरू निम्नानुसार रहेका छन्।

- जेल सुधार आयोग, २००५ (अध्यक्ष, श्री

सुवर्णशम्शेर ज.ब.रा.)

- पुनर्गठित जेल सुधार आयोग, २००८ (अध्यक्ष, श्री सुवर्णशम्शेर ज.ब.रा.)
- जेल सुधार समिति, २०१६ (अध्यक्ष, श्री गणेशमान सिंह)
- उच्चस्तरीय कारागार सुधार समिति, २०२९ (अध्यक्ष, श्री रामहरि शर्मा)
- कारागार सुधार गुरु योजना कार्यदल, २०४५ (संयोजक, श्री टेकबहादुर थापा)
- कारागार सुधार समिति, २०४७ (अध्यक्ष, श्री बद्रीराम भण्डारी)
- कारागार भौतिक व्यवस्थापन अध्ययन दल, २०५३ (अध्यक्ष, श्री बद्रीराम भण्डारी)
- प्रतिनिधि सभाको राज्य व्यवस्था समितिको कारागारसम्बन्धी प्रतिवेदन, २०५७ (अध्यक्ष, माननीय श्री होमनाथ दाहाल)
- कारागार सुधार उच्चस्तरीय सुझाव समिति, २०६४ (अध्यक्ष, श्री डिल्लीराज शर्मा)
- कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदल, २०६८ (संयोजक, माननीय श्री देवी खड्का)

माथि उल्लेखित सबैजसो आयोग, समिति वा कार्यदलले कारागारको भौतिक अवस्थाको सुधार, कैदी तथा बन्दीहरूले पाउनुपर्ने रासन, खानेपानी, स्वास्थ्य सेवा, शिक्षा जस्ता विषयहरूमा केन्द्रित गरेको पाइन्छ। कारागार सुधारका दृष्टिकोणमा माननीय देवी खड्काको संयोजकत्वमा गठित कार्यदललाई सबैभन्दा विस्तृत क्षेत्राधिकार रहेको थियो। यसले विगतमा भएका सबै अध्ययनहरूको विश्लेषण गर्नुका साथै स्वयम् कार्यदलले देशका २३ ओटा कारागारको भ्रमण समेत गरेको थियो। यस कार्यदलले व्यवस्थापकीय, भौतिक अवस्था, क्षमताभन्दा बढी कैदीबन्दीहरू राख्नुपर्ने अवस्था, कर्मचारी व्यवस्थापन, सुरक्षा व्यवस्थापन, कैदी बन्दीले पाउने सुविधा, माफी मिनाहा, केन्द्रीय कारागार स्थानान्तरण, खुला कारागार सञ्चालन, मुद्दा फैसला एवम् न्यायिक प्रक्रियासँग सम्बन्धित समस्याहरूको पहिचान गरेको थियो।

साथै, कार्यदलले निष्कर्ष तथा सुझावहरूको रूपमा नीतिगत सुधार, सङ्गठनात्मक तथा व्यवस्थापकीय सुधारका अलावा तत्काल गर्नुपर्ने कार्यहरूको रूपमा कारागारको भौतिक र व्यवस्थापनमा सुधार, कारागारमा कार्यरत कर्मचारी र सुरक्षाकर्मी, कैदी बन्दीको सीप विकास, कैदी बन्दीले पाउने सुविधा, माफी मिनाहा, केन्द्रीय कारागारको स्थानान्तरण, खुला कारागार सञ्चालन र न्याय प्रक्रिया जस्ता सवालहरूलाई प्राथमिकताका साथ उल्लेख गरेको थियो। साथै, दीर्घकालीन रूपमा कार्यान्वयनका लागि सिफारिस गरिएका सुझावहरूमा कारागारको भौतिक अवस्था र व्यवस्थापकीय पक्षको सुधार, कैदीबन्दीले पाउने सुविधा, केन्द्रीय कारागारको स्थानान्तरण र खुला कारागार सञ्चालन सम्बन्धी विषयहरूलाई समावेश गरेको थियो।

यसैगरी महान्यायाधिवक्ताको कार्यालयले २०७६ सालमा प्रकाशन गरेको हिरासत तथा कारागार अनुगमन प्रतिवेदनले कारागार र हिरासतहरूमा कैदी र थुनुवाहरूप्रति मानवोचित व्यवहार भएको, थुना र कैदमा राख्दा पुर्जी दिएर मात्र राखिएको र कानुन बमोजिम म्याद थप गरी थुना वा कैदमा राखिएको अनुगमनका क्रममा पाइएको उल्लेख गरेको छ। आर्थिक वर्ष २०७५/७६ मा १७ ओटा टोलीलाई ३७ जिल्लामा खटाई तयार गरिएको प्रतिवेदन

अनुसार केही कारागारहरूमा सीप विकास र आय आर्जन हुने खालका कार्यक्रम सञ्चालनमा रहेका कारागार र हिरासतमा थुनुवा र कैदीहरूको आधारभूत स्वास्थ्य उपचारको प्रबन्ध गरिएको, नयाँ निर्माण भएका र हुन लागेका कारागार र हिरासतमा सुविधायुक्त भवनहरू निर्माण हुन थालेका, कारागार र हिरासतहरूमा आफन्त तथा कानुन व्यवसायीहरूसँग भेटघाट गर्न सहजै दिने गरेको, कारागार र हिरासतमा कैदी र थुनुवाको लागि पत्रपत्रिकाको उपलब्धता र पुस्तकालयको व्यवस्था पनि हुन थालेको जस्ता सकारात्मक पक्षहरू अनुगमनबाट पाइएको जनाएको छ, जसलाई हिरासत तथा कारागारको सुधारका सूचकका रूपमा मान्नुपर्ने हुन्छ।

तथापि प्रतिवेदनले ३७ जिल्लामा गरिएको अनुगमनबाट कारागार एवम् हिरासत कक्षका पाइएका समस्याहरूका रूपमा न्यून सिदा खर्च (सातसय ग्राम चामल र रु.६०), जीर्ण भौतिक अवस्थाका अलावा हिरासतमा सुत्नको लागि खाटको व्यवस्था नभएको, कारागारहरूमा क्षमताभन्दा अत्यधिक मात्रामा थुनुवा र कैदीहरू राख्नुपर्ने अवस्था हुनु, स्वास्थ्यकर्मीको अभाव तथा औषधीको उपलब्धता पर्याप्त नहुनु, सीप विकास एवम् रोजगारमूलक कार्यको अवसरको अभाव, भेटघाट कक्ष नहुनु, शिक्षा र साक्षरता कार्यक्रम नहुनु, भेटघाटको अभिलेख नहुनु, गोपनीयता कायम हुन नसक्ने अवस्था, फरक क्षमता भएका यौनिक अल्पसङ्ख्यक र ज्येष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रवन्ध नहुनु, पानीको समस्या र उत्प्रेरणाको अभाव जस्ता सवालहरू उल्लेख गरेको छ।

महान्यायाधीवक्ताको कार्यालयले हिरासत तथा कारागार सुधारका लागि निम्न विषयहरूमा केन्द्रित रहेर सिफारिस गरेका सुझावहरूमा हिरासत र कारागार कक्षको सुधार, नयाँ मादण्ड अनुसार भवन निर्माण, खानेपानी लगायतका आधारभूत वस्तुको व्यवस्था, कारागार तथा हिरासत कक्षको स्तरोन्नति तथा कैदी बन्दीको स्थानान्तरण, उर्जा तथा इन्धनको व्यवस्था र सुलभता, गुनासो सुनुवाइको व्यवस्था, सिदा खर्चको समयानुकूल उपलब्धता, स्वास्थ्य जाँचको व्यवस्था, बिरामी कैदीहरूको पृथकीकरण गरी व्यवस्थापन, आय आर्जनका लागि उत्पादनमूलक काम, शिक्षा र तालिमको व्यवस्था, विशेष प्रकारका कैदीहरूका लागि छुट्टै कारागारको व्यवस्था, सवारी साधनको व्यवस्था, भेटघाट कक्ष र अभिलेखको व्यवस्था, पाठ्यसामग्रीको प्रबन्ध, भौतिक प्रमाण परीक्षण समयमै गर्न विधिविज्ञान प्रयोगशाला स्थापना, कैद छुटसम्बन्धी व्यवस्थामा पारदर्शिता कायम गर्ने, थप बालसुधार गृहको स्थापना र स्तरोन्नति, विशेष अवस्थाका थुनुवा तथा कैदी मैत्री व्यवहार गर्ने, उजुरी पेटिकाको व्यवस्था र उजुरीको सुनुवाइ, नियमित रूपमा अनुगमन गर्नुपर्ने तथा निर्देशनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन, न्यायमा पहुँचसम्बन्धी व्यवस्था, सीसीटिभि व्यवस्था र सुरक्षा तथा उद्धारसम्बन्धी कार्य निर्देशिका बनाई लागू गर्नुपर्ने, खुला कारागारको अवधारणा कार्यान्वयन, विशेष सुविधाको व्यवस्था, विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनियता, साईन पोष्टको व्यवस्था, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयन आदी रहेका छन्। प्रदेश सरकारको तर्फबाट हिरासत तथा कारागार अनुगमनसम्बन्धी कार्यहरू भइरहेका छन्। उदाहरणका लागि कर्णाली प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयले

हिरासत तथा कारागार अनुगमन निर्देशिका, २०७९ पनि जारी गरेर कार्यान्वयनमा ल्याएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले पनि नियमित रूपमा हिरासत तथा कारागारको अनुगमन गरिरहेको छ। मानव अधिकारको दृष्टिकोणबाट कारागार तथा हिरासत अनुगमनमा एकरूपता ल्याउनको लागि राष्ट्रिय मानव अधिकार आयोगले कारागार तथा हिरासत अनुगमन मार्गनिर्देशिका, २०६७ जारी गरेको छ। निर्देशिकाका आधारमा आयोगबाट २०७० असारदेखि २०७४ असारसम्म विभिन्न जिल्लामा गरिएको कारागार तथा हिरासत अनुगमनबाट प्राप्त हुन आएका प्रतिवेदनका आधारमा प्रशासन र व्यवस्थापन, कारागार तथा हिरासत कक्षको अभिलेख प्रणाली, कैदी तथा बन्दीहरूको अलग-अलग बसोबासको व्यवस्था, अनुशासनात्मक कार्य, शिक्षा, सूचना तथा सीप विकास, कारागार तथा हिरासत कक्षको भौतिक पूर्वाधार र सुविधा, कैदी वन्दीहरूको क्रियाकलाप, कैदी बन्दीहरूको स्वास्थ्य, उपचार तथा कारागार एवं हिरासत कक्षको सरसफाई, कैदी वन्दीहरूसँग गरिने व्यववहार, उजुरीजस्ता सवालहरू, कारागार तथा हिरासत अनुगमनकर्ताहरूको भूमिका जस्ता समस्याहरू पहिचान गरेको छ। यसैगरी आयोगले नेपाल सरकार, कारागार व्यवस्थापन विभाग, जिल्ला प्रशासन कार्यालय र कारागार कार्यालय वा हिरासत वा थुनुवा केन्द्रलाई हिरासत तथा कारागार सुधारका सम्बन्धमा अलग-अलग सुझावहरू दिएको छ।

यसका अलावा प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले कैदी बन्दी र थुनुवाको मानव अधिकार हनन् हुन नदिन सरकारलाई मिति २०८० कार्तिक १३ गतेको बैठकबाट निर्देशन दिएको छ। साथै, संयुक्त राष्ट्रसङ्घ उच्चायुक्तको कार्यालयले कारागारहरूको अनुगमन पश्चात् सन् २००८ मा प्रकाशित गरेको प्रतिवेदन प्रकाशित गरेको छ। प्रतिवेदनमा नेपालमा कारागारमा रहेका मुख्य समस्याहरूमा कारागारका कर्मचारीको व्यावसायिक दक्षता, कारागारको आन्तरिक व्यवस्थापन प्रणाली, बन्दीहरूको पृथकीकरण तथा थप सुविधा, न्यायिक प्रक्रियाको ढिलासुस्तीका कारण बन्दीहरूको संख्यामा बृद्धि, अनुगमन तथा नीरिक्षण संयन्त्र, बन्दीहरूको उचित व्यवस्थापन, बन्दीहरूको मानव अधिकारको संरक्षण, बन्दीहरूका लागि सेवा-सुविधा, स्वास्थ्य सेवा, बाह्य समुदायसँग सम्पर्क जस्ता सवालहरू उल्लेख गरेको छ।

## अन्तर्राष्ट्रिय प्रावधानहरू

मानव अधिकारका मान्यताहरू हरेक व्यक्तिका लागि समान रूपमा लागु हुने गर्दछन्, जसमा समानता, मानवीय मर्यादामूलक र विभेदरहित समाजको परिकल्पना गरिएको छ भने यसका मान्यताहरू लिङ्ग, वर्ण, राष्ट्रियता, धर्म, सम्प्रदाय, भाषा वा अन्य कुनै पनि प्रकारले फरक-फरक रूपमा कार्यान्वयनमा आउन सक्तैनन्। यसको अर्थ हरेक मानिस जन्मजात स्वतन्त्रता, समानता र र मर्यादित जीवनका लागि हकदार हुने गर्दछन्। संयुक्त राष्ट्रसंघको बडापत्र, १९४५ र मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ दुवैले मानव अधिकारका सर्वव्यापी मान्यताहरूलाई आत्मसात गरेका छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा (१) ले हरेक व्यक्ति जन्मजात स्वतन्त्र र समान हुनुका

साथै उनीहरूको समान अधिकार हुने कुरा उल्लेख गरेको छ। यो आधारभूत मान्यता कारागारमा बन्दीको रूपमा जीवन व्यतित गरिरहेका व्यक्तिहरूका हकमा समेत लागु हुने गर्दछ। अर्थात्, कारागारमा कुनै पनि व्यक्तिमाथि कुनै पनि कारणले भेदभाव गर्न पाइँदैन भने उनीहरूको व्यक्तिगत मर्यादामा आँच गर्न नपाउने व्यवस्था सुनिश्चित गरेको छ। साथै, घोषणापत्रको धारा (२) ले "जाति, बर्ण, लिङग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार वा सामाजिक उत्पत्ति, सम्पत्ति वा अरु कुनै मर्यादाका आधारमा भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार" हुने व्यवस्था गरेको छ।

यसैगरी, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा (१०) मा स्वतन्त्रताबाट बञ्चित बन्दीहरूको अधिकारका सम्बन्धमा स्पष्ट रूपमा व्याख्या गरेको छ, जसमा स्वतन्त्रताबाट बञ्चित भएका हरेक व्यक्तिलाई मानवतासहित व्यक्तिको अर्न्तनीहित सम्मान हुने, आरोप लागेका व्यक्तिलाई अपवादमा वाहेक सजाय पाएका अन्य व्यक्तिबाट अलग नराखिने र फरक व्यावहार नगरिने व्यवस्था गरेको छ भने आरोपित बालबालिकाहरूलाई वयष्कबाट अलग राखिनुपर्ने र जतिसक्दो चाँडो मुद्दा किनारा लगाउनुपर्ने प्रावधान समावेश गरेको छ। साथै, बन्दीगृहको प्रमुख उद्देश्यमा बन्दीहरूको सुधार र सामाजिक पुनर्स्थापना मान्यतालाई पनि उल्लेख गरेको छ। उक्त अभिसन्धिप्रति नेपाल राज्य पक्ष रहेको छ र यसमा उल्लेखित प्रावधानहरूको कार्यान्वयन गर्नु नेपालको दायित्वभित्र पर्दछ।

यसैगरी, अन्तर्राष्ट्रिय रूपमा स्थापित मानव अधिकारसम्बन्धी क्षेत्रीय संयन्त्रहरूले पनि आफ्ना दस्तावेजहरूमा समानता, न्याय, मर्यादा र स्वतन्त्रताका प्रावधानहरूलाई समावेश गरेका छन्। उदाहरणका लागि मानव अधिकार तथा नागरिक अधिकारसम्बन्धी अफ्रिकी बडापत्रको धारा (५) र मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धीको धारा (५)(२) मा स्वतन्त्रताबाट बञ्चित नागरिकहरूलाई समान रूपमा व्यवहार गर्नुपर्ने र उनीहरूको मर्यादाको समान रूपमा सम्मान गर्नुपर्ने व्यवस्थालाई आत्मसात् गरेको छ। यसैगरी संयुक्त राष्ट्र संघले बन्दीहरूमाथि गरिने व्यावहारसम्बन्धी सामान्य सिद्दान्तहरू सन् १९९० डिसेम्बरमा पारित गरेको छ भने कुनै पनि प्रकारको हिरासत वा कारागारमा रहेका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी सिद्दान्तहरू सन् १९८८ डिसेम्बर ९ मा पारित गरेको छ। दुवै संयन्त्रहरूले हिरासत वा कारगारमा रहेको कैदी बन्दीहरूमाथि कुनै पनि प्रकारको भेदभाव गर्न नहुने र उनीहरूले पाउनुपर्ने न्यूनतम सुविधा मानवता र मानव अधिकारका मान्यता अनुरुप विना अवरोध प्राप्त गर्नुपर्ने अवधारणालाई अगाडी सारेको छ।

यस मान्यतालाई सन् २०१२ मा संयुक्त राष्ट्रसंघको अपराध तथा लागू औषधसम्बन्धी कार्यालयले गरेको अध्ययनले पनि पुष्टि गरेको छ। अध्ययनको निष्कर्ष अनुसार मानव जगतको संरक्षणका लागि आवश्यक अधिकार र जिम्मेवारी सबैलाई जन्मजात प्राप्त हुने र राष्ट्रियता, बसोबास स्थल, लिङ्ग, राष्ट्रिय वा जातीय उत्पत्ति, रङ, धर्म, भाषा वा अन्य हैसियतको विना अवरोध संरक्षित हुने मान्यतालाई स्वीकार गरेको छ। साथै यस कार्यालयले कारागारमा रहेका बन्दीहरूको मानव अधिकारको सम्मान गर्नुका साथै व्यक्तिगत मर्यादा, यातना र भेदभावबाट संरक्षण गर्नका लागि विशेष



# नेपालका कारागार र इन्सेकको अनुगमन

१/३/५ इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल र अन्य मानव अधिकारकर्मीहरूद्वारा पोखरा कारागार अनुगमन, १७ डिसेम्बर २००३

२ इन्सेकका पूर्व अध्यक्ष सुबोधराज प्याकुरेल पोखरा कारागार अनुगमन, १७ डिसेम्बर २००३

४ पोखरा कारागार अनुगमन गर्दै इन्सेक

६ इन्सेकलगायत संस्थाहरूद्वारा सप्तरी कारागार अनुगमन, २०७३ फागुन १० गते

७ सप्तरी कारागारका कैदीबन्दी कपडा बुन्दै

८ सोलुखुम्बु कारागारको अवस्था

९ कपिलवस्तु कारागारमा इन्सेकबाट प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक वितरण गर्दै इन्सेक लुम्बिनी प्रदेशका संयोजक भोला महत

१० नवलपरासी कारागारमा अनुगमनका क्रममा देखिएको दृष्य

























संयोजन: गीता माली

व्यवस्था गरेको छ।

कैदी र बन्दीहरूमाथि गरिने व्यवहारका सम्बन्धमा सम्बन्धमा संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् २०१५ डिसेम्बर १७ मा कैदी तथा बन्दीहरूमाथि गरिने व्यवहारका लागि न्यूनतम नियमहरू सम्बन्धी घोषणा पारित गरेको छ, जसमा १ सय २२ वटा नियमहरू रहेका छन्। यो नियम विश्वव्यापी रूपमा नेल्सन मण्डेला नियमको रूपमा परिचत छ। यसको प्रारम्भमा नै सम्पूर्ण कैदी र बन्दीहरूमाथि हरेक मानवकोझैँ जन्मजात प्राप्त हुने मर्यादा र मान्यताको सम्मानजनक रूपमा व्यवहार गर्नुपर्ने र उनीहरूमाथि यातनाका अलावा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यावहार गर्न नपाइने व्यवस्था गरेको छ। उक्त नियमहरू हरेक कैदी बन्दीहरूमाथि समान रूपमा लागु हुनुपर्नेछ भने जात, रङ, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा विचार, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियतका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था छ। साथै, उनीहरूको आस्था र विश्वासको सम्मान हुनुपर्ने पनि उल्लेख छ।

नेल्सन मण्डेला नियममा कैदी बन्दीहरूको अभिलेख व्यवस्थापन, आवास, व्यक्तिगत स्वास्थ्य, कपडा तथा ओछ्यान, खाना, शारीरिक अभ्यास तथा खेलकुद, स्वास्थ्य सेवा, अनुशासन, संयमता, कैदी बन्दीहरू तथा हिरासत-कारागार कक्षको खानतलासी, कैदी बन्दीहरूका गुनासाहरू एवम् उनीहरूसँग सम्बन्धित सूचनाहरू, बाहृय संसारसँग सर्म्पक, कैदी तथा बन्दीहरूको सम्पत्तिको संरक्षण, अनुसन्धान, आन्तरिक तथा बाहृय नीरिक्षणजस्ता विषयहरूलाई प्राथमिकताका साथ समावेश गरेको छ। साथै, अन्तिम सजाय पाएका बन्दीहरूका हकमा उपचार, पृथकीकरण, सुविधा, काम, शिक्षा र मनोरञ्जन, सामाजिक सम्बन्ध जस्ता निर्देशक सिद्धान्तहरू उल्लेख गरेको छ। यसैगरी मानसिक रोगी वा मानसिक रूपमा अपाङ्गता भएका, गिरफ्तारी अवस्थामा वा सुनुवाइका प्रतीक्षामा रहेका, देवानी मुद्दामा खेपिरहेका र विना आरोप गिरफ्तारीमा परेका वा थुनामा रहेका कैदी र बन्दीहरूका सवालमा थप व्यवस्था पनि गरेको छ।

कारागारमा रहेका कैदी बन्दीहरूको मानव अधिकारका सम्बन्धमा विश्वव्यापी बहस भइरहेका समयमा दण्ड सुधारसम्बन्धी अन्तर्राष्ट्रिय संस्था "पेनाल रिफर्म इन्रन्याश्नल्" ले बन्दीका मानव अधिकारहरूको व्याख्या गरेको छ। यसले विकास गरेको "कारागार सुधारसम्बन्धी दिग्दर्शन" का अनुसार व्यक्तिको सम्मानपूर्वक बाँच्न र परिपूर्णता कायम राख्ने पाउने अधिकार, यातना वा अन्य दुव्यर्वहारबाट मुक्त रहन पाउने अधिकार, स्वास्थ्यको अधिकार, मानव मर्यादाको सम्मानको अधिकार, उचित कानुनी प्रक्रियाको अधिकार, जुनसुकै प्रकारको भेदभावबाट मुक्त रहन पाउने अधिकार, दासताबाट मुक्त रहन पाउने अधिकार, आस्था तथा विचारको स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, पारिवारिक जीवनको मर्यादाको अधिकार, आत्म विकासको अधिकार आदिलाई बन्दीहरूका मानव अधिकारका रूपमा परिभाषित गरेको छ।

दिग्दर्शनका अनुसार कानुनी औचित्य बिना उल्लेखित अधिकार खोस्न नपाइने र जस्तोसुकै परिस्थिति भए पनि सबै मानिस मूलभूत मानव अधिकारका हकदार हुने उल्लेख गरेको छ। तर, कारगारमा बन्दीका

कतिपय अधिकार सीमित हुने मान्यता दिग्दर्शनले स्वीकार गरेको छ। यस्ता बञ्चित हुने अधिकारमा निश्चित व्यक्तिगत स्वतन्त्रतासम्बन्धी अधिकार, गोपनीयताको अधिकार, घुमफिर गर्ने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, सभा गर्ने स्वतन्त्रता तथा मतदानको अधिकारलाई सूचिवद्ध गरेको छ भने यस्ता अधिकार उनीहरूले सीमित मात्रामा मात्र उपयोग गर्न पाउने गर्दछन्। पछिल्लो चरणमा नेपालमा कारागारमा रहेका कैदी बन्दीहरूका लागि प्रजनन्को अधिकारको व्यवस्था सर्वोच्च अदालतको फैसलाबाट सुनिश्चित गरिएको छ भने समानुपातिक निर्वाचनमा मतदानको अधिकार पनि प्रदान गरिएको थियो।

### कारागार सुधारका सम्भावित क्षेत्रहरू

विश्वव्यापी रूपमा कारागारलाई सजायस्थलबाट सुधार केन्द्रका रूपमा रूपान्तरण गर्ने पहलहरू भइरहेका छन्। मूलत: कारागारलाई सुधार केन्द्रको रूपमा विकास गरिनुपर्दछ। यसका लागि कारागार मानव अधिकारमैत्री हुनुपर्ने मान्यता रहेको छ। तर, कारागार सुधारका मान्यताहरूलाई आत्मसात् गर्ने र यसलाई सही रूपमा व्यवहारमा उतार्ने प्रयास गर्ने मुलुकहरू अत्यन्त न्यून रहेको पाइन्छ। तसर्थ, कारागार व्यवस्थापन र प्रशासनसँग मापदण्डहरू तय गर्ने कार्यको पहल संयुक्त राष्ट्रसंघले निरन्तर गरिरहेको छ र यससम्बन्धी साझा अवधारणा विकास गर्ने प्रयास पनि गरेको छ। फलस्वप कारागारमा रहेका कैदी बन्दीहरूलाई समाजमा पुनर्स्थापित गर्ने र उनीहरूलाई आत्मनिर्भर बनाइ अपराधिक वा गैरकानुनी क्रियाकलापबाट मुक्त बनाइ सामान्य जिवनमा समायोजन गर्ने अवधारणाहरू विकास हुँदै गएका छन्।

नेपालले पनि कारागार सुधारका लागि विभिन्न प्रयासहरू गर्दै आएको छ। न्यायिक निकाय, व्यवस्थापिकाका अलावा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूका सरोकारहरूलाई सम्बोधन गर्ने प्रयास गर्दै आएको छ। सोही अवधारणा अनुरूप नेपालले खुल्ला कारागारको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन प्रयास गरिरहेको छ भने यसका लागि आवश्यक भौतिक पूर्वाधारको कार्य पनि अगाडि बढिरहेको छ। तथापि यो अवधारणा कार्यान्वयनमा आउन समय लाग्ने देखिन्छ। यसैगरी बाल सुधार गृहको अवधारणालाई सीमित मात्रामा भएपनि कार्यान्वयनमा ल्याएको छ। पछिल्ला केही समय यता बाल सुधार गृहको उचित व्यवस्थापन र बालबालिकालाई न्यूनतम सुविधा एवम् अवसरबाट बञ्चित भएका कारण विभिन्न समस्याहरू देखा परेका छन् भने सुधार गृहभित्र तोडफोड लगायत हुलदंगा समेत हुने गरेका छन्। जसलाई समयमा सम्बोधन गर्नु अत्यावश्यक भइसकेको छ। कारागार सुधारका लागि पहिलो राजनीतिक इच्छाशक्ति चाहिन्छ भने यसका लागि आवश्यक आर्थिक स्रोतको विनियोजन गर्नुपर्ने हुन्छ। सुधारका क्षेत्रहरूलाई निम्नानुसार प्राथमिकतामा राख्नुपर्ने हुन्छ।

### नीतिगत र प्रशासनिक स्पष्टता

कारागार सुधारका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको नीतिगत स्पष्टता हो। समस्त कारागार प्रशासनलाई प्रभावकारी बनाउने र बन्दीहरूको उचित व्यवस्थापनका अलावा उनीहरूका लागि आवश्यक हुने न्यूनतम सुविधाहरूलाई सहज रूपमा उपलब्ध हुने वातावरण बनाउनका लागि समयानुकूल नीति आवश्यक हुन्छ।

कारागारलाई सुधार केन्द्रको रूपमा विकास गरिनुपर्ने विश्वव्यापी वहस भइरहेको समयमा यसलाई व्यवस्थित बनाउन र आवश्यक स्रोत-साधनको व्यवस्था गर्न राज्यले पुराना कानुनहरू र नीति-नियमहरू प्रतिस्थापन गर्नुपर्ने हुन्छ। यसका लागि सरकार र संसदको सक्रियता एवं प्रभावकारी भूमिका आवश्यक हुन्छ।

### भौतिक पूर्वाधारको स्तरन्नोति

नेपालका कारागारको भौतिक अवस्था जीर्ण रहेको प्रतिवेदन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले निरन्तर सार्वजनिक गरिरहेका छन्। सरकारी प्रतिवेदनले समेत जीर्ण भौतिक अवस्थाका सम्बन्धमा ध्यानाकर्षण गराइरहेका छन्। साथै, कारागार अनुगमनको जिम्मेवारी पाएका गृह मन्त्रालय तथा कारागार प्रशासन, न्यायिक निकाय, संसदीय समिति, राष्ट्रिय मानव अधिकार आयोगका अलावा नागरिक समाजका क्षेत्रमा सक्रिय मानव अधिकार संस्थाहरूले समेत उल्लेख गरिरहेका छन्। हरेक कारागारमा क्षमता भन्दा कम्तीमा दोब्बर कैदी बन्दीहरू राख्नुपर्ने बाध्यता कारागार प्रशासनको छ। परिणामस्वरुप कैदी बन्दीहरूले प्राप्त गर्ने न्यूनतम सुविधा सहज रूपमा उपलब्ध गराउन मुस्किल हुने गरेको छ भने कैदी बन्दीहरूको स्वास्थ्यमा समेत प्रतिकुल असर पारिरहेको छ। यसको प्रभाव कोरोना महामारीका समयमा प्रत्यक्ष अनुभव गरिएको थियो। साथै, दीर्घरोगी, मानसिक रोगी, सरुवा रोगको संक्रमणमा परेका कैदी बन्दीहरूलाई सुरक्षित राख्न कारागार प्रशासनले ठूलो चुनौतीको सामना गर्नु परिरहेको छ। तसर्थ विद्यमान भौतिक पूर्वाधारको स्तरन्नोति र नयाँ संरचना अत्यावश्यक भएको छ।

### सुविधा र अवसरको समुचित व्यवस्था

कारागारमा रहेका कैदी बन्दीहरूका लागि सरकारले रासन लगायत अन्य सुविधा निर्धारण गरेको हुन्छ। कतिपय अवस्थामा राजबन्दीहरूको हकमा बिशिष्ठ प्रकारका सुविधाहरू पनि प्रदान गरिएको पाइन्छ। सामान्यतया अपराधिक वा गैरकानुनी क्रियाकलापमा संलग्न आरोपित वा अदालतबाट दोषी करार भएका बन्दीहरूका लागि स्केलमा उपलब्ध हुने रासन लगायत अन्य सामाग्रि उपलब्ध गराइन्छ। नेपालका कारागारहरूमा उपलब्ध गराइएका सुविधाहरू कमसल गुणस्तरका हुने गरेको पाइन्छ। पौष्टिक आहार त परै जाओस् भरपेट खानपुग्ने खाद्यसामग्री राज्यले उपलब्ध गराउन नसकेको गुनासाहरू हरेकजसो अनुगमनका क्रममा सरकारोकारका रूपमा राखेको पाइन्छ। यस व्यवस्थाले मुख्यतया विपन्न पृष्ठभूमिका कैदी बन्दीहरू प्रभावित हुने गरेको पाइन्छ। यसका अलावा शिक्षाको उचित व्यवस्था नहुने गरेको, नियमित रूपमा स्वास्थ्य सेवा उपलब्ध नहुने लगायत सीप विकास र आर्यआर्जनसँग सम्बन्धित गतिविधिहरू अत्यन्त सीमित मात्रामा उपलब्ध हुने गरेको पाईन्छ। यसबाट बाल सुधार गृहमा राखिएका बालबालिका अधिक मात्रामा प्रभावित हुने गरेका छन्। यसका लागि राज्यले विस्तृत कार्ययोजना ल्याउन जरुरी छ भने यस कार्यमा आवश्यकता अनुसार निजी क्षेत्रलाई परिचालन गर्नुपर्ने हुन सक्दछ।

### पुनर्स्थापना र समायोजन कार्ययोजना विकास

कारागारसँग सम्बन्धित सबैभन्दा महत्वपूर्ण पक्ष भनेको कैदी बन्दीहरूको पुनर्स्थापना र समाजमा समायोजन मानिन्छ। विश्व्यापी रूपमा नै अत्यन्त क्रुर, हिंस्रक, यातना, आम हत्या लगायत गम्भीर अपराध

तथा मानव अधिकार उल्लंघन र मानवता विरोधी अपराधमा संलग्न व्यक्तिहरू बाहेक अधिकांश बन्दीहरू पुनर्स्थापना र समाजमा पुन: समायोजनका लागि योग्य मानिन्छन्। विशेषगरी छोटो अवधिको सजाय पाएका र बाल सुधार गृहमा सजाय भोगिरहेका नावालिकहरूको पुनर्स्थापना र समायोजन अपरिहार्य मानिन्छ। यसका लागि राज्य नीतिगत तहमा स्पष्ट हुनुपर्दछ भने पुनर्स्थापना र समायोजनका लागि विशेष नीति र कार्यक्रमको तर्जुमा गरिनुपर्दछ। यस्ता कार्यक्रमले उनीहरूको आचरण, व्यवहार र कार्यशैलीमा सुधारसँग सम्बन्धित पक्षलाई सम्बोधन गर्नुपर्दछ भने यस्ता कार्यक्रममा सहभागी हुनुपूर्व मनोचिकित्साकर्मी सहितको विशेषज्ञ टोली हरेक कैदी बन्दीको अलग-अलग मूल्याङकन गर्नुपर्ने हुन्छ। साथै, उनीहरूको व्यक्तिगत सुरक्षा र उनीहरूबाट आम समुदायमा पर्नसक्ने प्रभावका बारेमा पनि अध्ययन गर्नुपर्ने हुन्छ। यससँग सम्बन्धित कतिपय विकल्पहरू मुलुकको फौजदारी संहिता, २०७४ मा पनि समावेश गरिएको छ। यस्ता कार्यक्रममा सामाजिक सेवा, प्यारोललाई पनि समावेश गर्न सकिन्छ। यसका लागि खुल्ला कारागारलाई सबैभन्दा उपयुक्त थलो मानिन्छ, जुन नेपालमा यथाशीघ्र कार्यान्वयनमा ल्याउन जरुरी छ। यसले सामान्य अपराधमा लामो समयसम्म कारागारमा बस्नुपर्ने, अनुपत्पादक जीवनशैली अपनाउनुपर्ने र राज्यका लागि बढ्दो आर्थिक भार हुने अवस्थाको अन्त्य गर्न पनि सहयोग पुऱ्याउँछ।

### प्रभावकारी अनुगमनको आवश्यकता

कारागारको उचित व्यवस्थापन र कैदी बन्दीहरूले प्राप्त गर्नुपर्ने आधारभूत सेवा तथा सुविधाहरूको निष्पक्ष मूल्याङकन गर्न नियमित रूपमा सरोकारवाला निकायहरूबाट अनुगमन हुने गर्दछ। राज्यका विशिष्ठ निकायहरूले कानुनले निर्वाध अनुगमन गर्नसक्ने, आवश्यकता अनुसार कारागार प्रशासनलाई निर्देशन दिन सक्ने र दीर्घकालीन सुधारका लागि सरकारलाई सुझाव दिनसक्ने व्यवस्था गरेको छ। उदाहरणका लागि विभागीय निकायका रूपमा गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागले नियमति अनुगमन गरिरहेको हुन्छ भने नीतिगत एवम् प्रशासनिक निर्देशनहरू दिइरहेको हुन्छ। यसका अलावा न्यायिक निकाय, महान्यायाधिवक्ताको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगले नियमित रूपमा अनुगमन गरिरहेको हुन्छ। साथै, मानव अधिकार क्षेत्रमा सक्रिय नागरिक समाजका संस्थाहरूले समय-समयमा अनुगमन गरिरहेका हुन्छन्। तर, यस्ता अनुगमनहरू एकातिर अधिकांश त औपचारिकतामा सीमित हुने गरेका गुनासाहरू प्रशस्त सुनिन्छन् भने अर्कोतिर अनुगमनका क्रममा दिइएका सुझावहरूको विरलै मात्र कार्यान्वयन हुने गरेको पाइन्छ। तसर्थ, कारागार प्रशासनलाई जिम्मेवार बनाउन र कारागारको उचित व्यवस्थापन एवम् कैदी बन्दीहरूले प्राप्त गर्नुपर्ने आधारभूत सुविधालाई न्यायेचित रूपमा विनियोजन गर्नका लागि प्रभावकारी अनुगमन अत्यावश्यक छ। यसका लागि अनुगमन गर्ने निकाय पनि जिम्मेवार हुनुपर्ने हुन्छ।

### बाल सुधार गृहको उचित व्यवस्थापन

नेपालको संविधान, २०७२ को धारा (३९) बमोजिम संसदले बालबालिकासम्बन्धी ऐन, २०७५ पारित गरिसकेको छ। ऐनको दफा (४३) मा बाल सुधार गृहको व्यवस्था गरेको छ। उक्त दफाको उपदफा (१) अनुसार नेपाल सरकारले विवादमा परेका

बालबालिकाको सुधार र पुनर्स्थापना नभएसम्म बालबालिका राख्ने प्रयोजनका लागि आवश्यकता अनुसार बाल सुधार गृह स्थापना गर्न सक्ने व्यवस्था गरेको छ। यसैगरी बालबालिकासम्बन्धी नियमावली, २०७८ बमोजिम नियम (१७) मा नेपाल सरकारले प्रदेश सरकारसंगको सहकार्यमा बाल सुधार गृहको स्थापना र सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ भने नियम (१८) को उपनियम (१) मा अदालतको आदेश बमोजिम विवादमा परेका बालबालिकालाई बाल सुधार गृहमा भर्ना गर्ने व्यवस्था गरेको छ। हाल नेपालमा सरकारको तर्फबाट सञ्चालित चार ओटा र गैरसरकारी संस्था युसेप नेपालको व्यवस्थापनमा थप चार ओटा बाल सुधार गृह सञ्चालनमा रहेका छन्। बाल सुधार गृहहरूमा २०८० असोजको पहिलो सातासम्मको तथ्याङ्क अनुसार कुल १२०२ जना बालबालिका रहेकामध्ये ४३ जना बालिका रहेका छन्।

प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिले बाल सुधार गृहमा रहेका कानुनको विवादमा परेका बालबालिकाहरू लगायत कैदी बन्दी र थुनुवाको मानव अधिकार हनन् हुन नदिन मिति २०८० कार्तिक १३ गतेको बैठकबाट महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन दिएको छ। पछिल्लो चरणमा बाल सुधार गृहको व्यवस्थापन र सञ्चालनसंग सम्बन्धित सवालका कारण प्रश्नचिन्ह उठेको छ भने सुरक्षा व्यवस्था पनि कमजोर देखिन्छ। यसको पुष्टि भक्तपुर, पर्सा र बाँकेका बाल सुधार गहमा भएका घटनाहरूबाट हुन जान्छ, जुन विषय इन्सेकको प्रतिवेदनले पनि पुष्टि गरेको छ। (हेर्नुहोस् प्रतिवेदन) बाल सुधार गृहमा बालबालिकाको अवस्था अत्यन्त नाजुक रहेको र उनीहरू शिक्षा, स्वास्थ्य, खाना, वसोवास लगायत आधारभूत सुविधाबाट बञ्चित रहेको अवस्था छ। विडम्वना राज्यको बेवास्ता र व्यवस्थापकीय कमजोरीका कारण सुधार गृह अपराध सिकाउने केन्द्रको रूपमा विकास हुने आशंका बढ्दै गएको छ। फलत: सरकारले सुधारका केही कदमहरू नीतिगत तहमा चाले पनि बाल सुधार गृहको भौतिक पूर्वाधार र सुधार गृहमा राखिएका बालबालिकाहरूले पाउने आधारभूत सुविधामा तात्विक परिवर्तन आउन सकेको छैन्। उनीहरूको असन्तुष्टि र आक्रोश बढ्दो मात्रामा छ। तसर्थ, नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन र नियमावलीका अलावा बाल अधिकार महासन्धि, १९८९ को आधारभूत उद्देश्य अनुरूप बाल सुधार गृहको व्यापक सुधार जरुरी छ।

## खुल्ला कारागारको सञ्चालन

नेपालमा पहिलो पटक खुल्ला कारागारको अवधारणालाई कारागार नियमावली, २०६४ बाट आत्मसात गरेको पाइन्छ। यसको नियम (१६)(ख) मा नेपाल सरकारले आवश्यकता अनुसार नेपाल राज्यभित्र रहेको कुनै भवन वा स्थानलाई खुल्ला कारागार तोक्न सक्ने व्यवस्था गरेको थियो, जसलाई कारागार ऐन, २०७९ बाट संस्थागत गरिएको छ। ऐनको दफा (४१) अनुसार नेपालमा खुल्ला कारागार स्थापना गर्न सकिने व्यवस्था गरिएको छ। ऐनको उपदफा (२) मा "नेपाल सरकार वा प्रदेश मातहत सञ्चालित विकास आयोजना वा कार्यक्रममा वा कुनै सार्वजनिक निकायमा काम गर्न, स्वयम्सेवकको रूपमा काम गर्न, र क्षमता तथा सीप विकास सम्बन्धी तालीम लिन" पाउने गरी कारागार प्रशासकको सिफारिसमा खुल्ला कारागारमा राख्न सक्ने

व्यवस्था गरेको छ। ऐनको उपदफा (२) को खण्ड (क) बमोजिम काममा खटाइएको बन्दीलाई योगदानको आधारमा नेपाल सरकारले तोकेको न्यनतम पारिश्रमिक भन्दा कम नहुने गरी पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गरेको छ। साथै, नेपाल सरकारले खुल्ला कारागारको व्यवस्थालाई कार्यान्वयनमा ल्याउन बाँकेको गनापुरमा निर्माणाधीन खुल्ला कारागार अन्तिम चरणमा पुगेको छ। हाल उक्त परिसरको एउटा भवनमा १८ वर्ष नाघेका केही विवादमा परेका बालबालिकाहरूलाई बाल सुधार गृहबाट स्थानान्तरण गरेर राखिएको छ। तसर्थ, खुल्ला कारागारको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यवीधि पारित गरी यसलाई यथाशीघ्र सञ्चालनमा ल्याइनु पर्दछ। यसले कैदी बन्दीहरूको पुनर्स्थापना र समाजमा समायोजन कार्यलाई सहज बनाउनेछ भने कारागार सुधारको सरकारको प्रयासलाई संस्थागत गर्न थप मद्दत पुग्नेछ।

**निष्कर्ष**

कारागार सुधारलाई उदार लोकतन्त्रका लागि अत्यन्त महत्वपूर्ण कार्यका रूपमा लिने गरिन्छ। यसले राज्यले आम नागरिकप्रति हेर्ने दृष्टिकोण प्रतिविम्वित गर्दछ। समाजमा कतिपय व्यक्तिहरू जानाजान योजनावद्ध ढङगले अपराध तथा गैरकानुनी क्रियाकलापमा संलग्न भएका हुन्छन् भने कतिपय तत्कालीन परिवेश वा दौँत्तरीहरूको लहैलहैमा लागेर यस्ता गतिविधिहरूमा संलग्न भएको पाइन्छ। अर्कोथरी समूह कुलत, दुर्व्यसनी र मानसिक स्वास्थ्यको समस्याका कारण अपराधिक क्रियाकलापमा फसेको पाइन्छ। तसर्थ गम्भीर अपराधमा संलग्न भएका बन्दीहरू बाहेक अधिकांस पुनर्स्थापना र समाजमा समायोजनका लागि योग्य मानिन्छन्। त्यसका लागि कारागारलाई दण्ड-सजायस्थलको रूपमा मात्र हेरिने-बुझिने परम्परागत अवधारणामा परिवर्तन गर्न जरुरी हुन्छ भने कारागारलाई सुधार केन्द्रको रूपमा विकास गरिनुपर्दछ। यसले राज्यको आर्थिक भार कम हुन्छ भने कारागारको सुरक्षाका लागि खटिनुपर्ने ठूलो जनशक्तिलाई राज्यको अन्य कार्यमा खटाउन सहज हुनेछ। कारागारलाई सुधार केन्द्रको रूपमा विकास गरी सामान्य अपराधमा संलग्न बन्दीहरू विशेषगरी बाल सुधार गृहका भर्ना गरिएका विवादमा परेका बालबालिकाहरूलाई सामान्य जनजीवनमा पुनर्स्थापना र समायोजन गर्न सकिएमा मुलुकमा जिम्मेवार र जवाफदेही राज्य भएको अनुभूति हुन्छ भने देशको अन्तर्राष्ट्रिय गरिमामा पनि बढोत्तरी हुनेछ।

**सन्दर्भ सामग्री**

https://insecresources.org.np/?r=102474&k=d99635484f

---

*(लेखक : इन्सेक कार्यसमितिका पूर्व सदस्य बुढाथोकी शान्ति प्रवर्धन, द्वन्द्व समाधान, नागरिक सुरक्षा र मानव अधिकार विषयमा विशेषज्ञता राख्नुहुन्छ।)*

# कारागार सुधारसम्बन्धी आयोगका प्रतिवेदन र तिनको कार्यान्वयन



यज्ञप्रसाद अधिकारी

## पृष्ठभूमि

नेपालमा कारागारको सुरुआत औपचारिक रूपमा १९७१ सालमा सदरजेलको स्थापना पश्चात भएको हो। हाल केन्द्रीय कारागारको रूपमा रहेको सदर जेल (सुन्धारा) नै नेपालको पहिलो कारागार हो। राणाकालीन अवधिमा नै नेपालमा डिल्लीबजार सदरखोर, बिरगन्ज, पाल्पा, धनकुटा आदि स्थानमा अन्य जेल र जेलका कार्यकारीहरूको स्थापना भएका थिए। हाल नेपालका ७७ जिल्लामध्ये धनुषा, बारा, भक्तपुर, पूर्व नवलपरासी र पूर्व रुकुम गरी पाँच जिल्ला बाहेकका ७२ जिल्लामा ७४ ओटा कारागार सञ्चालनमा रहेका छन्।[1] जसमध्ये महिला कारागार ५३ जिल्लामा र बालसुधार गृहहरू आठ स्थानमा रहेका छन्। वि.सं. २०५० साउनदेखि कारागार व्यवस्थापन विभागको स्थापना भएको र कारागार कार्यालयहरू मार्फत कारागार व्यवस्थापनको कार्य हुँदै आइरहेको छ।

कारागारको नजिकको सम्बन्ध फौजदारी न्याय प्रशासनसँग रहेको छ। फौजदारी कसुरमा आरोपित शङ्कित व्यक्तिलाई अदालतको आदेशअनुसार थुनामा राखेर पुर्पक्षको क्रममा अदालतको अन्तिम फैसला बमोजिम कसुरदारले सजाय भोग्ने स्थल नै कारागार हो। न्याय प्रशासनको उद्देश्य दोषीलाई कारबाही गरी शान्ति सुरक्षा, कानुन व्यवस्था, अमनचयन र पीडितलाई न्यायको प्रत्याभूतिको गर्नु रहेको हुन्छ। तसर्थ सुरुमा कारागारको स्थापना बन्दीगृहको रूपमा नै भएको पाइन्छ।

नेपालमा राणाकाल, दलविहीन पञ्चायती व्यवस्था वा २०४६ सालको परिवर्तन होस् वा २०५२ सालमा सुरु भएको सशस्त्र द्वन्द वा सशस्त्र समूहले गरेको आन्दोलन वा प्रतिपक्षी दलका नेता कार्यकर्ताहरूलाई राज्यबाट गएको गैरन्यायिक गिरफ्तारी झुठा मुद्दा चलाउने जस्ता कार्य निरन्तर भइआएको पाइन्छ। त्यसैले राजनीतिक दलका कतिपय नेता कार्यकर्तासमेत कुनै न कुनै बेला कारागारमा रहेको इतिहासमा छ।

विगतमा कारागारलाई बन्दीगृहको रूपमा लिइने गरेकोमा आधुनिक अवधारणा अनुसार कारागार भनेको अदालतले तोकेको सजाय भुक्तानी गर्ने बन्दीगृहमात्र नभई कैदीबन्दीबाट आपराधिक मनोवृत्ति वा क्षणिक आवेशका कारण हुन गएको अपराधमा प्रायश्चित गर्ने, आफ्नो आचरण र व्यवहारमा सुधार गर्ने सीपमूलक क्रियाकलापमा संलग्न हुने तथा असल नागरिकका रूपमा रूपान्तरण हुने सुधार गृह

१. कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं

पनि हो भन्ने मान्यता राख्ने गरिन्छ। त्यसैले आधुनिक कारागारलाई बन्दीलाई दण्ड दिने प्रयोजनको लागि राख्ने स्थानको रूपमा नलिइ कारागार सुधार गृहको रूपमा लिने गरिन्छ। नेपालको राजनीतिक व्यवस्था परिवर्तन सँगसँगै कारागार सुधारको चर्चा परिचर्चा हुने गर्दछ। मूलत: राजनीतिक आस्थाको आधारमा थुनामा रहेका आस्थामा बन्दीका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय मानव अधिकार रक्षकको चासोका कारण र राजनीतिक परिवर्तनपछि कारागार सधैँभर सुधारको मुद्दा अगाडि आउने गर्दछ। त्यसैगरी, गैरकानुनी थुना, स्वेच्छाचारी पक्राउ, सुनुवाइ बेगरको थुना, कारागारभित्रको यातना, कारागारभित्रै पनि हुने गरेका अपराधिक गतिविधि आदि जस्ता विषयहरूलाई पनि मानव अधिकार समुदायले उठाउने गरेको छ।

## नेपालमा कारागार सुधारका लागि भएका प्रयासहरू

कारागारमा विद्यमान समस्याको पहिचान गर्दै त्यसमा आवश्यक सुधार गर्ने र कारागारलाई सुधारगृहको रूपमा रूपान्तरण गरी कैदीबन्दीका आधारभूत मानव अधिकारको संरक्षणका लागि प्रयासहरू भएको पाइन्छ। तत्कालीन नेपाल सरकारले वि.स. २००५, २००७, २०१६, २०२९, २०४५, २०५०, २०५३, २०५७, २०६५ मा समेत विभिन्न समिति, आयोग, कार्यदल गठन गरी नेपालका कारागारको स्थितिबारे प्रतिवेदन र सुधारका लागि सुझाव सिफारिस गर्न तोकी आएको पाइन्छ।[२] तथापि यी आयोगहरू भने व्यवहारिक सुझाव सिफारिस गर्न प्राय सफल हुन सकेका छैनन्। फेरि तीनका कतिपय व्यवहारिक सुझाव अहिलेसम्म कार्यान्वयन समेत भएका छैनन्। स्थिति कस्तो छ भने सुधारका कुन कुन सुझाव कार्यान्वयन भए भन्ने अभिलेख सम्म छैन[३]। उपरोक्त समिति आयोग मध्ये केहीका सुझाव देहाय बमोजिम छन्।

## उच्चस्तरीय कारागार सुधार समिति २०२९

रामहरि शर्माको अध्यक्षतामा गठित यो समितिले नेपालका कारागारको अवस्था जर्जर रहेको जनाउँदै निम्न सुझाव सिफारिस समेत गरेको थियो।

१. तीन महिनाभित्र केन्द्रीय कारागारको महिला खण्ड र नख्खु कारागारको मर्मत गर्नुपर्ने।
२. नख्खु कारागारमा यथासक्य चाँडो खानेपानी प्रबन्ध गर्ने।
३. केन्द्रीय कारागारमा पोतपात गर्ने र चर्पी निर्माण गर्ने।
४. बन्दी कारागार आउनसाथ एकसरो लुगाफाटा र ओड्ने ओछ्याउने उपलब्ध गराउने।
५. बन्दीहरूलाई नैतिक शिक्षाका कार्यक्रम उपलब्ध गराउने।
६. २५ जना भन्दा बढी बन्दी रहने कारागारमा विद्यालय स्थापना गर्ने।
७. राजनीतिक बाहेक अन्य बन्दीलाई अनिवार्य काम दिनुपर्ने।
८. मानसिक बिरामी बन्दीका लागि मानसिक चिकित्सक समेत रहेको छुट्टै केन्द्र निर्माण गर्नुपर्ने।
९. सामूहिक भान्सा (मेस) को सुरुवात गर्नुपर्ने।

---

२. रविन भट्टराई, नेपाल दण्ड प्रणाली परिवर्तनका विषयवस्तुहरु, यातनापीडित सरोकार केन्द्र ( सिभिक्ट) नेपाल, २०५८. पृ. ९९

३. ऐ.ऐ.

१०. बन्दीलाई परिचयपत्र दिने काम सुरु गर्नुपर्ने।
११. असल आचरणका बन्दीलाई सजाय मिनाहा दिनुपर्ने।
१२. कारागार कर्मचारीलाई ओभरटाइम भत्ता दिनुपर्ने।
१३. कारागार प्रमुखलाई तालिम दिनुपर्ने।

**कारागार सुधार गुरुयोजना कार्यदल २०४४**

यो कार्यदलको नेतृत्व टीबी थापाले गरेका थिए भने कार्यदलले निम्नानुसार सुझाव सिफारिस गरेको थियो :

१. काठमाडौँ उपत्यका नजीकै ५ सय रोपनी जग्गामा अपराधिको पृथक पृथक खण्ड रहेको चार हजार बन्दी राख्न सकिने सुविधा सम्पन्न कारागार निर्माण गर्ने।
२. औषधोपचार निःशुल्क उपलब्ध गराउने र स्वास्थ्यकर्मी कर्मचारी बढाउने।
३. सफा खानेपानी, सुग्घर चर्पी र धुँवा नहुने भान्साको बन्दोबस्त गर्नुपर्ने।
४. केन्द्रीय र क्षेत्रीयस्तरका कारागारमा माध्यमिक विद्यालय स्थापना गर्ने।
५. बन्दीका लागि कसरत र मनोरञ्जनका कार्यक्रम चलाउने र,
६. कारागार प्रमुखलाई विदेशी तालिम दिने।

**कारागार भौतिक व्यवस्थापन अध्ययन २०५३**

२०४६ सालको ऐतिहासिक परिर्वतनपछि बद्रिराम भण्डारीको अध्यक्षतामा गठित कारागार आयोगका २०४७ र २०५३ सालका दुई प्रतिवेदनका सुझाव सूची यस प्रकार छ :

१. कारागारलाई सुधारगृहको नाम दिनुपर्ने।
२. कडाखाले अपराधी राख्ने सुरक्षित कारागार बनाउने।
३. मुगु र मनाङ जस्ता बन्दी नरहेका कारागार बन्द गर्ने।
४. सुधारात्मक प्रतिकृयाको सुविधा सम्पन्न नमूना कारागार बनाउने।
५. कारागार भित्र बन्दीका अधिकार र कर्तव्यको सूची राख्नुपर्ने।
६. स्थानीय स्रोतसाधनको व्यवस्थापन गरी बालबालिकालाई हरेक कारागारमा नराखी बालगृहमा राख्नु पर्ने।
७. आश्रित बालबालिकालाई कारागारमा नराखी बाल गृहमा राख्नुपर्ने।
८. कारागारका कर्मचारीलाई राष्ट्रिय, अन्तराष्ट्रिय तालिम दिनुपर्ने र
९. नेपालका कारागारमा कार्य गर्ने स्वास्थ्य, प्रशासन, सुरक्षा र कुटिर उद्योगसम्बन्धी व्यवस्था गरी सबै कर्मचारीलाई समेट्ने छुट्टै कारागार सेवाको गठन गर्नुपर्ने।

**प्रतिनिधिसभा राज्य व्यवस्था समितिको कारागारसम्बन्धी प्रतिवेदन २०५६**

तत्कालीन प्रतिनिधिसभा राज्य व्यवस्था समितिले नेपालका कारागारको स्थितिको अध्ययन गरि प्रतिवेदन प्रकाशित गरेको छ। सांसदहरूले संसदमा प्रश्न उठाएकोले यस प्रतिवेदनको राम्रै प्रभाव सिर्जना गरेको थियो। ती सुझाव देहाय बमोजिम रहेका छन्।

१. कारागारसम्बन्धी ऐन कानुन अद्यावधिक गर्ने।
२. कारागारलाई सुधारगृहका रूपमा विकास गर्ने।
३. हरेक ६ महिनामा प्रतिवेदन गर्ने गरी कारागार व्यवस्थापनको अनुगमन र

मूल्याङ्कन गर्न एक अनुगमन इकाइ गठन गर्नुपर्ने।

४. दण्ड व्यवस्थालाई राम्रो गर्ने नागरिक समाजका समूह र व्यक्ति परिचालन गर्ने व्यवस्थाको स्थापना गर्ने।

५. बन्दीको सरसुविधा बढाउने।

६. कारागार सम्बन्धी नियम सबैले देख्ने गरि टाँस्ने।

७. बन्दीलाई काम र सीप विकास तालिमको प्रवन्ध गर्ने।

८. कम्तीमा हप्ताको दुईपटक स्वास्थ्यजाँच गराउने र हरेक कारागारमा कम्तीमा एक स्वास्थ्यकर्मीको दरबन्दी राख्ने।

९. गम्भीर बिरामी र बयोवृद्ध बन्दीलाई बाहिर उपचार गर्न लैजान नातेदारलाई दिने व्यवस्था गर्ने।

१०. बन्दीको वर्गिकरण गर्ने र विरामी बन्दीलाई अलग्गै राख्ने।

११. प्रवेश हुनासाथ बन्दीलाई ओड्ने ओछ्याउन र लुगा दिने।

१२. कारागार भित्रै सहकारी पसल खुलाउने।

१३. आश्रित नाबालकलाई सिधासुविधा दिने।

१४. गर्भवती र सुत्केरी बन्दीलाई थप सुविधाको प्रवन्ध गर्ने।

१५. बन्दी र आश्रित बालबालिकाको निम्ती अनिवार्य रूपमा औपचारिक/अनऔपचारिक शिक्षाको प्रवन्ध गर्ने र हरेक कारागारमा पुस्तकालय राख्ने।

१६. नैतिक प्रवचनको व्यवस्था गर्ने।

१७. आश्रित बालबालिकाको हेरचाह गर्ने संस्थाहरूमा बन्दीका बालबालिकाको हेरचाहको समन्वय गर्ने।

१८. छिटोछरितो न्यायको लागि प्रवन्ध गर्ने।

१९. कैद सजायको विकल्प खोजी गर्ने र वैकल्पीक सजायको प्रवन्ध गर्ने।

२०. कारागार सुधारमा दत्तचित्त भएर लाग्ने कारागार प्रमुखलाई पुरस्कार दिने प्रवन्ध गर्ने।

यस अघि अनेक आयोग र अध्ययन भए पनि नेपालका कारागारको विग्रदो अवस्था सुधार्नमा खास केही नभएको तथ्यलाई समितिले आफ्नो प्रतिवेदनको साँरतथ्यका रूपमा राखेको छ। बन्दीलाई स्वास्थ्य सुविधा र खेलकुदका सामग्री जस्ता कुरा पनि उदाहरण दिँदै समितिले विगतका निर्णय कार्यान्वयन नभएतर्फ सरकारको ध्यानाकर्षण गराएको छ। यसले तत्कालीन गर्नुपर्ने उपरोक्त सुझावका अतिरिक्त दीर्घकालीन रूपमा समितिले कारागारहरू सहरबाट खुल्ला ठाउमा सार्नुपर्ने, आधुनिक सुविधायुक्त बनाउनुपर्ने र भिन्नभिन्न किसिमका बन्दीलाई पृथकपृथक रहने बस्ने प्रबन्ध गराउनुपर्ने जस्ता सुझाव समेत प्रस्तुत गरेको देखिन्छ।

## कारागार भौतिक व्यवस्थापकीय पक्ष सुधार कार्यदलको अन्तरिम र अन्तिम प्रतिवेदन २०६३

नेपालमा गणतन्त्र स्थापनापछि संसदबाट गठित समितिले कारागारको भौतिक व्यवस्थापकीय पक्ष सुधारका लागि सिफारिस गरी प्रतिवेदन पेश गरेको पाइन्छ।

## राष्ट्रिय मानव अधिकार आयोग कारागार अनुगमन प्रतिवेदनका सुझाव

नेपालको संविधान (२०७२) ले राष्ट्रिय मानव अधिकार आयोगको गठन र

कार्यादेश तोकेको छ।[४] मूलत मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसका अतिरिक्त कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा नीजि संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने जिम्मेवारी तोकेको छ। आयोगले कारागार तथा हिरासतको अनुगमन कार्यलाई प्राथमिकतामा राखि मार्ग निर्देशिका २०६७ प्रयोगमा ल्याएको छ।[५] राष्ट्रिय मानव अधिकार आयोगले स्थापनाकाल देखिनै कारागार तथा हिरासतको निरन्तर अनुगमन गरि नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ। ती सुझाव देहाय बमोजिम रहेका छन् :[६]

१. नेपालका अधिकांश कारागारहरूमा क्षमता भन्दा बढी बन्दी कैदी रहेको हुँदा तत्काल वैकल्पिक भवनहरूको व्यवस्था गरी मानवोचित भौतिक व्यवस्था गरी तत्काल लागू गर्न।
२. अधिकांश कारागारका भवन जीर्ण रहेकोले ती भवनको तत्काल मर्मत तथा पुनर्निर्माण गर्ने र निर्माणाधीन भवनहरू समयमा सम्पन्न गराउनु पर्ने।
३. घनाबस्ती र बजारको बीचमा रहेका कारागार भवनलाई सो स्थानबाट स्थानान्तरण गरी सुरक्षाको दृष्टिकोणले उपयुक्त अन्य स्थानमा व्यवस्थापन गर्न र नयाँ भवन निर्माण गर्दा समेत यस कुराको ध्यान पुऱ्याउन।
४. कैदीबन्दीलाई कारागारमा यथासक्य छुटाछुट्टै राख्नुपर्ने प्रचलित कारागार ऐन र नियमावलीमा व्यवस्था भए पनि अब उप्रान्त निर्माण गरिने नयाँ भवनमा सो बमोजिम व्यवस्था गर्न गराउन।
५. कैदीबन्दीको सिदा रकम, चाडपर्व खर्च बढ्दो महँगीको कारण अपुग देखिँदा आवधिक रूपमा बृद्धि गर्न।
६. आन्तरिक प्रशासनबाट कैदीबन्दीलाई शारीरिक/मानसिक यातना दिने दुर्व्यवहार गर्ने कार्य तत्काल रोकी आवश्यक कारबाही गर्न।
७. कतिपय कारागारभित्रको सुरक्षा व्यवस्था फितलो भई कैदी बन्दी बिच कुटपीट, हातपात समेत भएकोले सुरक्षा व्यवस्था मजबुत बनाउन।
८. कारागार वा हिरासतमा कैदीबन्दीको मृत्यु सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगलाई २४ घण्टाभित्र सूचित गर्ने व्यवस्था अनिवार्य रूपमा लागू गर्न गराउन।
९. हिराशत/कारागारमा थुनामा रहेको कैदीबन्दीको नियमित रूपमा स्वास्थ्य जाँच र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउनु पर्ने।
१०. कैदी बन्दीलाई नि:शुल्क कानुनी सहायता उपलब्ध गराउन।
११. महिला कारागारहरूमा शिशु स्याहार गृहको व्यवस्था गर्न।
१२. कारागारको भौतिक सुधार र खुला कारागार अवधारणा अनुसार

४. नेपाल संविधान (२०७२) को धारा २४९
५. कारागार तथा हिरासत अनुगमन मार्ग निर्देशिका २०६७ आयोगको २०६७।६।७ गतेबाट प्रारम्भ भएको छ।
६. कारागार तथा हिरासतमा मानव अधिकार अवस्था अनुगमन प्रतिवेदन २०७४, पृ. ७४, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर

व्यवस्था गर्न गराउन।

१३. कारागारमा रहेका कर्मचारीहरूलाई विशिष्टीकृत स्वदेशी र विदेशी तालिममा सहभागी गराउन आदि।

## मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनामा कारागार

मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना आ.व. २०७७/७८-२०८१/८२ ले समेटेका १७ ओटा प्राथमिकता क्षेत्रमध्ये हिरासत तथा कारागार सुधारलाई प्राथमिकतामा राखेको छ।[७] यस पूर्व गठित आयोग समिति र कार्यदलका सुझावको आधारमा कारागार ऐन २०१९, कारागार नियमावली २०२० लगायतका कारागारसम्बन्धी कानुनलाई समयानुकूल संशोधन र एकीकरण गरि लागु गर्ने, बस्ती नभएको खुला क्षेत्रमा आधुनिक प्रविधिमैत्री र पर्याप्त भैतिक सुविधायुक्त नयाँ कारागार भवन निर्माण गर्ने, मौजुदा कारागारको सुधार र क्षमता विस्तार गरी सम्भव भएसम्म क्षमता अनुसार मात्र कैदीबन्दी राख्ने व्यवस्था मिलाउने, नयाँ निर्माण हुने कारागारमा छुटाछुट्टै पुरुष, महिला एवं यौनिक अल्पसङ्ख्यक बन्दीगृह, सुधारगृह, भवन, ब्लक वा कोठा, शौचालय निर्माण गर्ने, आश्रित नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा दिक्षा र पालनपोषणको व्यवस्था गर्ने, कैदी बन्दीलाई मानव अधिकारसम्बन्धी तालिम प्रदान गर्ने जस्ता विषय समावेश गरेको छ।

त्यसैगरी, कैदीबन्दीहरूलाई आयआर्जन गर्न सकिने खालको सीपमूलक तालिम उपलब्ध गराउन, कैदीबन्दीलाई कारागार परिषरमा कुनै कारखाना स्थापना भएकोमा त्यस्तो कारखानामा पारिश्रमिक दिइ काममा लगाउने व्यवस्था गर्ने वा कैदको अवधि घटाउन श्रममा लगाउने व्यवस्था गर्ने, कैदीबन्दीलाई मनोवोचित सुविधा अन्तर्गत कारागारमा सफा खानेपानी, खेलकुद सामग्री, व्यायाम स्थल, टेलिभिजन, पुस्तकालयको व्यवस्था गर्ने, भेटघाट कक्षको व्यवस्था गर्ने, मानवोचित खाद्य र पोशाक सुविधा उपलब्ध गराउने जस्ता अधिकार उल्लेख छ।

कैदीबन्दीको प्रजनन अधिकारको संरक्षणको लागि उचित व्यवस्था मिलाउने, गर्भवती वा सुत्केरी बन्दीलाई बसोबास खानपान र स्वास्थ्य परिक्षणको सम्बन्धमा विशेष व्यवस्था गर्ने जस्ता व्यवस्था छ। खुल्ला कारागार, सामुदायिक सेवामा लगाउने सीपमूलक कार्यमा लगाउने, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाको कार्यान्वयन गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रोवेशन तथा प्यारोल बोर्डको गठन गरी क्रियाशील बनाउने जस्ता क्रियाकलाप तोकेको छ।

## निष्कर्ष

नेपालको संविधानले न्यायसम्बन्धी हक[८] र यातना विरुद्धको हक[९]लाई मौलिक हकको रूपमा समावेश गरेको र विद्यमान न्याय प्रणालीले पनि सुधारात्मक दण्ड प्रणालीको नीति अवलम्बन गरेको छ। फौजदारी कसुर र सजाय निर्धारण तथा कार्यान्वयन ऐन २०७४ मा भएका वैकल्पिक कारागार अवधारणाहरू कैदीबन्दीको आचरण र व्यवहार सुधार तथा कारागारको

---

७. मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना आ.व. २०७७/७८- २०८१/८२, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पृ. ५३

८. नेपाल संविधान (२०७२) को धारा २०

९. ऐ.ऐ. धारा २२

**कैदीबन्दीको प्रजनन अधिकारको संरक्षणको लागि उचित व्यवस्था मिलाउने, गर्भवती वा सुत्केरी बन्दीलाई बसोबास खानपान र स्वास्थ्य परीक्षणको सम्बन्धमा विशेष व्यवस्था गर्ने जस्ता व्यवस्था छ। खुल्ला कारागार, सामुदायिक सेवामा लगाउने सीपमूलक कार्यमा लगाउने, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाको कार्यान्वयन गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रोवेशन तथा प्यारोल बोर्डको गठन गरी क्रियाशील बनाउने जस्ता क्रियाकलाप तोकेको छ।**

समग्र सुधारतर्फ निर्देशित रहेका छन्। त्यस्तै नकारात्मक सूचीमा नपरेका र असल आचरण एवं चालचलन भएका कैदीबन्दीलाई कैद छुट हुने प्रावधानले कारागारलाई सुधारगृहको रूपमा विकास गर्ने कार्यमा सहयोग पुगेको छ। तर, अदालतवाट कैद ठेकिएका अपराध प्रमाणित भएका दोषीहरूको गैरकानुनी रूपमा नेपाल सरकारले कारागारको सजायवाट माफी मिनहा दिने, कैद माफ गर्ने, चलिरहेको मुद्दा फिर्ता लिने जस्ता कार्यले एकातिर दण्डहीनता बढेको छ भने अर्कोतर्फ पीडितमुखी न्याय प्रणालीमाथि पनि प्रश्न चिन्ह खडा भएको छ। नेपालमा कारागारको क्षमता करिब १६ हजार कैदीबन्दीलाई राख्न सकिने भएता पनि हाल विभिन्न कारागारहरूमा मुद्दा पुर्पक्षका सिलसिलामा करिब २६ हजार भन्दा बढी कैदीबन्दी रहेका छन्।[१०] काठमाडौं उपत्यका लगायत शहरी क्षेत्र, मधेश प्रदेश लगायतमा क्षमता भन्दा दोब्बर संख्यामा कैदीबन्दी रहँदा भौतिक अवस्था अपुग देखिन्छ। शौचालय, भान्सा, खेलकुद, व्यायामका लागि स्थान अभावले कैदीबन्दीका आधारभूत अधिकार उपभोगमा समस्या उत्पन्न गरेको छ।

कारागारको सुधारका लागि नेपालमा विभिन्न समिति, आयोग गठन भई तिनका सिफारिसबाट नीतिगत र कानुनी सुधार भएता पनि व्यवहारमा आसातित प्रगति भने हुन सकेको छैन। यस्ता समिति आयोगको सिफारिसहरूको कार्यान्वयन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको कारागारको भौतिक सुधार गर्नुपर्ने टड्कारो आवश्यकता समेत रहेको छ। तथापि, संवैधानिक रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोग, संसदीय समिति, महान्यायाधीवक्ताको कार्यालयबाट भएका अनुगमनको आधारमा नेपाल सरकारलाई दिइएका सुझाव सिफारिसको आधारमा अपराध पीडित, अदालती फैसला अनुसार दण्डसजाय भुक्तानी गरी कारागारमा रहेका कैदीबन्दी र सजाय भुक्तान भएपछि सामाजिक पुनर्स्थापना र सामाजिक एकीकरणका लागि नागरिक समाज समेतको सम्बन्धबाट नै पुनर्स्थापकीय न्यायबाट शान्ति सुरक्षा अमनचयन कायम हुनसक्छ।

(लेखक : राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव हुनुहुन्छ)

१०. कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमांडौ

# जेल प्रशासन र कानुनी अनुशासन

मेसोपोटामिया तथा इजिप्टको सभ्यताका खोजकर्ताहरूले इस्वी सन्को १००० वर्ष (बीसी) अगाडिदेखि नै काराबास तथा कारागार रहेको तथ्य उजागर गरेका छन्।[1] तर, कैदीहरूलाई नै राख्न सन् १७१६ मा बनाइएको संसारको सबैभन्दा पुरानो जेल जर्मनीको Waldheim Prison लाई मानिन्छ। यो जेलमा युद्धबन्दी र अपराधीलाई राख्ने गरिन्थ्यो। एउटा किल्ला (Castle) लाई जेल बनाइएको थियो। जुन आजका जेलसँग मिल्दोजुल्दो रहेको छ। त्यसै समयदेखि जेल, कारागार बनाउने चलन चलेको मान्न सकिन्छ। सन् १८७० मा सोही कारागारमा मानसिक वार्ड पनि थप गरिएको थियो।[2]



श्रीराम अधिकारी

नेपालमा कारागार स्थापना र व्यवस्थापनको कार्य वि.स. १९७१ बाट शुरु भएको हो। सदर जेल अर्थात हालको जगन्नाथ देवलको कारागार नै नेपालको पहिलो कारागार हो। तर, कारागारको व्यवस्थापन, कैदीको लगत, निर्देशन आदि कार्य व्यवस्थित गर्न २०१९ सालमा कारागारसम्बन्धी ऐन जारी भएपछि नेपालमा विधिवत ढङ्गले कारागार व्यवस्थापनको कार्य अगाडि बढेको पाइन्छ। हाल नेपालमा कारागार ऐन २०७९ र अनेकौं पटक संशोधित कारागार नियमावली २०२० प्रचलनमा रहेको छ।

कारागारमा मानव अधिकारको प्रश्न संसारभर हुने गरेको छ। विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन एवम् अदालतहरूले कारागारभित्रको मानव अधिकार र स्वतन्त्रताको वकालत गरेको भए पनि कारागार जेल प्रशासन, सुरक्षाकर्मी, कैदी र प्रशासकको अनुशासनको भूमिका मानव अधिकारको सम्मान, संरक्षण र कैदीहरूको सुरक्षाको लागि अपरिहार्य हुन्छ। कारागारका कैदी तथा जेल प्रशासकहरू कानुन, आचार संहिता तथा अनुशासनमा नबस्दा कैदीहरूको मानव अधिकारको दुरुत्साहन हुने कैदीहरूको सुरक्षामा नै गम्भीर असर परेका घटनाहरू नेपालमा पनि सार्वजनिक भएकै छन्।

अदालतवाट कैद तोकिएका बन्दीहरूको पनि मानव अधिकार हुन्छ र ?

---

1 http://www.prisonhistory.net/prison-history/history-of-prisons/
Waldheim Prison सम्बन्धी जानकारी यहा रहेकोछ https://shorturl.at/cgH12

2 जगंबहादुर सिहं विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६८, अङ्क ६ निर्णय नं. ८६३१ पृष्ठ १

बन्दीहरूको मानव अधिकार हुनु हुँदैन भन्ने पुरातनवादी सोचलाई मानव अधिकारको आधुनिक विधिशास्त्रले विस्तारै विस्थापित गर्दै आएको छ। बन्दीको कैद भुक्तान नै उसको सजाय भए पनि निजको व्यक्तिगत स्वतन्त्रता र मानव अधिकारवाट बञ्चित गरिनु हुन्न। किनभने अदालतले कैद जरिवानाको सजाय गर्दा निजको स्वतन्त्रता र मानव अधिकार पनि कैद भएर बस्ने उल्लेख गरेको हुँदैन। यस सम्बन्धमा सर्वोच्च अदालतले कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिकहरू स्वत: स्थगन वा निलम्बित हुन्छ भन्ने होइन। कैद तोकिएका व्यक्तिको हिँडडुल र आवतजावत गर्ने स्वतन्त्रता बाहेक अरु स्वतन्त्रता अपहरण हुन नसक्ने व्याख्या गरेको छ।[3]

व्यक्तिगत स्वतन्त्रताको हनन्, यातना, अमानवीय व्यवहार, हत्या तथा आत्महत्या, बसोबास, स्वास्थ्य तथा खानेपानीको समस्या, खाद्यान्नको कमी आदि जस्ता कारणले विश्वभर नै विभिन्न जेलहरू बदनाम समेत भएका छन्। स्थानीय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संघसंस्थाहरूले यस्ता जेलहरूको व्यापक विरोध गरी जेल भित्रका विभिन्न घटनाहरूलाई अभिलेख समेत गरेका छन्। केही संस्थाहरूले यस्ता जेलहरूको क्रमै अनुसार खतरनाक जेलको रूपमा समेत अभिलेख राख्ने गरेको पाइन्छ।

कारागारको भौतिक अवस्था सुधार, मानवोचित बसोबासको व्यवस्था, क्षमता भन्दा बढी कैदी, बन्दीहरूलाई नराख्ने, थप कारागारको व्यवस्था गरिनुपर्ने तथा सुरक्षाकर्मीको समेत कारागारमा यथोचित एवम् मानवोचित बसोवास र खानपानको व्यवस्था गरिनुपर्ने सम्बन्धमा सरकारवाट कुनै पहल हुन सकेको छैन। कारागारमा मानव अधिकार उन्मुख बजेटको समेत विनियोजन हुन सकेको छैन।

जेल प्रशासनमा पारदर्शिता तथा अनुशासन एवं इमान्दारितामा समेत वृद्धि गर्ने लगायतका विविध उद्देश्यहरू राखेर कारागार व्यवस्थापन विभागले एक सूचना प्रणाली प्रयोगमा ल्याएको छ। कारागार व्यवस्थापन सूचना प्रणालीले प्रिजनर मेनेजमेन्ट इन्फरमेसन सिष्टम नेपालभरको कैदीहरूको विवरण राखेकोले कुनै पनि कैदी तथा निजको अपराध तथा अदालतले तोकेको कैद सजाय, रिहा, कारागार आएको मिति आदि खोज्न सजिलो भएको छ।

श्रृङ्खलाबद्ध रूपमा भइरहेको कैदीहरूको अस्वभाविक मृत्युका घटनाले कारागार प्रशासन र फौजदारी न्याय प्रणालीमा सुधारको खाँचो एकातिर छ भने कारागार व्यवस्थापन विभागको कारागार व्यवस्थापन सूचना प्रणाली प्रति पनि प्रश्न चिन्ह रहेको देखिन्छ। सर्वोच्च अदालतले पनि "कारागार भित्रको अनुशासन, शान्त वातावरण र सुरक्षा अत्यावश्यक हुन्छ। सरकारले यस्ता कुरामा कहिले पनि नजरअन्दाज गर्न सक्दैन र हुँदैन[५]" भन्ने व्याख्या सर्वोच्च अदालतले २०६७ सालमा नै गरेकै हो। यो घटना कारागार प्रशासनबाट भएको गम्भीर अपराध र हत्या थियो। जसरी यस घटना सञ्चार माध्यमबाट सार्वजनिक

3 ln.run/IwHVR

4 जगंबहादुर सिहं विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, नेकाप २०६८, अकं ६ निर्णय नं. ८६३१ प्रकरण २३

भयो। त्यसैगरी, छानविन प्रतिवेदन सार्वजनिक गरिएको सञ्चार माध्यममा आएन। कारण थियो कारागार व्यवस्थापनको कमजोरीको कारण छानविनलाई न त सार्वजनिक गरियो। न त दोषी प्रशासक र सुरक्षाकर्मीलाई कारबाही नै गरिएको कुरा सार्वजनिक भयो।

चितवन राष्ट्रिय निकुन्ज भित्र अवैध शिकार गरेको अभियोगमा पेम्बा गुरुङ नख्खु कारागारमा थुनामा रहेका थिए। आफू ७५ वर्षको ज्येष्ठ नागरिक भएको र अर्बुद रोगबाट पीडित रहेको भन्दै उनले पचास प्रतिशत कैद छुटको निवेदन दिए। ज्येष्ठ नागरिक ऐन २०६३ को दफा १२ अनुसार कैद छुट दिन सकिने कैदीहरूमा उनी समावेश थिए। तर, उनको निवेदनउपर कारागार व्यवस्थापनले लामो समयसम्म कुनै सुनुवाइ नै गरेन। बाध्य भएर गुरुङले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरे। बन्दी प्रत्यक्षीकरण जस्तो संवेदनशील निवेदनमा समेत सर्वोच्च अदालतले निर्णय गरेन। गुरुङको २०७५ असोज २४ गते कारागारमा निधन भयो। सर्वोच्च अदालतले २०७५ माघ १ मा उनको रिटमाथि निर्णय गर्दै ज्येष्ठ नागरिकलाई नेपालको संविधानले गरेको विशेष संरक्षण तथा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ मा रहेको कानुनी व्यवस्था समेतको आधारमा ज्येष्ठ नागरिकको हैसियतले कैदको छुट पाऊँ भनी निवेदकले माग गरेकोमा संविधान र कानूनले सजायमा विशेष छुटको व्यवस्था गर्ने र सो छुटको माग गर्दा सजाय गर्ने अधिकारी, अदालत वा कारागारबाट समेत निर्णय नगरी अनिर्णित अवस्थामा नै वृद्ध तथा शारीरिक अशक्तताको कारणले निवेदक पेम्वा गुरुङको ०७५ असोज २४ मा मृत्युवरण गर्नुले संविधान र कानुनको मर्म नै मर्न पुगेको देखिन्छ"।[६] कारागारमा अत्यन्त जोखिममा रहेका दीर्घरोगी, महिला, ज्येष्ठ नगरिक तथा गर्भवती महिलाको संरक्षणको लागि विशेष उपायको अवलम्बन गर्ने दायित्व राज्यमा हुने भनी पछि सर्वोच्च अदालतले २०७७ मा पनि एक व्याख्या पनि गरेको थियो[७]। शायद, यस व्याख्याप्रति कारागार व्यवस्थापन विभाग बेखबर पनि रहन सक्छ। यस्ता व्याख्या एवम् आदेशको कार्यान्वयन हुनसके सम्भावित जोखिम र दुर्घटनाबाट बचन सकिन्छ। गुरुङको मृत्यु अगाडि नै चार्ल्स शोभराजको मुद्दामा "राज्यको आदेश वा निर्णयको कारण बन्दी जीवन बिताउन बाध्य रहेका व्यक्तिहरूको जीवन स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ। बन्दी अवस्थामा रहेको कारण सम्मानपूर्वक बाँच्न पाउने संविधान प्रदत्त हक समाप्त हुँदैन" भनी सिद्धान्त प्रतिपादन[८] भएको थियो। यो प्रतिपादित सिद्धान्तलाई कारागार व्यवस्थापन विभागले तिलाञ्जली दियो। यदि ज्येष्ठ नागरिकसम्बन्धी ऐनको प्रावधान

5 रिट नम्वर ७५WH००५० पेम्बा गुरुङ वि. कारागार कार्यालय, नख्खु समेत नेकाप २०७६ निर्णय नं. १०२१९ ln.run/4XLma

6 गोपाल सिवाकोटी चिन्तन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, नेकाप २०७७, भाग ६२ अकं ५ निर्णय नं. १०५०९ प्रकरण ३ (भ)

7 चार्ल्स गुरुमुख शोभराज वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेकाप २०७३, निर्णय नं.९७२२ अकं ११

8 ln.run/u2VKc

कार्यान्वयन गरिएको भए गुरुङ छुट्थे।

आवेश, आक्रोश, रिसमा आएर अपराध गरेका, भवितव्य वा परिस्थिति एवम् परिबन्द वा धम्की आदिले अपराधमा संलग्न भएका, वृद्ध तथा रोगीहरूलाई निश्चित समय कैदमा राखेर दिनुपर्ने सहुलियत पेशेवर अपराधी, योजनबद्ध अपराध गर्ने अपराधी तथा राजनीतिक पहुँच भएका नेता तथा कार्यकर्ताले नेपालमा प्रयोग गर्दछन्। फौजदारी न्याय प्रणाली असफल, दण्डहीनता प्रखर र अपराधमा राजनीतिक संरक्षण प्रवल भएको देशको सूचीमा नेपालले आफूलाई उभ्याउँदै छ।

कारागारका कर्मचारी, सुरक्षाकर्मी, बन्दी र आगन्तुकले पालना गर्नुपर्ने आचारसंहिता, २०७९ समेत कारागार व्यवस्थापन विभागले जारी गरेकोछ। कर्मचारीको आचरण सम्बन्धमा संहिताको दफा ५.१० मा कर्मचारी, सुरक्षाकर्मी वा बन्दीसँग झै-झगडा तथा विवादको वातावरण सृजना गर्ने कार्य गर्न नहुने कुरा उल्लेख छ। तर, यस प्रावधानको विपरीत हालै संखुवासभा जिल्ला कारागारमा कारागार प्रशासनको नियन्त्रण र सुरक्षामा रहेका दुई कैदीहरूलाई सुरक्षाकर्मी र कैदीका नाइकेहरूले मरणासन्न हुने गरी यातना दिइएको कारणबाट मृत्यु भएको तथ्य इन्सेकले सार्वजनिक गरेको थियो[९]। जबकी, कारागार ऐन, २०७९ अनुसार कारागारको सुरक्षा व्यवस्था चुस्त राख्ने जिम्मेवारी कारागार प्रशासक अर्थात जेलर कै थियो।[१०] कारागारको नियन्त्रणमा आइसकेका कैदीहरू भागी जाने अवस्था नहुँदा समेत कुटपिट, यातना र हत्या जस्तो गम्भीर अपराध हुनु भनेको कारागार प्रशासन कैदीको सुरक्षा गर्न असफल देखाउँछ। जबकी यस्ता घटना हुन नदिन तथा रोकथाम तथा सम्बोधन गर्नको लागि पूर्व तयारी योजना निर्माण हुन सकेको नदेखिएको २०७४ सालमा राष्ट्रिय मानव अधिकार आयोगले तयार पारेको प्रतिवेदनमा उल्लेखे थियो[११]।

यस्तै खालको गैरजिम्मेवार कार्य भक्तपुरको बालसुधार गृहमा भएको थियो। सुधार गृहको प्रशासक, होस्टल वार्डेन र सुरक्षाकर्मीको लापरबाही र उदासिनताको कारण एक बालकको मृत्यु भक्तपुरको बाल सुधार गृहमा भएको तथ्य इन्सेकले

9 दफा ७ (घ), कारागार ऐन, २०७९ कारागारको सुरक्षा ब्यवस्था चुस्त राख्ने, समय समयमा त्यसको जाँच गर्ने तथा कारागारलाई सदैव आफ्नो सुपरीवेक्षण र निगरानीमा राख्ने।

10 कारागार तथा हिरासतमा मानव अधिकार अनुगमन प्रतिवेदन, २०७४, राष्ट्रिय मानव अधिकार आयोग, पृष्ठ ५९

11 ln.run/ycg8c

12 ln.run/QDiEd

13 ln.run/LOW3R

14 “No human rights defenders or lawyers are allowed to visit prisons. Only the National Human Rights Commission (NHRC) and the Attorney General’s office can enter the premises, but they rarely do so”. https://www.prison-insider.com/en/articles/nepal-des-prisons-dans-la-prison

सार्वजनिक गरेको थियो।[१२] त्यसैगरी पर्सा बीरगजञ्को बाल सुधार गृहको झडपमा प्रहरी र बालकहरू घाइत[१३] भए भने बाँकेको जयेन्दु बाल सुधार गृहमा समेत बालकको मृत्यु हुन पुगेको थियो।[१४] सामान्यतया यी घटनाहरू कारागार व्यवस्थापन भित्र नपर्ने भएता पनि बाल सुधार गृहको नियमनको प्रभावकारिता तथा छुट्टै निकायको आवश्यकता बोध गराएको छ।

कारागारभित्रको अनुशासनको सर्न्दभमा विभिन्न तथ्यहरू पनि फेला परेका छन्। इन्सेकले प्रकाशन गरेको मानव अधिकार वर्ष पुस्तक २०२३ मा नेपालमा एकवर्षमा ५३ जना कैदीको मृत्यु कारागार भित्र भएको उल्लेख छ। यो कैदीका परिवार, मानव अधिकार समुदाय र समग्र नेपालको फौजदारी न्याय प्रणाली र कारागार व्यवस्थापनको लागि अत्यन्त दु:खद अवस्था हो।

**निष्कर्ष**

कारागार व्यवस्थापन कार्यविधि २०७३ ले कारागारमा कैदीहरू मध्येबाट चौकीदार, नाइके तथा सहनाइकेको व्यवस्था गरेको छ। कारागारभित्रको सूचना, सुरक्षा, कैदीको मनोभावना, गुनासो तथा सुझाव आदिको व्यवस्थापनको लागि यसप्रकारको व्यवस्था मनासिव नै मान्न सकिन्छ। तर, यस्ता चौकीदार तथा नाइकेलाई कारागारभित्रको क्यान्टिन, सुलभ पसल तथा अन्य आर्थिक कार्यको समेत जिम्मेवारी दिइँदा यसले अन्य कैदीहरूमाथि आर्थिक शोषण हुने गरेको तथ्य समय समयमा समाचारहरूमा आएकै हुन्। यस्ता चौकीदार, नाइकेहरूले कारागारभित्र गैरकानुनी कार्य समेत गर्ने गरेको पाइएको छ। चौकीदार, नाइकेजस्ता व्यवस्थाले कारागारमा बारम्बार अनुशासन र विधिको शासन भङ्ग हुने गरेको छ। यिनीहरूले कारागार भित्रै कैदीहरूलाई छुट्टै प्रकारको कैद गरेर आर्थिक शोषण गर्ने, यातना दिने, चर्को ब्याजमा पैँचौ, ऋण लिनेदिने आदि जस्ता थुप्रै अनुशासन र कानून विपरीतको कार्य नेपालमा हुने गरेको तथ्यलाई प्रिजन इनसाइडरले सार्वजनिक गरेको छ[१५]।

कारागार ऐन, २०७९ ले महान्याधिवक्ता र न्यायाधीशले वर्षको एकपटक तथा प्रमुख जिल्ला अधिकारीले तीन महिनामा एकपटक कारागारको निरीक्षण गर्नु पर्ने प्रावधान राखेता पनि सामान्यता यसप्रकारको निरीक्षण तोकिएकै अधिकारीबाट नभई निजले खटाएको कर्मचारीबाट हुने गरेको छ। यसमा सुधार र प्रभावकारी अनुगमनको आवश्यकता एकातिर छ भने अर्कोतर्फ कारागारको क्षमता, समस्या, पूर्वाधारसम्बन्धी विषय पटक पटक उठाइए पनि कहिल्यै सम्बोधन हुन सकेको छैन। यस्ता विषयको सम्बोधन र गैरकानुनी थुना, सजाय भन्दा बढी गरिएको कैद र कैदी कैदी बीचवाटै हुने अपराध र मानव अधिकारको विषयमा यस्ता अनुगमनले सुक्ष्म तहकिकात र तत्काल सम्बोधन गरिनुपर्ने आवश्यकता रहेको छ।

महान्याधिवक्ताको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगको कारागारमा अनुगमन तथा हस्तक्षेपको सहज पहुँच रहेको छ। तर पनि यी निकायबाट अनुगमन र हस्तक्षेप विरलै हुने गरेको छ।

15. ln.run/3vCat

**आवेश, आक्रोश, रिसमा आएर अपराध गरेका, भवितव्य वा परिस्थिति एवम् परिबन्द वा धम्की आदिले अपराधमा संलग्न भएका, वृद्ध तथा रोगीहरूलाई निश्चित समय कैदमा राखेर दिनुपर्ने सहुलियत पेशेवर अपराधी, योजनबद्ध अपराध गर्ने अपराधी तथा राजनीतिक पहुँच भएका नेता तथा कार्यकर्ताले नेपालमा प्रयोग गर्दछन्। फौजदारी न्याय प्रणाली असफल, दण्डहीनता प्रखर र अपराधमा राजनीतिक संरक्षण प्रवल भएको देशको सूचीमा नेपालले आफूलाई उभ्याउँदैछ।**

प्रिजन इनसाइडर नामक संस्थाले "कुनै पनि मानव अधिकार रक्षक वा वकिललाई जेलमा जान अनुमति छैन। राष्ट्रिय मानव अधिकार अयोग र महान्यायाधीवक्ताको कार्यालयले मात्र जेलमा प्रवेश गर्न सक्छ तर उनीहरूले विरलै त्यसो गर्छन्" भनी आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ।

नेपालमा पटक पटक जेल सुधार आयोगहरू बनेका छन्। जसमा नेपाल सरकारले जेल सुधार आयोग, २००५, पुनर्गठित जेल सुधार आयोग, २००८, जेल सुधार समिति, २०१६, उच्चस्तरीय कारागार सुधार समिति, २०२९, कारागार सुधार गुरु योजना कार्यदल, २०४५कारागार सुधार समिति, २०४७, कारागार भौतिक व्यवस्थापन अध्ययन दल, २०५३, प्रतिनिधि सभाको राज्य व्यवस्था समितिको कारागार सम्बन्धी प्रतिवेदन,२०५७, कारागार सुधार उच्चस्तरीय सुझाव समिति, २०६४, कारागारको भौतिक र व्यवस्थापकीय पक्ष सुधार कार्यदल, २०६८ रहेका छन्। यतिका आयोगहरूले कारागार सुधारको विभिन्न उपाय, सुझाव, सिफारिस सुझाएता पनि न त कारागारको अवस्था सुध्रिएको छ। न त सामुदायिक कारागार, खुल्ला कारागार जस्ता अवधारणाले नै सार्थकता पाएको छ। बजेट सहितको कार्यक्रम, नीति तथा योजना बनाइ कारागारको अवस्थामा सुधार ल्याउन सकिन्छ। जसले कारागारभित्रको कानुनी अनुशासनलाई समेत सशक्त बनाउने अपेक्षा गर्न सकिन्छ।

*(लेखक : राष्ट्रिय मानव अधिकार आयोग तथा संयुक्त राष्ट्रसंघीय मिसन अन्तर्गत दक्षिण सुडानमा काम गरिसक्नु भएको छ।)*

# जेल : सजाय, सुधार प्रणाली कि शक्ति प्रयोगको माध्यम ?

यो सङ्क्षिप्त लेखमा जेलको विकास र यसले व्यक्ति र समाजलाई पारेका प्रभावका बारेमा केही समाज वैज्ञानिक छलफल गरिएको छ। यस लेखको उद्देश्य नेपाल वा विश्वमा हाल जेलको अवस्था के छ भन्ने वस्तुगत अध्ययन गर्ने नभई आफैंमा जेल प्रणालीको विकास किन र कसरी भयो र शक्तिमा रहेकाले यसको कसरी प्रयोग गरेका छन् भन्ने विषयमा मिशेल फुको र अन्य चिन्तकहरूले उठाएका विषयमाथि विमर्श गर्ने प्रयत्न मात्र गरिएको छ। जेल प्रणालीको प्रयोगबाट संसारमा अपराधको सङ्ख्या घटेको प्रमाणिक अध्ययन छैन। न त जेल सजाय सकेर मुक्त भएका व्यक्तिहरू अपवाद बाहेक जेलप्रणालीको आवश्यकताको पैरवी गर्नेहरूले दावी गरेको जस्तो सुध्रिएर सामाजिक जीवनमा समाहित भएका छन्। यस्तो होइन भने जेल कि अझै सुदृढ र व्यापक रूपमा प्रयोगमा आइरहेको छ भन्ने विषयको उत्तर पनि यो आलेखमा दिने प्रयास गरिएको छ।



केशव सिग्देल

बन्दीको शरीरलाई केन्द्रित गरेर सार्वजनिक रमिताको शैलीमा दिन शुरु भएको सजाय परम्परा अहिलको समयसम्म आइपुग्दा कसरी अपराध गर्ने व्यक्तिको सोच र व्यवहारलाई अनुशासित गर्ने हिसाबले गुप्त प्रक्रियाको रूपमा विकसित भयो भन्ने बारेमा मिशेल फुकोले *डिसिप्लिन एण्ड पनिस: द बर्थ अफ द प्रिजन* (१९७५) भन्ने पुस्तकमा गरेको व्याख्या रोचक र समाजविज्ञानका दृष्टिले महत्वपूर्ण छ। उनले समाजिक सम्बन्धहरूको विश्लेषण गर्ने क्रममा बन्दीको शरीर र जेललाई शक्ति प्रयोगको साधनको रूपमा व्याख्या गरेका छन्। कुनै पनि वस्तुलाई बुझ्न त्यसको मिहिन अवलोकन गर्न आवश्यक हुन्छ र यसले त्यो व्यक्ति, वस्तु वा प्रक्रियाका बारेमा ज्ञान उत्पादन गर्छ। र यही ज्ञानलाई उपयोग गरेर त्यो व्यक्ति वा प्रक्रियामाथि शक्ति प्रयोग गरिन्छ भन्ने उनको विश्लेषण छ। शक्ति आफैंमा स्वामित्वमा राखिरहन सकिने कुनै उत्पादन वा वस्तु होइन। शक्ति त्यसको प्रयोगबाट मात्र अनुभव गर्न सकिन्छ। बन्दी र जेल त्यो शक्ति प्रयोगका साधन हुन् भन्ने मत उनको छ।

अरुमाथि नियन्त्रण कायम गर्न अरुको बारेमा जानकारी लिन आवश्यक छ। त्यसका लागि अवलोकन (अब्जरभेसन) एउटा तरिका हो। एकातिर व्यक्ति वा प्रक्रियाको अवलोकनले त्यसका बारेमा जानकारी वा ज्ञान निर्माण गर्छ भने उक्त व्यक्ति वा प्रक्रियामा सामेल समूहमाथि भय उत्पन्न गर्छ। कसैले हेरिरहेको छ भन्ने भाव उत्पन्न गराउँदा पनि उक्त व्यक्ति वा समूहलाई मनोवैज्ञानिक रूपमा नियन्त्रण गर्न सकिन्छ। यसका अन्य व्यवहारिक उदाहरण छन्। सवारीसाधनको गति जाँच गर्न ट्राफिक प्रहरीले प्रयोग गर्ने यन्त्रले पनि त्यही काम

गर्छ। आजकाल व्यापक रूपमा प्रयोगमा आएको सिसिटिभि यसको ज्वलन्त उदाहरण हो। वित्तीय संस्थामा पैसाको सुरक्षा, सडकमा लेन अनुशासनको अनुगमन, उद्योगमा कर्मचारी वा कामदारले तोकिएको काम गरे नगरेको सुपरीवेक्षण वा विद्यालयमा विद्यार्थीको कृयाकलापलाई अनुगमन गर्न यस्तो प्रविधि प्रयोग गरिएको पाइन्छ। क्यामेराले हामीलाई हेरिरहेको छ भन्ने सन्देशले तत् तत् स्थानमा सम्बन्धित व्यक्ति वा समूहलाई अनुशासित गरिरहेको हुन्छ। र त्यही एउटा क्यामेराबाट सम्बन्धित क्षेत्रको सुपरिवेक्षकले आफ्नो शक्ति पनि प्रयोग गरिरहेको हुन्छ।

समाज विकासको प्रारम्भिक चरणमा तत्कालीन समयमा अपराध मानिएका घटनामा संलग्न व्यक्तिहरूलाई नियन्त्रण गर्ने तरिका उसको शरीरमाथि शक्तिको प्रयोग थियो। गम्भीर मानिएका घटनाहरूमा सार्वजनिक स्थानमा लगेर मानिसहरूको उपस्थितिमा उसको अपराधको बयान गर्ने र यातना वा मृत्युदण्ड नै दिइन्थ्यो। यस्ता शारीरिक सजायको सार्वजनिक प्रदर्शनले बाँकी मानिसहरूमा भयको सञ्चार गरिदिन्थ्यो र उनिहरूमाथि मनोवैज्ञानिक नियन्त्रण गर्थ्यो। त्यस्तो अवस्थामा बन्दीगृहहरू सजायका लागि पालो पर्खने स्थलजस्तो मात्र हुन्थे। उतिबेला जेललाई आफैंमा सजायको रूपमा लिइँदैनथ्यो। तर, समाज विकासका विभिन्न चरणहरूमा त्यस्ता दण्ड परम्पराहरू आलोचित हुँदै गए। मानवीयताका कुराहरू उठे। विस्तारै मानवअधिकारका दृष्टिबाट त्यसस्ता सजायलाई अनुचित भनि व्याख्या हुँदै गयो। क्रिश्चियन मिथकहरूले तत्कालीन पश्चिमा समाजमा स्थापित भएको मानिस जन्मँदै पापी जन्मन्छ भन्ने भाष्यलाई विभिन्न वैज्ञानिक अनुसन्धानहरूले गलत सावित गर्दै गएपछि जेललाई सुधार गृहको रूपमा विकास गर्ने भन्ने नयाँ दृष्टिकोण जन्म्यो *(फुको २९)*।

१८ औँ शताब्दीपछि जेल सुधारको पैरवी गर्नेहरूले जेल आत्मअनुशासन वा स्वनियन्त्रणको तालिम स्थल हो भनि व्याख्या पनि गरेका छन्। समकालीन जेल पद्धतिहरूमा यो कुरालाई जोड दिएर जेल भित्र व्यायाम, ध्यान, र अन्य उत्पादनमूलक क्रियाकलाप गराउन पनि शुरु गरिएको देखिन्छ। तर, मिशेल फुकोले अनुशासनलाई शासकबाट प्रयोग गर्ने गरि माथिबाट तल जाने बाध्यकारी शक्तिको प्रयोग नभई संरचनागत रूपबाट नै स्वत: अनुशासन पालना गर्ने गरी शक्तिको प्रवाह हुने अवस्थालाई इङ्गित गरेका छन्। उनले उदाहरणका रूपमा बेलायती सामाजिक सुधारक जेरेमी बेन्थमले १८ औँ शताब्दीमा गरेको पेनोप्टिकनको प्रयोगलाई उद्धृत गरेका छन्। पेनोप्टिकन भन्नाले 'बीचमा गार्ड हाउसको रूपमा एउटा टावर बनाएर त्यहाँबाट अवलोकन गर्न सकिने गरि चारैतिर गोलाकार शैलीमा बनाइएको भौतिक संरचना' हो। त्यो बीचको टावरमा गार्ड नहुँदा पनि गार्डले हेरिरहेका छन् भन्ने मनोविज्ञानले परिधिमा बनेका बन्दकोठामा रहेका बन्दीहरूले आफ्नो व्यवहारलाई नियन्त्रित गरिरहेका हुन्थे। मिशेल फुकोको विचारमा मानिस यही सुपरीवेक्षण र नियन्त्रणको उत्पादन हो। राज्यको सर्भिलियन्सको अर्थात् निगरानीको संरचनाले मानिसलाई वशमा लिन सजिलो वस्तु वा शरीरको रूपमा निर्माण गरिदिन्छ। र, त्यो निगरानी, विश्लेषण र दण्डको भयले

मानिसमा जे बाँकी रहन्छ, त्यो नै नै हामी हौँ। यो निष्कर्षले पनि शक्तिको प्रयोग या प्रवाह अनुशासनको विधिबाट हुन्छ भन्ने तर्कलाई बल दिन्छ।

तर, जेलका केही समस्याहरू छन्। गम्भीर मानिएका अपराधमा लामो समय जेलमा बसेका मानिसहरू के साँच्चिकै सुध्रिएर निस्कन्छन् त ? कैद भुक्तान गरेपछि कुन सीप वा क्षमताका आधारमा उनीहरू समाजमा सुधारिएको रूपमा आर्थिक सामाजिक कृयाकलापमा संलग्न हुन सक्लान त ? यी प्रश्नहरू महत्वपूर्ण छन्। तर यिनको उत्तर सजिलो छैन। हामी झन् थप अपराधका लागि उनीहरूलाई विवश पारेर जेल बाहिर त पठाउदै छैनौँ भन्ने प्रश्न पनि ध्यान दिन आवश्यक छ। जेलको प्रयोग अपराध गर्ने व्यक्तिलाई राज्यद्वारा नियन्त्रण गर्न सकिने किसिमको 'डोसाइल' बनाउन र अपराधलाई विभिन्न कोटीमा विभाजन गर्ने, त्यस मुताबिक दोषी करार गर्ने र जेल मार्फत् शासनमा बस्नेले आफ्नो शक्तिको अभ्यास गर्ने प्रक्रियालाई वैधता त पाइरहेको छैन भन्ने गम्भीर प्रश्न पनि सँगै आउँछ। हिजोआज यसको उदाहरण हामीले सजिलै देखेका भोगेका पनि छौँ। सरकार विरोधी हुँदा गायन वा कलाकर्म पनि अपराध बनेका उदाहरण छन्। हत्या लगायत अन्य जघन्य भनिएका अपराधहरूलाई राज्य 'राजनीतिक' कोटीमा राखेर उन्मुक्ति दिइएका उदाहरण पनि छन्। तर सोही प्रकृतिको अपराधमा जेल बसिरहेका अन्य कैदीहरू समाजका लागि खतरा करार भएर बन्दीगृहमा बसिरहेका छन्। त्यसैले फुकोको पनि संशय छ। जेल सुधार भन्दा पनि राज्यले अपराधका किसिमहरू, तरिकाहरू, सम्भावनाहरूको ज्ञान मार्फत् आफ्ना विरोधीहरूलाई तह लगाउने वैध संरचना बन्नतिर उन्मुख छन् कि भन्ने देखिन्छ। तर, समाजमा अनुशासन कायम गर्ने सजिलो माध्यमको रूपमा यसको स्वीकार्यता अन्य दण्ड प्रणालीको भन्दा बढी नै देखिन्छ।

जेलको आधुनिक मोडेलको प्रयोग समाजका अन्य संस्था र संरचनाहरूमा पनि प्रयोग गरिएको पाइन्छ। जस्तो, अवलोकन गर्ने वा निगरानीमा राख्ने, त्यो व्यक्तिका बारेमा ज्ञान लिने र ज्ञान मार्फत बनेको शक्तिको प्रयोग त्यही व्यक्ति वा समूहमाथि गर्ने जेलको मोडल विद्यालय, अस्पताल, परिवार वा अन्य सार्वजनिक संस्थाहरू पनि प्रयोग भएका छन्। प्रश्न गर्न सिकाउने भन्दा हाम्रो शिक्षण संरचनाले अनुशासनलाई शिक्षाको महत्वपूर्ण उद्देश्य बनाएको देखिन्छ। त्यो संरचनागत रूपमा स्वअनुशासित हुन, शासन र कानुनलाई मान्न, शासकप्रति प्रतिबद्ध हुन सिकाउने एउटा तरिका पनि हो। राज्यका अवयव आफैं लागेर व्यक्तिलाई अनुशासनमा लगाउने नभई शक्तिको प्रवाहले स्वचालित रूपमा स्वनियन्त्रण प्राप्त गर्नसक्ने अवस्था सिर्जना गरेका छन्।

जेल प्रणालीको उत्पत्तिलाई हेर्दा यसको प्रयोग सार्वजनिक रूपमा भौतिक शरीरको अन्त्यबाट शुरु हुन्छ र विकासक्रममा यो स्वतन्त्रतालाई सीमित गर्ने संयन्त्रको रूपमा रहन गएको देखिन्छ। उदाहरणका लागि सन् १७६५ मा फ्रान्समा जेल सुधारको कानुन बन्यो जसलाई 'रुल्स फर द हाउस अफ योङ्ग प्रिजनर्स इन पेरिस' भन्ने नाम दिइयो। यसले बन्दीहरूले जेलमा पालन गर्नुपर्ने नियमहरू तोक्यो। सार्वजनिक रूपमा यातना दिने र मृत्युदण्ड दिने अमानवीय सजाय पद्धतिबाट यो नियम तुलनात्मक रूपमा मानवीय देखियो। तर

बन्दीलाई चिनाउन निश्चित प्रकारको पहिरन लगाउनुपर्ने, कपाल मुण्डन गर्नुपर्ने, हतकडी लगाएर शहरको सफाइ वा सार्वजनिक निर्माणको काम गर्नुपर्ने जस्ता सार्वजनिक रूपमा प्रर्दशन हुने नियम यथावतै रहे। जुन झण्डै १९औँ शताब्दीको शुरुतिर आएरमात्र परिवर्तन भई बन्दीका कृयाकलाप बन्दी गृहभित्रमात्र सीमित हुन गए। यसले सजायलाई शारीरिक यातनाबाट केही अधिकारहरूको कटौतीको विषय बनायो। तर, त्यस्तो खालको जेल बसाइभित्र पनि बन्दीलाई बाध्यकारी श्रमका साथै खानाका कोटा निर्धारण, यौनजन्य शारीरिक कृयाकलापबाट वञ्चिती, हतकडीको प्रयोग वा अन्य शारीरिक यातना, वा एकान्तमा कैद जस्ता व्यवस्थाहरू मार्फत् बन्दीको भौतिक शरीर सजायको तारो बनिरह्यो *(फुको, पृ. १६)*।

त्यसपछि उठेका जेल सुधारका प्रयत्नहरू भने भौतिक रूपमा शरीरलाई यातना दिने कुरालाई घटाउने वा बन्द गर्नेतिर उन्मुख भए। अब क्रुरता र शारीरिक कष्ट कम गर्ने र दया र सम्मानको व्यवहार बढाउनेतर्फ जेल सुधारका प्रकृयाहरू उन्मुख हुँदा सजाय प्रणालीको तारो अब बन्दीको शरीरबाट बन्दी को 'आत्मा' तिर सऱ्यो भन्ने विश्लेषण फ्रान्सेली दार्शनिक ग्याब्रियल बोनोट डे मेब्लीले गरेको देखिन्छ *(फुको १६)*। मिशेल फुकोले यो रूपान्तरणलाई एउटा सार्वजनिक वियोगान्तबाट अर्को अनुहारविहिन, बुझ्न कठिन प्रहसनको युगमा हामी गयौँ भनेका छन्। जहाँ सजाय प्रणालीको तारो शरीररहित सत्य अर्थात् सजिलोको लागि बन्दीको आत्मामा केन्द्रित भयो। अब शरीरलाई नचलाइकनै उसको मन, व्यवहार र सोचमाथि नियन्त्रण गर्ने तरिकाहरू शुरु भए। ज्ञान र शक्तिले नै सत्य निमार्ण गर्ने अवस्था रह्यो *(फुको १९४)*।

अब अपराधको ज्ञान, अपराधमा संलग्न व्यक्तिको बारेमा ज्ञान र कानुनी ज्ञानका आधारमा मात्र सजायको निरूपण हुने अवस्थाबाट फरक आयामहरू सजाय प्रणालीभित्र विकास हुन थाल्यो। खासमा उक्त व्यक्तिले अपराध गर्नुका कारण के थिए? त्यसका लागि केवल उसको अपराधिक मनोवृत्ति जिम्मेवार थियो कि अचेतन अवस्थामा त्यो अपराध हुन गयो? अपराधका लागि वंशाणुगत गुणको प्रभाव पनि छ कि तत्कालीन आर्थिक सामाजिक वातारण पनि त्यसका लागि जिम्मेवार छन् भन्ने प्रश्नहरू पनि उठ्न थाले। यो प्रश्नले दण्ड वा सुधारको केन्द्रमा अब त्यो बन्दी नभएर अपराधका अन्य कारकतत्व हुने भए। यो प्रश्नसँगै बन्दीको शरीरलाई भौतिक रूपमा गरिने दण्डको अन्त्य आवश्यक भएर सुधार अन्य पक्षमा केन्द्रित हुनुपर्ने बुझाइको विकास हुँदै गयो। उदाहरणका लागि, मानसिक रोगका कारणले कुनै अपराध हुन गएको रहेछ भने, त्यो अपराध अब अपराध भएन। र उक्त घटनाका लागि उक्त व्यक्ति अपराधी पनि भएन। तर यो नयाँ दृष्टिकोणको उपयोग भने विस्तारै अन्य प्रयोजनमा पनि हुन थाले। आजकाल राजनीतिक उद्देश्य प्राप्तीका लागि गरिएका 'अपराधहरू' अपराधको कोटीमा नपर्ने खालका अभ्यासहरू त्यसैको प्रयोगको एउटा निरन्तरता हो भन्न सकिन्छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी हुने गरेका बहसहरू यिनै अवधारणाबाट विकसित हुँदै आएका छन्। राजनीतिक उद्देश्य अभिप्रेरित 'अपराध' मा उन्मुक्ति दिनुपर्छ भनेर पैरवी गर्नेहरूले उक्त अपराध तत्कालीन राजनीतिक, आर्थिक, सामाजिक वातावरण

कारक थियो भन्ने तर्क गर्ने गरेका छन्।

यसरी हेर्दा नयाँ दण्ड प्रणालीमा सुधारको निशाना बनाइएको 'आत्मा' राजनीतिक संरचनाको साधन पनि हो, र त्यसको प्रभाव क्षेत्र पनि हो। बन्दीको भौतिक शरीर अब त्यही नियन्त्रित आत्माको बन्दी हुन पुग्छ (फुको ३०)। तर पछिल्लो समय जेलकै अवधारणा गलत भएको भनेर आलोचना पनि गरिएको छ। त्यसरी विरोध गर्नेहरूले चार ओटा कुरालाई प्रमुख रूपमा उठाएको देखिन्छ। पहिलो, जेलप्रणालीले अपराधको प्रकृति अनुसार वस्तुगत रूपमा जेल सजाय तोक्न सम्भव छैन भन्ने तर्क गरेका छन्। दोस्रो, जेलबाट मुक्त भएपछि सत्कर्ममा फर्किन्छ भन्ने त्यसले सुनिश्चित गर्दैन भन्ने तर्क छ। तेस्रो, जेल व्यवस्थाले आममानिसहरूको व्यवहारमा तात्विक फरक पार्दैन भन्ने तर्क छ। चौथो, जेलले सरकारी साधनस्रोतको अपव्यय बढाउँछ भन्ने तर्क छ। बन्दीहरू लामो समयसम्म बेकम्मा भएर बस्नुपर्ने र त्यसले गर्दा उनीहरूमा अपराध चिन्तन झन् बढ्दै जाने तर्क पनि उत्तिकै छन्। चार्ल्स चाब्राउड लगायतका दार्शनिकहरूले त सबै खाले अपराधका लागि एउटै किसिमको सजायको रूपमा जेलको अवधारण ठीक हो कि होइन भन्ने विषयलाई उठाएका छन्। यो त हरेक रोगका लागि एउटै विशेषज्ञता भएका चिकित्सककहाँ जाने वा एउटै किसिमको औषधी सिफारिस गर्नु जस्तो भयो भनि जेल प्रणालीको आलोचना भएको पनि छ *(फुकोद्वारा उधृत, पृ. ११७)*। कतिपयले जेललाई अपराधी सुरक्षित राख्ने व्यवस्थाको रूपमा पनि आलोचना गरेका छन्।

तर, जेल व्यवस्थाको विरोध गर्नेहरूको प्रतिवाद गर्नेहरू पनि उत्तिकै सशक्त छन्। उनीहरूले सार्वजनिक सुरक्षाको विषय र दण्डहीनताले पार्ने प्रभावहरूका बारेमा प्रशस्तै तर्क गरेका छन्। यही सिद्धान्त अनुरूप बन्दीका आचरणमा सुधार ल्याउन समय तालिका बनाएर व्यायाम, ध्यान, सामूहिक कृयाकलाप, र श्रम र उत्पादनका काममा बन्दीलाई लगाउने परिपाटी थालिएको छ। खासगरी, जेलभित्रै श्रमबाट आर्थिक उपार्जन गर्ने किसिमका कृयाकलापले उनीहरूलाई जेलबाट मुक्त भएपछि समाजमा भिज्न, उत्पादनशील काममा लाग्न प्रेरित गर्छ र जेलभित्रकै आचरणमा फरक ल्याउँछ भन्ने धारणा पनि उनीहरूको छ। कामको यो विश्वव्यापी विधि (युनिभर्सल पेडागोजी अफ वर्क)का हिमायतीहरूले यसको त प्रशंसा नै गरेका छन्। जेलसम्बन्धी १७७९ को अमेरिकी कानुनमा कामको आदत बसाल्नुलाई जेलको एउटा सुधारात्मक उद्देश्यका रूपमा व्याख्या गरिएको थियो *(फुको १२३)*। तर जेलमा बन्दीहरूलाई सुधारात्मक प्रक्रियामा लैजान बन्दीहरूको अवस्था, आनिबानी, रुची, आदिका बारेमा जान्न जरुरी हुन्थ्यो। त्यसैले उनीहरूलाई निगरानीमा राखेर र उनीहरूका बारेमा जानकारी वा ज्ञान लिने प्रणालीको पनि विकास हुँदै गएको देखिन्छ। जसले कालान्तरमा ती दोषीहरूलाई अनुशासित गर्न सम्भव हुन्छ भन्ने तर्क गरिएको थियो।

अनुशासनलाई बुझ्ने दुई किसिमका बिम्ब छन्। पहिलो चाहिँ बन्दीगृहजस्ता समाजबाट अलि पर अलग्गै निर्माण गरिएका संरचनाहरू जसको नकारात्मक देखिने उद्देश्य बढी छन्। जस्तो दुष्टलाई नियन्त्रणमा लिने, सञ्चार र सम्पर्क विच्छेद गर्नु, र समयको पावन्दीमा राख्नु। अर्को प्यानोप्टिकोन मोडलको सुधार प्रक्रिया

छ जुन सुपरीवेक्षणमा आधारित छ। यसले स्वनियन्त्रित र प्रभावकारी सुधारमा जोड दिएको छ। यो दोस्रो तरिका चाहिँ सामाजिक संरचनाका अन्य अवयवहरूमा पनि प्रयोग हुँदै र विकसित हुँदै गएको छ। एक हिसाबले आधुनिक समयमा जेलको विकास र प्रयोगमाथि उल्लेखित दोस्रो उद्देश्यका लागि भएको पाइन्छ। पेलेग्रिनो रोसीले त जेललाई सभ्य समाजको दण्ड प्रणाली नै मानेका छन्। यो सबैका लागि समान तरिकाले प्रयोग हुने र शासकको व्यक्तिगत विवेकमा आधारित नभई स्वतन्त्र संस्थाको रूपमा क्रियाशील रहन सक्छ भनेका छन् *(फुको २३१)*। जेललाई समर्थन गर्नेहरूले पनि यसको प्रयोगलाई दुईवटा मोडेलमा प्रयोग गरेका छन्। अउवर्नको जेल मोडलमा बानीको विकास गरेर सुधारतिर लैजाने कुरालाई जोड दिइएको छ भने फिलाडेल्फियाको जेल मोडलमा उसलाई निर्जन रूपमा राखेर आत्मचिन्तनका माध्यमबाट सत्मार्गका लागि आलोकित हुन सक्छ भन्ने अवधाराणा पनि छ। तर, यस्तो आध्यात्मिक मोडलले के बन्दीमा आधारभूत सुधार आउँछ भन्ने प्रश्न उत्तिकै गम्भीर छ।

न्याय निरूपणको दृष्टिले जेलको प्रयोग कति ठीक र कति बेठिक भन्ने प्रश्नको उत्तर त्यति सजिलो छैन। तर एउटा कुरा के चाहिँ सत्य हो भने यातना र अन्य अमानवीय व्यवहार र हत्याको सट्टा जेललाई सुधार केन्द्रको रूपमा लाने अवधारणा तुलनात्मक रूपमा बढी 'मानवीय' छ। तर जेललाई शासकहरूले कसरी आफ्नो शक्तिको अभ्यास गर्ने माध्यमको रूपमा प्रयोग गर्छन् कुरा पक्कै विचारणीय छ। यसले गर्दा शासकले अपराधका नयाँ परिभाषाहरू गर्ने र शासन विरोधीहरू ती परिभाषा अनुसार अपराधी हुने खतरा उत्तिकै छ भन्ने पनि समकालीन समयका प्रयोगहरूले देखाएका छन्। अर्कोतर्फ आफ्नो अनुकूल हिँड्न कबुल गर्ने बन्दीहरूलाई तथाकथित सुधार भएको प्रतिवेदनका आधारमा आममाफी दिने र तिनलाई आर्थिक राजनीतिक लाभका लागि शासकहरूले फेरि प्रयोग गर्ने खतरा पनि बढेको छ। त्यसैले जेल अपराधीलाई सजाय दिने, वा सुधार प्रक्रियाबाट अपराधको दर घटाउने भन्दा पनि शक्तिको प्रयोगको माध्यमको रूपमा यसको प्रयोग बढ्ने अवस्था देखिन्छ।

## सन्दर्भ सामग्री


१. न्युटन, माइकल। क्रिमिनल जस्टिसः द प्रिजन एण्ड द पेनल सिस्टम। चेल्सी हाउस पब्लिसर्स, २०१०।

२. फुको, मिशेल। *डिसिप्लिन एण्ड पनिसः द बर्थ अफ द प्रिजन* (१९७५)। भिन्टेज बुक्स, दोस्रो संस्करण, १९९५।

३. मेयर, आन्द्रेय। प्रिजन डिस्कोर्स : ल्याङ्ग्वेज याज अ मिन्स अफ कन्ट्रोल एण्ड रेजिस्टेन्स। पेलग्रेभ म्याकमिलन, २००४।

४. रोथ, मिचेल पि। प्रिजन एण्ड द प्रिजन सिस्टम : एन इनसाइक्लोपेडिया। ग्रीनउड, २००६।



*(लेखक : एम्नेष्टी इन्टरनेशल नेपालका पूर्व उपाध्यक्ष एवं त्रिभुवन विश्वविद्यालय, अङ्ग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक हुनुहुन्छ।)*

# सरकारी बेवास्ताको चपेटामा बाल सुधार गृह

गत भदौ ४ गते भक्तपुरमा रहेको बालसुधार गृहबाट २ सय २१ जना जबरजस्ती बाहिर निस्किए। ३ गते १९ वर्षीय कमल बस्नेतको बालसुधारगृहमै मृत्यु भएपछि उनीहरू व्यवस्थापनको विरुद्ध सडकमा निस्किएका थिए। बालसुधारगृहमा तोडफोड, प्रहरीसँगको झडप जस्ता घटनाहरू भए।

बिरगञ्जमा रहेको बालसुधारगृह भित्र झडप। भदौ ४ गतेको घटनापछि भक्तपुरबाट विरगञ्ज लगिएका १८ जना र त्यहीं रहेकाहरूबीच एक आपसमा झडप भयो। बालसुधार गृहमा रहेकाहरू र प्रहरीबीच झडप हुँदा नौ जना बालक र तीन जना प्रहरी घाइते भए।



राजेश शर्मा

असोज ४ गते बाँकेको डडुवा गाउँपालिकामा रहेको बाल सुधार गृहमा झडप भयो। बालक, किशोर र युवाहरू एक आपसमा झगडा गर्दा १८ वार्षीय बालक सुलभ केसीको मृत्यु भयो भने १० जना घाइते भए। बाल सुधार गृहमा क्षति भयो।

एक महिनाको अन्तरालमा भएका यी घटनाहरूले सरकारको अनुहार प्रतिविम्बित गर्छ। अर्थात यी सबै घटनाहरू सरकार सिर्जित र संरक्षित घटनाहरू हुन्। क्षमता भन्दा बढी बालबालिका बाल सुधार गृहमा राखेर बाल अधिकार हनन गरेको सरकारले त्यहाँ भित्र हुन सक्ने जोखिम, हिंसा, दुर्व्यवहारका बारेमा नजरअन्दाज गर्दै आएको थियो। फलस्वरुप यस्ता घटनाहरू निरन्तर भइरहे। तर पनि सरकार जवाफदेही देखिएन। भदौ ३ गते १९ वर्षीय कमल बस्नेतको मृत्यु कमजोर व्यवस्थापनकै कारण थियो। किशोरको मृत्यु भएको घटनामा सरकार संवेदनशील भएको भए सायद पछिल्ला घटनाहरू नहुन पनि सक्थे।

एक वर्ष अगाडि भैरहवाको बालसुधार गृहमा समस्या सिर्जना भयो। यो बालसुधारगृह नै होइन भने सुधार गृहका बालकहरूले। दिनको उज्यालोसमेत देख्न नसक्ने बन्दी गृह, यातना स्थल जस्तो रहेको यो गृहमा बालकहरूले विद्रोह गरे। उनीहरूको विद्रहोहलाई सरकारले बल प्रयोग, शक्तिको दम्भबाट डिल गरेको थियो। सुधार गृहका नाममा भएको चरम बाल अधिकार हनन्का विषयमा विद्रोह गरेका बालकहरूलाई बाल संवेदनशील र जवाफदेहिताको कोणबाट सम्बोधन गर्नुपर्ने सरकार बल प्रयोग र घटनालाई सामसुम पार्ने क्षणिक समाधानतिर उन्मुख भयो। बालकहरूले उठाएका मागहरूलाई सम्बोधन गर्नतिर केन्द्रीत नभई विद्रोह गर्ने बालकहरूलाई सरकारले भैरहवाबाट बाँकेको डडुवामा रहेको बाल सुधार गृहमा स्थानान्तरण गयो। आजको दिनसम्म पनि भैरहवाको बालसुधार गृह यातना स्थल जस्तै छ। अर्थात वयस्कहरूलाई राख्ने जेल भन्दा कैयौं गुणा कमजोर अवस्थामा बाल सुधार गृह छ। कुनै कोणबाट पनि यसलाई सुधार गृह भन्न सकिँदैन। इन्सेक, एडभोकेसी फोरम, सिविन लगायतका संस्थाहरूले स्थलगत अवलोन गरी

| बाल सुधार गृहमा रहेका ७४२ जना बालबालिकाको मुद्दाको प्रकार | | |
|---|---|---|
| क्र.सं. | मुद्दाको प्रकृति | बालबालिकाको सङ्ख्या |
| १. | जबरजस्ती करणी | ३६४ |
| २. | लागूऔषध | ६६ |
| ३. | कर्तव्य ज्यान | ६८ |
| ४. | चोरी तथा डाँका | १११ |
| ५. | ज्यान मार्ने उद्योग | २२ |
| ६. | करणी उद्योग | ११ |
| ७. | सवारी ज्यान | ३१ |
| ८. | मानव बेचविखन, अपहरण वा शरीर बन्धक | ११ |
| ९. | सार्वजनिक शान्ति तथा न्याय विरुद्धको कसुर | . |
| १०. | अप्राकृतिक मैथुन | १३ |
| ११. | लिखतसम्बन्धी कसुर | . |
| १२. | विद्युतीय कारोबार | . |
| १३. | हातहतियार तथा खरखजना सम्बन्धी कसुर | १ |
| १४. | आत्महत्या दुरुत्साहन | १ |
| १५. | एसिड आक्रमण | १ |
| १६. | खोटो चलन | . |
| १७. | बालविवाह | ४ |
| १८. | आपराधिक उपद्रो, अभद्र व्यवहार, झै-झगडा | ७ |
| १९. | सवारीबाट अङ्गभङ्ग | ८ |
| २०. | छुवाछुत वा भेदभाव | १ |
| २१. | शङ्कास्पद कसुर | १ |
| २२. | कुटपिट अङ्गभङ्ग | १ |
| २३. | लापरबाही | १ |
| २४. | बालयौन दुरुपयोग | २ |
| २५. | नखुलेको | १ |
| २६. | अन्य | १६ |

*स्रोत: केन्द्रीय बाल न्याय समितिको सचिवालय,२०८०*

सरकारलाई दिइएका सुझावहरू सरकारले सुनेको नसुन्यै गरेको छ। हरेक वर्ष नागरिक समाजले उठाएका सवाललाई सरकारले सुन्नै चाहेन। जसको कारण अहिलेसम्म भैरहवाको बालसुधारगृहको विकल्प सरकारले दिन सकेको छैन। त्यहाँको व्यवस्थापन, रहनसहनमा कुनै सुधारको गुञ्जायस छैन। बरु दिन प्रतिदिन वातावरण धुमिल हुँदैछ।

भैरहवाबाट स्थानान्तरण गरिएका बालकहरूले बाँकेको बाल सुधार गृहमा पनि बिद्रोह गरे। गैरसरकारी संस्था युसेपले दाताहरूको सहयोगमा निमार्ण गरेको नयाँ भवनका प्राय: सबै झ्यालहरू फुटे। ढोका, पर्खालहरूमा क्षति भयो। कमजोर व्यवस्थापनका विषयमा भएको विद्रोह सुधार गृहका अरु बालकहरूबीचको झगडाको बीउ बन्यो। अर्थात बालकहरू एक आपसमा झडपमा उत्रिए। युवाहरूले बालकहरूलाई हेप्न, कुटपिट गर्न थाले। विस्तारै वातावरण रणभूमि बन्यो। प्रहरी परिचालन गर्नुपर्ने अवस्थामा आयो। अश्रुग्याँस प्रयोग भयो, प्रहरीले गोली चलायो र वातावरण क्षणिक रूपमा भए पनि शान्त भयो। बालक, किशोर, युवाहरूको एउटै माग थियो,'सुधारगृह साँच्चिकै सुधार गृह हुनुपर्‍यो'तर सरकारले सुनेन। दीर्घकालीन समाधानतिर लाग्नुको साटो विद्रोहमा उत्रिएकाहरूलाई सानोठिमी भक्तपुरमा स्थानान्तरण गरियो।

भक्तपुरमा आएपछि ती युवाहरूले

## के हो त दीर्घकालीन समाधान ?

*बालविज्याँइ अर्थात कानुनसँग द्वन्द्वमा परेका बालबालिकालाई हिरासतमा लिन, जेल पठाउन नपाउने कानुनी व्यवस्था छ। त्यही प्रावधान अनुसार बाल सुधार गृहको परिकल्पना गरिएको हो। वयस्कहरू जस्तो सजाय बालबालिकाले भोग्नु हुन्न, उनीहरू सुधार भएर देशको दक्ष जनशक्ति बन्नु पर्छ भन्ने ध्येय हो। त्यही अनुसार बाल सुधार गृह सञ्चालन हुनुपर्ने हो तर, त्यस्तो वातावरण बनेको छैन। अदालतमा आएका मुद्दा, फैसला र चापलाई मध्यनजर गर्दै कम्तीमा एक हजार जनालाई बालमैत्री वातावरणमा रहने गरी एक प्रदेश एक बाल सुधार गृह हुनुपर्छ। अहिले भएका ठाउँमा क्षमता विस्तार गर्ने पर्याप्त ठाउँ नभएको खण्डमा अर्को बालसुधारगृह खोल्न ढिला गर्न हुँदैन। तनहुँको ढकालटारमा सुविधा सम्पन्न बाल सुधार गृह निर्माण गर्न जग्गा प्राप्ती गरेको पाँच वर्ष भइसक्दा पनि भवन निर्माण प्रक्रिया अगाडि बढेको छैन। यसतर्फ बेलैमा सबैको ध्यान जान जरुरी छ।*

*मुद्दाका प्रकृति हेरी बालबालिकालाई कानुनी द्वन्द्वबाट जोगाउन पनि उत्तिकै जरुरी छ। अहिले भएका मुद्दाहरू कति तत्कालै दिशान्तर गर्न सकिने छन् अर्थात परिवारको जिम्मा लगाएर पनि उसलाई सुधार गर्न सकिने अवस्था छ। तर दिशान्तरको कार्यविधि अहिलेसम्म तयार भएको छैन।*

*साथै बालबालिकालाई कानुनी द्वन्द्वमा पर्न नदिन कार्यक्रम, योजनाहरू बनाउन ढिला भइसकेको छ। अदालतले गर्ने फैसला, पुर्पक्षका लागि सुधार गृह पठाउने तरिका पनि वयस्ककै जस्तै छ। अर्थात बाल संवेदनशील भएर तत्कालै फैसला गरिदिने अवस्था अहिलेसम्म छैन। जसका कारण दश वर्ष भन्दा बढी समय बाल सुधार गृहले एकै व्यक्तिलाई राखिरहनुपर्ने अवस्था छ। यसको समाधान गर्न छिटो फैसला हुनु पर्छ।*

# राष्ट्रिय मानव अधिकार आयोगले गति लिन सकेन

*भक्तपुरको घटनापछि नागरिक समाजको टोलीले राष्ट्रिय मानवअधिकार आयोगलाई भेटेको थियो। विगतमा भएका घटनाहरूको स्मरण, ती घटनाहरूको अहिलेका घटनासँगको सम्बन्धलाई नियाली आगामी दिनमा यस्ता घटना हुन सक्ने जोखिम धेरै छ तत्काल आयोगले कदम चाल्नुपर्छ भनेर नागरिक समाजका प्रतिनिधि आयोगमा गएका थिए। सरकारलाई जिम्मेवार नबनाउने हो भने तत्काल अर्को घटना हुन सक्छ भनेर आयोगलाई सचेत पनि गराइएको थियो। तर आयोग विज्ञप्ति र प्रतिवेदनमै हरायो। विरगञ्ज घटना हुने बेलासम्म पनि सरकारलाई आयोगमा बेलाउन सकेन। अर्को बालकको बाँकेको बालसुधारगृमा मृत्यु भयो, मानवअधिकार आयोगको शैली उस्तै रह्यो। अर्थात सरकारका मन्त्री, सचिवहरूलाई बोलाएर बालअधिकार उल्लंघनका विषयमा बयान लिन सकेन। र अहिलेसम्म पनि बयान लिएको छैन, सरकारलाई सिफारिस गरेको छैन। किन आयोग यति धेरै कमजोर भएको छ ? मानव अधिकार आयोग देखिने, सुनिने र आत्मसात गर्न सक्ने अवस्थामा पुग्ने भनेकै यस्ता घटनाहरूमा आफ्नो गति बढाएर हो। बालअधिकारको सम्मान, संरक्षण र संवर्द्दनका लागि आयोगको गति बढ्दा बाल सुधार गृहको वातावरण पनि परिवर्तन हुन्छ।*

अर्को विद्रोह गर्ने वातावरण सरकारले आफैं सिर्जना गऱ्यो। कमजोर व्यवस्थान, खानपान, शिक्षा, स्वास्थ्यहरूमा भएको चरम लापरबाही एकातिर थियो भने अर्कोतिर सरकारप्रति युवाहरूमा निराशा, आवेग बढ्दै थियो। भैरहवा र बाँकेमा भएका विद्रोहमा संलग्न बालक, किशोर र युवाहरूलाई सामान्य मनोसामाजिक विमर्श समेत भएको थिएन। अर्थात यसरी तोडफोड, झडप गर्नु हुन्न भनेर मनोसामाजिक विमर्श मार्फत उनीहरूलाई सहमत गर्न सरकार लागेन। न त बाल सुधारगृह व्यवस्थापनले नै यसतर्फ ध्यान दियो। बरु उनीहरूलाई भड्काउने घटना बन्यो किशोर कमल बस्नेतको मृत्यु। एक हप्ता भन्दा बढी सिकिस्त बिरामी भएका किशोरको उपचारमा भएको चरम लापरबाही अरुले नजिकबाट नियालीरहेका थिए। यो ठाउँमा रहदाँ भोलि आफूहरूको पनि हालत यस्तै हुन्छ, भनी उनीहरूले विद्रोह गरे।

घटनाको सही व्यवस्थापनतिर फेरि सरकार लागेन। बालक, किशोर, युवाहरूसँग बाल सुधारगृहमै भिड्न सरकार उद्दत भयो। जसका कारण १९ प्रहरी घाइते भए, १२ बालबालिका घाइते भए। घाइतेहरू मध्ये दुईजनालाई ट्रमा सेन्टरमा भर्ना गरेर उपचार गर्नु परेको थियो। बालसुधारगृहबाट विद्रोह गरी सडकमा नारा लगाउँदै हिडेका २ सय २१ जना मध्ये १ सय ९४ जनालाई प्रहरीले एक दिनमै गिरफ्तार गऱ्यो। बाँकी २७ जनामध्ये केहीलाई गिरफतार गर्न एक हप्ता पूरै लाग्यो। आखिर किन बारम्बार यस्तो भयो भन्नेतर्फ सरकार पनि संवेदनशील हुन सकेन। उही गल्ती फेरि दोहोरियो। बिद्रोहमा उत्रिएका १८ जनालाई विरगञ्ज स्थानान्तरण गरियो। भक्तपुरमा रहेको बाल सुधार गृहमा भएका घटनालाई लिएर नागरिक समाजले पुन: सरकारलाई आग्रह गरयो। बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप), इन्सेक, सिविन लगायतका संस्थाहरूले स्थलगत अनुगमन, घटनाको विश्लेषण गरी सरकारलाई सुझावहरू दिए। सुधार गृहलाई बालबालिकाको सर्वोतमहीत अनुकुल वातावरणसहित सञ्चालन गर्न आग्रह गरे,

बाल सुधार गृहलाई व्यवस्थितरूपमा सञ्चालन गर्न तनहुँको ढकालटारको परियोजना छिटो अगाडि बढाउन आग्रह गरे। तर सरकारले यी कुनै सवाललाई वास्ता गरेन। यस्ता घटना वारम्बार हुने अवस्था रोक्न पनि छिटो कदम चाल्न नागरिक समाजबाट सरकारलाई गरिएको आग्रहलाई सरकारले वेवास्ता गऱ्यो। घटनाहरू निरन्तर भइरहेका छन्।

भक्तपुरबाट स्थानान्तरण भएका १८ जना र बिरगञ्जको बाल सुधार गृहमा पहिलादेखि बसिरहेका युवाहरूबीच झगडा शुरु भयो। सो झगडाको व्यवस्थापन समयमै हुन सकेन। र, भदौ २६ गते ठूलै झडप भयो। झडपलाई नियन्त्रण गर्न गएको प्रहरी माथि युवाहरूले ढुङ्गा प्रहार गरे। जसका कारण नौ बालक र तीन प्रहरी घाइते भए। दुई जना बालक बालसुधारगृहबाट भागे। केही बेरसम्म एक आपसमा झगडा गरेका बालक, किशोर र युवाहरू प्रहरी आउनासाथ एक भएर प्रहरीमाथि किन जाइलागे ? यसतर्फ अहिलेसम्म सरकारले ध्यान दिएकै छैन। सुधारगृहको कमजोर व्यवस्थापन र यातनागृह उन्मुख वातावरण भएकै कारण यस्ता घटनाहरू भइरहेका छन भन्ने कुरा सरकारले कहिले बुझ्ने ? ५० जनाको क्षमता भएको ठाउँमा भक्तपुरबाट लगिएका १८ जना सहित १ सय ४९ जना आश्रित थिए। नौ ओटा कोठामा १ सय ४९ जना कसरी बसिरहेका होलान् ? के यो चरम शोषण हैन ? यस्तो अवस्था सरकारले नै किन सिर्जना गर्छ ? विरगञ्जको बाल सुधार गृहबाट भागेका दुई बालकलाई असोज १२ गते बल्ल प्रहरीले गिरफतार गरी पुनः

## बाल न्याय समितिको औचित्यता

*बाल बिज्याइँ अर्थात कानुनी विवादमा परेका बालबालिकालाई न्याय दिन, उनीहरूको सेवा प्रवाहलाई सहजीकरण गर्न सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशको अध्यक्षतामा एक केन्दीय समिति रहने प्रावधान छ। यो समितिमा महिला, बालबालिका मन्त्रालयमा सचिव, बालअधिकारकर्मी, मनोविज्ञ, कानुनका विज्ञ, बालअधिकार परिषद्का सदस्यसचिव समेत रहने व्यवस्था छ। जिल्लाहरूमा समेत बाल न्याय समिति रहने प्रावधान छ। बालबालिकाका यस्ता मुद्दाहरू छिटो किनारा लगाउनुपर्ने, बालबालिकालाई सर्वोत्तम हित अनुकुल वातावरण बनाउन क्रियाशील हुनुपर्ने यो समिति केही व्यक्तिहरूलाई रोजगारी दिने र बाल सुधार गृहमा कति बालबालिका सिफारिस भए भन्ने अङ्क गन्नमा मात्र सीमित छ। हैन भने बाल सुधार गृहमा निरन्तर घटना हुँदा बालबालिका पीडित हुँदा, बालकको मृत्यु घाइते हुने अवस्था आउँदा समेत दीर्घकालीन समाधान निकाल्न यो समितिले किन सकिरहेको छैन ? किन ढकालटारको सुधार गृह निर्माण हुन सकेको छैन ? किन मुद्दाहरूमा यसरी ढिला भइरहेको छ ? १८ वर्ष उमेर पूरा भएका तर बाल्यकालमै सजाय वा पुर्पक्षका लागि सुधार गृह आएका युवाहरूलाई अलग्गै राख्ने प्रावधान कार्यन्वयन हुन सकेको छैन ? किन दिशान्तरको कार्यविधि अहिलेसम्म निर्माण हुन सकेको छैन। यी र यस्ता तमाम प्रश्नहरू बालन्याय समितिमा माथि उठेका छन्। जसका कारण यो समितिको औचित्यतमाथि नै प्रश्न खडा भएको छ।*



भक्तपुरस्थित बाल सुधार गृह

बालसुधारगृहमा ल्यायो।

असोज ४ गते बाँकेको बाल सुधारगृह भित्र रहेकाहरू बालकहरूबीच झगडा भयो। झगडाले उग्र रुप लिँदा बालकको मृत्यु हुने दु:खद अवस्था सिर्जना भयो। १८ वर्षीय बालक सुलभ केसीको मृत्यु भयो। प्रहरीसँग बालक, किशोर र युवाहरूको झडप भयो। बाल सुधार गृहको भवनमा गत वर्ष भएको क्षतिको निमार्ण कार्य नसकिँदै अर्को क्षति भयो। यसै पनि पानी चुहिएर बस्न नसक्ने अवस्थामा पुगेको सुधारगृह झन जोखिममा पऱ्यो। एक वर्षको अन्तरालमा उस्तै घटना, उही बाल सुधारगृहमा दुईपटक भयो। तर, पनि बाँकेको बालसुधारगृहको हालत उस्तै छ। सरकारको चरम लापरबाहीका कारण जुनसुकै बेला जस्तो सुकै क्षति हुन सक्ने अवस्था छ।

एक महिनाको अन्तरालमा तीनओटा झडप दुई जनाको मृत्यु हुने अवस्था आउँदा समेत सरकार संवेदनशील छैन। दीर्घकालीन समाधानतिर लाग्ने तयारी गर्नुको साटो सरकारका प्रतिनिधिहरू बालबालिकाको उमेर बढाएकोमा दोष थोपरिरहेका छन्। नाबालिगको उमेर १६ बाट १८ बनाउँदा बालसुधार गृहमा चाप बढेको भनेर पन्छिने काममा सरकार उद्दत छ। उमेर बढाइएका कारण ती घटनाहरू भएकोमा कुनै सत्यता छैन। चाप बढेको भन्ने तर्कलाई सरकारका आफ्नै गतिविधिले खण्डित गर्छ। बाल सुधार गृह सञ्चालन कसरी गर्ने, बालबालिकालाई कस्तो वातावरण दिने, कसरी दिशान्तर गर्ने भन्ने विषयमा सरकारको योजना खै ? सरकारको कुन निकाय हो सिधै बालसुधार गृहका बारेमा जवाफदेही हुने ? एक जना बालक वा बालिका बाल सुधार गृहमा भए पनि जवाफदेहीता, सञ्चालन मापदण्ड चाहिन्छ होला नी ? कि धेरै हुँदामात्र मापदण्ड चाहिने हो र ? आफूले जिम्मेवार भएर काम नगर्नेहरूले उमेरलाई लाजको टालो बनाएका हुन्।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ५७ ले भनेको बालसंरक्षण मापदण्ड अहिलेसम्म निर्माण गरेर लागु गर्न सरकार किन तयार भएन ? बाल सुधार गृह कसले चलाउने, व्यवस्थापनको जिम्मा को हुने दाताहरूबाट सहयोग कसरी लिने भन्न केन्द्रित भएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्ले ऐनले भनेको बाल संरक्षण मापदण्ड निर्माण गरी लागु गर्न सकेनन्। जेल परेका वयस्कले जति पनि सुविधा सरकारबाट नपाउने अवस्था बाल सुधार गृहमा आउँदा किन बालअधिकार परिषद्ले बोलेन? जेल परेका वयस्कलाई दिने खाद्यान्न, कपडा बाल सुधार गृहका बालबालिकाले पाएका छैनन्। यसतर्फ खै मन्त्रालय र परिषद्को ध्यान।

बिरगञ्जमा झडप भएपछि र सरकारमाथि निकै नै दवाव परेका कारण केही युवाहरूलाई बाँकेको नौबस्तामा रहेको खुल्ला जेलको एउटा ब्लकमा स्थानान्तरण गरिएको छ। पचास जना युवाहरूलाई स्थानान्तरण गरी सो जेलमा राखिएको सरकारले जानकारी दिएको छ। १८ वर्ष उमेर पूरा भएका युवाहरूलाई उनीहरूको मुद्दा किनारा नलाग्ने बेलासम्म बालसुधारगृहमै अलग्गै राख्नुपर्ने कानुनी प्रावधान छ। त्यही प्रावधानलाई टेकेर नौबस्तामा स्थानान्तरण गरिएको सरकारको भनाइ छ। तर यो दीर्घकालिन समाधान होइन।

देशका आठ ओटा बालसुधार गृहमा करिब ५ सय जना बालबालिका राख्न सक्ने क्षमता छ। तर, ती सुधार गृहहरूमा अहिले १ हजार १ सय ८६ जना रहेका छन्। ७ सय ४२ जना बालबालिका बाल सुधार गृहमा छन्। मुद्दाको समयमै किनारा लाग्न नसक्दा २७ वर्षका युवाहरू समेत बाल सुधार गृहमा रहेका छन्। १८ वर्ष उमेर पुरा भई बालिग अवस्थामा पुगेका युवाहरू अहिले पनि बाल सुधार गृहमा आश्रित छन्। आठ वटै बाल सुधार गृहमा रहेका यस्ता युवाहरूको कुल सङ्ख्या ४ सय ४५ रहेको छ।

कानुनी विवादमा परेका अर्थात कानुनसँग द्वन्द्वमा रहेका बालबालिकालाई वयस्कहरूलाई जस्तै सजाय हुनु हुँदैन, उनीहरूको वृद्धि र विकासमा बाधा पर्न सक्छ भन्ने उद्देश्य एवम् बालअधिकार महासन्धिको प्रावधान अनुरूप सरकारले बाल सुधार गृहको परिकल्पना गरेको हो। सानो ठिमी भक्तपुरबाट सुरु भएको बाल सुधार गृह कर्णाली बाहेक सबै प्रदेशमा सञ्चालनमा छ। नेपाल सरकारले आफै व्यवस्थापन गरी विरगञ्ज, भीमफेदी, भैरहवा र सिलगढी गरी चार ठाउँमा बालसुधारगृह सञ्चालन गरिरहेको छ। गैरसरकारी संस्था युसेपसँगको साझेदारीमा भक्तपुर, विराटनगर, कास्की र बाँकेको डडुवामा बाल सुधार गृह सञ्चालनमा छन्।

सेवा प्रवाहमासमेत बालबालिकाको सर्वोतम हित चाहिन्छ भनेर संविधानको मर्म अनुकुल अरुलाई जिम्मेवार बनाउन पर्ने सरकार आफैं बाल अधिकार उल्लङ्घनमा केन्द्रित छ। संविधानको धारा ५१ मा रहेको राज्यको निर्देशक सिद्धान्तअनुसार बालबालिकालाई सेवा प्रवाह गर्दा सर्वोत्तम हित अनुकुल गर्नुपर्छ। आठमध्ये चार बाल सुधार गृहको व्यवस्थापन सञ्चालन सबै सरकारले जिम्मा लिएको छ। के ती बाल सुधार गृह बालबालिकाको सर्वोत्तम हित अनुकुल छन् त ?

*(लेखक : बालअधिकारकर्मी हुनुहुन्छ।)*

# कैलाली कारागारः क्षमताभन्दा पाँच गुणा कैदीबन्दी

राणाकालमा निर्माण गरिएको जिल्ला कारागार, कैलालीको क्षमता २५ महिला सहित १ सय ५० जनाको छ। सूर्यको प्रकाश समेत नपर्ने गरी निर्माण गरिएको जिल्ला काराागारका साँघुरा र अध्यारा कोठाहरूमा हाल ४७ जना महिला र तीन जना बालबालिका सहित ६ सय ८३ जना रहेका छन्। कारागार भवन मर्मतसम्भार नहुँदा जीर्ण भएको छ। हाल कारागारमा रहेका कैदीबन्दीको सङ्ख्या क्षमता भन्दा पाँच गुणा बढी छ। जिल्ला कारागार, कैलालीमा क्षमता भन्दा पाँच गुणा बढी कैदीबन्दी रहेका भए पनि त्यसको उचित व्यवस्थापन हुन नसक्दा कैदीबन्दीको आधाभूत मानव अधिकारको समेत संरक्षण हुन सकेको छैन। आवश्यक भौतिक संचरना, जीर्ण भवनको मर्मतसम्भार, पर्याप्त पानी, शौचालय, ढल निकास, आधारभूत स्वास्थ्य चेकजाँच तथा उपचार र फोहर व्यस्थापन कारागार प्रशासनका लागि वर्तमान समस्या र चुनौतीका रूपमा रहेका छन्।



**कृष्णबहादुर विश्वकर्मा**

तर, पर्त्याप्त कोठाको अभावमा जिल्ला कारागार, कैलालीमा रहेका बन्दीहरूले सुत्नका लागि पालो कुर्नु पर्ने, कोचिएर बस्नु पर्ने लगायतका समस्याहरु झेल्नु परेको छ। शौचालय प्रयोग गर्न र नुहाउनका लागि कैदीबन्दीहरूले लाइनमा बस्नुपर्ने अवस्था छ। कैदीबन्दीको मानसिक अवस्था, रोग र अपराधका आधारमा अगल कोठामा राख्नुपर्ने कानुनी व्यवस्था भए पनि जिल्ला कारागार, कैलालीमा सबै कदैबन्दीलाई सँगै राखिएको छ। कारागारमा दुई जना अपाङ्गता भएका बन्दी छन्। अपाङ्गता भएका कैदीबन्दीलाई बसोबास, शौचालय र स्थान गृहको लागि विषेश व्यवस्था गरिने ऐनमा व्यवस्था भए पनि अपाङ्गता भएका बन्दीहरु अन्य कैदीबन्दी सरह नै बस्नु पर्ने बाध्यता छ। सरकारले कारागार ऐन कल्याणकारी दुष्टिकोणबाट निर्माण गरेको भए पनि बजेट अभावका कारण ऐनमा भएका व्यवस्थालाई कार्यान्यन गर्न समस्या भएको जिल्ला कारागार, कैलालीका जेलर पदमराज तिमिल्सेनाले बताउनु भयो। क्षमता भन्दा पाँच गुणा बढी कैदीबन्दी राखिएको कारण कारागार व्यवस्थापन गर्न समस्या भएको र कैदीबन्दीहरुका आधारभूत अधिकारको समेत पुर्ति गर्न समस्या भएको जेलर तिमिल्सेनाको भनाइ छ।

कैदीबन्दीहरू बिरामी पर्दा मात्रै स्वास्थ्य चेकजाँच गरिने र उपचारका लागि लैजाने गरिएको छ। यद्यपि कारागार ऐन २०७९ को दफा २२ मा कारागार प्रशासनले सबै बन्दीलाई सरकारी चिकित्सकद्वारा कम्तीमा दुई महिनाको एकपटक नियमित रूपमा निःशुल्क स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्ने व्यवस्था गरिएको छ। नेपाल




सरकारले निःशुल्क प्रदान गर्ने औषधि उपलब्ध गराइएको भए पनि बजेट अभावका कारण अन्य औषधी उपलब्ध गराउन नसकिएको जिल्ला कारागार, कैलालीका जेलर तिमिल्सेनाले बताउनु भयो। बन्दीलाई भेट्न आउने निजका परिवारका सदस्य तथा आफन्तलाई भेटघाटको व्यवस्था मिलाइएको छ तर, ऐनमा व्यवस्था गरिए अनुसार भेटघाट कक्ष, बन्दीका नाबालक छोरा, छोरी भेट्घाटका लागि कारागारमा छुट्टै कोठाको व्यवस्था गर्न नसिकएको जेलर तिमिल्सेनाको भनाइ छ।

सुरक्षाको दृष्टिकोणले संवेदशील प्रकृतिका बन्दीलाई कारागारभित्र विशेष सुरक्षासहित राख्न विशेष सुरक्षा कक्षको व्यवस्था गर्नु पर्नेमा सबै प्रकारका कैदीबन्दीलाई सँगै राखिएका कारण विभिन्न समयमा जिल्ला कारागार,कैलालीमा कैदीबन्दीबीच झडपका घटना हुने गरेको जिल्ला कारागार, कैलालीका सई रमेश शाहीले बताउनु भयो। कारागारमा सबै प्रकृतिका कैदीबन्दीलाई सँगै राखिएका कारण २०८० जेठ २२ गते कैदीबन्दीबीच झडप हुँदा दुई जना घाइते समेत भएका थिए। कारागारभित्रै झैझगडा गर्ने मध्येमा १६ जना कैदीबन्दीलाई अन्य जिल्ला सरुवा गरिएको थियो।

जिल्ला कारागार, कैलालीकी महिला नाइके कल्पना सिंहले आमासँगै कारागारमा रहेका तीन जना नाबालकलाई राज्यले पोषण, शिक्षा, स्वास्थ्यको सेवासुविधा नदिदा निर्दोष बालबालिकाहरुको सर्वाङ्गीण विकासमा समस्या उत्पन्न भएको र जीर्ण अवस्थामा रहेको कारागार भवनमा वर्षातको समयमा छत चुहिने गरेका कारण कैन्दीबन्दीले थप सास्ती खेप्नु परेको बताउनु भयो। जिल्ला कारागार, कैलालीमा हाल तीन जना नाबलक रहेका छन्।

*(लेखक : इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयका प्रलेख अधिकृत हुन्।)*

# झुम्का कारागार : जीर्ण भौतिक पूर्वाधार

कोशी प्रदेशको सुनसरीको रामधुनी नगरपालिका-५ स्थित झुम्का कारागार क्षेत्रीयस्तरको कारागार हो। यो कारागारको क्षमता १ हजार ५ सय जनाको छ। आर्थिक वर्ष ०६९/०७० मा नयाँ ब्लक सञ्चालनमा आएपछि झुम्का यस कारागारलाई क्षेत्रीयस्तरको कारागारका रूपमा रूपान्तरण गरिएको छ।

रामधुनी नगरपालिका-५ झुम्का रहेको क्षेत्रीयस्तरको झुम्का कारागारको भौतिक संरचना भने जीर्ण अवस्थामा छ। कारागारमा रहेका दुई ओटा ब्लक जीर्ण भएकाले कैदीहरू त्रासमा बस्न बाध्य भएका छन्। कारागारको 'बी' ब्लकको अवस्था नाजुक भएका कारण छत चुहिने भएकाले वर्षाको समयमा सबैभन्दा त्रास हुने गरेको कैदीले इन्सेक अनुगमन टोलीलाई बताएका छन्। कारागारका जेलर भीमप्रसाद भट्टराईले वि.स.२०६६ सालमा स्थापना भएका भवनहरू जीर्ण भएको बताउनु भयो। कोशी प्रदेशमा रहेका अन्य जिल्ला कारागार भन्दा केही सुविधायुक्त कारागार भएपनि जीर्ण भौतिक संरचना र छतबाट पानी चुहिने समस्याले भवनको आयु कति हो भन्ने एकीन नभएको जेलर भट्टराईले बताउनु भयो। जीर्ण अवस्थामा पुगेका भवनको मर्मतका लागि सरकारले बजेट विनियोजन नगर्दा समस्या भएको छ जेलर भट्टराईले भन्नु भयो। कमजोर भौतिक संरचना भएका कारण वि.स.०६९ सालमा १२ जना कैदी सुरुङ भागेका थिए। भागेका कैदीलाई प्रहरीले एक साताको अवधिमा गिरफ्तार गरेको थियो।



पुण्यप्रसाद अधिकारी

### चिकित्सकको दरबन्दी दुई, दुवै काजमा

रामधुनी नगरपालिका-५ झुम्कामा ६ कठ्ठा क्षेत्रफल जमिनमा रहेको क्षेत्रीय कारागार झुम्कामा दुई जना चिकित्सकको दरबन्दी छ। तर, हाल दुवै जना काजमा कार्यरत छन्। एक जना स्वास्थ्य सहायक र एक जना सिनियर अहेवको दरबन्दी भए पनि दुवै जना काजमा कार्यरत रहेको कारागारका सूचना अधिकारी कृष्ण सुवेदीले बताउनु भयो। कारागारमा १ सय ६४ जना दीर्घ रोगी भएका कारण दैनिक स्वास्थ्य जाँच र औषधि सेवन गराउनुपर्ने हुँदा दरबन्दी अनुसारका चिकित्सक नहुँदा समस्या भएको जेलर भीमप्रसाद भट्टराईले बताउनु भयो। हाल कारागारमा ५ सय ९९ जना स्वदेशी बन्दी र २६ जना विदेशी बन्दी छन्। कारागारमा ९ सय ४८ जना स्वदेशी कैदी र २३ जना विदेशी कैदी छन्। ६० वर्षमाथि कटेका ५३ जना कारागारमा छन्। ब्लक (ए) मा २३ ओटा कोठा र ब्लक (बी) ४९ ओटा कोठा गरी कूल ७२ ओटा कोठा रहेको कारागारका नाइके डिल्लीप्रसाद अधिकारीले बताए।

कारागारमा रहेका कैदीबन्दीलाई आकस्मिक र नियमित उपचारका लागि जिल्ला अस्पताल इनरूवा लैजानु पर्दा सवारी साधनको अभावले समस्या भएको कारागारका जेलर भीमप्रसाद भट्टराईले



***झुम्का कारागारको अनुगमन गर्दै***
***इन्सेक कोशी प्रदेशका संयोजक सोमराज थापा लगायत अधिकारकर्मीको टोली***

बताउनु भयो। कारागारमा रहेका चार ओटा गाडीमध्ये दुई ओटा गाडी काम नलाग्ने भएका कारण कैदीबन्दीलाई अस्पताल र अदालतमा लैजान ल्याउन समस्या भएको जेलर भट्टराईले बताउनु भयो।

झुम्का कारागारमा रहेका कैदीबन्दीको हक अधिकार संरक्षणका लागि इन्सेकले कारागार कक्षको अनुगमन गरेको छ। कारागारमा कैदीबन्दीहरुलाई के कस्तो समस्या छ ? छालासम्बन्धी समस्या देखिएकाले त्यसको थप संक्रमण हुन नदिनका लागि भएको प्रयास, कैदीबन्दीले समयमा प्राथमिक उपचार पाए नपाएको विषयमा इन्सेकले अनुगमन गरेको हो। कैदीबन्दीको बाँच्न पाउने अधिकार, स्वास्थ्यको अधिकारप्रति संवेदनशील हुन इन्सेकले सरकारलाई ध्यानाकर्षण गराउँदै आएको छ। कैदीबन्दीले आफूहरूलाई खान, बस्न, सुत्न, परिवारसँगको भेटघाटसहित पत्रपत्रिका, रेडियो, टेलिभिजन समेतको व्यवस्था भएको इन्सेक अनुगमन टोलीलाई बताए। कारागारका जेलरले भीमप्रसाद भट्टराईले इन्सेकको अनुगमनले आफूहरुलाई सचेत गराएको र मानवअधिकारमैत्री व्यवहार कारागारभित्र रहेको बताउनु भयो। इन्सेक कोशी प्रदेश प्रमुख सोमराज थापा, प्रलेख अधिकृत पुण्य अधिकारी,इन्सेक सुनसरी प्रतिनिधि जयकृष्ण यादवलगायतले कारागारको अनुगमन गरेका हुन्।

*(लेखक : इन्सेक कोशी प्रदेश कार्यालय, बिराटनगरका प्रलेख अधिकृत हुन्।)*

### कारागार कार्यालय, खाँदबारी, सङ्खुवासभामा

# दुईजना कैदीको मृत्यु भएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन

### २०८० साउन २४ गते




## सारांश

खाँदबारी नगरपालिका-१ मा रहेको जिल्ला कारागारबाट २०८० साउन २४ गते बिहान १ बजेर ३० मिनेट गएको समयमा १९ वर्षीय कैदी बिनोद तोलाङ्गी र २८ वर्षीय आकाश बलामी भाग्न खोजे। शौचालयको झ्यालको रड काटी भाग्न खोज्दा दुवै जनालाई कारागार सुरक्षामा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिए। नियन्त्रणमा लिने क्रममा प्रहरीले कुटपिट गर्‍यो। प्रहरीले कुटपिट र यातना दिएको कारागार नजिक घर भएका स्थानीयले सुनेका थिए।

‘कैदी चिच्याएको, मरेँ मरेँ भन्दै कराएको र कुटकुट, खुट्टामा हान’ भनेको सुनेको स्थानीयले बताए। २४ गते राति साढे १ बजेदेखि २ बजेसम्म कारागारमा होहल्ला भएर शान्त भयो। बिहान ४ बजे कारागारका दुई जना कैदी अर्धचेत अवस्थामा भेटिएको भन्दै कारागार प्रशासनले बिहान ५ बजे उपचारका लागि बिनोद र आकाशलाई जिल्ला अस्पताल पुर्‍यायो। जिल्ला अस्पतालमा पुर्‍याउँदा आकाश बलामीको मृत्यु भइसकेको र बिनोद तोलाङ्गीको ढुकढुकी मात्र बाँकी रहेको अस्पतालका चिकित्सकले बताए।

पीडित परिवारले साउन २४ गते शव हेर्दा शरीरभरी नीलडाम भएको, मुखमा कालो रगतको टाटा देखिएको, मुख बाएको, गोलीगाँठामा तिखो वस्तुले घोपेको, नली खुट्टामा रडले हिर्काएको र तीघ्रादेखि ढाडसम्म कुनै गह्रौं वस्तुले हिर्काएको जस्तो

देखिएको बताए। कारागारभित्रको सिसिटिभी फुजेटमा कैदीलाई यातना दिएको, प्रहरीले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा प्रहरीले कुटपिट गरेको स्वीकार गरेको, प्रत्यक्षदर्शीको भनाइ, पीडित परिवारको भनाइ, चिकित्सकको भनाइका आधारमा दुई जना कैदीको मृत्यु पहिलो चरणमा कारागारका सुरक्षाकर्मीको चरम यातना र दोस्रो चरणमा कारागारभित्रका नाइके, भाइनाइकेको कुटपिटबाट भएको स्थलगत अनुगमनका क्रममा पाइएको छ।

यसर्थ घटनामा संलग्न रहेका सुरक्षाकर्मी तथा नाइके, भाइनाइके तथा अन्य कैदीबन्दीलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, कारागारभित्रको आन्तरिक प्रशासन र नियममा सुधार गर्न घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्न, कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी नराख्ने व्यवस्था मिलाउनु जरुरी देखिएको छ।

**घटना मिति :** २०८० साउन २४ गते

**स्थलगत अध्ययन मिति :** २०८० साउन २६ गतेदेखि साउन २८ गतेसम्म

### स्थलगत अध्ययन टोलीको नामावली

१. सोमराज थापा, प्रदेश संयोजक, इन्सेक कोशी प्रदेश कार्यालय, विराटनगर

२. पुण्यप्रसाद अधिकारी, प्रलेख अधिकृत, इन्सेक कोशी प्रदेश

३. कृष्ण बास्कोटा, पत्रकार तथा अधिकारकर्मी, सुनसरी

४. भविन कार्की, सङ्खुवासभा जिल्ला प्रतिनिधि, इन्सेक

### पृष्ठभूमि

सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिका-१ स्थित हस्पिटल गेटमा रहेको जिल्ला कारागारका कैदी सङ्खुवासभा मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाङ्गी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का स्थायी घर भई हाल खाँदबारी नगरपालिका-९ तुम्लिङटारका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते कारागारभित्र मृत्यु भएको घटना सार्वजनिक भएपछि सो घटनाको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कोशी प्रदेश कार्यालय, विराटनगरले २०८० साउन २६ गतेदेखि साउन २८ गतेसम्म स्थलगत अनुगमन र अध्ययन गऱ्यो। जिल्ला कारागार, जिल्ला सुरक्षा समिति अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी, कारागार प्रशासन प्रमुख, जिल्ला प्रहरी कार्यालयका डिएसपी, पीडित परिवार, अधिकारकर्मी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकार, राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयको अनुगमन टोली र गृह मन्त्रालयद्वारा गठित छानविन समितिका संयोजक र सदस्यलगायत सरोकारवालासँग छलफल गरी यो प्रारम्भिक प्रतिवेदन तयार गरिएको हो। भाग्न लागेका कैदीलाई नियन्त्रणमा लिने क्रममा कारागार सुरक्षामा खटिएका प्रहरीले निर्घात कुटपिट गरेको प्रहरीको स्वीकारोक्ती, केन्द्रीय छानविन समिति र राष्ट्रिय मानव अधिकार आयोगको टोलीले सिसिटिभी फुटेज (क्लोज सर्किट फुटेज) क्यामेरामा देखेको कुटपिट गरिएको दृष्य, प्रत्यक्षदर्शीको भनाइ, शवको प्रकृति हेर्दा प्रहरीको यातनाबाट दुईजना कैदीको मृत्यु भएको भन्न सकिने आधार भेटिएका छन्।

### घटना विवरण

खाँदबारी नगरपालिका-१ स्थित हस्पिटल गेटमा रहेको जिल्ला कारागारमा चोरी मुद्दामा कैद सजाय भुक्तान गरिरहेका

मादी नगरपालिका-५, सङ्खुवासभाका १९ वर्षीय बिनोद तोलाङ्गी र बलात्कार मुद्दामा सजाय भुक्तान गरिरहेका नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते कारागारमा मृत्यु भयो। साउन २४ गते बिहान १ बजेर ३० मिनेट गएको समयमा विनोद र आकाश बलामी आफू बस्ने ब्लकमा रहेको शौचालयको चुकुल लगाई रड काटी भाग्ने प्रयास गरेको आरोपमा कारागारका सुरक्षाकर्मीले नियन्त्रणमा लिए। नियन्त्रणमा लिने क्रममा सुरक्षाकर्मीले केही थप्पड हिर्काएको र कारागारभित्र बुझाएको कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेले इन्सेक अनुगमन टोलीलाई बताए। साउन २४ गते बिहान २ बजे कारागारभित्र बुझाइएका बिनोद तोलाङ्गी र आकाश बलामी अर्धचेत भएको खबर बिहान ५ बजेर ३० मिनेट गएको समया पुनः कारागारबाट प्राप्त भएपछि कारागार आएर दुवै जनालाई उपचारका लागि जिल्ला अस्पताल लगेकोमा जिल्ला अस्पताल पुऱ्याइएको केही समयमा नै दुवै जनाको मृत्यु भएको थियो।

साउन २४ गते बिहान १ बजेर ३० मिनेटको समयमा कारागारभित्र कर्मचारीसहित सुरक्षाकर्मीले दुई जनालाई निर्घात कुटपिट गरेको प्रत्यक्षदर्शी खाँदबारी नगरपालिका-१ की ३८ वर्षीया शारदा न्यौपाने बजगाईले इन्सेक प्रतिनिधिसँग बताइन्। जिल्ला कारागारभन्दा झण्डै २० मिटरको दूरीमा घर भएकी प्रत्यक्षदर्शी शारदाले भनिन् "खुट्टामा हान, कुटकुट अझै कुट भन्दै कुटपिट गरेको, मरेँ मरेँ, आमाआमा भन्दै चिच्याएको सुनेपछि ट्राफिक प्रहरीलाई खबर गरेको, के हो किन कुटपिट गरेको भनि सोध्दा कारागारको ट्वाइलेटको झ्याल काटी भाग्न लागेकाले सजाय दिएको भनेको र भाग्न लाग्यालाई अलिअलि सजाय दिए होलान् भन्ने भयो, एकपछि शान्त भयो"।

घटनाकासम्बन्धमा साउन २४ गते बिहान ६ बजेर ३० मिनेटमा जिल्ला कारागारबाट फोन आएको प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले इन्सेक टोली समक्ष बताए। घटना राति भएको भनिए पनि मलाई बिहान ६ बजेर ३० मिनेटमा मात्र खबर आयो। घटनाका विषयमा साउन २४ गते बिहान ६ बजेर ७ मिनेटमा जिल्ला अस्पतालबाट उपचारका क्रममा दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र गोदारले अनुगमन टोलीलाई बताए। आफूलाई बिहान ६ बजे कारागारका दुई जना कैदीको मृत्यु भएको फोन आएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले अनुगमन टोलीलाई बताए।

साउन २४ गते बिहान २ बजे घटना भएको भए पनि जिल्ला कारागारबाट आफूलाई बिहान ९ बजेमात्र भाइ बिनोद तोलाङ्गीको उपचारका क्रममा मृत्यु भएको भनेर फोन आएको २८ वर्षीया दिदी भीमा रम्तेलले इन्सेक प्रतिनिधिलाई बताइन्। भाइको शव हेर्न खोज्दा प्रहरीले नदिएपछि पीडित परिवारले मात्र शव हेर्दा गोली गाँठामा किलाले रोपिएको, शरीरभरी जथाभावी कुटपिटका कारण नीलडाम भएको, मुखबाट कालो रगत बगेको देखिएकाले प्रहरीले नै कुटपिट गरी हत्या गरी ढिलो गरी खबर दिएको रीता रम्तेलले अनुगमन टोलीलाई बताइन्। घटनापछि तत्काल शवको पोष्टमार्टम गर्ने तयारी गरेपछि पीडित परिवारले शव बुझ्न अस्वीकार गरे। घटनाको छानविनका लागि

साउन २४ गते सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरियो। सोही दिन गृह मन्त्रालयले कारागार व्यवस्था विभागका निर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति गठन गऱ्यो। छानविन समितिमा नेपाल प्रहरीका डिएसपी कौशलकुमार बुढाथोकी, राष्ट्रिय अनुसन्धानका डिएसपी कुमार बुढाथोकी, कानून अधिकृत टुल खड्का र जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाका प्रशासकीय अधिकृत भोगेन्द्र श्रेष्ठ छन्। छानविन समितिले साउन २६ गतेदेखि साउन २९ गते जिल्लामा घटनाका विषयमा स्थलगत अनुगमन गर्यो। छानविन समिति गठन भएको मितिले १० दिनभित्र प्रतिवदेन बुझाउने गरी छानविन गरिएको छानविन समितिका संयोजक कमलप्रसाद पाण्डेले बताए। सोही घटना छानविनका लागि कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरमा एसपी ऋषिराम कँडेलको संयोजकत्वमा चार सदस्यीय प्रदेशस्तरीय छानविन समिति गठन गरियो। समितिको सदस्यमा इन्स्पेक्टर जितेश दाहाल, सई रूद्रबहादुर खड्का र प्रहरी हवल्दार तीर्थ भट्टराई छन्। सो समितिले साउन २५ गते देखि जिल्लामा घटनाको स्थलगत अनुगमन र अध्ययन गऱ्यो। साउन २५ घटनाका विषयमा साउन २६ गते जिल्ला प्रशासन कार्यालयमा सर्वपक्षीय छलफल भयो। छलफलमा साउन २६ गते पीडितको तर्फबाट प्रहरीमा जाहेरी दिने, जिल्ला अस्पतालको समन्वयमा साउन २७ गते शवको पोष्टमार्टम गर्ने, जाहेरी प्राप्त हुनासाथ तोकिएको व्यक्तिलाई कारबाही अघि बढाउने र सार्वजनिक गर्ने, शवको पोष्टमार्टमपछि पीडित परिवारले शव बुझ्ने र कारागारको घटना भएको हुँदा पीडितलाई क्षतिपूर्तिका लागि पहल गर्ने सहमति भयो।

सहमति बमोजिम साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासक प्रमुख राजेन्द्र घिमिरेविरूद्ध पीडित परिवारले साउन २७ गते प्रहरीमा उजुरी दर्ता गरायो। पीडित परिवारका प्रकाश तोलाङ्गीले यातना र ज्यानसम्बन्धी कसुरमा असई लक्ष्मी चौधरीसमेत र कारागार प्रमुख राजेन्द्र घिमिरेसमेत गरी उजुरी दर्ता गराए। जिल्ला प्रहरी कार्यालयले साउन २७ गते कारागार कार्यालय, सङ्खुवासभा खाँदबारीमा भएको कैदीबन्दीहरूको मृत्युबारे प्रकाशन गरेको विज्ञप्तिमा २० वर्षीय विनोद तोलाङ्गी र २० वर्षीय विकास श्रेष्ठ भनिने आकाश बलामी आफू बस्ने तल्लो तलाको ब्लकको झ्यालको रड काटी भाग्दै गरेको अवस्थामा कारागारको सुरक्षामा रहेका प्रहरीले नियन्त्रणमा लिने क्रममा कुटपिट गर्दा सख्त घाइते भएको उल्लेख छ।

साउन २६ गते सर्वपक्षीय भेलामा भएको सहमति अनुसार घटनामा संलग्न भएका १० जना प्रहरीलाई सार्वजनिक नगरिएको र उनीहरूविरूद्ध प्रहरीले उजुरी नलिएको भन्दै साउन २७ गते पीडित परिवारले शवको पोष्टमार्टम गर्न अस्वीकार गरे। जिल्ला अदालतमा साउन २७ गते कारागार सुरक्षाका प्रमुख असई लक्ष्मी चौधरी र कारागार प्रशासन प्रमुख राजेन्द्र घिमिरेविरूद्ध यातना र ज्यानसम्बन्धी मुद्दामा जिल्ला अदालत, चैनपुरबाट साउन २८ गतेदेखि लागु हुने गरी पाँच दिनका लागि म्याद थप भएपछि प्रहरीले लक्ष्मी चौधरीलाई सोही दिन गिरफ्तार गऱ्यो। राजेन्द्र घिमिरे सम्पर्कविहीन भएको र खोजी जारी रहेको प्रहरीले जनायो। प्रहरीले घटनामा संलग्न अन्यलाई क्रमशः कानुनी कारबाहीमा ल्याउने

जनाएपछि कोशी अस्पताल, विराटनगरका विशेषज्ञ डाक्टर आकाश लिम्बूको टोलीले साउन २८ गते शवको पोष्टमार्टम गर्‍यो। साउन २९ गते पीडित परिवारले विनोद तोलाङ्गीको मादी नगरपालिका-६ स्थित पिलुवामा खोला र आकाश बलामीको खाँदबारी नगरपालिका-९ मनकामनामा सद्गत गरे।

## पीडित परिवारको भनाइ



***प्रकाश तोलाङ्गी, ३०***
*मृतक विनोदका दाजु*
*मादी नगरपालिका-५*
*फलेदे, सङ्खुवासभा*

कारागारबाट ९८५२०७०७७७ नम्बरको मोबाइलबाट २०८० साउन २४ गते बिहान अन्दाजी ८ बजेर २५ बजे मलाई फोन आयो। फोनमा 'तपाईंको भाइको मृत्यु भयो, लास बुझ्नु आउनु होला', भनियो। मलाई विश्वास भएन। हामीले सिडिओ र डिएसपीलाई भेट्यौँ। उहाँहरूले 'कैदीबन्दीको एकआपसको झडपका क्रममा भाइको मृत्यु भएको' बताउनु भयो। तर, राति 'कारागारमा पुलिसले मान्छे कुटेको र रोइरहेको आवाज सुनिएको थियो' भन्ने हल्ला बजारभर व्याप्त भइसकेको रहेछ। हामीलाई कारागारभित्र जान दिएनन्। भाइको लास जिल्ला अस्पतालमा छ भनेपछि हेर्न जाँदा 'मुख बाएको, गालामा कालो रगतको दाग, खुला आँखा, शरीरभर नीलडाम, गोलीगाँठामा सियोले रोपेजस्तो खत र नलीखुट्टामा रडले हिर्काएको जस्तो देखेँ। ढाडदेखि तीघ्रासम्म कुनै ठूलो वस्तुले हिर्काएको जस्तो देखिन्थ्यो, लुगामा दिसासमेत देखियो। प्रहरीले यातना दिएर भाइको हत्या गर्‍यो।'



***खुलमाया तोलाङ्गी, ५९***
*मृतक विनोदकी आमा*
*मादी नगरपालिका-५,*
*फलेदे, सङ्खुवासभा*

साउन २४ गते बिरामी भई जिल्ला अस्पतालमा उपचारका क्रममा छोराको मृत्यु भएको छोरीले मलाई सुनाइन्। दुई दिनअघि 'स्वास्थ्य राम्रो छ आमा' भनेको छोरा, अर्धचेत भई लडेको र जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको भन्ने कुरा झुट हो। प्रहरीले कुटेर मारे अनि बिरामी भएको भने, मान्छे मार्ने पुलिस र सबै मिलेका छन्।



***भीमा रम्तेल, २८***
*मृतक बिनोदको दिदी*
*चैनपुर नगरपालिका-७*
*रातमाटे*

साउन २४ गते बिहान २ बजे भाइलाई पुलिसले कुटेर मारेका रहेछन्। मैले दुई दिनअघि भाइसँग कुराकानी गरेको थिएँ। भाइले सबै राम्रो छ भनेको थियो। साउन २४ गते बिहान ९ बजेतिरमात्रै मलाई फोन आयो, बिहान ४ बजे नै भाइलाई मारेका रहेछन्। विनोद तोलाङ्गी अर्धचेत भएको र जिल्ला अस्पतालमा उपचारका क्रममा मरेको भनेर खबर दिइयो। हामीले पत्रकारसहित लास हेर्ने खोज्दा दिएनन्। त्यसपछि हामी पीडितले मात्र लास हेर्‍यौँ। मुखबाट कालो रगत बगेको, शरीरभर नीलडाम भएको, गोलीगाँठामा केहीले छेडेको जस्तो देखियो। भाइलाई कारागारमा रहेका पुलिसले कुटेर मारेका हुन्।

*__रमेश बलामी, ३४__*



*मृतक आकाश बलामीका दाजु*
*ककनी गाउँपालिका-७ नुवाकोट*

हामी सबैभन्दा ठूलो पीडामा परेको मान्छे हो। हत्यारालाई सबैभन्दा पहिले सार्वजनिक गरिनु पर्‍यो र त्यसपछाडि मात्रै जबसम्म हत्यारालाई सार्वजनिक हुँदै तबसम्म अरु कारबाही अघि नबढाउनु। यति निर्मम तरिकाले हत्या गरिएको छ कि, मेरो भाइलाई कुटेर मारेको हो। प्रहरीले कुटेर मारेको हो। शवलाई जो कोहीले हेर्न सक्दैन। जउभरी यति धेरै घाउचोट छन् कि, कसैले हेर्न सक्दैन, मेरो भाइलाई पशु जसरी कुटेर मारिएको छ, यति धेरै कुटिएको छ कि,पाइपले हानेको हो कि खै के के ले हानेको हो, जिउभरी नीलडाम चोट छ। हत्या मात्र नभएर पशु सरह मेरो भाइको हत्या गरिएको छ।

*__सञ्जीव कार्की__*



*मृतक आकाश बलामीका छिमेकी*
*ककनी गाउँपालिका-७ नुवाकोट*

प्रहरीले कुटपिट गरी हत्या गरेको लास हेर्दा थाहा भयो। अति निर्मम तरिकाले कुटपिट गरी मारिएको छ। दोषीलाई कारबाही र पीडित परिवारले क्षतिपूर्ति पाउनु पर्छ। आकाशको शरीरभरी चोटपटक मात्र छ।

*__शारदा न्यौपाने बजगाई, ३८__*



*प्रत्यक्षदर्शी, खाँदबारी नगरपालिका-१*

साउन २४ गते राति साढे ९ बजेतिर कारागारबाट 'मरेँ मरेँ' भनेर चिच्याएको सुनेँ, खुट्टामा हान, कुटकुट भनेको सुनेँ, मरेमरे चिच्याएको सुनेपछि एक जना ट्राफिक भाइलाई कारागारभित्र के भएको, किन मान्छे कुटिरहेका छन् भनेर सोधेँ। कैदी ट्वाइलेटको झ्याल काटेर भाग्न लागेकाले सजाय दिएको रे भन्नुभयो। दुई बजेतिर पूरै शान्त भयो। पहिले पनि कहिलेकाहीँ कुटपिट गरेको सुनिन्थ्यो, मेरो घरबाट देख्न त देखिँदैन तर सबै सुनिन्छ। भाग्न लागेकाले केही सजाय दिएर थन्क्याए होलान् भन्ने लाग्यो। बिहान त दुई जना कैदी मरे भन्ने हल्ला सुनेँ। मैले राति चिच्याएको सुने अनुसार त कुटेरै मरेका हुन् दुवै जनालाई।

## सरोकारवालाको भनाइ

*__कमलप्रसाद पाण्डे, संयोजक__*



*गृह मन्त्रालयद्धारा गठित छानविन समिति*
*कारागार व्यवस्थापन विभाग, निर्देशक*


राज्यको नियन्त्रण र सुरक्षाभित्र रहेका कैदीबन्दीको मृत्यु घटनामा राज्य संवेदनशील छ। घटनामा भएका प्रमाणहरू नष्ट नहुन्, दोषीले सजाय र पीडितले न्याय पाउने विषयलाई गृह मन्त्रालयले साउन २४ गते मेरो संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति बनाएको छ। जिल्ला प्रशासनले बनाएको छानविन समितिसँग समन्वय गरेर काम गरिरहेका छौँ। छानविन समितिले १० दिनभित्र प्रतिवेदन बुझाउन समय दिएको छ। घटनाको विषयमा साउन २५ गते गृह मन्त्रालयले आदेश दिएपछि साउन २६ गतेदेखि हामीले घटनाको अनुगमन र निरीक्षण गरिरहेका छौँ। घटना हेर्दा राज्यको नियन्त्रणमा रहेका कैदीबन्दीलाई

यातनाका कारण मारिएको आधार भेटिएका छन्। अहिले तत्काल छानविन समिति र राज्यलाई विश्वास गर्न आवश्यक देखिन्छ। मेरो नेतृत्वको छानविन समितिले निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्ने भएकाले दोषीलाई कारबाही र पीडित परिवारले न्याय पाउने विषयमा सबैले राज्यलाई विश्वास गर्न आवश्यक छ। घटनाको अनुगमन गरी प्रमाण सङ्कलन, घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी विवरण सङ्कलन गरिएको छ। अब समितिले सोही बमोजिम कारबाही अघि बढाउने छ।



***शिवकुमार कार्की***
*प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा*

साउन २४ गते बिहान ६ बजेर ३० मिनेटमा उपचारका क्रममा जिल्ला अस्पतालमा दुई जना कैदीको मृत्यु भएको सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले फोनमार्फत जानकारी गराउनु भयो। त्यसपछि पीडित परिवारलाई जानकारी गराइयो। घटनाका विषयमा कारागार प्रमुख राजेन्द्र घिमिरे र डिएसपी वीरेन्द्र गोदारसँग थप बुझ्ने काम गरेँ। सोही दिन सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरिएको छ। केन्द्रीय छानविन समिति र प्रदेशस्तरीय छानविन समिति बनाइएकोले हाल समितिले आवश्यक अनुसन्धान र घटनाको विषयमा काम गरिरहेको छ। दोषीलाई कारबाही र पीडित परिवारलाई न्याय दिलाउने हाम्रो मुख्य जिम्मेवारी हो।



***मोहनमणि घिमिरे***
*सहायक प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा*
२०८०

साउन २४ गते कारागारमा राति साढे १ बजेदेखि साढे २ बजेको समयमा घटना भएको मेरो जानकारीमा छ। मलाई साउन २४ गते बिहान साढे ५ बजे आसपासको अवधिमा कारागारबाट फोन आयो। मैले सोही बेला घटनाका विषयमा सिडिओ साबलाई जानकारी गराएँ। घटनाका विषयमा तत्काल छानविनका लागि मेरो संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गरिएको छ। मेरो नेतृत्वको टोलीले घटनाका विषयमा कारागार, प्रहरी, जिल्ला अस्पताललगायतसँग सूचना लिने काम गर्दै थियो। सोही दिन गृह मन्त्रालयले केन्द्रीयस्तरको छानविन समिति गठन गरेपछि हामीले समन्वय र सहजीकरणका माध्यमले काम गरिरहेका छौँ। कारागारबाट कैदी भाग्न खोज्दा नियन्त्रणमा लिने क्रममा सुरक्षा निकायबाट कुटपिट र पछि कारागारभित्र बुझाउँदा थप कुटपिट भएको बुझिन्छ। मरेका दुवै जनाको शरीरमा चोट देखिएकाले कुटपिटबाट मृत्यु भएको भन्न सकिन्छ। यो राज्यको नियन्त्रणमा भएको घटना र कारागारभित्र कोही कसैको प्रवेश नहुने भएकाले दोषीलाई कारबाही र पीडित परिवारले न्याय पाउने विषयमा त्यति धेरै आशङ्का गर्नुपर्ने अवस्था देखिँदैन। कारागारभित्र मान्छे मर्नु संवेदनशील घटना हो।

***वीरेन्द्र गोदार***

*डिएसपी, जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा*



जिल्ला कारागारको २०८० साउन २३ गते रातिको सुरक्षाको जिम्मेवारी असई लक्ष्मी चौधरीको थियो। साउन २४ गते बिहान ६ बजेर ७ मिनेट गएको समयमा मलाई जिल्ला अस्पतालबाट फोन आयो। कारागारका दुई जना कैदीको जिल्ला अस्पतालमा मृत्यु भएको जानकारी मैले फोनबाट पाएँ। सोही राति कारागारका दुई जना कैदीबन्दी शौचालयको रड काटी भाग्न खोजेको बिहान ४ बजे अर्धचेत अवस्थामा भेटिएका दुई जनालाई उपचारका लागि जिल्ला अस्पतालमा भर्ना गरिएकामा उपचारका क्रममा मृत्यु भएको मैले फोनमा जानकारी पाएको थिएँ। फोनलगत्तै मैले घटनाका विषयमा जानकारी लिँदा साउन २४ गते राति सुरक्षाकर्मीको केही कमजोरीका कारण घटना भएको देखिन्छ। घटनाका विषयमा छानविन समिति, राष्ट्रिय मानव अधिकार आयोगको टोली, इन्सेक, पत्रकार, नागरिक समाज, पीडित परिवारलगायत सबैलाई सबै प्राप्त गरेको सूचना दिएको छु। कारागार छुट्टै निकाय भएकाले सुरक्षाको जिम्मेवारी पदीय हिसाबले मेरो हो। केही कमजोरी सुरक्षाकर्मीबाट भयो। छानविनका लागि प्रहरी, गृहको टोली समेत छ। पीडित परिवारले न्याय र दोषीलाई कारबाहीका लागि मेरो भूमिका सदैव सशक्त रहनेछ। ममाथि पनि अनुसन्धान हुन्छ, त्यसमा मेरो सहयोग नै छ।

***राजेन्द्र घिमिरे, कारागार प्रशासक***

*जिल्ला कारागार खाँदबारी, सङ्खुवासभा*



मेरो सेवा अवधि समान्त हुन लागेकाले २०८० जेठ २९ गतेदेखि जिल्ला कारागार खाँदबारीको कारागारका प्रशासकको पदीय जिम्मेवारीमा छु। २०८० साउन २४ गते राति साढे १ बजेतिर कारागार सुरक्षा प्रमुख असई लक्ष्मी चौधरीले कारागारबाट दुई जना कैदी शौचालयको झ्यालको रड काटेर भाग्न लागेको बेला पक्राउ गरिएको फोनमा जानकारी गराउनु भयो। मैले ताजा अवस्था के छ भनेर उहाँलाई सोध्दा 'भित्र जिम्मा दिएको' भनेपछि म सुतेँ। म बिहन ५:३० बजे कारागार पुगेँ। दुवै जना कैदी बिरामी भएको र उपचारका लागि जिल्ला अस्पताल लगेको बुझेपछि म जिल्ला अस्पताल पुगेर पुन: कारागार फर्की आएँ। कैदीबन्दीका लागि फिल्टर लिन साउन २७ गतेसम्मको सम्बन्धित निकायबाट बिदा स्वीकृत गराएर म काठमाडौँ गएको थिएँ। निर्धारित काम सकिएकाले साउन २३ गते नै जिल्ला फर्किएँ। सोही दिन धारा मिस्त्रीलाई फिल्टर जोड्न बोलाएँ। कैदीबन्दी बस्ने साइडबाट धारा जोड्नुपर्ने भएकाले हामी त त्यहाँ जाने कुरा भएन, म गइन। एक जना कैदीले मिस्त्रीलाई सहयोग गरे। शौचालयको रड काट्न के लगे त्यो थाहा भएन। भाग्ने क्रममा प्रहरीले नियन्त्रणमा लिँदा अलिअलि झापड लगाउनु स्वभाविक हो। तर, सुरक्षाकर्मीले यातना दिएर मारेको हो वा कैदीबन्दीको प्रशासनभित्र मारिएको मलाई थाहा भएन। मलाई दोषी बनाएर प्रहरीमा उजुरी परेको छ, म घटनामा संलग्न भएकाले जस्तोसुकै अनुसन्धानका

लागि तयार छु। साउन २४ गते कैदीबन्दीले नौ जना प्रहरीलाई बाहिर ननिकाले एकआपसमा भिडेर मर्नेमार्ने धम्की दिएपछि नौ जना प्रहरीलाई बाहिर निकाल्यौँ। अहिले छानविन र अनुसन्धान चलिरहेको छ। कारागारभित्र केही कमीकमजोरी भएकै हो।

**_जीवन लिङ्थेप, मेयर_**
*मादी नगरपालिका,*
*सङ्खुवासभा*



राज्यको नियन्त्रणमा रहेका र कारागारजस्तो सुरक्षित ठाउँमा कैदीबन्दीको मृत्यु हुनुमा सुरक्षाकर्मीको दोष छ। कुटीकुटी मान्छे मार्ने अनि बिरामी भयो, यो भयो त्यो भन्ने हिसाबले अब हुँदैन। घटनाका विषयमा हामी पीडित पक्ष राज्यलाई सहयोग गर्न तयार छौँ। तर, राज्यले बदमासी गर्न खोज्यो भने मेरो नेतृत्वमा मादी नगरपालिका जनताले सिडिओ सापको कार्यकक्ष घेर्नेछ। घटना छानविनका लागि समिति बनाइएका छन्। हामी त समितिमा विश्वास गर्छौं। तर कारागारभित्र मान्छेलाई कुटेको, छरछिमेकीले मारे मारे भनेको सुनेको, शरीरभरी निलडाम देखिएको, प्रहरीले नियन्त्रणमा लिने क्रममा कुटपिट गरेको भनेपछि यातनाबाट कैदीबन्दी मारिएको विषयमा अब धेरै खोजीनीति आवश्यक भएन। अब तत्काल साउन २४ गते राति ड्यिुटीमा खटिएका सुरक्षाकर्मी र पदीय जिम्मेवारीले कारागार प्रमुखलाई सजायको भागीदार बनाइनु पर्छ। पीडित परिवारलाई राज्यले न्यायसहित क्षतिपूर्ति दिनु पर्छ।

**_सुरज पोखरेल, अहेब_**
*जिल्ला अस्पताल,*
*सङ्खुवासभा*



साउन २४ गते बिहान जिल्ला अस्पतालमा म, डाक्टर आस्था श्रेष्ठ, डाक्टर रामरूप यादव, रीमा चौधरी र अरू एक जना थियौँ। बिहान ५ बजे आकाश बलामीलाई अस्पताल उपचारका लागि कारागारबाट ल्याइयो। अस्पताल ल्याउँदा बलामीको मृत्यु भइसकेको थियो, त्यसको पाँच,सात मिनेटपछि विनोद तोलाङ्गीलाई ल्याइयो, उसको चाहिँ हल्का ढुकढुकी थियो, तर अक्सिजन लेभल जिरो नै थियो। हामीले उपचार सुरू गर्न लाग्दा लाग्दै उसको मृत्यु भयो। दुवै जनाको शरीरमा निलडाम प्रशस्त थियो, रगत बगेको, मुख बाएको र गोलीगाँठामा केहीले रोपेको जस्तो देखिन्थ्यो। दुवै जनाको मृत्यु कुटपिटबाट नै भएको हो।

**_पवनकुमार भट्ट_**
*राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश विराटनगर कार्यालय, निर्देशक*



राज्यको नियन्त्रणमा र सुरक्षा घेरामा रहेका कैदीबन्दीको शङ्कास्पद मृत्यु घटना मानव अधिकार उल्लङ्घनको गम्भीर विषय भएकोमा सन्देह छैन। हामीलाई घटनाका विषयमा साउन २४ गते फोनमार्फत जानकारी प्राप्त भयो। साउन २५ गते साँझतिर मेरो नेतृत्वमा मानव अधिकार अधिकृत चीरञ्जीवी कोइरालासहितको आयोग टोली खाँदबारी आएर घटनाका विषयमा स्थलगत जानकारी लिने काम गऱ्यो। साउन २६ गते प्रमुख जिल्ला अधिकारीको संयोकत्वमा बसेको बैठकले

केही निर्णय गरी प्रक्रिया अघि बढाएको छ। आयोगको अनुगमनका क्रममा केही घण्टाको अवधिमा कैदी बिरामी पर्ने, तत्काल मृत्यु हुने जस्ता विषय पाइयो। ती विषय भन्दा पनि मृत्युको कारण यातना नै हो। कारागारभित्र यातना दिएको अनुगमनका क्रममा पाइयो।

**उमेश पाण्डे**
*प्रमुख अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सङ्खुवासभा*



कारागारका दुई जना कैदीबन्दीको शङ्कास्पद मृत्यु घटनाका विषयमा अनुसन्धान, अनुगमनलगायत जारी छ। घटनाको प्रकृतिले सुरक्षा निकायबाट नियन्त्रणमा लिने क्रममा गरिएको हातपात र त्यसपछि कैदीबन्दीको प्रशासनले बुझेपछि थप यातना दिएको बुझिन्छ। मृत्यु भएका कैदीबन्दीको शरीरमा भएको चोटलगायतले यातनाबाट मृत्यु भएको देखिन्छ।

## निष्कर्ष

जिल्ला कारागार खाँदबारीमा कैदी भुक्तान गरिरहेका सङ्खुवासभाकै मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाङ्गी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ का स्थायी घर भइ हाल खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा बस्दै आएका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते जिल्ला कारागारका सुरक्षाकर्मीको निर्मम यातनाका कारण मृत्यु भएको प्रशस्त आधार इन्सेकको स्थलगत अनुगमनका क्रममा देखिएको छ। साउन २६ गतेदेखि साउन २८ गतेसम्म इन्सेकले जिल्लामा घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी लिएको जानकारी तथा विवरणले पहिलो चरणमा कारागारभित्रका सुरक्षाकर्मी र दोस्रो चरणमा कैदीबन्दीको प्रशासनभित्रका नाइके, भाइ नाइकेले दुवै जना कैदीलाई चरम यातना दिएका कारण मृत्यु भएको प्रशस्त आधारहरू इन्सेकले अनुगमनका क्रममा पाइएको छ। राज्यको नियन्त्रणमा रहेका र राज्यको सुरक्षा गृहभित्र कैदीको कुटपिट गरी हत्या गरिनु गम्भीर मानव अधिकार उल्लङ्घन भएको इन्सेकको निष्कर्ष छ। कैदी भाग्न खोजेको आरोपमा चरम यातना दिनु, कैदीबन्दीको प्रशासनलाई बुझाउन, तत्काल उपचारका लागि अस्पताल नलैजानु, अन्तिम अवस्थामा अस्पताल लैजानु, पीडित परिवारलाई समयमा जानकारी नगराउनु जस्ता कार्यले राज्यका निकायले उपयुक्त जिम्मेवारी वहन नगरेको इन्सेकको निष्कर्ष छ।

## सुझाव

- घटनामा संलग्न रहेका सुरक्षाकर्मीलाई तत्कालै अनुसन्धानको प्रक्रिया ल्याउनु पर्छ।
- पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गर्नु पर्छ।
- घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानविन गर्नु पर्छ।
- कारागारको आन्तरिक प्रशासनका नियम कानुन मानव अधिकारमैत्री बनाउनु पर्छ।
- देशभरका कारागारमा क्षमताभन्दा बढी कैदी बन्दी छन् जसका कारण कैदीबन्दीको मानव अधिकारको गम्भीर उल्लङ्घन भएका छन् यस विषयमा ध्यान पुऱ्याउनु पर्छ
- कारागारमा स्रोत साधनको उचित व्यवस्था गर्नु पर्छ।
- कागजमा सीमित खुला कारागारको अवधारणा कार्यान्वयन गर्नु पर्छ।

# घटनासँग प्रत्यक्ष जोडिएका विषय र विवरण



*कारागारमा मारिएका कैदीको शव र गोलीगाँठामा देखिएको चोट*

नेपाल सरकार

## गृह मन्त्रालय

पत्र संख्या:–
प्राप्त पत्र संख्या र मिति:–
च.नं.:–

सिंहदरबार,
काठमाडौं, नेपाल ।

**विज्ञप्ति**

मिति २०८०/०४/२४ गते कारागार कार्यालय, संखुवासभाका कैदीहरु विनोद तोलाङ्गी र विकास श्रेष्ठ भन्ने आकाश बलामीको मृत्यु भएको सम्बन्धमा स्थलगत रुपमा सत्यतथ्य बुझी १० (दश) कार्यदिन भित्र प्रतिवेदन पेश गर्न यस मन्त्रालयको मिति २०८०/०४/२४ को निर्णयबाट कारागार व्यवस्थापन विभागका निर्देशक श्री कमल प्रसाद पाण्डेको संयोजकत्वमा नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालय, संखुवासभाका प्रतिनिधि सम्मिलित ५ (पाँच) सदस्यीय छानविन समिति गठन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मिति: २०८०/०४/२४

नारायण प्रसाद भट्टराई
सहसचिव/प्रवक्ता

*घटना छानविनका लागि गृह मन्त्रालयले गठन गरेको छानविन समिति*

## श्री जिल्ला प्रहरी कार्यालय संखुवासभामा पेश गरेको

## पुरक जाहेरी दरखास्त

१. **जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) फोन नं. :-** जिल्ला संखुवासभा मादी नगरपालिका वार्ड नं. ०५ को दिल बहादुर तोलाङ्गीको नाती पिताम्बर तोलाङ्गी को छोरा वर्ष ३० को प्रकाश तोलाङ्गी ..................................१

२. **कुन कानून वा मुद्दावारे दरखास्त वा सूचना गरेको हो :-** यातना र ज्यान सम्वन्धि कसुर ।

३. **कसुर गर्ने व्यक्तिको नाम, थर र ठेगाना (टोल सहित) :-** जिल्ला कारागार कार्यालय संखुवासभा खाँदबरीमा जिल्ला प्रहरी कार्यलय संखुवासभाबाट मिति २०८० साल साउन २३ गते राती सुरक्षाका लगि खटिएका लक्ष्मी चौधरी समेत..................................१

ऐ. कारागार कार्यालयका कार्यालय प्रमुख राजेन्द्र घिमिरे समेत..................................१

४. **कसुर गर्ने व्यक्तिको बावु/आमाको नाम :- (१)** निजहरुको बावु/आमाको नाम थाहा नभएको ।

५. **कसुर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :-** घटना घटेको समयमा जिल्ला कारागार कार्यालय संखुवासभा सुरक्षमा खटिएका प्रहरी कर्मचारी तथा कारागार प्रशासनमा खटिएका कर्मचारीहरु ।

६. **कसुर सम्बन्धी अन्य विवरण :-**

**क) कसुर भएको स्थान, ठाउँ, मिती र समय :-** जिल्ला कारागार संखुवासभा, खाँदबारी, २०८० साउन २३ गते राती अन्दाजी ११:३० बजे पछि ।

क) **कसूर भएको स्थान, ठाउँ, मिती र समय** :- जिल्ला कारागार संखुवासभा, खाँदबारी, २०८० साउन २३ गते राती अन्दाजी ११:३० बजे पछि ।

ख) **कसूर सँग सम्बन्धित घटनाको विवरण** :- म जाहेरवालालाई मिति २०८० साल साउन २४ गते विहान अन्दाजी ८:२५ बजे तिर जिल्ला प्रहरी कार्यलय संखुवासभा खाँदबारी बाट ९८५२०७०७७७ मोबाईल नम्बरबाट मेरो मोवाईल नं. ९८२०७९५४५१ मा फोन गरी "तपाईंको भाईको मृत्यू भईसकेको छ, लास बुझ्न आउँनुहोला" भनी खवर प्राप्त भएकोमा मलाई विश्वास हुँन सकेन । म जाहेरवाला समेत के कसो भएको हो भनी बुझ्नका लगि मेरा अन्य परिवारका सदस्यहरु समेत जिल्ला प्रशासन कार्यालय पुग्दा प्रहरी नायव उपरीक्षक बिरेन्द्र गोदार र प्रमुख जिल्ला अधिकारी शिव कुमार कार्कीलाई भेट्दा सहकैदी बन्दीसंगको एकापसको झडपमा भाइको मृत्यु भएको खवर पायौं । तर टोल बजारमा राती कारागारमा प्रहरीले मान्छे कुटेर रोइरहेको भन्ने हल्ला सुनियो । त्यस दिन कारागार कार्यालयमा हामीलाई जान दिएनन्, पछि भाईको लास जिल्ला अस्पताल संखुवासभामा राखेको थाहा पएपछि हेर्न जाँदा मुख वाइरहेको र गालामा कालो रगतको टाटो जस्तो देखिएको, आँखा हेरिरहेको, शरिरभरी कुटेका निल डाम मात्रै भएको अवस्थामा देख्यौं । गोलीगाँठोमा सियोले रोपेको जस्तो थियो भने नली खुट्टामा रडले हिर्काएको जस्तो देखिन्छ । पछाडी ढाडदेखि तिघ्रासम्मै कुनै ठूलै बस्तुले हिर्काएको जस्तो अवस्थामा देख्यौं ।

म जाहेरवालाको भाइ विपक्षीहरुको नियन्त्रणमा रहेको अवस्थामा निजलाई कुनै पनि किसिमको यातना दिने वा निजसंग क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने छुट निजहरुलाई कुनै पनि कानूनले दिएको छैन । विपक्षीको उक्त कार्य आफैमा गैरकानूनी हुनुका साथै मानवता विरुद्धको अपराध समेत हो । यसका साथै प्रत्येक नागरिकमा अन्तर्निहित रहेको आत्मसम्मानको अधिकारलाई विपक्षीले सम्मान बेवास्ता गरी चरम यातना दिएको र सोही यातनाको कारणवाट भाइको मृत्यु भएको प्रष्ट छ ।

अत: विपक्षीहरुले आफनो हिरासतमा रहेको व्यक्तिलाई जुनकुकै बाहानामा वदनियतले कानुनी सीमा वाहिर गएर मेरो भाइलाई चरम यातना दिएको र सोही यातनाको कारणले नीजको मृत्यु भएको हुँदा विपक्षीहरुको सो कार्य मुलुकी अपराध संहिता

२०७४ को दफा १६७ र १७८ बमोजिमको गंभिर अपराध रहेको हुँदा निजहरुलाई कानून बमोजिम हदैसम्मको कानूनी कारवाही गरि पाउँ । साथै मेरो भाइलाई यातना दिई हत्या गर्ने जो कोहीलाई पनि अनुसन्धान गरी हदैसम्मको कार्वाही समेत गरि पाउँ भनि न्याय प्राप्तीका लागी यो जाहेरी दरखास्त लिई उपस्थित भएको छु ।

ग) **कसूरको प्रकृति र कसुर सँग सम्बन्धित अन्य विवरण** :- कानून बमोजिम जे जुन मुचुल्का गर्नु पर्ने हो सो गरी पाउँ । साथै निम्न बमोजिमका प्रमाणहरु यसै साथ पेश गरेको छु ।

घ) **कसूर सँग सम्बन्धीत सबुद प्रमाण** :-

(१) निम्न लिखित मानिसहरु समेत बुझी साक्षी सर्जमिन गरि प्रमाणमा लगाई पाउँ ।

(क) जिल्ला संखुवासभा मादी नगरपालिका वार्ड नं. ५ को पिताम्वर तोलाङ्गी को छोरी चैनपुर नगरपालिका वडा नं. ७ बस्ने वर्ष २६ की भीमा रम्तेल फोन न (९८२४३६८३९३)....................................१

(ख) जिल्ला संखुवासभा मादी नगरपालिका वार्ड नं. ५ को वर्ष ३२ को जीवन कुमार तोलाङ्गी फोन न (९८४०९८७४३६)......................१

ङ) **कसुर सँग सम्बन्धित अन्य विवरण** :-

७. यो दरखास्तको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केश तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाको वखत उपस्थित हुने जनाउ पाएमा सो बमोजिम उपस्थित हुनेछु ।

**दरखास्त दिनेको सही :-**

नाम: प्रकाश तोलाङ्गी

**फोन नं. :** ९८१०२१९४०९

ईति सम्वत् २०८० साल साउन महिनाको २६ गते रोज ६ मा शुभम् ................

District Police Office
Sankhuwasabha

# Press- Release

Email: dposankhuwasava@gmail.com
dposankhuwasabha_sanchar@nepalpolice.gov.np

## "कारागार कार्यालय संखुवासभा,खाँदबारीमा भएको कैदीबन्दीहरूको मृत्यु भए सम्बन्धि घटनाको जानकारी"

मिति २०८०/०४/२४ गते बिहानको राति अन्दाजी ०१:२० बजेको समयमा जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. १ स्थित रहेको कारागार कार्यालय संखुवासभा, खाँदबारीमा कैद भुक्तान गरिरहेका पिताम्बर तोलाङ्गीको छोरा जिल्ला संखुवासभा मादी नगरपालिका वडा नं. ५ फेलेदै बस्ने वर्ष २० को बिनोद तोलाङ्गी र सन्तमान बलामीको छोरा जिल्ला नुवाकोट ककनी गाउँपालिका वडा नं. ७ घर भई हाल जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. ०९ तुम्लिडटार बस्ने वर्ष २७ को विकास श्रेष्ठ भन्ने आकाश बलामी आफू बस्ने तल्लो तलाको ब्लकको झ्यालको रड काटी भाग्दै गरेको अवस्थामा डिउटीमा रहेका प्रहरीले देखि कराई कारागार प्रशासन समेतलाई जानकारी गराई निजहरुलाई कारागार कम्पाउण्ड भित्रै प्रहरी कर्मचारीहरुले नियन्त्रणमा लिने क्रममा कुटपिट गरी निज कैदीबन्दीहरुलाई पुनः निजहरु बस्ने ब्लकमा बुझाएकोमा केही कैदीबन्दीहरु समेतले निजहरुलाई ब्लक भित्र कुटपिट गर्दा सख्त घाईते भएकोमा निज घाईते कैदीबन्दीहरुलाई उपचारको लागि जिल्ला अस्पताल खाँदवारी संखुवासभामा लगिएकोमा सोही दिन बिहान निजहरुको उपचारको क्रममा मृत्यु भएको घटनाको सम्बन्धमा जिल्ला संखुवासभा मादी नगरपालिका वडा नं. ५ बस्ने मृतक बिनोद तोलाङ्गीको दाजु प्रकास तोलाङ्गी र जिल्ला नुवाकोट ककनी गाउँपालिका वडा नं. ७ बस्ने मृतक आकास बलामीको दाजु रमेश बलामीले जिल्ला कारागार कार्यालय संखुवासभा खाँदबारीमा मिति २०८० साल साउन २३ गते राति सुरक्षाका लागि खटिएका प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी समेत र ऐ. कारागार कार्यालयका कार्यालय प्रमुख राजेन्द्र घिमिरे समेतको विरुद्धामा आज मिति २०८०/०४/२७ गते यस कार्यालयमा दिएको किटानी जाहेरी दर्ता भई थप अनुसन्धान कार्य सुरू भएको व्यहोरा जानकारी गराईन्छ।

सुचना अधिकृत
प्र.नि. सरोज खनाल
मोवाईल नं.९८५२०९९८०८
मिति:२०८०/०४/२७ गते।

District Police Office
Sankhuwasabha

# Press- Release

Email: dposankhuwasava@gmail.com
dposankhuwasabha_sanchar@nepalpolice.gov.np

## " कैदीबन्दीहरूको मृत्यु भए सम्बन्धि घटनाको थप जानकारी"

मिति २०८०/०४/२४ गते बिहानको राति अन्दाजी ०१:२० बजेको समयमा जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. १ स्थित रहेको कारागार कार्यालय संखुवासभा, खाँदबारीमा कैद भुक्तान गरिरहेका पिताम्बर तोलाङ्गीको छोरा जिल्ला संखुवासभा मादी नगरपालिका वडा नं. ५ फेलेदै बस्ने वर्ष २० को विनोद तोलाङ्गी र सन्तमान बलामीको छोरा जिल्ला नुवाकोट ककनी गाउँपालिका वडा नं. ७ घर भई हाल जिल्ला संखुवासभा खाँदबारी नगरपालिका वडा नं. ०९ तुम्लिङटार बस्ने वर्ष २७ को विकास श्रेष्ठ भन्ने आकाश बलामीको मृत्यु भएको घटनाको सम्बन्धमा निज मृतकका आफन्तले जिल्ला कारागार कार्यालय संखुवासभा खाँदबारीमा मिति २०८० साल साउन २३ गते राती सुरक्षाका लागि खटिएका प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी समेत र ऐ. कारागार कार्यालयका कार्यालय प्रमुख राजेन्द्र घिमिरे समेतको बिरुद्धामा मिति २०८०/०४/२७ गते यस कार्यालयमा दिएको किटानी जाहेरी दरखास्त दर्ता भई थप अनुसन्धान कार्य सुरू भएकोमा उक्त जाहेरी दरखास्तमा उल्लेखित प्रतिवादीहरू कारागार प्रमुख राजेन्द्र घिमिरे र प्र.स.नि.लक्ष्मी चौधरीको नाउँमा सम्मानित संखुवासभा जिल्ला अदालतबाट पक्राउ अनुमती जारी भएकोमा निज प्रतिवादीहरू मध्ये प्र.स.नि.लक्ष्मी चौधरीलाई पक्राउ गरी सम्मानित संखुवासभा जिल्ला अदालत चैनपुरबाट मिति २०८०/०४/२८ गते देखी लागु हुने गरी पहिलो पटक दिन ५ (पाँच) म्यादथप भई थप अनुसनधान भई रहेको उक्त घटनामा अन्य व्यक्तिहरूको संलग्नता बारे समेत थप अनुसन्धान कार्य तिव्र रूपमा भई रहेको व्यहोरा जानकारी गराईन्छ।

सुचना अधिकृत
प्र.नि.सरोज खनाल
मोवाईल नं.९८५२०९९८०८
मिति:२०८०/०४/२८ गते।



# बाल सुधार गृह, सानोथिमी, भक्तपुरमा एक जनाको मृत्यु भएको र बाल सुधार गृहमा क्षति पुऱ्याइ बालबालिका बाहिरिएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन


**सारांश**

बलात्कार मुद्दामा बाल सुधार गृहमा थुनामा रहेका मन्थली नगरपालिका-३, कठजोरका १८ वर्षीय कमल बस्नेतको ०८० भदौ ३ गते बिहान ६ बजेतिर सुधार गृहमा मृत्यु भयो। ज्वरो र पिलोका कारण बिरामी भएका बस्नेतलाई समयमा नै उपयुक्त उपचारका लागि अस्पताल नलगिएका कारण मृत्यु भएको पाइयो।सुधार गृह प्रशाशनको लापरवाहीका कारण बालकको ज्यान गएको भन्दै ०८० भदौ ३ गते नै घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र पीडित पक्षलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्दै सुधार गृहमा रहेका बालकहरूले सुधार गृह भित्र र मृतकका आफन्तले सुधारगृह परिसरमा नाराबाजी गरेका थिए। सोही



क्रममाप्रहरीसँगको झडपपछि सुधारगृहभित्र रहेका २ सय २१ जना बालबालिका सुधार गृहको पछाडिको ढोका फोडेर बाहिर निस्किएका थिए।

कारागार व्यवस्थापन विभाग मातहत रहेको र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालको व्यवस्थापनमा मध्यपुरथिमी नगरपालिका-२ सानोठिमीमा सञ्चालित बाल सुधार गृहमा जिल्ला अदालत रामेछापको ०७७ जेठ २९ गतेको आदेशमा बस्नेत थुनामा रहेका थिए। बाल सुधार गृह प्रसाशनले भदौ ३ गते ६ बजे बालकलाई मध्यपुर थिमी नगरपालिका-३ गठ्ठाघरमा रहेको नागरिक सामुदायिक अस्पतालमा उपचारका लागि लगेकामा अस्पतालमा ल्याई पुऱ्याउनु अगावै बालकको मृत्यु भइसकेको अस्पताल प्रशाशनले अनुगमन टोलीलाई जानकारी दियो।

जिल्ला प्रशासन कार्यालय, भक्तपुरले पीडित परिवारजनको मागबमोजिम ०८० भदौ ३ गते भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्>प्रसाद निरौलाको नेतृत्वमा प्रहरी परिसर, भक्तपुरका डिएसपी बसन्त पाठक, जिल्ला प्रशासन कार्यालयका अधिकृत अशोककुमार पोखरेल र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकृत प्रतिनिधि सदस्य रहेको चार सदस्यीय छानबिन समिति गठन गऱ्यो।

सुधार गृहभित्र रहेका बालबालिकाको स्वास्थ्य परीक्षणको व्यवस्था नगरेको, मानसिक स्वास्थ्यमा हेरचाह नगरेको, खानपिन, खानेपानीको प्रबन्ध नगरेको र वृत्ति विकासको लागि कुनै पहल नगरेकोजनाउँदै भदौ ४ गतेसुधार गृहका बालबालिका आन्दोलित भएका थिए। सोही क्रममा सुधार गृह प्रशासनले कुनै सुनुवाइ नगरेपछि बालकहरूले सुधार गृहमा तोडफोड गरेका थिए। सो क्रममा भएको झडपमा परी नेपाल प्रहरीतर्फ ११ जना, सशस्त्र प्रहरीतर्फ आठ जना गरी १९ जना र सुधार गृहका १० जना बालक घाइते भए। घाइते बालकमध्ये रबरको गोली लागेका ( घाइतेका आफन्तको भनाइअनुसार) एक जनाको अवस्था गम्भीर रहेको छ। उनको उपचार राष्ट्रिय ट्रमा सेन्टरको आइसियूमा भइरहेको छ। घटनापछि बाहिर निस्केका २ सय २१ जना बालकमध्ये अझै चार जना अझै सम्पर्कमा नआएको प्रहरीले जनायो।

यसर्थ, बाल सुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, आन्तरिक व्यवस्थापनमा सुधार गर्न, भदौ ३ र ४ गतेको घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानबिन गर्न, क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्नु जरुरी देखिएको छ।

**घटना मितिः** २०८० भदौ ३ र ४ गते

**स्थलगत अध्ययन मितिः** २०८० भदौ ५ गते र भदौ १२ गते

**स्थलगत अध्ययन टोली**

१. शोभाकर बुढाथोकी, मानव अधिकारकर्मी, इन्सेक कार्यसमितिका पूर्व सदस्य
२. कृष्ण सुवेदी, बाल अधिकारकर्मी, पूर्व अध्यक्ष, सिजप तथा अध्यक्ष, चाइल्ड नेपाल
३. सम्झना श्रेष्ठ, फोकल पर्सन, मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (सचिवालय-इन्सेक)
४. कृष्ण गौतम, सूचना अधिकारी, इन्सेक
५. रमेशप्रसाद तिमल्सिना, सम्पादक,

इन्सेक अनलाइन

६. श्रीराम बजगाईं, कार्यसमिति सदस्य, बाल गृह सञ्जाल
७. कमला पौडेल, वरिष्ठ कार्यक्रम अधिकृत, ओरेक (कार्यसमिति उपाध्यक्ष, सिजप)
८. अशोक खनाल, संयोजक, बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च
९. विष्णुप्रसाद पौडेल, सहायक परियोजना व्यवस्थापक, सिविन-नेपाल
१०. विमल पौडेल, इन्सेक, उपत्यका प्रतिनिधि

## घटनाको पृष्ठभूमि

मध्यपुरथिमी नगरपालिका-२, सानोठिमीस्थित बालसुधार गृहको थुनामा रहेका रामेछापको मन्थली नगरपालिका-३, कठजोरका १८ वर्षीय कमल बस्नेतको ०८० भदौ ३ गते मृत्यु भयो। पाँच वर्षीया बालिकालाई ०७७ जेठ ११ गते बलात्कार गरेको आरोपमा जिल्ला अदालत रामेछापको आदेशमा जेठ २९ गतेदेखि बालसुधार गृहमा थिए। जिल्ला प्रहरी परिसर, भक्तपुरका डिएसपी बसन्त पाठकका अनुसार 'ज्वरो आयो' भन्दै बालसुधार गृहमा भदौ ३ गते राति औषधि मागेर खाएका बस्नेत भदौ ४ गते बिहान बेहोस भएको र बालसुधार गृहका कर्मचारीले उपचारका लागि गठ्ठाघरस्थित नागरिक सामुदायिक अस्पतालमा लगेका थिए। अस्पताल पुऱ्याउनुअघि नै उनको मृत्यु भइसकेको थियो।

बालसुधार गृहभित्र रहेका बस्नेतको मृत्यु भएपछि मृतकका परिवार तथा आफन्तले घटनाको निष्पक्ष छानबिन गर्नु पर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र क्षतिपुर्ति दिनुपर्ने माग गर्दै सुधारगृह घेराउ गरेका थिए। पीडित परिवारजनको मागबमोजिम भदौ ३ गते भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकले घटनाबारे यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौलाको नेतृत्वमा छानबिन समिति गठन गऱ्यो।

कमल बस्नेतको मृत्यु भएपछि उत्पन्न परिस्थितिकै उपजका रूपमा त्यसैको भोलिपल्ट बालसुधार गृह तोडफोड गरेर २ सय २१ जना बाहिरिए। सुधार गृहभित्र आफूहरूलाई व्यवस्थापनले खानपिन, स्वास्थ्य परीक्षण राम्रो नभएको भन्दै भित्र रहेका बालबालिकाले सुधार गृहको पछाडि पट्टीको ढोका फोरेर निस्केका थिए। जिल्ला प्रहरी परिसर, भक्तपुरका एसपी प्रजित केसीले बाल सुधार गृह तोडफोड गरेर निस्किएका २ सय २१ जनामध्ये २ सय १७ जनालाई नियन्त्रणमा लिइसकिएको छ। चार जनाको खोजी कार्य जारी छ। बालसुधार गृहभित्र प्रशासनले विभेद गरेको भन्दै बालबालिकाले नाराबाजी गर्दै घरेलु हतियार, ढु ामुढासहित प्रहरी र सुधार गृह व्यवस्थापन गरिरहेको युसेप नेपालको कार्यालयमाथि ढु ामुढा गरेका थिए। बालबालिका र प्रहरीबिचको झडपमा १९ जना प्रहरी र १२ जना बालबालिका घाइते भएका थिए। घाइते प्रहरीहरूको भक्तपुरस्थित मध्यपुर अस्पताल र नागरिक कम्युनिटी अस्पतालमा उपचार भयो। घाइते भएका दुई जनाको उपचार राष्ट्रिय ट्रमा सेन्टरमा भइरहेको छ भने अन्यको उपचार त्रिवि शिक्षण अस्पताल र नागरिक कम्युनिटी अस्पतालमा भयो।

## सरोकारवालाको भनाइ

**खगेन्द्रप्रसाद रिजाल**
प्रमुख जिल्ला अधिकारी, भक्तपुर



राज्यको व्यवस्थापन र अनुगमनभित्र रहेका बाल बन्दीको मृत्यु र त्यसपछि भएको उत्पन्न परिस्थितिका कारण बाल सुधार गृह तोडफोड गरेर बालबन्दी 'फरार' भएको घटनाप्रति हामी संवेदनशील छौँ। २०८० भदौ ३ गते बाल सुधार गृहभित्र रहेका १८ वर्षीय कमल बस्नेत बिरामी भएर अचेत भएपछि सुधार गृहबाट नजिकै रहेको नागरिक सामुदायिक अस्पतालमा उपचारका लागि लगेको अवस्थामा मृत्यु भएको भन्दै सुधार गृहका निर्देशक केशव सुवालले मलाई बिहान ७ बजे फोन गर्नु भयो। घटना थाहा पाएपछि तुरुन्तै सुधार गृह व्यवस्थापनमार्फत मृतकका आफन्तलाई जानकारी गराइयो। घटना भएकै दिन पीडित परिवारको माग बमोजिम जिल्ला सुरक्षा समितिको बैठकबाट सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्›प्रसाद निरौलाको संयोजकत्वमा चार सदस्यीय छानविन समिति गठन गरिएको छ। पीडित परिवार र सुधार गृहभित्रकाबाट बालकले समयमै उपचार पाएको भए बाँच्नेथियो कि भन्ने विषय उठाउनु भएको छ। समितिले कमल बस्नेतको मृत्यु भएको घटना र ४ गते सुधार गृह तोडफोड गरेर बन्दी फरार भएको घटना तथा बालसुधार गृहको समग्र व्यवस्थापनका प्रक्रियालाई अध्ययन अनुसन्धान गरेर घटनाको विषयमा छानबिन गरिरहेको छ। घटनाबारे सत्यतथ्य छानविन पश्चात दोषी देखिएकालाई कारवाही गर्नेछौँ।

**डोरेन्द्रप्रसाद निरौला**
सहायक प्रमुख जिल्ला अधिकारी, भक्तपुर
संयोजक, जिल्ला प्रशासन कार्यालय, भक्तपुरद्वारा गठित छानविन समिति



भदौ ३ गते भएको घटनाबारे छानबिन गर्न मेरो नेतृत्वमा चार सदस्यीय छानविन समिति बनाइएको छ। छानविन समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउन समय दिइएको थियो। तर, १० गतेसम्म पनि मृतकका परिवारले शवको पोष्टमार्टम गर्न सहमति जनाएन। भदौ ११ गतेमात्र मृतकको परिवार पोष्टमार्टम गर्न सहमत भएपछि हामीले शवको पोष्टमार्टम गर्न सूर्यविनायकस्थित काठमाडौँ मेडिकल कलेजमा पठाएका छौँ। बाल सुधार गृहको स्थलगत अनुगमन गरी घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी विवरणहरू सङ्कलन गरिएको छ। अस्पतालबाट पोष्टमार्टम रिपोर्ट प्राप्त भइसकेपछि यथाशक्य छिटो हामी प्रतिवेदन बाहिर ल्याउनेछौँ।

**प्रजित केसी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी परिसर, भक्तपुर



बाल सुधार गृहभित्रका कमल बस्नेतको अस्पतालमा उपचारका लागि लैजाँदै गर्दा मृत्यु भैसकेपछि २०८० भदौ ३ गते मृतकका आफन्त र सुधार

गृहभित्रका बन्दीले कमलको उपचारमा लापरबाही गरेका कारण उसको मृत्यु भएको भन्दै घटनामा संलग्नलाई कारबाहीको माग गर्दै सुधार गृह परिसरमा केहीबेर नाराबाजी गरी तोडफोड गरे। त्यसपछि मृतकका परिवारको मागबमोजिम नै घटनाबारे सत्यतथ्य अनुसन्धान गर्ने, शवको परीक्षण गर्ने, त्यसको रिपोर्ट हेर्ने, क्षतिपूर्तिको लागि माथिल्लो निकायमा लेखी पठाउने र घटनाका बारेमा प्रहरीमा जाहेरी दिने सहमति भएपछि आन्दोलन स्थगित भएको थियो। तर, प्रहरी र प्रशासनलाई घटनाबारे जाहेरी दिन आउने बताएर मृतकका आफन्त ०८० भदौ ४ गते अचानक बाल सुधार गृह अगाडि गएर नाराबाजी गर्दै सुधार गृहभित्रै प्रवेश गर्न खोजेपछि सुधार गृहभित्र रहेका बाल बन्दीले पनि सुधार गृहभित्र औषधि, खाना, पानीलगायत विभिन्न कुरामा दैनिक विभेद हुने गरेको र आफूहरूलाई अन्यत्र स्थानान्तरण गर्नुपर्ने लगायतका माग राखेर आन्दोलन सुरु गरे। त्यस लगत्तै भित्रका बन्दीले घरेलु हतियार, फलामका रड र ढुङ्गामुढा बोकेर सुधार गृह बाहिर सुरक्षार्थ खटिएका प्रहरीमाथि आक्रमण गर्न थाले। आक्रमणपछि भित्र रहेका पुरुष बन्दीहरू सुधार गृहको पछाडि पट्टीको ढोका फोरेर बाहिर निस्किएर भागे। हतियारधारी प्रहरी सुधार गृहभित्र पस्न नपाउने कानुनी प्रावधानका कारण सुधार गृहभित्रका बन्दीले घरेलु हतियार, फल रड र ढुङ्गामुढा बोकेर प्रहरीमाथि नै आक्रमण गरेपछि हामीले समयमै स्थिति नियन्त्रणमा लिन सकेनौँ। आन्दोलनका क्रममा हामीले गोली प्रहर गर्ने आदेश दिएका थिएनौँ।

घटनामा परी प्रहरीतर्फ प्रहरी निरीक्षक सञ्जिव ओलीसहित ११ जना र सशस्त्र प्रहरीतर्फ आठ जना घाइते भए। त्यस्तै घटनामा १२ जना बन्दी पनि घाइते भए। बाल सुधार गृह तोडफोड गरेर फरार रहेका २ सय २१ जना बन्दीहरूलाई उपत्यकाका तिनै जिल्लाका प्रहरीसँगको समन्वयमा काठमाडौँ, भक्तपुर र ललितपुरका विभिन्न स्थानबाट नियन्त्रणमा लियौँ। ०८० भदौ ४ गतेको घटनापछि फरार रहेका चार जना बन्दीको अझै हामीले खोजी कार्य जारी राखेका छौँ। घटनापछि बाल सुधार गृहमा रहेका ५७ जनालाई जिल्ला प्रशासन कार्यालय भक्तपुरको सिफारिस र कारागार विभागसँगको समन्वयमा उपत्यका बाहिरका सुधार गृहमा स्थानान्तरण गरिसकिएको छ। ५७ जनामध्ये १८ जनालाई पर्सा, १८ जनालाई मकवानपुर, सात जनालाई डोटी र १४ जनालाई रुपन्देहीको सुधार गृहमा स्थानान्तरण गरेका छौँ।

### राष्ट्रिय ट्रमा सेन्टरमा उपचाररत बालककी दिदी

भदौ ४ गते बाल सुधार गृहमा तोडफोड भएर बन्दी फरार भएको घटना सुनेपछि मैले आफ्नो भाइको अवस्थाबारे बुझ्न बाल सुधार गृहमा फोन गरेँ। फोन गर्दा भाइ घाइते भएर ट्रमा सेन्टरमा लगेको बताएपछि म हतारहतार भाइको अवस्था बुझ्न ट्रमा सेन्टर पुगेँ। अस्पतालमा मैले भाइलाई भेट्दा ऊ अर्धचेत अवस्थामा थियो। मैले भाइका कुरा गर्दा उसले बाल सुधार गृहमा प्रहरी र बन्दीबिच झडप हुँदा सुरक्षित स्थानमा जानलाग्दा पहिला पछाडिबाट प्रहार भएको इँटा लगेर भुँइमा ढलेको र उठ्न लाग्दा गर्धनको दायाँभागमा रबरको गोली लागेको बतायो। अहिले भाइको गर्धनको दायाँ भागमा गोली लागेका कारण गहिरो चोट लागेको छ भने गर्धनको एउटा नशासमेत चुँडिएको

छ। त्यस्तै इँटा लागेका कारण उसको टाउकोमा रगत समेत जमेको छ। उसलाई आइसियूमा राखिएको छ। हामी सामान्य परिवारका मान्छे हौँ। अहिले हामीलाई उसको औषधि उपचार र खानपानका लागि पैसा जुटाउन समस्या परिरहेको छ। सरकारले भाइको उपचारमा उचित ध्यान देओस्। मेरो भाइलाई गोली प्रहार गर्ने व्यक्तिलाई आवश्यक कारबाही गरियोस्।

**मञ्जु तिमल्सिना**
प्रशासन प्रमुख, नागरिक सामुदायिक अस्पताल, गठ्ठाघर



कमल बस्नेतलाई २०८० भदौ ३ गते बिहान ६ बजेर ३० मिनेटको समयमा अस्पतालमा प्रहरीले अस्पतालमा ल्याइएको थियो। अस्पताल आइपुग्नु अगाडि नै उसको श्वासप्रस्वास अवरुद्ध भइसकेको थियो। प्रहरी र सुधार गृह प्रसाशनको अनुरोधमा हामीले कमलको श्वास फर्काउन सकिन्छ कि भनेर २/३ पटक कृतिम श्वासप्रस्वास प्रणाली प्रयोग गऱ्यौँ। कृतिम श्वासप्रश्वास प्रणाली (सिपिआर) प्रयोग गर्दा पनि उसको श्वासप्रस्वास नफर्किएपछि यहाँ कार्यरत दुई जना डाक्टर रिकिता शाक्य र डाक्टर कृति रानाभाटले कमल बस्नेतको मृत्युको घोषणा गर्नुभएको थियो। कमललाई अस्पताल ल्याइपुऱ्याउनु अगावै उसको मृत्यु भइसकेको थियो। अस्पतालमा ल्याउन अगाडिको अवस्था हेर्दा उसको देब्रे तिघ्रामा पिलोका कारण सुन्निएको अवस्था थियो।

**केशव सुवाल,** निर्देशक, युसेप नेपाल



मृतक '२० वर्षीय' बन्दी कमल बस्नेतलाई रामेछाप जिल्ला अदालतको २०७८ माघ २३ गतेको आदेशले बाल सुधार गृहमा ल्याईएको थियो। उसमा सुधारगृह ल्याउनुपुर्व नै शारीरिक रुपमा कमजोर र आँखामा समस्या रहेको अवस्थामा थियो। उसमा एक्लै बस्ने, कसैसँग नबोल्ने लगायत डिप्रेशनको पनि समस्या थियो। उसले आफ्नो सरसफाईमा अनि ध्यान दिने गरेको थिएन। शरीररमा पिलो आएको थियो। मृत्यु हुनुपूर्व उसको ज्यानमा ज्वरो घटबढ भइरहेको थियो। उसले ज्वरो आयो भनेर औषधि मागेपछि होस्टल वार्डेनले भदौ २ गते निको भन्ने औषधि दिनुभएको थियो। औषधि खाएर सुतेको भोलिपल्ट २०७८ भदौ ३ गते उसलाई अर्धचेत अवस्थामा फेला पारेपछि हामीले तुरुन्तै गठ्ठाघरस्थित नागरिक सामुदायिक अस्पतालमा लिएर गयौँ। अस्पतालमा लैजान बित्तिकै चिकित्सकले कमलको श्वासप्रस्वासले काम गर्न छाडेको र मृत्यु भइसकेको बताए।

कमल बस्नेतको मृत्युलाई लिएर भदौ ३ गते नै उसका आफन्तले बाहिरबाट नाराबाजी गर्ने र पहिल्यैदेखि सुधार गृह प्रसाशनसँग असन्तुष्ट नेपालगञ्जबाट ल्याइएका बन्दी र सरुवाको माग गर्दै आएका भित्र रहेका अन्य पुरुष बन्दीले पनि सोही घटनालाई हतियार बनाएर भित्रबाट सुधार गृह तोडफोड गरे। कमलको मृत्यु भएको विषयमा छानबिन समिति बनाउने सहमति

भएपछि उक्त दिनको स्थिति नियन्त्रणमा आइसकेको थियो। मृतक परिवार र भित्र रहेका आन्दोलित बन्दीसँग सहमति भइसकेपश्चात हामी बेलुकी सुधार गृहबाट फर्कियौँ। तर, भित्र रहेका नेपालगञ्जबाट ल्याइएका १९ जना बन्दी मध्ये १३ र ६ जनाको समूहले भदौ ३ गते राति बैठक बसेर यसअघि सुधार गृहमा रहेका क्याप्टेन र होल क्याप्टेनलाई परिवर्तन गर्ने र आफ्नो समूहलाई ल्याउने भनेर छलफल गरेका रहेछन्। त्यसपश्चात  सुधार गृहमा रहेका बहालवाला क्याप्टेन र होल क्याप्टेन तथा उनीहरूलाई फेर्ने भनेर लागेको समूहबिच झडप भयो। झडप पश्चात सुधारगृहको प्रशासनले झगडामा संलग्नहरूलाई भित्र रहेको एक भवनमा थुनेर राखेको थियो। दुई समूहबिचको रिसिइबी र ०८० भदौ ३ गते भएको कमल बस्नेतको मृत्युको कारणलाई हतियार बनाएर सुधारगृह व्यवस्थापनप्रति पहिल्यैदेखि असन्तुष्ट र सरुवा माग्दै आएका वि›ोही पक्षले ०८० भदौ ४ गते सुधार गृहमा तोडफोड गर्दा भित्र रहेका बन्दी ‘फरार’ भए।

**रामकृष्ण निराला**

पुर्व अध्यक्ष, युसेप नेपाल



बाल सुधार गृहमा हुने व्यवस्था कारागार ऐन अनुसार नै हुने हो। सुधार गृहमा रहेका बन्दीलाई  दिनको ७ सय ग्राम चामल र दिनको ८० रुपियाँ रकम  निकासा हुने गरेको छ। जसबाटै बालसुधार गृहमा रहेका बालबालिका तथा किशोरकिशोरीले आफ्नो दैनिक तरकारी, चिया, खाजा आदिको व्यवस्था गर्नुपर्ने हुन्छ। तर, गृहमन्त्रालयले बाल सुधार गृहलाई निकासा गर्ने बजेट प्राय जसो वैशाखतिर मात्र गर्ने हुनाले समयमै बोलपत्र गर्न र रकम खर्च गर्न समस्या रहेको छ। त्यस्तै बाल सुधार गृह सञ्चालन र नियमन गर्ने सरकारी संयन्त्रको बैठक एक वर्षसम्म पनि बस्न नसक्दा धेरै समस्याका कुरा राख्न सकिएको छैन। बाल सुधार गृहमा क्षमताभन्दा बढी बन्दी भए पनि न्यायिक तथा अर्धन्यायिक निकायले फैसला गरेर पठाउँदा साँघुरो ठाउँमा धेरै बन्दी राख्नुपर्ने अवस्था रहेको छ। सुधार गृहमा छुट्टै व्यवस्था नहुँदा विभिन्न प्रकृतिका बिज्याईंमा परेका बालबालिका तथा किशोरकिशोरीलाई एकै पर्खालभित्र राखिरहेका छौँ।

**बाल सुधार गृहका बालबालिकाको भनाइ**

- कमल बस्नेत धेरै दिनदेखि बिरामी परेको तर बाल सुधार गृहको व्यवस्थापनले उपचार नगरेको, औषधि उपचारका नाममा सिटामोल र जीवनजल मात्र दिएको।
- बालबालिकाहरूलाई अस्पताल नलगी नजिकैको औषधि पसलमा लगेर मात्र उपचार गर्ने गरेको, बिरामीलाई अस्पताल लानु परेमा परिवारका सदस्यलाई खबर गर्ने गरेको र उपचारको खर्च परिवारका सदस्यले व्यहोर्ने गरेको।
- कमल बिरामी परेको कुरा उनको परिवारलाई खबर भएको तर परिवारका सदस्य नआएका कारण उनलाई उपचारका लागि अस्पताल नलगिएको।
- बिरामीको मृत्यु बाल सुधार गृहमा नै भएपछि उनका साथीहरू आत्तिएर

वार्डेनलाई बोलाएपछि अस्पताल लगिएको।

- अस्पताल लैजाँदा कमलको शरीर चिसो, निलो र बेहोस अवस्थामा रहेको।
- बाल सुधार गृहमा सुशासन तथा व्यवस्थापनको सवालमा बालबालिका र वार्डेनबिच द्वन्द्व हुने गरेको। जसका कारणले बालबालिकाहरू बिच मतभेद भई पक्ष तथा विपक्षको रूपमा रहेको। एकआपसमा बेलाबेलामा झैझगडा हुने गरेको तर त्यसको गुनासो व्यवस्थापनलाई सुनाउँदा यथा समयमा सुनुवाइ नहुने गरेको।
- बालबालिकाको उपचारको सवालमा सधैँजसो गुनासो भएको तर त्यसको गुनासो गर्दा वार्डेनले गाली गरी बेवास्ता गर्ने गरेको।

**स्थलगत अवलोकनका क्रममा पाइएका तथ्य**

- बालबालिका, किशोर, युवालाई एउटै भवन भित्रको एउटै कोठामा राखिएको (उमेर समूह अनुसार वर्गीकरण नगरिएको)
- १८ वर्ष माथिका युवाहरूलाई पनि बाल सुधार गृहमा नै राखिएको ( १३ देखि २३ वर्षसम्मका बालबालिका राखिएको)
- बाल सुधार गृहको क्षमता बालक १ सय जना र बालिका १० जना रहेकोमा २ सय ५४ जना बालक र ४३ जना बालिका राखिएको।
- नुहाउने धारा बालकहरूका लागि एउटा मात्रै व्यवस्था गरिएको। शौचालयमा धारा भएको तर धारामा पानी नआउने गरेको।
- ४३ जना बालिकाका लागि दुई ओटा शौचालय रहेको र बस्नका लागि दुई ओटा कोठाको व्यवस्था भएको।
- विद्यालयमा पठनपाठनका लागि व्यवस्था गरिएको कक्षाकोठा बालमैत्री, पर्याप्त प्रकाश र विद्यार्थी सङ्ख्याको अनुपातमा क्षेत्रफल मापदण्ड नपुगेको।
- संरचना सुरक्षित नभएको, डेक्सबेञ्च र ढोकाहरू फलामे रड भएकाले त्यसलाई बालकहरूले हतियारका रुपमा प्रयोग गरेको।
- बाल सुधार गृहमा स्व:हेरचाह, मनोसामाजिक परामर्श कक्षा, Well Being session जस्ता कुराहरूको सञ्चालन गर्ने नगरेको।
- तथा खाजा दिनमा तीन पटक दिइएता पनि बिहानको खाना ९:३० मा, दिउँसोको खाजा र बेलुकाको खाना दिउँसो ४ बजे नै दिने र ५ बजेदेखि हिँडडुलमा रोक लगाइ कोठामै बस्नु पर्ने नियम भएको।
- खानामा हप्ताको १ दिन ५० ग्रामको दरले कुखुराको मासुमा झोल हालेर दिने गरेको र अधिकांश खाजाका परिकारमा चाउचाउ, चिउरा, गेडागुडीको रस वा दिउँसो खाजाको रूपमा कहिलेकाहीँ उसिनेको एउटा अण्डा दिने गरेको।
- नियमित स्वास्थ्य जाँचको व्यवस्था भएतापनि हालसम्म त्यस किसिमको कार्यक्रम सञ्चालन नगरेको।
- अन्य संघसंस्थाको सहयोगमा कहिलेकाहीँ आँखा शिविर सञ्चालन हुने गरेको।



*बाल सुधार गृहको खाना*

- २ सय ९७ जना बालबालिकाको अध्यापनका लागि बाहिरबाट जम्मा तीन जना शिक्षकको व्यवस्था भएको। योग्यता पुगेका बालबालिकालाई नै शिक्षक वा शिक्षिकाको रुपमा प्रयोग गर्ने गरेको। जसले दिनमा तीन पिरियड अध्यापन गर्नु पर्ने र सोबापत मासिक १ हजार रुपियाँ दिने गरेको।
- किशोरीहरूका लागि महिनावारी हुँदा सेनिटरी प्याड उपलब्ध गराएको तर पेट दुख्दा, ढाड दुख्दाका बखतमा आरामदायी कक्षको व्यवस्थापन र हट वाटर व्याग वा अन्य दुखाइ कम गर्ने औषधिको उपलब्धता हुने नगरेको।
- किशोर तथा किशोरी र युवा (महिला तथा पुरुष) दुवैलाई एउटै कम्पाउण्ड भित्र राखिएका कारण हिंसाको जोखिम रहेको।
- बालिका तथा किशोरीहरूका लागि किशोरीमैत्री शौचालयको व्यवस्था नभएको।
- सयन कक्षमा प्रयोग भएका सामग्रीको गुणस्तर नभएको र पर्याप्त आरामदायी ओछ्यान पर्याप्त नभएको।

## कानुनी प्रावधान

मौलिक हक अर्न्तगत धारा २२ को उपधारा १ मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने छैन वा निजसँग निर्मम, अमानवीय व्यवहार नगरिने उल्लेख छ। धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक, उपधारा ३ मा स्वास्थ्य सेवामा समान पहुँच र उपधारा ४ मा स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक

सुनिश्चित गरेको छ। कारागार ऐन २०७९ को दफा २२ मा कैदी वा बन्दीलाई प्रत्येक दुई महिनाको एक पटक नियमितरुपमा र आवश्यकता अनुसार निःशुल्क स्वास्थ्य परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। तर, यो बाल सुधार गृहमा यी प्रावधानको पालना भएको पाइएन।

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ४३ को उपधारा ४ मा बाल सुधार गृहमा रहेका बालबालिकाको सो गृहमा रहनुपर्ने अवधि बाँकी हुँदाको अवस्थामा निजको उमेर अठार वर्ष पुगेमा निजको बानी व्यहोरामा आएको सुधार, आर्जन गरिरहेको सीप तथा शिक्षाको निरन्तरता लगायतलाई ध्यानमा राखी बाँकी अवधिसम्मका लागि बाल सुधार गृहमा अन्य बालबालिकासँग अलग हुने गरी राख्नु पर्ने व्यवस्था छ। दफा ४४ को उपदफा २ अनुसार बालबालिकालाई राख्ने संस्था वा व्यक्तिले प्रत्येक ६ महिनामा बालबालिकाका स्वास्थ्यसम्बन्धी प्रतिवेदन सम्बन्धित बाल अदालतमा पठाउनु पर्ने व्यवस्था छ। दफा ४५ मा मनोसामाजिक तथा मनोवैज्ञातिक अध्ययन प्रतिवेदनसम्बन्धी व्यवस्था गरिएको छ। यी प्रावधानको पनि पालना गरेको पाइएन।

बाल अधिकारसम्बन्धी महासन्धिको धारा ४० को उपधारा ८ मा फौजदारी कानुनको उल्लङ्घन गरेको आरोप लागेका बालबालिकालाई हेरचाह, मार्गदर्शन र, परीक्षण, स्याहार संवर्द्धन, शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमहरू तजा संस्थागत हेरचाहका अन्य विकल्प दिनुपर्ने व्यवस्था भए पनि सोको कार्यान्वयन भएको पाइएन।

यो घटनाका सम्बन्धमा नेपालको संविधान, ऐन र बालबालिकासम्बन्धी नियमावलीका मुलभूत व्यवस्था उल्लङ्घन भएको पाइयो। नेपालको संविधानको भाग ३ मा लिपिबद्ध मौलिक हकको उपभोगमा गम्भीर बाधा भएको पाइयो। त्यसैगरी, बालसुधार गृहका बालबालिकाले धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३५ को उपधारा ४ बमोजिमको स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक, धारा ४४




*बाल सुधार गृहको कोठा र शौचालय*

को उपधारा २ बमोजिमको गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक, धारा ३५ को स्वास्थ्यसम्बन्धी हक, धारा ३१ को शिक्षासम्बन्धी हक, धारा ३६ को खाद्यसम्बन्धी हक, धारा ३९ को बालबालिकाको हक, धारा ३० को स्वच्छ वातावरणको हकलगायतका हकको उपभोग गर्न नपाएको पाइयो।

बाल सुधार गृह प्रशासनबाट बालबालिकासम्बन्धी नियमावली २०७८ को परिच्छेद ३ मा उल्लेख गरिएको बालमैत्री व्यवहार र उच्चतम हित निर्धारण गर्नुपर्ने व्यवस्थाको पालना भएको पाइएन। त्यसैगरी परिच्छेद ४ मा उल्लेख गरिएका निगरानी कक्षको सञ्चालन र व्यवस्थापन, बाल सुधार गृहमा बालबालिकाको भर्ना, आवास, हेरचाह, आहार, सरसफाई तथा पोशाक, बिरामी तथा अस्वस्थ बालबालिकाको भर्ना, बालबालिकाको स्वास्थ्यलगायतका प्रावधानलाई सुधार गृहले पालना गरेको पाइएन।

## सुझाव

- भक्तपुरस्थित बाल सुधार गृहको भवन तथा भौतिक संरचना बालमैत्री भएको पाइएन।
- कारागारका बन्दीले सरह खाद्य सामग्री (रासन) पाउनु, बालबालिका भागेमा कारागार ऐन नियमका व्यवस्था लागू हुने अवस्था हुनु, पुर्पक्षमा रहेका बालबालिका र मुद्दाको अन्तिम फैशला भएका दुवै खालका बालबालिकालाई छुट्टाछुट्टै राखिनु पर्दछ।
- पर्याप्त मात्रामा पोषणयुक्त खानाको व्यवस्था गर्नु पर्दछ।
- शिक्षा र सिपमुलक तालिमका लागि पर्याप्त व्यवस्था मिलाउनु पर्दछ।
- नियमित रुपमा स्वास्थ्य परिक्षण र उपचारको व्यवस्था मिलाउनु पर्दछ। समयमा उपचारका लागि आकस्मिक सेवाका अलावा एम्बुलेन्सको व्यवस्था मिलाउनु पर्दछ।
- क्याप्टेनका नामबाट चौकीदार प्रथा कायम रहनुले बाल सुधार गृहको सञ्चालनमा कारागारशैलीको अवलम्बन भएको पाइन्छ। कतिपय अवस्थामा कारागारभन्दा पनि न्यून स्तरको रहेको पाइएको छ। कारागारभित्रको प्रशासन संचालन चौकिदारका माध्यमबाट सञ्चालन गरिने शैलीलाई अबिलम्ब बन्द गरिनु पर्दछ।
- बाल न्याय र बाल अधिकार तथा बाल सुधार गृहको सञ्चालनका लागि विकसित अन्तर्राष्ट्रिय कानुनी मापदण्डको अनुसरण गरी बाल सुधार गृहका लागि आवश्यक मापदण्ड, विनियमावली तथा सूचकहरू विकास गर्नु पर्दछ।
- बाल सुधार गृहको विषयलाई लिएर जिल्लास्थित सेवाप्रदायक सरोकारवाला निकायहरूको बैठक नियमित रूपले बस्ने र देखिएका समस्या तत्काल समाधान गर्ने व्यवस्था मिलाउनु पर्दछ। आवश्यकता अनुसार अन्य निकायहरुको सहयोग लिने व्यवस्था मिलाउनु पर्दछ।
- सुधार गृहमा रहेका बालबालिकाको मनोसामाजिक समस्याको समाधानका लागि परामर्शका कार्यक्रम पर्याप्त मात्रामा सञ्चालन गर्नु पर्दछ।
- सुधार गृहमा रहेका बालबालिकाको मनोसामाजिक समस्याको समाधानका

लागि परामर्शका कार्यक्रम पर्याप्त मात्रामा सञ्चालन गर्नु पर्दछ। सुधार गृहमा रहेका किशोरीहरुको आवश्यकता फरक प्रकृतिका हुने भएकाले सो का लागि बिशेष सुधार कार्यक्रम संचालन गरिनपर्दछ भने सोही अनुसार मनोपरामर्श कार्यक्रम पनि संचालन गरिनु पर्दछ।

- बालबालिकालाई अपराधिको व्यवहार नगरी सुधार हुने र सकारात्मक सोचको विकास हुने किसिमका अन्तरक्रिया बढाउनु पर्दछ। साथै, उनिहरु कारागारमा नभई सुधार गृहमा रहेको महसुस हुने वातावरण बनाइनु पर्दछ।
- बाल सुधार गृहमा राखिएका १८ वर्ष लागेका व्यक्तिलाई बालबालिकासँग राख्नु हुँदैन। उनिहरुलाई अलग सुधार गृहको व्यवस्था गर्नुपर्ने र उमेर समूहको आवश्यकता अनुसार शिक्षामूलक तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- मुद्दाको प्रकृति अनुसारका बालबालिकालाई फरक-फरक ठाउँमा व्यवस्थित गरी राख्नुपर्दछ। बालबालिका प्रतिवादी भएका मुद्दालाई अग्राधिकार दिई यथाशीघ्र किनारा लगाउन अदालतको तत्परतामा ध्यान दिनु पर्दछ। पूर्पक्षका लागि थुनामा रहेका बालबालिकाहरुलाई इजलास समक्ष उपस्थित गराउने व्यवस्था गरिनु पर्दछ। यसको प्रारम्भ “भर्चुअल” माध्यमबाट गर्न सकिन्छ।
- सुधारगृहमा रहेका बालबालिकाको मुद्दा विभिन्न जिल्लामा रहेको र कानुनी सेवा र परामर्शको समन्वय नभएकोले न्यायमा पहुँच बढाउनु पर्दछ। सरकारले निशुल्क कानुनी सहायताका लागि व्यवस्था मिलाउनु पर्दछ। यसका अलावा मुद्दाको प्रकृति अनुसार सुधारात्मक कार्यक्रम सञ्चालन गरिनुपर्दछ।
- संविधान अनुसार बालबालिकाको संरक्षण गर्नु राज्यको दायित्व भएकाले बाल सुधार गृहको सञ्चालन, रेखदेख र व्यवस्थापनको जिम्मेवारी राज्यले लिनुपर्दछ। राज्य यो जिम्मेवारीबाट पन्छिन मिल्दैन्।
- देशमा हाल सिमित मात्रामा मात्र बाल सुधार गृह भएका कारणले तोकिएको क्षमताभन्दा बढी बालबालिकालाई एकै ठाउँमा राख्नुपर्ने बाध्यतालाई मध्येनजर गर्दै बाल सुधार गृहको संख्यामा बृद्धि गरिनुपर्दछ।
- बाल सुधार गृहको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्यलाई तत्काल बन्द गरिनु पर्दछ। तर, गैरसरकारी संस्थाले राज्यसँगका समन्वयमा शिक्षामूलक तथा सिपमूलक कार्यक्रम सहयोगी कार्यक्रमका रुपमा सञ्चालन गर्न सक्ने व्यवस्थालाई खुल्ला राखिनुपर्दछ।
- बाल सुधार गृहको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकारको समन्वयमा आवश्यक पर्दछ। सङ्घले बाल सुधार गृहको सञ्चालन, रेखदेख र व्यवस्थापनका लागि समयानुकल नीति तथा कानुनको तर्जुमा गर्नुपर्दछ।
- बाल सुधार गृहमा रहेका बालबालिकाको सुधारमा स्थानिय सरकारले पनि जिम्मेवारी लिनुपर्दछ।

कम्तिमा आफू अन्तर्गतको पालिकाका बालबालिकालाई अदालतमा उपस्थित गराउने व्यवस्था मिलाउनुपर्दछ भने सुधारात्मक कार्यक्रम पनि सञ्चालन गर्नुपर्दछ र सोही अनुरुप बजेटको विनियोजन गर्नुपर्दछ।

- संबिधानको अनुसूचि (७)(३) मा "सङ्घ र प्रदेशको साझा अधिकारको सूची" अन्तर्गत "कारागार तथा हिरासत व्यवस्थापन"को जिम्मेवारी प्रदेश सरकारलाई पनि सुम्पिएको अवस्थामा बाल सुधार गृहको व्यवस्थापन, रेखदेख, नियमन र सञ्चालनको जिम्मेवारी सङ्घीय सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्दछ। यसले बाल सुधार गृहको व्यवस्थापन र सञ्चालन कार्य प्रभावकारी हुनेछ भने बालबालिकाको सुधारका लागि आवश्यक कार्यक्रम संचालन गर्न पनि सहज हुनेछ।

## निष्कर्ष

सानोठिमीस्थित बाल सुधार गृह सञ्चालक युसेप अन्तर्गतको व्यवस्थापन र प्रशासनको उदासिनता, वेवास्ता र गैरजिम्मेवारी कारण समयमै उपचार नपाउँदा बालकको मृत्यु भएको अनुगमन टोलीको निष्कर्ष रहेको छ। घटनाबारे सुधार गृहका बालबालिकाले पनि प्रशासनको लापरबाहीका कारण समयमै उपचार नपाउँदा उनको मृत्यु भएको बताए। कारागारभित्र व्यवस्थापकीय समस्या रहेका र बालबालिकाले बेला-बेलामा ध्यानाकर्षण गराउने गरेको भएता पनि सुधार गृह प्रशासनबाट यथोचित सम्बोधन हुने गरेको पाइएन। बाल सुधार गृहको सुसञ्चालनका लागि सरकारले तत्कालीन र दीर्घकालीन दुवै किसिमका कदमहरू चाल्न आवश्यक छ। भक्तपुर बाल सुधार गृहमा भएको दुःखद् घटनाको परिप्रेक्ष्यमा तत्कालै उक्त घटनाको विस्तृत छानविन गरी बालक कमल बस्नेतको मृत्युको कारण सार्वजनिक गरी दोषीउपर कानुनबमोजिम सजाय गरी सम्बन्धित व्यक्तिहरूलाई जिम्मेवार बनाउन माग गर्दछौँ।

बाल सुधार गृहका सम्बन्धमा दीर्घकालीन रूपमा बाल सुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, सुधार गृहभित्रको अन्तरिक व्यवस्थापनमा सुधार गर्न, भदौ ३ र ४ गतेको घटनाको निष्पक्ष र वस्तुनिष्ठ छानबिन गर्न, सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्नु जरुरी देखिएको छ। बाल सुधार गृहको सञ्चालनको जिम्मा सरकारले नै लिनु पर्ने र सुधार गृहलाई सुधार गृहकै रुपमा विकास गर्नु आवश्यक छ। बाल सुधार गृहभित्र कारागारकै जस्तो भित्री सत्ताको अन्त्य गर्ने र बालमैत्री व्यवस्थापनमा जोड दिनु आवश्यक छ।

# कारागार व्यवस्थापनमा समस्या छन्, सुधार पनि गरिरहेका छौँ

कारागार व्यवस्थापन विभाग देशैभरका कारागारको व्यवस्थापकीय जिम्मेवार प्राप्त सरकारी निकाय हो। देशका ७२ जिल्लामा रहेका ७४ जिल्लामा रहेका २७ हजारभन्दा बढी कैदीबन्दीको व्यवस्थापकीय नेतृत्व कारागार व्यवस्थापनको हो। कारागार व्यवस्थापन, यसका चुनौती र समाधानका प्रयासबारे इन्सेक अनलाइनका सम्पादक *रमेशप्रसाद तिमल्सिनाले* कारागार व्यवस्थापन विभागका प्रवक्ता एवम् निर्देशक, **कमलप्रसाद पाण्डे**सँग गर्नुभएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ।



**क्षमताभन्दा बढी कैदीबन्दी राख्नुपर्ने अवस्था छ। व्यवस्थापन कसरी गरिरहनु भएको छ ?**

कारागार व्यवस्थापन विभागले देशैभरका ७२ जिल्लाका ७४ ओटा कारागारको व्यवस्थापन गर्दै आएको छ। आम जनताले पनि देखेको, मानव अधिकारको दृष्टिकोणबाट पनि देखिएको र कारागार व्यवस्थापन विभागलाई पनि चुनौतीको विषय नै क्षमताभन्दा बढी कैदीबन्दी हो। कारागारको खास क्षमता कति हो भन्ने विषयमा हामी वस्तुनिष्ठ आँकलन निकाल्दैछौँ। प्रारम्भिक रूपमा देशभरका कारागारको क्षमता १६ हजार जनाको हो। अहिले २७ हजार भन्दा बढी कैदीबन्दी राखिएको छ। केही कारागारको मर्मतसम्भार गरेर र केहीको क्षेत्रफल बढाएर व्यवस्थापन गरिरहेका छौँ। केही कारागारलाई छाडेर व्यवस्थापन ठिकै छ।

**कतिपय कारागारका भवन त अत्यन्तै जीर्ण छन्। राति सुतेको कैदी वा बन्दीले भोलि बिहान देख्न नपाउला झैँ लाग्ने खालका !**

केही कारागारहरू भौतिक रूपमा निकै जीर्ण अवस्थामा छन्। यी भनेका स्पष्ट रूपमा देखिने कुरा हुन्। हामीले स्वीकार्नु पर्छ। अहिले हामीले १२ ओटा कारागारको मर्मतसम्भार तथा पुन:निर्माण गर्दैछौँ। त्यस्ता कारागार भएका ठाउँहरूमा नयाँ भवन निर्माण कार्य भइरहेकाले यो खालको समस्याबाट हामीले चाँडै छुटकारा पाउँछौँ।

**क्षमताभन्दा बढी कैदीबन्दी राख्नु परेपछि मानव अधिकार र न्यूनतम मानवीय व्यवहार त हुन नसक्ने नै भयो। होइन र ?**

केही कारागार (दुर्गम क्षेत्रका) छाडेर सहरतिर वा भनौँ सुविधा सम्पन्न ठाउँका कारागारमा क्षमताभन्दा अधिक नै कैदीबन्दी छन्। भौतिक पूर्वाधारको सन्दर्भले नदिएकाबाहेक हामीले न्यूनतम मानवीय व्यवहार र मानव अधिकारको उपभोग (जुन कुरा कानुनले निषेध गरेको छैन)लाई सम्मान गरेका छौँ। कोचाकोचको समस्यालाई हल गर्नका लागि ७ हजार जनाको क्षमता भएको नुवाकोटको केन्द्रीय कारागारको पहिलो चरणको काम सकिएको छ। बाँकेको नौबस्ता क्षेत्रीय कारागार निर्माण कार्य पूरा भई केही दिनमा नै सञ्चालनमा आउँदैछ। क्षमताभन्दा बढी कैदीबन्दी राख्नु परेको विषयलाई आंशिक रूपमा यी दुई कारागारले सम्बोधन गर्छन्। गुणात्मक आयाममा हामीले गर्नुपर्ने मानवोचित व्यवहारमा चाहिँ हामीले ध्यान दिएका छौँ। समस्या देखिएका छन्। देखिएका समस्या समाधान गर्दै र आवश्यक सुधार गर्दै अघि बढिरहेका छौँ। समस्या अझै बाँकी पनि छन्।

**कारागार भित्रको सरकार जागा छ। त्यही भएर घटनाहरू सार्वजनिक जानकारीमा आइरहेका छन्। यसमा तपाईँहरूको भूमिका हुँदैन ?**

कारागारमा आन्तरिक प्रशासनको जिम्मेवारी कानुनत: भित्रका कैदीबन्दीबाटै छान्ने परिपाटी कायमै छ। यो कानुनले नै दिएको अधिकार हो। कारागार ऐन २०१९ ले यसलाई निर्दिष्ट गरेको थियो। त्यही अनुसार चौकीदार, नाइके, भाइनाइके छानिन्छ। यो भित्रको कामका लागि जरूरी पनि छ। यसमा आमूल परिवर्तन गरेर बाहिरकै मान्छे भित्र गएर पकाउने खुवाउने गर्ने परिपाटी बनाउनु पर्छ। होइन भने हामीले सुधारिएकै आन्तरिक प्रशासनबाट नै दैनिकी व्यवस्थापन गर्नु पर्ने हुन्छ। यस्तै व्यवस्थापन प्रभावकारी हुन्छ। कारागार भित्रका ज्यादती सार्वजनिक हुँदै आएका छन्। यसलाई नकार्न सकिन्न। तुलनात्मक रूपमा पहिलाभन्दा अहिले परिवर्तन त भएकै छ। त्यसको सुधारका लागि माननीय गृहमन्त्री ( नारायणकाजी श्रेष्ठ)को निर्देशनमा एउटा सुधार कमिटी बनाएर त्यसले जिल्ला तहमा नै १२-१३ ओटा सूचकका आधारमा सिफारिस गर्ने र नियुक्ति गर्ने भनिएको छ। साना कारागारहरूमा त्यति धेरै समस्या छैन। केही ठूला कारागारको अवस्थालाई हेर्ने हो भने अझै सुधारको आवश्यकता छ।

**एउटा कैदी वा बन्दीलाई सरूवा गर्न नसक्ने अवस्था हामीले देखिरहेका छौँ। सुधार भएको कसरी पत्याउनु ?**

अवश्य। यो विषयलाई नकार्न सकिँदैन। यस्ता घटना यदाकदा देखिएका छन्। हामीले भोगेका पनि छौँ। प्रयास के थियो ? र के भयो भनेर बुझ्नु आवश्यक छ। कार्यविधिमा चारपाँच ओटा 'क्लज' राखिएको छ। निरन्तर रूपमा एउटै कारागारमा आन्तरिक प्रशासनको जिम्मेवारी लिएर बसेको व्यक्ति त्यही कारागारमा बसिरहनु पनि अनुचित हुने साथसाथै उसले त्यो कारागारको आन्तरिक प्रशासनको जिम्मेवारी लिनै नहुने भनेर एक वर्ष चौकीदार भइसकेपछि अर्को कारागारमा जानुपर्ने भनेर पहिले नै सही छाप गर्नु पर्ने व्यवस्था गरिएको छ। अधिकारको प्रयोगको अवस्था कमजोर हुँदा यस्ता घटना हुने हुन्। अर्कोतर्फ यस्ता घटना सार्वजनिक हुँदा सुधार गर्ने ठाउँ र हुने अवसर मिल्छ। सुधारका सङ्केतका

रूपमा पनि यस्ता घटनालाई लिनु पर्छ। यी र यस्ता घटना हुन नदिन सचेत रहँदै द्रुत सुधारमा हामी लागि परेका छौँ।

**गत वर्ष बाँकेबाट रोल्पा सरुवा गरिएका व्यक्तिको सट्टा अर्का व्यक्ति कारागार पुगे। उनले आत्महत्या गरे । त्यसपछि घटना सार्वजनिक भयो । यो त बाहिरी प्रशासनको मिलेमतो बिना हुन सक्छ र ?**

त्यो एउटा घटना मात्रै होइन हामीलाई सुधारका लागि आइलागेको चुनौती हो। घटनाको छानविन पनि भयो। प्रतिवेदन पनि सार्वजनिक भइसकेको छ। मैले पूर्णरूपमा अध्ययन गर्न बाँकी भएकाले त्यसको निश्कर्ष भन्न सक्दिनँ। यति चाहिँ भन्न सक्छु-यो हाम्रो अभिलेखमा भएको समस्या हो। हाम्रो अभिलेख प्रणालीमा सुधार गर्नुपर्ने यो घटनाले पाठ सिकाएको छ। अदालतबाटै कैदी पुर्जी आउँदा नाम मात्रै हुने फोटो नहुने हुँदा यस्ता समस्या आउन सक्छन्।

**यसमा जिम्मेवारी र जबाफदेहिता चाहिँ कारागार प्रशासनकै हो नि त !**

सबै तहले आआफ्नो ठाउँमा सुधार गर्नु पर्छ। सबैभन्दा ठूलो जिम्मेवारी भनेको कारागार प्रशासनको हो। समग्र कारागार व्यवस्थापनको जिम्मा हामीले लिनुपर्छ। त्यसको दायित्वबाट हामी पन्छन मिल्दैन। त्यसलाई सुधार गर्ने रणनीति हामीसँग हुनु पर्छ। र, त्यस्ता रणनीति हामीसँग छन्।

**दुई तिहाई कैद भुक्तान गरिसकेको व्यक्तिलाई समाजमा पुनःस्थापित कत्तिको सम्भव छ ?**

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले प्यारोल बोर्डको परिकल्पना गरेको छ। महान्यायाधिवक्ताको संयोजकत्वमा सङ्घीय प्यारोल बोर्ड रहन्छ। प्रदेशको पनि परिकल्पना गरिएको छ। अहिले त्यतातिरको अभ्यास सुरू भइसकेको छैन। कारागार व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी अहिलेलाई सङ्घीयस्तरमा मात्रै छ। प्रादेशिकस्तरमा छैन। त्यसको सदस्य सचिवका रूपमा कारागार व्यवस्थापन विभागको महानिर्देशक रहने व्यवस्था छ। यो ऐनको दफा २९ मा स्पष्ट व्यवस्था गरिएका बाहेकका मुद्दामा प्यारोल बोर्डको सिफारिसमा दुई तिहाई कैद भुक्तान गरेका कैदीलाई प्यारोल अधिकृतको निगरानीमा समाजमा स्थापित गराउने भनिएको छ। दुई तिहाई कैद भुक्तानसँगै चालचलन, आचरणमा सुधार आएका कैदीलाई समाजमा पुनः स्थापित गराउने हो। अहिले हामी यसको द्रुत प्रक्रियामा छौँ। यसले कैदीको सामाजिक पुनःस्थापनासँगै हाम्रो व्यवस्थापनलाई पनि निकै सहयोग पुऱ्याउँछ। प्यारोल बोर्डबाट काम गर्ने भनेको कानुन कार्यान्वयन गर्नु पनि हो।

**कारागारले चालचलनमा गज्जबको सुधार आयो बाँकी कैद कट्टा गर्दा हुन्छ, माफी दिन मिल्छ भनेर सिफारिस गर्ने, सरकारले कैद कट्टाको निर्णय गर्ने, माफी पाएको व्यक्तिले एक महिना पनि नपुग्दै अर्को अपराध गर्ने गरेका केही घटना हालै सार्वजनिक भए। त्यस्तो सिफारिस राजनीतिक दबाबमा गनुहुन्छ हो ?**

हामी सबैको गन्तव्य भनेको शासकीय प्रवन्धलाई सुधार गर्ने नै हो। कानुनभन्दा बाहिर गएर दबाब वा प्रभावमा परेर काम गरेमा त जागिर नै जान्छ नि ! कुर्सीमा बसिरहन कहाँ मिल्छ र ? आचरणको विषय भनेको भित्री गुणको कुरा हो। हाम्रो मापनको शैली अनुसार उसले

कारागारमा देखाएको व्यवहारलाई उतारेर सिफारिस गर्ने हो। भोलि उसले व्यवहारमा ल्याएको परिवर्तनलाई लिएर हिजोको व्यवहार पनि गलत थियो भन्न त मिल्दैन। सिफारिस गर्नेले त आचरण हेर्ने हो मानसिकता हेर्न त सक्दैन। मानसिकता हेर्ने हामीसँग जनशक्ति पनि छैन प्रविधि पनि छैन। त्यसैले भित्र देखाएको आचरणलाई लिएर नै सिफारिस गरिन्छ। मानसिकतामा सकारात्मक परिवर्तनका लागि कारागारहरूमा योग, ध्यान लगायतका अभ्यासहरू सुरू गर्दैछौँ। त्यसले पक्कै पनि परिवर्तन ल्याउनेछ। हामी विश्वस्त छौँ। कानुनतः बाहिरी समाजमा जान योग्य व्यक्तिलाई यस्ता अभ्यास गराइन्छ। आपराधिक मानसिकताको नियन्त्रण सरकारको जिम्मेवारी हो।

**विद्यमान कानुन र व्यवस्थापन अनुसार कारागार सुधार गृहमा रूपान्तरण भइसक्यो त ?**

कानुनले निर्दिष्ट गरेका केही विषयहरू सुधार गृहकै रूपमा छन्। कारागारमा प्रत्येक व्यक्ति काममा व्यस्त छ। कोही मुडा बनाउँदैछन्। कोही सिलाइ बुनाइमा छन्। कोही फर्निचरको काम गरिरहेका छन्। कोही फर्निचरको काम गरिरहेका छन्। सीप सिक्दै उपयोगमा ल्याउँदैछन्। आय आर्जनसमेत गरिरहेका छन्। यो भनेको सुधार गृहका काम हो। सदाचारिता केन्द्रित भजनकिर्तन, सत्सङ्जस्ता क्रियाकलाप पनि हुने गरेका छन्। यसलाई बढोत्तरी गराउँदै भौतिक सुधार र गुणात्मक सुधारका काम गर्दै जानु आवश्यक छ।

**कारागारमा दरबन्दी अनुसारको स्वास्थ्यकर्मी नहुनुको कारण के हो ?**

मेडिकल अधिकृतको एक जनाको दरबन्दी रहेकोमा रिक्त छ। सिअहेब ७८ दरबन्दीमामा १५ खाली छ। बजेटरी पाटो न्यून छ। सुविधासम्पन्न अस्पताल भएका जिल्लाहरूमा हामीले सम्झौता गरेर उपचारको व्यवस्था गरिएको छ। दरबन्दी अनुसारका स्वास्थ्यकर्मी नभएकाले स्वास्थ्य सेवाबाट कैदीबन्दी वञ्चित रहे भन्ने कुरा म अस्वीकार गर्छु।

**राज्य नियन्त्रित क्षेत्रमा हुने हिंसामा त राज्य जिम्मेवार हुनु पर्ला नि ! आत्महत्याका घटना पनि बढिरहेका छन् । जस्तो सङ्खुवासभामा प्रहरीसहितको मिलेमतोमा कुटपिट गरी दुई जनाको हत्या भयो ।**

हो। यसमा द्विविधा छैन। सङ्खुवासभा घटनाको छानविन समितिको म आफैं संयोजक हुँ। त्यहाँ कुटेर नै मारेको हो। फलानाफलाना व्यक्तिले कुटेका कारण दुई जनाको मृत्यु भएको हो भनेर हाम्रै प्रतिवेदनमा उल्लेख छ। इन्सेक र हाम्रो त्यहाँ पनि भेट भएको थियो। यहाँहरूले पनि त त्यसको अध्ययन गर्नु भएको छ नि ! मैले ढाँट्न मिल्छ र भन्या ? बाहिरी प्रशासन र भित्री प्रशासनबाट भएको बदनियत हो। दोषी उपर कारवाही पनि भयो। यो कुरा मैले सङ्खुवासभाको हकमा भनेको हुँ। सरकार नियन्त्रित ठाउँ भन्दैमा आत्महत्यालाई हत्या भन्न चाहिँ मिल्दैन। आत्महत्या हत्या पो हो कि भन्ने सन्दर्भ एउटा होला। हामीलाई चेक एण्ड ब्यालेन्स गर्न मानव अधिकार आयोग र सङ्घसंस्था छन् नि ! कतै न कतैबाट सत्यतथ्य त बाहिर आइहाल्छ नि त। आत्महत्याको सोच आउन नदिनका लागि मनोसामाजिक परामर्शका काम भइरहेका हुन्छन्। त्यसलाई बढाउनु आवश्यक छ।

# इन्सेकका केही प्रकाशनहरू



जि.प्र.का. द. नं. २१/०४९/५०


# www.inseconline.org

# नेपालको पहिलो
# मानव अधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानव अधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत् देशको मानव अधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline /inseconline /INSECnepal